**DIRECTORATE OF DISTANCE EDUCATION**

**UNIVERSITY OF NORTH BENGAL**


**MASTER OF ARTS – NEPALI**

**SEMESTER-III**

# लोकवार्ता र नेपाली लोक साहित्य

**NEP (DE)-PG-C-303**

## BLOCK-2

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U., Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: (O) +91 0353-2776331/2699008

Fax: (0353) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages.

This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# लोकवार्ता र नेपाली लोक साहित्य

## BLOCK-1

एकाइ - 1, लोकवार्ताको परिचय, स्वरूप र विशेषता

एकाइ - 2, लोकवार्ता र अन्य ज्ञानानुशासनमाझको सम्बन्ध, लोकवार्ता अध्ययनको औचित्य

एकाइ - 3, लोकवार्ता - अध्ययनको क्षेत्र, सीमा र विस्तार, लोकवार्ताको विविध प्रकार

एकाइ - 4, लोक साहित्यको परिचय, स्वरूप र विशेषता

एकाइ - 5, लोक साहित्यका विधाहरू र वर्गीकरणका आधार

एकाइ - 6, लोक साहित्यका विविध विधाहरूको स्वरूप र वैशिष्ठ्यको अध्ययन

एकाइ - 7, लोक साहित्यको सामाजिक र सांस्कृतिक परिप्रेक्ष्य

## BLOCK-2

एकाइ – 8, लोक साहित्य अध्ययनको परम्परा र यसका विविध अध्ययन पद्धति ........ **7**

एकाइ – 9, तुलनात्मक पद्धति र रूपतत्ववादी पद्धति........ **47**

एकाइ – 10, संरचनावादी पद्धति र भूगोल – ऐतिहासिक पद्धति ........ **79**

एकाइ – 11, नेपाली लोकवार्ता, लोक संस्कृति र नेपाली लोक जीवनको परिचय ........ **114**

एकाइ – 12, नेपाली लोकवार्ताका विविध प्रकार........ **151**

एकाइ – 13, नेपाली संस्कृतिका मूलभूत घटकहरू ........ **181**

एकाइ – 14, नेपाली लोक साहित्यका विविध भेदहरूको वैशिष्ठ्य........ **217**

# BLOCK-2 लोकवार्ता र नेपाली लोक साहित्य

यस **लोकवार्ता र नेपाली लोक साहित्य** अन्तर्गत रहेको यस प्रभाग - 2 लाई हामी यसरी अध्ययन गर्न सक्छौं -

**एकाइ - 8, लोक साहित्य अध्ययनको परम्परा र यसका विविध अध्ययन पद्धति ।** यस एकाइमा लोक साहित्यबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ लोक साहित्यको सामान्य परिचयलाई अध्ययन गर्दै लोक साहित्यको अवधारणाबारे यस एकाइमा अध्ययन - विश्लेषण गरिने छ । यसका साथै लोक साहित्य अध्ययनको परम्परा र लोक साहित्य अध्ययनको विविध पद्धतिहरूको परिचय सम्बन्धि विषद् रूपमा अध्ययन - अवलोकन प्रस्तुत एकाईमा गरिएको छ ।

**एकाइ - 9, तुलनात्मक पद्धति र रूपतत्ववादी पद्धति ।** यस एकाइमा लोक साहित्यको तुलनात्मक पद्धति र रूपतत्त्ववादी पद्धतिबारे विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ तुलना र रूप शब्दको अर्थ र परिभाषा अध्ययन - विश्लेषण यस एकाइमा गरिने छ । यसका साथै लोक साहित्यको तुलनात्मक पद्धति र लोक साहित्यको रूपतत्त्ववादी पद्धति सम्बन्धि पनि विस्तृत रूपमा अध्ययन यस एकाइमा गरिएको छ ।

**एकाइ - 10, संरचनावादी पद्धति र भूगोल - ऐतिहासिक पद्धति ।** यस एकाइमा लोक साहित्यको संरचनावी पद्धति र भूगोल - ऐतिहासिक पद्धतिबारे नै विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययनमा विशेष संरचना र भूगोल - ऐतिहासिक शब्दको अर्थ र परिभाषाको अध्ययन यस एकाइमा गरिने छ । यसका अतिरिक्त लोक साहित्यको संरचनावी पद्धति र भूगोल - ऐतिहासिक पद्धतिलाई विस्तृत रूपमा अध्ययन - चिन्तन गरिएको छ ।

**एकाइ - 11, नेपाली लोकवार्ता, लोक संस्कृति र नेपाली लोक जीवनको परिचय ।** यस एकाइमा नेपावली लोकवार्ता, नेपाली लोक संस्कृति र नेपाली लोक जीवनबारे विशेष रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ लोक शब्दको अर्थ र परिभाषा दिएर नेपावली लोकवार्ताबारे

अध्ययन - विश्लेषण यस एकाइमा गरिने छ । यसका साथै नेपाली लोक संस्कृति विस्तृत गवोषण गर्दै नेपाली लोक जीवनको परिचयबारे विस्तृत रूपमा अध्ययन गरिएको छ ।

**एकाइ - 12, नेपाली लोकवार्ताका विविध प्रकार ।** यस एकाइमा नेपाली लोकवार्ताका विविध प्रकारबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ लोकवार्ताको सामान्य परिचय दिँदै लोकवार्ताको अर्थ र परिभाषाको अध्ययन विश्लेषण यस एकाइमा -गरिने छ । यस अतिरिक्त प्रस्तुत एकाइमा नेपाली लोकवार्ता र नेपाली लोकवार्ताका विविध प्रकार सम्बन्धि पनि अवलोकन गरिएको छ ।

**एकाइ - 13, नेपाली संस्कृतिका मूलभूत घटकहरू ।** यस एकाइमा नेपाली संस्कृतिको मूलभूत घटकहरूबारे विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ संस्कृतिको सामान्य परिचयलाई केलाउँदै नेपाली संस्कृतिलाई यस एकाइमा अध्ययन - विश्लेषण गरिने छ । यसका अतिरिक्त नेपाली संस्कृतिको मूलभूत घटकहरू के के हुन् भन्ने बारेमा पनि यस एकाइमा विस्तृत रूपमा अध्ययन - मनन गरिएको छ ।

**एकाइ - 14, नेपाली लोक साहित्यका विविध भेदहरूको वैशिष्ठ्य ।** यस एकाइमा नेपाली लोक साहित्यका विविध भेदहरूको वैशिष्ठ्यबारे नै विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ लोक साहित्यको अवधारणालाई केलाउँदै देवनागर लोक साहित्यको अर्थ र परिभाषालाई यस एकाइमा अध्ययन - विश्लेषण गरिने छ । यसका अतिरिक्त नेपाली लोक साहित्यका विविध भेदहरू र नेपाली लोक साहित्यका विविध भेदहरूको वैशिष्ठ्य आदिबारे यस एकाइमा विस्तृत रूपमा अध्ययन - मनन गरिएको छ ।

# एकाइ - 8, लोक साहित्य अध्ययनको परम्परा र यसका विविध अध्ययन पद्धति

**संरचना**

8.0 उद्देश्य

8.1 परिचय

8.2 लोक साहित्यको अवधारणा

8.3 लोक साहित्य अध्ययनको परम्परा

8.4 लोक साहित्य अध्ययनको विविध पद्धतिहरूको परिचय

8.5 उपसंहार

8.6 सार

8.7 अनुशीलनी

8.8 अतिरिक्त अध्ययन

8.9 मुल्यबृद्धिका निम्ति उत्तर

## 8.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- लोक साहित्यको सामान्य परिचय
- लोक साहित्यको अवधारणा
- लोक साहित्य अध्ययनको परम्परा
- लोक साहित्य अध्ययनको विविध पद्धतिहरूको परिचय

## 8.1 परिचय

लोकृ दर्शने धातुमा घञ् प्रत्यय लागेर (अ)‘ लोक ’ शब्द बनेको हो । जसको अर्थ हुन्छ – हेर्नु , हेराइ लोकशब्दका लागि वेदमा ‘जन ’ ग्राभ्य जस्ता शब्द प्रयोग भएका पाइन्छ । लोक शब्द सँग साहित्य शब्द जोडिएर लोकसाहित्य शब्द बन्दछ । हितेन सह सहित ’ – ‘सहितस्य भाव साहित्य ’ अर्थात् हितको भाव नै साहित्य हो । यस अर्थमा लोकसाहित्य भनेको लोकले देखेका र भोगेका कुरा हुन् । जसमा जनसमुदायका कथा व्यथाहरु समेटिएका हुन्छन् भने साहित्यका विभिन्न विधाका माध्यमले वैदिक तथा लोकायतका पक्षहरुलाई प्रदर्शन गरिएका हुन्छन् । लोकसाहित्य लोकको यथार्थ चित्र हो ।

लोकसाहित्यको लेखन तथा प्रदर्शन पनि गर्न सकिदैंन । श्रुति र सत्य तथ्य भावमा आधारित हुन्छ । सामान्यतया भाषाको गुण अथवा अवगुण जे भने पनि जस्तो सुनिन्छ त्यस्तो लेखिदैंन त्यसैले लोकसाहित्यमा जे बोलिन्छ जे गरिन्छ त्यसलाई त्यही रुपमा लिपि न्ह मा चि (लेख्य) गर्न सकिदैंन । लोक साहित्यको लेखन र नाटक ( प्रदर्शन) नाटकीकरण हुनु भनेको लोक साहित्यकोमृत्यु हुनु हो । किनभने लोकसाहित्य श्रुतिमा बाँचेको हुन्छ । मानसखण्ड लोकसाहित्य श्रुति र परम्परामा बाँचेको छ भने धर्मसंस्कृतिसँग मानसखण्ड लोकसाहित्यको अन्योन्याश्रित सम्बन्ध रहेको छ । संस्कृति अर्थात् धर्म लोकसाहित्यको आत्मा हो । धर्म विना संस्कृति र संस्कृति बिना लोकसाहित्य जीवित रहदैंन ।

लोक - साहित्यका अध्ययनको प्रारम्भ ट्युटॉनिकमा ज्परा, दन्तयकथाहरू एवं सृष्टि सम्बन्धी देवत्वशास्त्रीय सङ्ग्रहका रूपमा, होमर र इलियटबाट,

17 औं एवम् 18 औं शताब्दीका विभिन्न सिद्धान्तहरू, ग्रिम बन्धहरू आदिबाट भएको मानिन्छ । लोक - साहित्यका वास्तविक अध्ययनको सूत्रधार डार्विन सर फ्रेजरलाई मानिन्छ । इङ्ग्ल्याण्डमा 'लोक - साहित्य - समाज' (सन् 1878) - को स्थापना भएको थियो । विभिन्न देशहरूको लोक - कथाहरूलाई यसमा सङ्ग्रह गरिएको पाइन्छ । यहीबाट लोक - साहित्यका परिभाषा, यसको निर्माण गर्ने विभिन्न तत्वहरूका अध्ययन वैज्ञानिक व्याज्याका साथ शुरू भएको मान्न सकिन्छ । पश्चिममां लोक - साहित्यका अध्ययन चार चरणमा भएको देखिन्छ । प्रथम कालखण्डमा देवत्व कथाहरूका सङ्ग्रहमा बल दिएको पाइन्छ भने दोस्रो कालखण्डमा दैवीय, भाषाशास्त्रीय र तुलनात्मक आधारलाई प्रश्रय दिएको देखिन्छ ।

तेस्रो कालखण्डमा लोक - साहित्यका वैज्ञानिक विवेचनलाई प्राथमिकता प्राप्त भएको देखिन्छ भने चौथों कालखण्डमा मानवशास्त्रिय, समाजशास्त्रिय, भाषाशास्त्रिय एवं मनोवैज्ञानिकहरूले लोक - साहित्यको स्थानीय जनसमूहहरू एवं समाजहरूका संस्कृति र त्यसको सामाजिक मनोभावहरूका सन्दर्भलाई बुझाउने प्रयास गरेको देखिन्छ । भारतीय परम्परामा भने लोक - साहित्यको अध्ययनका शुरूआत उपनिवेशवादी धारणा र मान्यताहरूबाट भएको पाइन्छ । उपनिवेशवादी शक्तिहरूका रूझान लोक - साहित्यका मर्मलाई समाउनु नभएर प्रशासन तन्त्रलाई सुचारू रूपले चलानु थियो । यसर्थ उपनिवेशवादीहरूलाई स्थानीय भाषा, समाज, संस्कृति, रीति - रिवाज र प्रथाहरूको अध्ययन आवश्यक भएर गयो । फलत: भारतमा उपनिवेशवादी शक्तिहरूले तीन स्तरमा यस कार्य गरेको देखिन्छ, जसको कारण भारतमा लोकसाहित्य अध्ययनको परम्परा पनि प्रारम्भ भएको प्रतीत हुन्छ ।

## 8.2 लोक साहित्यको अवधारणा

लोकसाहित्य भन्नाले मौखिक परम्परामा पुर्खाहरूबाट सर्दै आएका मिथक, दन्यकथा, गीत, उखान, टुक्का, नाटक, काव्य आदिलाई बुझिन्छ । प्रकृतिका रहस्य, जीवनका भय र चाहना प्रकट गरेर शिक्षा एवम् मनोरञ्जनका लागि लोकसाहित्य प्रयुक्त हुँदै आएको छ । साहित्यका विधाहरू कथा, कविता, गाथा, उखान, टुक्का, नाटक आदि भन्दा लोकसाहित्य भिन्दै किसिमका हुन्छन् । यसमा मानव जातिका विविध संस्कार, संरचना, विश्वास, पद्धति, बाजा, समय र श्रमसितको सम्बन्ध आदिको विवेचना भएको हुन्छ ।

लोकृ दर्शने धातुमा घञ् प्रत्यय लागेर (अ)' लोक ' शब्द बनेको हो । जसको अर्थ हुन्छ – हेर्नु , हेराइ लोकशब्दका लागि वेदमा 'जन ' ग्राभ्य जस्ता शब्द प्रयोग भएका पाइन्छ । लोक शब्द सँग साहित्य शब्द जोडिएर लोकसाहित्य शब्द बन्दछ । हितेन सह सहित ' – 'सहितस्य भाव साहित्य ' अर्थात् हितको भाव नै साहित्य हो । यस अर्थमा लोकसाहित्य भनेको लोकले देखेका र भोगेका कुरा हुन् । जसमा जनसमुदायका कथा व्यथाहरु समेटिएका हुन्छन् भने साहित्यका विभिन्न विधाका माध्यमले वैदिक तथा लोकायतका पक्षहरुलाई प्रदर्शन गरिएका हुन्छन् । लोकसाहित्य लोकको यथार्थ चित्र हो । यो बनावटी हुदैँन । लोकसाहित्यको लेखन तथा प्रदर्शन पनि गर्न सकिदैंन । श्रुति र सत्य तथ्य भावमा आधारित हुन्छ । सामान्यतया भाषाको गुण अथवा अवगुण जे भने पनि जस्तो सुनिन्छ त्यस्तो लेखिदैंन त्यसैले लोकसाहित्यमा जे बोलिन्छ जे गरिन्छ त्यसलाई त्यही रुपमा लिपि चिन्ह मा (लेख्य) गर्न सकिदैंन । लोक साहित्यको लेखन र नाटक ( प्रदर्शन) नाटकीकरण

हुनु भनेको लोक साहित्यकोमृत्यु हुनु हो । किनभने लोकसाहित्य श्रुतिमा बाँचेको हुन्छ ।

'लोक' शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको 'लोक दर्शन' धातुमा 'धञ' प्रत्यय लागेर बनेको शब्द हो 'लोक' । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि । लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ । प्रसिद्ध नृतत्वविद् फ्र्यान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो ।

डा. कृष्णदेव उपाध्याय भन्छन्– प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई 'लोक' भनिन्छ र तिनीहरूको सुख - दुखको साहित्य नै लोकसाहित्य हो । लोक साहित्यमा नरमाउने को होला र ? तर, यस विषयका अध्येता थोरै छन्। त्यही थोरैमध्येका एक अध्येता हुन्, मनोहर लामिछाने। लोकसाहित्यमा समाजको प्रतिबिन्ब र यसको अध्ययनले जातिको चिन्हारी पुष्टि गदर्छ। डा. वासुदेव त्रिपाठीका अनुसार सारांशमा जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोक साहित्य हो । योगी नरहरिनाथका अनुसार लोक व्यवहारमा, लोकहितका लागि, लोकभाषामा, लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुतगर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ । माधव घिमिरेले लोकसाहित्यको चरित्रको बारेमा काव्यात्मक पारामा भन्छन्– 'सर्छन् भाका अनि यस गलाबाट अर्को गलामा' ।

Notes

धर्मराज थापा र हंसपुरे सुबेदी भन्छन् - लोकले सजिलै बुझ्न र अनुभव गर्नसक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो । तुलसी दिवस भन्छन् - सही अर्थमा लोक साहित्य लोकजीवन तथा संस्कृतिको प्रतित्रिम्ब मात्र नभएर सम्बाहक पनि हो । सरस्वती घिमिरे भन्छिन्– वेद भन्नु नै लोक साहित्य हो । यसरी माथिका परिभाषाहरूले हाम्रा वेद अर्थात् मुन्धुमलाई साहित्य अर्थात् लोक साहित्य मानेको छ । बुँदागत रूपमा लोक साहित्यसम्बन्धी चिन्तनको सार टिपोट यसरी गर्न सकिन्छ -

1. यो युगौं युगदेखि श्रुति परम्परामा जीवित रहेको हुन्छ ।

2. यो सरल वाणीमा लोकानुभूतिको अभिव्यक्ति हो ।

3. यो लोकजीवन तथा संस्कृतिको सम्बाहक हो ।

4. यो आदिमता र नवीनताको संगम पनि हो ।

5. यो लेख्य साहित्य पूर्व पीठिका हो ।

6. यो शास्त्रीय बन्धन विहीन निरन्तर परिवर्तनशील सहजानुभूति युक्त मौखिक साहित्य हो ।

लिखित साहित्य मात्र साहित्य होइन । लिपिको आविष्कार हुनुपूर्व संसारका हरेक भाषामा अलिखित लोक साहित्य समृद्ध थियो । यसरी यसको मूल सम्बन्ध लिपीसंग नभई भाषासंग भएको देखिन्छ ।

लोकसाहित्यको सर्वकालिक मूलतम् विशेषताहरू पनि यसप्रकार छन् –

1. रचयिता अज्ञात रहनु,

2. मौखिक एवं परम्परागत हुनु,

3. सर्वाङ्गीण सामाजिक परम्पराको उद्‌वोधन,

4. सचेत अलंकरणबाट मुक्त प्राकृतता,

5. कोरा औपदेशिकताको अभाव,

6. ऐतिहासिकता र लोकसंस्कृतिको बाहक हुनु ।

## 8.3 लोक साहित्य अध्ययनको परम्परा

लोकसाहित्यका अध्यनको परम्परालाई निर्कयोल गर्दा यसको परम्परा प्राचीन रहेको पाइन्छ । मौखिक र श्रृतिमधुर परम्पराबाट हुर्कदै आएको लोकसाहित्य संसारका विभिन्न क्षेत्रमा बसोवास गर्ने मानिसहरूले मनका विरह शमन गर्न अनेकौँ सन्दर्भका विषय आदिको अध्ययन लोकसाहित्यमा गरिने गरिन्छ । जन्मभूमिलाई छाडेर काम र मामको खोजीमा विदेशमा बस्दा मनमा चलायमान् हुने भावना र विरहका विषयलाई लोकगीतमा उठाएको पाइन्छ भने मानव जीवनका विविध छटाहरूको अध्ययन लोकसाहित्यमा गरिएको पाइन्छ ।

ममताले आलोडित बनाएका र आफन्तका मायाले पछ्याएका, भोगेका र आफूले देखेका विषय, जीवनको सुख - दुख, आरोह - अवरोह, घटना,

चाढपर्व, राग, विरह आदिलाई विशेषरूपमा लोकसाहित्यमा अध्ययन र खोजी गरिने प्रचलन पाइन्छ । तसर्थ यस लेखमा लोकसाहित्यमा विशेष ठाउँ बनाएको विभिन्न लोकसाहित्यिक विधाहरूको प्रतिपाद्य विषयवस्तु साथै नेपाली जातिका आधारमा विहङ्गावलोकन गर्ने प्रयास गरिएको छ ।

मूलत: लाक साहित्यको अध्ययनका परम्पराबारे अध्ययन गर्नु पूर्व हामीले यीह जान्नु जरूरी छ कि ज्ञानका आधार, विश्वका लोक समाजहरू आदिको लोक जीवनलाई हेर्नु पर्ने हुन्छ । लोक ज्ञानका विस्तार शास्त्रीय र आधुनिक विज्ञानको चिन्तनमा कहाँसम्म महत्व राख्छ ? लोकका जीवनानुभव, बोधका साथ ज्ञानलाई जन्म दिने गर्दछ । यस ज्ञानका तीन आधारहरू रहेको पाइन्छ । ती हुन् - लोकाधारित ज्ञान, शास्त्र सज्मत ज्ञान र विज्ञान आधारित ज्ञान। वर्तमान विकासका मॉडलमा लोक आधारित ज्ञानको समावेशन कति भएको छ ? यही लोकानुभव शास्त्रीय र आधुनिक विज्ञानका विकासको आधार तत्व पनि हो । यस रूपमा जनजातीय लोक साहित्य वैश्विक स्तरमा एथेनो मेडिसीनलाई आफ्नो वाचिक रूपमा सुरक्षित गर्नु हेतु निरन्तर प्रवाहमान रहेको पाइन्छ ।

विश्व स्तरमा जे पनि साहित्य - इतिहास लेखनको प्रयास भएको पाइन्छ, ती सबै उदार / उग्र राष्ट्रवादी सोच, औपनिवशिकवादी मानसिकता र वर्गीय आधारमा लेखेको पाइन्छ । तर लोक - तीनै विचार - सरणियबाट कुनै नतीजसम्म पुगेको देखिन्दैन । लोक - साहित्यमा इतिहास मिथकका रूपमा प्रचलनमा आएको देखिन्छ । मिथकबारेको अध्ययन र प्रसङ्गलाई लोकसाहित्यकै अध्ययन मान्न सकिन्छ । नेपाली साहित्यमा मुख्य चारवटा मार्गबाट मिथक आएका छन् , लोकसाहित्य र अन्य नेपाली साहित्यमा पनि त्यसकै प्रभाव पाइन्छ। नेपाली लोकगाथा र

लोकसंस्कृति, अरबीफारसी लोककथाहरु र नेपाली इतिहासबाट नै आएका छन्। त्यसैले लोकसाहित्यमा मिथकको उपस्थितिलाई हेर्ने हो भने यी चार मार्गबाट आएका मिथक भएका आख्यानलाई छुट्टा - छुट्टै अध्ययन गर्नु उपयुक्त हुन्छ।

**वैदिक - पौराणीक मिथक -**

पूर्वीय सभ्यताका वेद र पुराण साहित्य सिर्जनाका असिमीत स्रोत हुन्। यहाँ भएका कथाहरुलाई जतिपटक पनि पुनर्लेखन गरिरहन सकिन्छ। भारतीय उपमहाद्विपको आर्य संस्कृतिमा यसको असिमित प्रभाव छ। हिन्दी, बंगाली आदि साहित्यमा पनि यसको व्यापक प्रभाव छ। अतः स्वाभाविक रुपमा नेपाली साहित्यमा पनि यसको प्रभाव छ। सबैभन्दा बढी प्रभाव त उपन्यासमा नै छ। उत्कृष्ट नेपाली उपन्यासको सूची तय गर्दा पौराणीक उपन्यास नै अगाडि आउँछन्। वीरचरित्र आफैंपनि यसको उदाहरण हो। यसपछि रुपमती प्रकाशन नुहन्जेलसम्मका थुप्रै आख्यान यसै प्रकारका छन् तर संरचनागत दृष्टिमा कतिपय उपन्यास भएनन्। पछि रुपमतीमार्फत् रुद्रराज पाण्डेले सामाजिक यथार्थवादी उपन्यास लेख्न आव्हान गरे। वि. सं. 1991 पछि लेखिएका पौराणीक र वैदिक कथाका उपन्यासहरु यसअघि लेखिएका यस्ता आख्यान सामग्रीको तुलनामा निकै माथि आइपुगे। यसचरणमा लेखिएकामध्ये विष्णुचरण श्रेष्ठको भिष्मप्रतिज्ञामा महाभारतीय मिथकको प्रयोग छ। अर्को पौराणीक उपन्यास रामप्रसाद सत्यालको महासती अनुसुया पनि हो।

जसरी हिमालय पर्वत गंगाको अन्नत स्रोत हो,पूर्वीय सभ्यतामा पौराणीक महाख्यानहरु साहित्यका त्यस्तै अनन्त स्रोत हुन् । त्यहाँका मिथकीय पात्र र कथाहरुलाई परिवर्तित समय, चेतना र दृष्टिकोणसँगै अनेकौंपटक

भन्न सकिन्छ। मिथकमाथि आख्यान लेख्नु अथवा आख्यानमा मिथक प्रयोग गर्नु मिथकको पुनर्लेखन मात्रै होइन, सामयिक चेतनाको बलियो अभिव्यक्ति पनि हो। पश्चिमले सिर्जना गरेको उपन्यास विधाका लागि पूर्वीय सभ्यतामा यस्तो उर्वर स्रोत भेटिनु अत्यन्तै सुखद संयोग हो। अब समालोचकीय ढंगमा समेत यसको विश्लेषण हुनु जरुरी छ।

**जनजातिय मिथक -**

जसरी नेपाल सयभन्दा धेरै जातिहरुको सुन्दर संयोजनमा मात्रै पूर्ण हुन्छ त्यसरी नै नेपाली साहित्य सबै भाषा - संस्कृतिको प्रतिविम्बनमा मात्रै पूर्ण देखिन्छ। संस्कृतका महाआख्यानहरुले स्थापना गरेका झैं अनेकौं मिथकहरु यहाँका जनजातिका संस्कृति, धर्म र परम्पराले पनि स्थापना गरेका छन्। तर नेपाली लोकसाहित्यको पहिलो कालखण्डमा लामो समय यस्ता मिथकहरु प्रवेश गर्न सकेनन्। यिनीहरुलाई हार्दिकतापूर्वक स्वागत गर्नुभन्दा निषेध नै गरियो भन्ने आरोप लाग्ने गरेको छ। यता जनजातिय समूदायमा पनि यस्ता मिथकको प्रभावकारी प्रयोगमार्फत् सशक्त आख्यान लेख्ने आख्यानकार देखिएनन्।

पछिल्लो समय यस्ता मिथक प्रयुक्त सिर्जनाहरुले नेपाली साहित्यमा आफ्नो बलियो उपस्थिति दाबी गर्न थालेका छन्। यसले नेपाली साहित्यको दायरालाई अझ फराकिलो बनाउँदै गएको छ। यो बाटो निर्माणको जस कवि बैरागी काँइलालाई नै जान्छ। उनले आफ्ना कविताहरुमा मुन्धुमी लय र त्यसका मिथकहरुको व्यापक प्रयोग गरे। त्यतिमात्र नभएर अन्य जनजातीका मिथकहरु पनि उनले सचेततापूर्वक आफ्ना कवितामा प्रयोग गरे। पछि यही बाटो अझ फराकिलो भयो। अझै

धेरै स्रष्टाहरु यो बाटोमा आइपुगे। आज त वैचारिक रुपमा यही बाटो नेपाली कविताको मुलबाटो भएको छ।

जनजातिय मिथक प्रयोग लोकसाहित्यमा भन्दा पनि कवितामा समृद्ध छ। पूर्वी नेपालका राई र लिम्बु समुदायका कविहरुले आफ्ना मिथकहरुलाई विद्रोही चेतनाका कविता मार्फत् सचेत रुपमा प्रयोग गर्दै आएका छन्। अरु समूदायहरुबाट पनि आइरहेका छन्। उपन्यासमा पनि केही उल्लेखनीय उदाहरण छन्। विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास सुम्निमामा किराँत मिथकको प्रयोग छ। यो उपन्यास विवादित पनि भयो/छ। उनी पूर्वाग्रही भएको र किराँत दर्शनलाई बुझ्न नसकेको वा होच्याएको आरोप समेत छ। तर, मानवीय मुल्यको खोजीमा लेखिएको यो उपन्यासले आर्यकिरात सहअस्थित्वको मुल मुद्धा बोकेको छ। पौराणीक मिथकसँगै किराँत मिथकहरुपनि प्रयोग भएको छ।

**अरबी - फारसी मिथक -**

नेपाली भाषाले आफ्नो समद्धी यात्रामा अरबीफारसी भाषाबाट थुप्रै शब्द र शैली अङ्गिकार गरेको छ। त्यसैले स्वभाविक रुपमा नेपाली जनजीवनमा थुप्रै अरबीफारसी लोककथाहरुले लोकप्रियता पाए। नेपाली लोकसाहित्यले आफ्नो यात्रा शुरु गरेपछि ती आख्यानका रूपमा सामग्री भए। माध्यमिक कालमा मधुमालतीको कथा, गुलाबकावलीको कथा, लालहीराको कथा, सुनकेशरा रानीको कथा आदि थुप्रै उदाहरणहरु हुन्। तर आधुनिक नेपाली उपन्यासमा यी पुराकथाहरुमा आधारित उपन्यास पाइदैन्। यो काम अग्रज लेखकहरुले आउने समयका लागि थाँती राख्दै गए। नेपाली उपन्यासमा तिलस्मी तथा रहस्यका कथाहरु, राक्षस र परीका कथाहरु प्रयोग हुन्जेल अरबी मिथकहरुको प्रशस्त प्रयोग भयो। वि.सं. 1950 मा प्रकाशित

लालहीराको कथा तथा वि.सं. 1951 सालमा प्रकाशित मधुमालतीको कथाको लेखक थाहा हुन सकेको छैन्। त्यसपछि यी कथाहरुलाई गौरीप्रसाद उपाध्याय, होमनाथ केदारनाथ, भवानीशंकर खतिवडा, गौरीशङ्कर भट्टराई लगायतले पुनर्लेखन गरेका छन्।

**इतिहासका मिथक -**

नेपालको इतिहास नै मिथकमा बाँचेको छ। धैरै पछि मात्रै वैज्ञानिक लेखन आरम्भ भएको हुँदा व्यवस्थिक इतिहास लेखनको प्रारम्भिक कालखण्डमै हामी बाँचिरहेका छौं। हाम्रो जे जति इतिहास छ, किंवदन्तीमा छ। यस्ता किंवदन्तीहरु नै नेपाली इतिहासबाट आएका मिथकहरु हुन्। ऐतिहासिक उपन्यासमा यस्ता मिथकहरु प्रयोग गरिएका छन्। नेपालमा ऐतिहासिक साहित्य लेखनका शीर्ष पुरुष डायमण्ड शम्सेर राणाका कृतिहरूमा यस सम्बन्धि मिथकहरुको चर्चा गरेका छन्। यसमा उनले मिथकहरु कसरी बन्छन् र त्यस्ता मिथक किन बनाइन्छ भन्ने विश्लेषण समेत गरेका छन्। उनी आफ्नो वैचारिक दायरामा रहेर मिथकको राजनीतिक साइनोको प्रष्ट व्याख्या यही उपन्यासमा गर्छन्।

यी चार मार्ग बाहेक अंग्रेजी साहित्यको माध्यमबाट समेत हामीकहाँ मिथक आइपुगेका छन्। चिनियाँ मिथकहरु पनि हामीकहाँ नआइपुगेका होइनन्। तर, आख्यानमा तीनको उल्लेखनीय प्रयोग भने भएको छैन। अझ अंग्रेजी भाषा मार्फत् विश्वका कुनाकुनाका साहित्य, संस्कृति र इतिहास हामीकहाँ आउँदा त्यहाँका मिथकहरु पनि आइरहेका छन्। मूलरूपमा लोकसाहित्यमा घटनाहरू, तथ्यहरू र समयलाई हेर्ने को दृष्टि, रेखीय - आधार या चक्रीय आधारमा लेखिएको साहित्य इतिहास लेखनी भन्दा भिन्न हुने गर्दछ । लोक - साहित्यले वर्तलाकार दष्टिबाट समयलाई हेर्ने गर्छन् ।

सर्वप्रथम लोक - साहित्यका अध्ययनको परम्पराका शुरूआत कहिलेदेखि भयो ? यसको उदय हुनको पछि कौन कारण रहेको होला, जसले लोक साहित्यका प्रसारलाई फैलनमा मदद गर्दछ ? विशेष 'भारतीय लोक - साहित्य की रूपरेखा' पुस्तककी लेखिका डॉ. दुर्गा भागवतले पश्चिमी विश्वमा लोक - साहित्यका अध्ययन' आलेख अन्तर्गत रहेको बताएका छन् । यसर्थ लोक साहित्य अध्ययनको परम्परा निम्नरूपमा भएको पाइन्छ .

क) पश्चिममा लोक - साहित्यका अध्ययनको प्रारम्भ ट्युटॉनिकमा ज्परा, दन्तयकथाहरू एवं सृष्टि सम्बन्धी देवत्वशास्त्रीय सङ्ग्रहका रूपमा (होमर) सामने आएको पाइन्छ ।

ख) 17 औं एवम् 18 औं शताब्दीमा विभिन्न सिद्धान्तहरूका निर्माण भएको पाइन्छ । यी सिद्धान्तहरूमा कल्पनावादको प्रभाव स्वरूप विद्वान टयटॉनिक र पव भाषा विषयक अनुसन्धानहरूका लागि प्रेरित गरिएको पाइन्छ । ग्रिम बन्धहरूले जर्मन भाषामा 'वोज्स कण्डे' शज्दका प्रयोग गरेर र परिणामतः डज्ल्य, जे. थोज्सद्वारा सन् 1846 मा लोक साहित्यको रूपमा यसको अनुवाद गरिएको थियो ।

लोक - साहित्यको अध्ययनमा ग्रिम बन्धुहरू (जैकब ग्रिमले 'रैन्हार्डदी फाज्स' सन् 1834, विल्हेलम ग्रिमको 'जर्मन वीर कथाहरू' आदि पुस्तक सुप्रसिद्ध छन् ) - को उदयका साथ लोक - साहित्यका भाषा वैज्ञानिक रूप प्रधानतामा आएको मानिन्छ । मैज्स मूलरलाई हेर्यौं भने उनमा पञ्चतन्त्रका प्रथम योरोपीय अनुवादक बैनफैको प्रभाव पाइन्छ । थियोडोर बैनफै (द साइन्स ऑफ माइथोलोजी) भारतीयतावादी सिद्धान्तका प्रतिपादक थिए । उनका मत यही थियो कि - भारत नै सबै देवकथाहरू

र नीति कथाहरूका जन्म स्थान हो भन्ने । यस सिद्धान्तका अन्य समर्थकहरूमा मैज्स मूलर, एमेन्युअल कोसक्रिन, प्रो. रीज डेविडस एवं सर जार्ज कॉज्स प्रमुख थिए । मैज्स मुलरले तुलनात्मक देवशास्त्र र तुलनात्मक भाषा - विज्ञानका व्याज्याकारका रूपमा भूमिका निभाएको पाइन्छ । यसरी नै प्राकृतिक प्रतीकतावादी सम्प्रदायको स्थापना विद्वान् रीकले गरेका हुन् । रीकको मतअनुसरा सारा देवकथाहरूका मूल केन्द्र सूर्य हो । यस सिद्धान्तको आलोचना अमेरिकाका मानवशास्त्री लोईले गरेको पाइन्छ । लोईको मतअनुसार - केवल सूर्य - प्रतीकवाद हो, सबै देव कथाहरूलाई व्याज्या गर्न सकिन्दैन । अनेक स्थानीय देव कथाहरू स्थानीय प्रकृतिका प्रतीकवादलाई प्रयोग गर्नमा सक्षम हुन्छन् ।

लोकसाहित्यको अध्ययन परम्परामा अवतारवादी (यूहेमेरिजुट) सिद्धान्तको प्रतिपादन भएको पाइन्छ । यस सिद्धान्तको प्रतिपादक फ्रान्सीसी विद्वान वेन्नियर तथा लैज्पुयिरेले गरेका थिए । उनका मतअनुसरा देवकथाका जन्म ऐतिहासिक सत्यलाई अति कल्पनासित मिलनका परिणाम स्वरूप हुने गर्दछ । यसरी नै हेतुवाद सज्बन्धी सज्प्रदाय पनि लोकसाहित्यको परम्परामा देखिएका छन् । डेनहार्ट यस सज्प्रदायका संस्थापक थिए । उनको मतअनुसार -देवकथाहरू सोद्देश्य कथाहरू हुने । यो घटनाहरूका कारणहरूद्वारा स्पष्ट हुने गर्दछ । प्रसिद्ध मानवशास्त्री रिवर्सले यस सिद्धान्तको आलोचना गरेका छन् ।

लोक - साहित्यका वास्तविक अध्ययनको सूत्रधार डार्विन सर फ्रेजरलाई मानिन्छ । इङ्ग्ल्याण्डमा 'लोक - साहित्य - समाज' (सन् 1878) - को स्थापना भएको थियो । विभिन्न देशहरूको लोक - कथाहरूलाई यसमा सङ्ग्रह गरिएको पाइन्छ । यहीबाट लोक - साहित्यका परिभाषा, यसको

निर्माण गर्ने विभिन्न तत्वहरूका अध्ययन वैज्ञानिक व्याज्याका साथ शुरू भएको मान्न सकिन्छ । पश्चिममां लोक - साहित्यका अध्ययन चार चरणमा भएको देखिन्छ । प्रथम कालखण्डमा देवत्व कथाहरूका सङ्ग्रहमा बल दिएको पाइन्छ भने दोस्रो कालखण्डमा दैवीय, भाषाशास्त्रीय र तुलनात्मक आधारलाई प्रश्रय दिएको देखिन्छ । तेस्रो कालखण्डमा लोक - साहित्यका वैज्ञानिक विवेचनलाई प्राथमिकता प्राप्त भएको देखिन्छ भने चौथों कालखण्डमा मानवशास्त्रिय, समाजशास्त्रिय, भाषाशास्त्रिय एवं मनोवैज्ञानिकहरूले लोक - साहित्यको स्थानीय जनसमूहहरू एवं समाजहरूका संस्कृति र त्यसको सामाजिक मनोभावहरूका सन्दर्भलाई बुझाउने प्रयास गरेको देखिन्छ । अमेरिका र यूरोप महाद्वीपका देश यस क्षेत्रमा अधि आएको देखिन्छ ।

भारतीय परम्परामा भने लोक - साहित्यको अध्ययनका शुरूआत उपनिवेशवादी धारणा र मान्यताहरूबाट भएको पाइन्छ । उपनिवेशवादी शक्तिहरूका रूझान लोक - साहित्यका मर्मलाई समाउनु नभएर प्रशासन तन्त्रलाई सुचारू रूपले चलानु थियो । यसर्थ उपनिवेशवादीहरूलाई स्थानीय भाषा, समाज, संस्कृति, रीति - रिवाज र प्रथाहरूको अध्ययन आवश्यक भएर गयो । फलतः भारतमा उपनिवेशवादी शक्तिहरूले तीन स्तरमा यस कार्य गरेको देखिन्छ, जसको कारण भारतमा लोकसाहित्य अध्ययनको परम्परा पनि प्रारम्भ भएको प्रतीत हुन्छ । ती तीन शक्तिहरूमा पहिलो प्रशासन तन्त्रद्वारा जिलेवार गजेटियर तैयार गरियो । यस क्रममा लोक -साहित्यलाई सङ्ग्रह साथै सङ्कन गरिने कार्य सामुने आएर गयो । दोस्रो ईसाई मिशनरियद्वारा आफ्नो मत र धर्मका प्रचारको निम्ति पछौटे भएको भारतेली समाजहरूबाट लोक - साहित्यका संग्रह पनि प्रकाशमा आयो । तेस्रो भारतवर्षलाई उपनिवेशवादी शक्तिहरूमा

Notes

पुरातत्वका लागि सबैभन्दा अजायबघर मान्ने गर्थे । यस रूपमा द आर्कियोलोजिकल सर्वे ऑफ इंडिया, रॉयल एशियाटिक सोसायटी ऑफ बंगाल, रॉयल एशियाटिक सोसायटी ऑफ ग्रेट ब्रिटेन एण्ड आयरलैंड, द जर्नल ऑफ इंडियन एटिकिरी, 'एनाल्स एण्ड एन्टोक्विटिस ऑफ राजस्थान' जस्ता केही कार्य संस्थाहरू र व्यत्तिहरूका सहयोगबाट सामुने आएको छ ।

यसरी विभिन्न संस्था, व्यक्तिहरूद्वारा लोक - साहित्यका अध्ययनको प्रकाशमा ल्याउनमा धेरै प्रयास शुरू भएको पाइन्छ । भारतीय लोक कला मंडल, उदयपुर, भारतीय लोक संस्कृति संस्थान, बोरून्दा, कुरूलोक संस्थान, मेरठ इत्यादि संस्थान आदिले लोक - साहित्यका संरक्षण, संवर्धन र परिरक्षणमा विशेष भूमिका बहन गरेको देखिन्छ । यस अतिरिक्त इतिहास वेजाहरूले पुरातात्विक अध्ययनका आधारमा समानांतर लोकाध्ययनको शुरूआत गरेको पाइन्छ, जसबाट लोकको इतिहास लेख्न सकिन्छ । प्रारम्भमा लोक - साहित्य काचो सामग्री थियो , यो अलिखित र मौखिक पनि थियो । यसको संग्रहण र विश्लेषण गर्नका लागि परम्परागत अध्ययन पद्धति भन्दा भिन्न नयाँतकनीक, प्रविधि आदिलाई व्यवहार गर्नु अनिवार्य थियो । यी सबैको अतिरिक्त लोक - साहित्य केन्द्र, लोक - संस्कृति केन्द्र स्थापित गरेर पछि उच्च शिक्षाका क्षेत्रमा भारतवर्षमा अकादमिक शोध कार्यलाई बढ़ावा दिएको देखिन्छ ।

सबैभन्दा प्रमुख कुरा के रहेको पाइन्छ भने लोक - साहित्यका अध्ययनको जे पनि प्रयास भएको पाइन्छ, ती केवल सीमित मात्र नरहेर आधार - सामग्री मात्र थिए । तथापि लोकाध्ययनको प्रयास जुन देश, क्षेत्र आदिबाट भएको थियो , त्यस समयको स्थिति, मांग आदिको

आवश्यकता मात्र थियो । भारतीय सन्दर्भमा लोकाध्ययनको शुरूआत अङ्ग्रेजहरूले गरेको पाइन्छ । औपनिवेशिक - तन्त्रलाई मजबूत बनाउनका निम्ति उनीहरूले यहाँका मानिसहरूका भाषा, रीति - रिवाज, धर्म, परम्परा आदिको अध्ययन र सिक्दै गए । यसबाट भारतमा लोकसाहित्यका अध्ययनको परम्परा सुरू भएको मान्न सकिन्छ । सन् 1940 पछि लोक - साहित्यको अध्ययन ऐथेनो हिस्ट्री, एन्थ्रोपोलोजी, सोशियोलोजी र सांस्कृतिक - अध्ययनका हिस्सा तीव्र गतिले बनेर गएको पाइन्छ ।

नेपाल देश वा नेपाली समाजमा लोकसाहित्यका अध्ययनको परम्परा प्रारम्भदेखि नै विभिन्न पहलुहरूमा भएको पाइन्छ । नेपाली नागरिक बसाइ - सराइँ, शिक्षा आर्जन, काम र मामको खोजी तथा अर्थोपार्जनका लागि मातृभूमि छाडेर प्रवासतिर लाग्ने गरेको पाइन्छ । आफ्नै जन्मभूमिमा योग्याता अनुसारको काम नपाएर नेपाली नागरिक दिनहु विदेशतर्फ लाग्न बाध्य भएका छन् । काम र मामको खोजीका लागि निस्केको जनशक्तिको गन्तव्य भनेको विश्वको जुनसुकै मुलुक पनि हुन गएको छ । जुन ठाउँमा सुखका साथ जीवन बिताउन सकिन्छ, त्यसतर्फ मानिस आकर्षित हुनु भनेको उसको स्वभाव नै हो । समकालीन समयमा हरेक नेपाली नागरिक अन्य विकसित देशका नगरिकसरह जीवन बिताउने लालसले निकै आकर्षित भएको सामाजिक अनुभव छ । विविध प्रकारका आकर्षणका कारण मानिस विदेशिने भए पनि आफू जन्मेको ठाउँले पारेको धार्मिक, सामाजिक तथा सांस्कृतिक प्रभावलाई व्यक्तिले साथमा लिएर जाने भएकोले नेपाली नागरिकले विदेशमा पनि मनका विरह शमन गर्न जन्मभूमिका प्रतिच्छायालाई उठाउने गरेको पाइन्छ ।

पहिले नेपालीहरू सामान्य कामको खोजीका लागि भारतका विभिन्न ठाउँ तथा खाडी मुलुकमा पलायन भएको छ । अरबतिर कामका लागि जाने र भारतमा कामको खोजी गर्ने जनशक्तिको खास बसोवास नेपालमा भए पनि उसले करिब समग्र जीवन आफूले काम गर्ने भूगोलमा व्यतीत गरेको छ । मानिसले आफ्नो समग्र जीवन जुन ठाउँमा व्यतीत गर्छ, त्यस ठाउँको सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक प्रभावलाई स्वभावैले ग्रहण गर्दछ । जीवनका सुख तथा दुःखका अवसरमा वा साथीहरूका बीचमा रमाइलो गर्दा नेपाली भाषा र नेपालमा विशेष प्रचलित बनेका लयमा मनका भावना प्रकट गर्दछ, तर विदेशमा रमाएको मानिसले विदेशका प्रतिबिम्बलाई ग्रहण गरी आफूलाई परेको दुःख वा सुखका सन्दर्भलाई टिप्छ र तिनलाई नेपाली भाकामा सजाउने गर्दछ । समकालिक समयमा आफूले व्यतीत गरिरहेको परिवेशले मनमा पारेको प्रभावलाई छोड्न नसक्दा नेपालबाहिर गएका नेपालीका गलामा प्रवासका विरह सजिएका छन् । त्यसैले व्यक्तिले लोकलयमा प्रकट गरेका भावनामा विदेशी भूमिको प्रभाव र त्यसका सम्बन्धको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । नेपाली लोकगीतमा विदेशी भूमिको छाया यसैको परिणति मान्न सकिन्छ ।

नेपालीहरूको ठूलो सङ्ख्या वर्तमान समयमा विदेशको भूमिमा विदेशी नागरिक भएर रमाएको छ । रक्तसञ्चारको प्रभाव तथा भाषा र ममताको सम्बन्ध भने स्वदेशका प्रतिबिम्बलाई ग्रहण गरी प्रवासका विरहमा जोडिएको छ । भारतको दार्जिलिङ, कर्साङ, सिक्किम, उत्तरप्रदेश तथा उत्तराञ्चलतिर बसोवास गर्ने नेपालीहरू जातका हिसाबले राई, लिम्बू, मगर, गुरुङ, थकाली, नेवार, शेर्पा, कुमाल, ब्राऽमण, क्षत्री, सतार, थारू आदि होलान् उनीहरूको पहिलो भाषा अर्थात् मातृभाषा नेपाली बनेको छ भने दोस्रो

भाषा आफ्नो जाति तथा समाजले अपनाएको भाषा बनेको छ । यसले गर्दा नेपाली भाषा, साहित्य र लोकसाहित्यको विकासमा दार्जलिङ क्षेत्र यद्वा भारतको विभिन्न क्षेत्रमा बसोवास गर्ने नेपाली भाषीको ठूलो योगदान रहेको छ । त्यसैले नेपाली साहित्यको माध्यमिक कालको समग्र प्रतिनिधित्व नै प्रवासबाट भएको दृष्टिगोचर हुन्छ । नेपाली लोकसाहित्यको अध्ययन परम्परालाई उठान गर्न पनि दार्जिलिङलाई नै पहिलो आखरमा सम्झिनुपर्छ र हाजिरमान राईको मीठामीठा लोकगीत (1957) - को सङ्लनलाई बिर्सन मिल्दैन । वर्तमान नेपालको राजनीतिक भूगोलमा बसोवास गर्ने नेपाली नभए पनि प्रवासमा जीवन व्यतीत गरिरहेका नेपालीहरूले नेपाली लोकसाहित्यमा पु¥याएको योगदान र इतिहास निर्माण गरेको मत कदापि बिर्सन सकिंदैन ।

शिक्षा आर्जन गर्नका लागि भारतको बनारस, हरिद्वार, वृन्दावन, दिल्ली, मथुरा गएका नेपालीहरूले त्यहाँको सामाजिक, सांस्कृतिक परम्परा र रीतिरिवाजलाई नेपालमा भित्र्याउने काम गरेका छन् । नेपालको राजनीतिक क्षेत्र, सामाजिक क्षेत्र, कर्मकाण्ड गर्ने गराउने विधिमा बनारस आदि ठाउँमा अध्ययन गरी नेपाल प्रवेश गरेको नेपाली विशेष सक्रिय रहेको छ । नेपालको सार्वजनिक प्रशासन, शिक्षा, नेपाली सेना, नेपाल प्रहरी आदि ठाउँमा राष्ट्रसेवक बनेका नेपाली नागरिकका शैक्षिक प्रमाण पत्र भारतका विभिन्न विश्वविद्यालयबाट आर्जन गरेका रहनु यसको प्रमाण बनेको छ । नेपाली समाजमा कर्मकाण्ड गराउने र उपदेश गर्ने पण्डित तथा कर्मकाण्ड गराउने पुरोहितहरू पनि भारतका शैक्षिक संस्थाका उत्पादन हुन् । यिनीहरूका लोकसिर्जनामा स्वदेशका विभिन्न भाका र लयमा प्रवासका ममता प्रकट भएको पाइन्छ । सामान्य व्यवहारका विषयलाई हेर्ने हो भने पुराणवाचनका समयमा भारतबाट दीक्षित बनेका

पण्डितहरूले जयकार गराउँदा हिन्दी भाषाको प्रभावमा रहेको लिङ्ग भेदलाई लिएका हुन्छन् । अनि नेपाल आमाको जय भन्दैनन् । नेपाल माता की जय भन्छन् ।

यसर्थ विभिन्न सन्दर्भबाट नेपालबाहिर बसोवास गरेको नेपाली वा विदेशी भूमिमा आर्जन गरेको शिक्षा तथा सामाजिक सांस्कृतिक व्यवहारको प्रत्यक्ष प्रभाव नेपाली लोकगीतमा परेको छ । जसले गर्दा नेपाली लोकगीतमा प्रवासका विरह प्रकट भएको पाइन्छ । चोली दिउँला मखमली, सारी दिउँला फाइबर, मै हुँ कान्छी रेलको ड्राइबर जस्ता नेपाली जीवनमा भिजेका लोकगीत प्रवासका विरहका निकटमा रमण गरेका सिर्जना बनेका छन् । आफ्ना लोकसिर्जनामा नेपालको आत्मालाई अपनाएको छ र उसका समग्र क्रियाकलाप नेपाली भूगोलमा बसेका मानिसका चिन्तनसँग नजिक छन् । अर्कोतर्फ नेपाली नागरिक विदेशमा रहँदा सबैले सुखको अनुभूति मात्र गरेका छैनन् । विदेशमा दुःख पाएका, सास्ती भोगेका, जेल बसेका र उतै मृत्यु वरण गरेका विषय नेपाली लोकगीतमा प्रवासका पीडाका रूपमा प्रकट भएका छन् । पहिलो विश्वयुद्ध तथा दोस्रो विश्वयुद्धका समयमा नेपालीहरूले विदेशी भूमिको रक्षाका लागि रगत बगाएका हुन् । युद्धको असर नेपालमा नपरेको भए पनि युद्धमा संलग्न भएका नेपालीहरू र ब्रिटिस सरकारका सिपाहीहरूको ठूलो सङ्ख्या हताहती भएको हो । नेपाली लोकगायक डिलबहादुर क्षत्री भन्छन् - नेपालमा सबैभन्दा बढी विरहका गीत पहिलो तथा दोस्रो विश्वयुद्धले समाजलाई प्रभावित बनाएको समयमा गाइएको थियो । प्रत्यक्ष रूपमा नेपालमा युद्ध नभए पनि गाउँगाउँमा रुवाबासी चलाउने काम भने युद्धले गराएको थियो । त्यसैले नेपाली समाज र जीवनलाई पहिलो तथा दोस्रो विश्वयुद्धले प्रत्यक्ष प्रभाव परेको थियो । दुःखको

समयमा लोकगीत गाउने हुँदा पहिलो र दोस्रो विश्वयुद्धको समयमा नेपालमा अत्यधिक मात्रामा लोकगीतको प्रयोग भएको हो ।

नेपाली समाजका मानिसहरू दोस्रो विश्वयुद्धको समयमा विशेष प्रभावित बने । विदेशी सेनामा जागिर खाने आफ्ना परिवारका मानिसहरूलाई युद्धको समयमा कसरी ज्यान जोगाउन सकिन्छ, त्यसबारेमा उपदेश दिन थाले । जागिरको जिम्मेवारी सकेका र युद्धको अनुभव गरेका मानिसले एक किसिमले आफ्नो ज्ञान दिए भने परिवारका सदस्यले आफूले जानेको ज्यान जोगाउने उपाय बताउने उपक्रम अवश्य नै गरे । विदेशी भूमिमा नगएसम्म परिवार चलाउन नसकिने र लडाइँमा जाँदा ज्यान जाने र परिवार बिचल्लीमा पर्ने अवस्था आयो । नेपाली गाउँले समाजका मानिसहरूले जानेर वा नजानीकन विदेशी भूमिका विषयलाई प्रतिबिम्ब बनाई लोकगीत गाए । यसले गर्दा नेपाली लोकगीतमा प्रवासका विरह प्रकट भए ।

**घर धानी बसे है कान्छी, जानुपर्‍यो जर्मनको धावामा ।**

**खुकुरी भिरेर कान्छी, जानुपर्‍यो जर्मनको धावामा ।**

**खोला खोला नहिँड्नु होला, जर्मनले पड्काउला बम गोला ।**

अधिकांश नेपालीहरूको गन्तव्य भनेको भारतको विभिन्न क्षेत्र तथा अरबतिरको भाग नै समकालिक समयमा मुख्य रहेको पाइन्छ । कामको खोजीका लागि जाने विषय होस् वा अन्य प्रयोजनका लागि जाने किन नहोस् भारत तथा अरबतिरको यात्रा नेपालीका लागि सहज भएको छ । सामान्य साक्षर मानिसले पनि काम पाउने र स्वदेशमा काम नपाउँदा विदेश जानुपर्ने अवस्था रहेको नेपाली जीवनले साक्षात् व्यहोरेको विषय हो

। भारतमा कामको खोजीमा गएका नेपाली र अरबतिर गएका नेपाली नागरिक नेपालमा सामान्य किसिमको जीवन बिताउने नागरिक नै हुन् । अंशतः मध्यम वर्गीय जीवनमा रमाएका मानिसहरूले शारीरिक श्रम गर्ने र भारत तथा अरबमा पनि शारीरिक श्रमका भरमा आय आर्जन गर्ने परिपाटी रहेकोले नेपालीहरूको गन्यतव्य क्षेत्र भारत र अरब बनेको हो । यस ठाउँमा गएको नेपालीले भोगेका सास्ती र तिनका समग्र विषय र सन्दर्भलाई लिएर नेपाली गाउँले समाजमा लोकगीत गाएको पाइन्छ । जसमा स्वदेशका सन्दर्भभन्दा विदेशका सन्दर्भ र तिनका प्रभावका विषय आफैँ स्थापित भएका छन् ।

कामको खोजीका लागि नेपालको गाउँघर छाडेर विदेशतिर गएका मानिसहरू कुनै धन कमाएर घरमा आउने र कुनै भने विदेशतिर नै हराउने गर्दछन् । नेपाली समाजमा नेपालीहरू विदेशमा हराएका उदाहरण खोजी गर्‍यो भने प्रशस्त भेट्न सकिन्छ । पन्द्र, सोह्र वर्षको उमेरमा झोला भिरेर स्वदेशतर्फ पिठ्युँ फर्काएर विदेशतिर गएको नेपाली नेपाल कहिल्यै फर्केन । विदेशतिर नै बरालियो । स्वदेश र्फकने साहस कहिल्यै गरेन । उसले उतै घरजम गरेर बसेको हो वा उसको मृत्यु भएको हो । यस विषयको ज्ञान नेपालका गाउ“मा बसोवास गर्ने मानिसलाई भएन । बरू सय वर्ष बितेपछि काजकिरिया गर्नुपर्छ भन्ने मान्यता नेपाली समाजमा भने स्थापना भयो । कामको खोजीका लागि निस्केका नेपालीहरू घरबार जोडेर उतै बसे । उनीहरूले नेपाललाई माया गर्ने भए पनि जन्मभूमिमा खान तथा लाउनको दुःखले सबै कुरा बिर्सायो । नेपाली भाषा साहित्यप्रतिको माया भने निरन्तर रह्यो । यिनका लोकसिर्जनामा स्थानिक परिवेशका विषयले प्रवेश पाएको भए पनि प्रवासका विरहका साथ नेपाली आत्मा लोकगीतमा प्रकट भयो । भारतको आसाम, मेघालय,

देहरादून, दार्जिलिङ, सिक्किम, गोरखपुरको कुनाघाट एवम् वर्मा, भुटान जस्ता देश तथा ठाउ“मा पुगेका नेपालीहरू उतै बसे फर्केर आएनन् । समकालीन समयसम्म यस प्रकारको विदेश लागेपछि स्वदेश फर्केर नआउने रोगबाट नेपालीहरू मुक्त भएका छैनन् । यिनका लोकसिर्जनामा प्रवासका पीडा प्रकट भएका छन् । यस्तै कहिल्यै नफर्कने गरी पलायन भएका नेपाली जीवनका मानिसलाई विषय बनाएर नेपाली समाजमा लोकगीत गाएको पाइन्छ ।

यसरी लोकसाहित्यका प्रमुख विधा नेपाली लोकगीतको अध्ययन परम्पारलाई हेर्दा नेपालका साथै विश्वका सबै ठाउँमा ध्वनित हुने गरेको छ । नेपालीहरू काम र मामको खोजीका लागि विदेशी भूमिमा पुगेको अवस्थामा मनका विरह शमन गर्न नेपाली गाउँघरमा गाउने गरिएका झाम्रे, सालैजो, यानीमयाँ, सुनीमयाँ, रोदी, ओखरा, खोप्रो आदिमा गाउने गरिएका लोकगीतको प्रयोग प्रवासमा पनि गाउने गरिएको छ । प्रवासका विरहअन्तर्गत विशेष गरी रोइला, चुड्का, भजन, आरति र विद्युतीय सञ्चारका माध्यमबाट बज्ने गरेका लोकगीतको प्रयोग पनि निकै भएको पाइन्छ । समग्रमा हेर्ने हो भने प्रवासमा रहेका समस्त नेपालीहरूले नेपाली लोकगीतका माध्यमबाट मनका विरह शमन गरेको तथ्य भेट्न सकिन्छ ।

## 8.4 लोक साहित्य अध्ययनको विविध पद्धतिहरूको परिचय

लोक साहित्यका अध्ययनको विभिन्न पद्धति र विधिहरू छन् । ती हुन्

**समाजशास्त्रीय अध्ययन पद्धति -**

साहित्य समाजको दर्पण हो । साहित्य समाजलाई रूपान्तरण गर्ने एक संवाहक पनि हो । यसले समाजको विकृतिलाई हटाएर एउटा प्रगतिशील समाजको निर्माणमा कृयाशील रहन्छ । साहित्यमा अग्रगामी भूमिका खेल्ने कविताको पनि सामाजिक संरचनागत चरित्र हुन्छ र यसले समाजको यथार्थतालाई प्रष्ट्याउने कोशिस गर्दछ । आजको समाजमा उत्तर - मानवतावादले जन्म लिएको छ । एउटा समालोचकले साधारण अध्ययनले समालोचनाको लागि दिइएको किताब सरसर्ती पढेर मात्र पुग्दैन । समालोचक गहन अध्ययन कर्ता र सबै क्षनेत्रको ज्ञान हासिल गर्न खोज्ने खालको हुनुपर्दछ । जवसम्म समालोचकमा विस्तृत ज्ञानको जानकारी हुँदैन, समालोचक र कृतिकारको कृतिमा पुलको काम गर्न सक्दैन, कृतिको बहुस्तरीय धारणा बुझ्न सक्दैन, कृतिलाई शब्द - शब्द बाक्य बाक्यमा ओर्ली यसको मार्मिक यथार्थतामा कृतिहरू कसरी प्रष्टिन खोजेको हो । यसमा चिन्तन अध्ययन नगरी समालोचनामा ओर्लिन्छ भने त्यो समालोचना नभै मनचिन्ते अभिव्यक्तिमात्र हुन जान्छ ।

सामाजिक दृष्टिबाट साहित्यिक कृति र कृतिकारको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने पद्धतिलाई समाजशास्त्रीय प्रणाली भनिन्छ । यसले साहित्यकारको सामाजिक सन्दर्भका आधारमा कृतित्वको विश्लेषण गर्छ । साहित्यकारले समाजलाई के कति दिन सक्यो भन्ने कुराको विश्लेषण गर्नु पनि यसको उद्देश्य रहेको पाइन्छ । समालोचनालाई समाजपरकतातिर ढल्काउनेमध्ये टेन अग्रणी मानिन्छन् । यस प्रणालीको विकासका क्रममा इसाको बिसौं शताब्दीको तेस्रो दशकमा समाजपरक समालोचनाको मार्क्सवादी धाराको विकास भएको हो । यसलाई विकसित तुल्याउने व्यक्तिहरूमा कार्ल माक्र्स, एङ्गेल्स, प्लेखानोभ, लेनिन, म्याक्सिम गोर्की जस्ता व्यक्तिहरू अग्रपङ्क्तिमा रहेका छन् । खगोल -

विज्ञान र अर्थशास्त्रबीचको कार्यपद्धति (मेथोडोलोजी) - मा कुनै मूलभूत भिन्नता नै छैन भन्ने लाग्न सक्छ । यस्तो प्रतीत हुन सक्छ, यी दुवै क्षेत्रमा वैज्ञानिकले कुनै घटना - क्रियाहरू (फेनोमेना) - का अन्तरसम्बन्धलाई यथासम्भव स्पष्ट ढंगले सम्झन-बुझ्नलायक बनाउनका लागि ती घटना - क्रियाको एउटा सीमित समूहका लागि सामान्य स्वीकार्य नियमहरू खोज्ने प्रयास गर्छन् । तर वास्तवमा, यी दुवै विज्ञानका बीच कार्यपद्धतिको भिन्नता विद्यमान छ । अर्थशास्त्रका क्षेत्रमा सामान्य नियमहरूको खोज विभिन्न कारणले कठिन हुन्छ ।

समाजको वर्ग - विभाजनलाई एउटा स्थायी संस्थाको रूप दिए । अनि, उनीहरूले मूल्यहरूको एउटा व्यवस्था रचना गरे, जसबाट त्यसै समयदेखि धेरै हदसम्म अचेतन रूपले मानिसको आफ्नो सामाजिक व्यवहार निर्देशित हुन थाल्यो । थोर्स्टियन वेब्लेन -अर्थशास्त्री तथा समाजशास्त्रीद्वारा बताइएको मानव विकासको 'लुटपाटको अवस्था' भनेको, भन्नलाई मात्रै विगतका दिनहरूको ऐतिहासिक परम्परा हो, किन्तु हामी आजसम्म पनि त्यस अवस्थाभन्दा अगाडि बढ्न सकेका छैनौँ । जुन आर्थिक तथ्यहरूको हामी निरीक्षण गर्न सक्छौँ, ती त्यही अवस्थाका हुन्, र त्यसबाट निकालिएको नियम पनि अन्य अवस्थामाथि लागू हुन सक्दैन । समाजवादको वास्तविक लक्ष्य सुनिश्चित रूपले मानव विकासलाई यस लुटपाटको अवस्थाबाट पार गराउनु र यस अवस्थाबाट अगाडि बढाउनु हो, त्यसैले आप\mनो वर्तमान स्थितिमा आर्थिक-विज्ञानले भविष्यको समाजवादी समाजमाथि अलिकति भए पनि प्रकाश पार्न सक्छ।

**ऐतिहासिक पद्धति -**

ऐतिहासिक पद्धतिले साहित्यिक कृतिको व्याख्या, विश्लेषण र मूल्याङ्कनमा ऐतिहासिक सापेक्षको आधार खोजी गर्दछ । साहित्य भनेको लेखकको युगका आर्थिक, राजनीतिक र धार्मिक, साहित्यिक आदिको प्रक्षेपण हो भन्ने मान्यता यस समालोचनाको रहेको छ । ऐतिहासिक पद्धतिको विकासमा हिप्पोलिन एडोल्फ तेन र सेन्ट ब्यूभलाई प्रवर्तक मानिन्छ । उनीहरूले जाति, युग र क्षण सम्बन्धी चिन्तनको विशेष प्रभावमा यस प्रभृतिका समालोचनाको विकास गरेर लगेको मानिन्छ । यस अतिरिक्त मड बोड्किन, लेलाइ फिड्लर जस्ता समालोचकहरू साहित्यमा ऐतिहासिक पक्षको वकालत गरेको पाउँछौ । लेखकीय युगलाई नबुझी लेखक र कृतिको मूल्याङ्कन गर्न नसकिने धारणा ऐतिहासिक पद्धतिको रहेको हुन्छ ।

ऐतिहासिक पद्धतिले कुनै पनि कृति र कृतिकारलाई साहित्य युग, जाति र सामाजिक परिवेशको उपज हुन्छ र यसमा ऐतिहासिकता जीवित रूपमा प्रस्तुत हुनसक्छ आधारमा मूल्याङ्कन गर्छ । यसले कृति र कृतिकार दूवैलाई समाज, समय, घटना आदिको सापेक्षतामा जोड्ने कार्य गर्छ। कुनै कृतिको कालवोध र ऐतिहासिकता समानान्तर छ वा छैन भन्ने कुराको निर्क्योल पनि यस समालोचना पद्धतिले गर्दछ । इतिहासका वास्तविक पात्र तथा घटनाको चित्रण गरी लेखिएका समालोचनाहरू ऐतिहासिक पद्धतिमा पर्दछन् ।

सौन्दर्यलाई बेनिडोटे क्रोचेले सर्जकको निजी पाटो मानेर भाषाका माध्यम सार्वजनिक रूपमा अभिव्यक्ति हुने तथ्यलाई, सौन्दर्य मानेका छैनन् । उनको विचारमा ऐतिहासिक समालोचनाले पाठकलाई जुन वेला कुनै कृति रचना भएको त्यसै वेलाको कवि अथवा कलाकारको मानसिकतासित साक्षात्कार गराउँछ । कविले आफ्नो कविताको विषयमा भनेको कुरो पनि

समालोचना होइन । जिउँदा कविले लेखेको कविताको अर्थ त कविको कथन र जीवनी हेरेर लगाउन बल गरिएला, तर मरी सकेका कविहरुका कविताको अर्थ कसरी लगाउने ? समालोचना विज्ञान हो भने, त्यसले जिउँदा कविको कविताको अर्थ विश्लेषण र मरेका कविका कविताको अर्थ विश्लेषण भनेर पक्षपात गर्न मिल्छ ? आफ्ना कृतिका अन्त्यमा इलियटले लेखेकै नोट नै पनि त कृतिकै अङ्ग त होइन, त्यसैले कवितामा कविले भन्न खोजेको कुरो अथवा ल्याउन खोजेको अर्थ पाठकले सजिलै बुझ्दैन कि भनेर पाठकलाई आफ्ना कविताले दिन खोजेकै अर्थ दिन सजिलो होस् भनेर कविले दिएको पादटिप्पणीबाट कविले पाठकले लगाउने अर्थमा खटन गर्न मिल्छ ? यसैले कुनै कृतिको अर्थ विश्लेषण गर्ने समालोचना कृतिपरक मात्र हुनु पर्छ ।

**सांस्कृतिक पद्धति -**

मानव जीवनको पहिचानका रूपमा रहेको संस्कृतिसँग साहित्यको पनि निकट सम्बन्ध रहेको हुन्छ । प्रायः सबैजसो साहित्यिक कृतिहरूमा पनि कुनै न कुनै ढङ्गले संस्कृति अभिव्यक्त भएको हुन्छ । साहित्यले संस्कृतिको निर्माण गर्ने र संस्कृतिले साहित्यलाई मार्ग प्रशस्त गर्ने सन्दर्भमा यी दुवै परस्परव्यापी हुन्छन् । कुनै पनि साहित्यमा प्रयुक्त संस्कृतिको अध्ययन–विश्लेषणका लागि सर्वप्रथम संस्कृतिको पहिचान गर्नु आवश्यक हुन्छ ।

कुनै वस्तुलाई परिमार्जन गरेर वा सुसंस्कृत रूप दिएर चम्किलो तुल्याउने काम संस्कृति हो । संस्कृति शब्दको निर्माण वृm धातुमा सम् उपसर्ग र ति प्रत्यय लागेर भएको छ । यस शब्दले आफ्ना सन्ततिहरूलाई सुमार्गतर्फ उन्मुख गराउन पुर्खाहरूद्वारा प्रतिपादित विभिन्न खालका

क्रियाकलापलाई बोध गराउँछ । हरेक मानव समुदाय कुनै न कुनै ढङ्गले कुनै न कुनै प्रकारको संस्कृतिमा आबद्ध हुन्छ । एउटा जाति वा सम्प्रदायको संस्कृति अर्को जाति वा सम्प्रदायको भन्दा भिन्न हुनसक्ने भएकाले संसारमा संस्कृतिगत विविधता पाइन्छ र यही विविधताका कारण हरेक जातिका चालचलन, रीतिथिति, रहनसहन, आचारविचार, भावना आदिमा पनि विविधता रहेको देखिन्छ । प्रत्येक जातीय संस्कृतिको योगबाट राष्ट्रिय संस्कृतिको निर्माण हुनसक्ने भएकाले जातीय संस्कृति राष्ट्रिय संस्कृतिको अभिन्न अङ्ग हुन्छ ।

कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थनीति, चालचलन, गीत, नृत्य, वाद्यवादन, चाडबाड, जात्रा, कला आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदि झल्काउने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भनिन्छ । धैरै लामो समयदेखि देशकाल सापेक्ष भई आन्तरिक, वैचारिक एवं परम्परागत धारणाका रूपमा विकसित हुँदै समाजले आत्मसात गरिसकेको रहनसहन, आचारविचारसम्बन्धी भावना र तिनका माध्यमबाट कुनै राष्ट्र, वर्ग, समाज, जाति आदिको पहिचान गराउने मूल्यमान्यता, भौतिक अभिव्यक्तिहरूसमेतको सामूहिक नाम नै संस्कृति हो । यसका साथै संस्कृतिले कला, भाषा, साहित्य, दर्शन, धर्म, नीति, इतिहास आदि विभिन्न विषयको समग्रतालाई पनि बुझाउँछ । संस्कृतिलाई पारम्परिक गीत, नृत्य, वाद्यवादन, चाडबाड, तीर्थ, व्रत, पर्व, धर्म, संस्कार, मूर्तिकला, चित्रकला, वास्तुकला, जात्रा आदिका सन्दर्भबाट पनि अथ्र्याइएको पाइन्छ । परम्परित मूल्यमान्यता, रीतिरिवाज, चालचलन, धर्म, संस्कार, आस्था, व्यवहार, इतिहास पूर्वजन्म, पुनर्जन्म, कर्म, भाग्य, ईश्वरीयता, लोकोक्ति,

लोकप्रचलन मात्र नभएर नवसिर्जित मूल्यमान्यता आदि पनि संस्कृतिभित्र पर्न सक्छन् ।

भौगोलिक स्थिति, रहनसहन, लवाइखवाइ, शिक्षादीक्षा आदिले संस्कृतिमा विविधता पैदा गर्छन् । संस्कृति परिवर्तनशील हुनाका साथै र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरणीय हुन्छ । समयक्रममा देखिने राष्ट्रिय–अन्तर्राष्ट्रिय क्षेत्रका राजनैतिक–आर्थिक घटना तथा परिवर्तनले पनि संस्कृतिलाई प्रत्यक्ष–परोक्ष प्रभाव पार्दछन् । सामाजिक प्रचलनबोधक संस्कृतिलाई विविधतामय तुल्याउन स्थान, समय, जात, धर्म आदिले पनि महत्वपूर्ण भूमिका खेल्छन् । कुनै ठाउँ, समय, जात र धर्मको संस्कृति अर्को ठाउँ, समय, जात र धर्मका लागि बेठीक, विपरीत र अस्वीकार्यसमेत हुने गरेको पनि पाइन्छ । यसका साथै राम्रो–नराम्रो, असल–खराब, ठीक–बेठीक भन्ने कुरा पनि सापेक्षित हुन्छन् । कुनै स्थान वा जातिविशेषको संस्कृति अर्को स्थान वा जातिविशेषका लागि अनौठो र अग्राय हुन पनि सक्छ । मूलतः मानव र मानवताको संरक्षण एवं संवद्र्धनका लागि निर्मित साहित्य, कला, दर्शन, सङ्गीतलगायत यावत् गतिविधि र क्रियाकलापहरू तथा मानवीय जीवनपद्धति सबै संस्कृतिभित्रै अटाउँछन् । ज्ञान–विज्ञान दुवैलाई समेट्ने सांस्कृतिक सन्दर्भबाटै मानव जाति र सिङ्गो विश्व मानव समुदाय परिचालित हुनेहुँदा संस्कृतिभित्र मानव समुदायले गर्ने सम्पूर्ण आध्यात्मिक–भौतिक गतिविधि र क्रियाकलाप पर्छन् । राजनैतिक–आर्थिक दृष्टिले संस्कृतिको परिभाषा सामन्तवादी–पूँजीवादी, समाजवादी, प्रजातन्त्रवादी, प्रगतिवादी, जनवादी, साम्यवादी आदि भनेर गरिएको पनि पाइन्छ ।

**आद्यरूपीय/मिथकीय पद्धति**

साहित्यलाई आद्यरूप र मिथकसँग सम्बन्धित मानेर गरिने लोकसाहित्यलाई आद्यरूपीय मिथकीय पद्धति हो । यस पद्धतिका अनुसार साहित्यमा आद्यरूप र मिथकहरू वंशानुगत रूपमा नै आएका हुन्छन् । साहित्यको मूल ढाँचा नै मिथकात्मक हुने हुँदा मिथकको गम्भीर र अनुशीलनबाट मात्र साहित्यको वास्तविक रहस्य उजागर हुने हुँदा हुने यस समालोचनाको धारणा रहेको छ । यो पद्धति मानवशास्त्र र मनोविज्ञानको सैद्धान्तिक पृष्ठभूमिमा अडेको छ । यसलाई विस्तार साथ प्रयोग गर्ने क्याडाली विद्वान् नर्थ्रप पाई हुन् ।

**रूपवादी / संरचनावादी समालोचना**

लोकसाहित्यमा रूपवादी, संरचनावादी, शैली वैज्ञानिक आदि अनेक आधुनिक समालोचना प्रणालीको विकास भएको पाइन्छ । यी सबै समालोचना साहित्यको भाषिक रूप एवं शैलीसँग सम्बन्धित छन् । रूप संरचनावादी समालोचनाको प्रेरक भूमि भाषाको पृष्ठभूमि हो भने क्लाउड लेभि स्ट्रासको संरचनावादी मानवशास्त्रले पनि महत्वपूर्ण आधारभूमि तयार गरेको छ । संरचनावादी अनेक सम्प्रदायहरूमा जेनेभा, रसियाली, कोपेन हेगेन, प्राग, फ्रान्सेली, बेलायती र अमेरिकाली आदि सम्प्रदाय रहेका छन् । यस समालोचनाले पाठलाई मूल आधार मानेर पाठका विभिन्न अवयवहरूको विश्लेषण गर्दछ । यसर्थ लोकसाहित्यमा यस पद्धतिले पाठभन्दा बाहिरी पक्षको सर्वथा उपेक्षा गर्दछ । भाषाको विशिष्ट रूप नै साहित्य भएकाले यही भाषिक वैशिष्ट्यका आधारमा कृतिको मूल्य निरूपण गर्ने कार्य यस पद्धतिले गर्दछ ।

**भाषिक पद्धति -**

कुनै पनि भाषाको लोकसाहित्यमा त्यो भाषा बोलिने समस्त समाजको आत्मा मुखरित भएको हुन्छ । लोकसाहित्य कुनै नाम चलेका

साहित्यकारको कलमबाट रस, अलङ्ढार, गुण जस्ता साहित्यिक लक्षणहरूका साथ सलल बगेको नभई कण्ठ परम्पराद्वारा अपौरुषेयरूपमा स्वतस्फूर्त वंशानुगत पीढी दर पीढीदेखि बिनाथपघटका साथ आइरहेको : हुन्छ। यसै कारणले लोकसाहित्यका रचयिता वा कविहरूको नाम कतै पनि उल्लेख भएको पाइँदैन । भोजपुरी भाषा हिन्दी, नेपाली र मैथिली भाषाभन्दा प्राचीन तथा बहुसङ्ख्यक जनमानसद्वारा बोलिने संस्कृत वंशीय भाषा हो, जुन इन्डो–भारोपेली भाषा परिवारको अद्र्धमागधी तथा पैशाची अप्रभंशको मार्गबाट गमन गर्दै वर्तमानको आफ्नो प्रचलितरूपमा विद्यमान रहेको पाइन्छ ।

विश्वभरिमा बोलिने विभिन्न भौगोलिक परिदृश्यका भाषा परिवारमध्ये बहुसङ्ख्यक जनसङ्ख्याको मनोभाव, अभिव्यक्ति तथा सम्प्रेषणको माध्यममध्ये भोजपुरी भाषाले पनि आफ्नो स्थान कायम गरेको भाषा वैज्ञानिकहरूको अन्वेषणलाई गौरवका साथ लिन सकिन्छ । नेपाली भाषाको शब्दभण्डारको विपुलता तथा भाषा शौष्ठवको निपूणताको कारण नेपाली भाषालाई समृद्ध भाषा भन्न सकिन्छ । दैनिक जीवनका भोगाइहरूबाट उब्जेका हर्ष–विस्मात, वेदना–छटपटी, आकुलता–व्याकुलता, रति–राग, हास–परिहासका उच्छ्वासहरू नेपाली भाषाको लोकसाहित्यमा पर्याप्त मात्रामा मुखरित भएका पाइन्छन् । नेपाली लोकसाहित्यको अध्ययनको क्रममा यसलाई प्रमुख चार भागमा विभक्त गर्न सकिन्छ । ती हुन् - लोकगीत, लोकगाथा, लोककथा र धार्मिक साहित्य ।

नेपाली लोकसाहित्यको अध्ययनको क्रममा लोकगीत तथा लोकगाथापछि लोककथाको पालो आउँछ । फुर्सतको क्षणमा समय बिताउनको लागि अथवा पट्यार लाग्ने लामो समयसम्म सामूहिकरूपमा काम गर्ने बेलामा मनोरञ्जनपूर्ण बनाउन लोककथा भन्ने र सुन्ने गरिन्छ । साँझपख केटा

Notes

- केटीहरूले कथा सुन्नका लागि हजुरआमा वा हजुरबुबालाइ हत्ते पार्दछन् । लोककथालाई दन्त्य कथा पनि भन्ने गरिन्छ । कथाको सुरुआत 'उहिले नै एक समय' जस्ता हरफहरूबाट हुन्छ । कथाको अन्त्य 'कथा गयो वनमा, सोच आफ्नो मनमा' जस्ता हरफहरूबाट हुन्छ । कथा भन्ने मानिसको प्रत्येक हरफ पछि 'हँ' भनेर हुँकारी भर्ने मानिसको आवश्यकता पर्दछ । कथा सुन्ने श्रोता नजिकमा हुनुपर्दछ । यस्ता कथाहरूमा सुनकेशरी रानीको कथा, शीत–बसन्तको कथा, ठगको कथा, परी रानीको कथा, बूढकुटनीको कथा, भरबीत्तन भाइको कथा आदि प्रसिद्ध नेपाली लोककथाहरू हुन् । कुनै कुनै कथा लामा पनि हुन्छन् तथा त्यस्ता कथा लोकगाथाझै हुन्छन् पनि ।

लोककथालाई अझै मनोरञ्जक बनाउनका लागि बीचबीचमा गीत पनि गाउने गरिन्छ । नेपाली लोककथालाई विभिन्न 6 भागमा बाँड्न सकिन्छ – उपदेशात्मक, मनोरञ्नात्मक, व्रतात्मक, प्रमात्मक, वर्णनात्मक तथा सामाजिक । प्राय नेपाली लोककथाहरू उपदेशात्मक हुन्छन् , जसमा नारीको चरित्र, सामाजिक अवस्था, खलपात्रको चरित्र वर्णन गरिनुका साथै त्यसबाट कसरी बच्ने वर्णित रहेको हुन्छ । मनोरञ्जनात्मक लोककथा प्रायरित रहेको हुन्छ । व्रतात्मक लोककथा स्त्रीको जानवरमाथि आधा : व्रतमा आधारित रहेको हुन्छ, जसमा व्रतको महात्म्य ललित ढ·मा वर्णित रहेको हुन्छ । प्रेमकथात्मक लोककथाहरूमा स्त्रीको प्रेम, स्त्रीको सतीत्व तथा वीरता, मिलन–विछोड आदि मानवीय पक्ष वर्णित रहेको पाइन्छ । वर्णनात्मक लोककथाहरू लामा–लामा कलेवरका हुन्छन्, जसमा कुनै राजा, रानी तथा उनीहरूका छोराछोरीको कथा हुन्छन् । सामाजिक लोककथामा समाजमा व्याप्त रूढि, विकृति तथा विस·तिमाथि मनोरञ्जनात्मक व्यङ्ग्ग रहन्छ । यसमा वृद्ध विवाह, गरीब - धनी, सौताहरूको आपसी

कलह, विमाताहरूद्वारा सौतेनी छोराछोरीहरूमाथिको घोंचपेंचका कथाहरू वर्णन गरिएका हुन्छन् ।

नेपाली धार्मिक लोकसाहित्य पनि विस्तृतरूपमा रहेको छ । विभिन्नखाले कीर्तन, पूजाहरूको अवसरमा गाइने गीतहरू, व्रतको अवसरमा गाइने गीतहरू, छठीमाताको गीत, शीतलामाताको गीत, विषहरियाको गीत, जीवनको असार विषयक निर्गुण गीत, शिवजीको लाचारी गीत, विभिन्न देवीदेउताहरूसित सुख, समृद्धि तथा आरोग्य प्राप्तिका लागि याचनाको रूपमा गाइने गोहरवनी गीत, रामविवाह गीत, व्रजराशको गोपी गीत,शिवविवाह गीत आदि भोजपुरी धार्मिक लोकसाहित्यभित्र पर्दछन् । यसभित्र धार्मिक विषयक गीत तथा कथा पर्दछन् ।

## 8.5 उपसंहार

लोकृ दर्शने धातुमा घञ् प्रत्यय लागेर (अ)‘ लोक ’ शब्द बनेको हो । जसको अर्थ हुन्छ – हेर्नु , हेराइ लोकशब्दका लागि वेदमा ‘जन ’ ग्राभ्य जस्ता शब्द प्रयोग भएका पाइन्छ । लोक शब्द सँग साहित्य शब्द जोडिएर लोकसाहित्य शब्द बन्दछ । लोकसाहित्य भनेको लोकले देखेका र भोगेका कुरा हुन् । लोकसाहित्य लोकको यथार्थ चित्र हो ।

लोकसाहित्यको लेखन तथा प्रदर्शन पनि गर्न सकिदैंन । श्रुति र सत्य तथ्य भावमा आधारित हुन्छ । सामान्यतया भाषाको गुण अथवा अवगुण जे भने पनि जस्तो सुनिन्छ त्यस्तो लेखिदैँन त्यसैले लोकसाहित्यमा जे बोलिन्छ जे गरिन्छ त्यसलाई त्यही रुपमा लिपि चिन्ह मा (लेख्य) गर्न सकिदैँन । लोक साहित्यको लेखन र नाटक ( प्रदर्शन) नाटकीकरण हुनु भनेको लोक साहित्यकोमृत्यु हुनु हो । किनभने लोकसाहित्य श्रुतिमा

बाँचेको हुन्छ । मानसखण्ड लोकसाहित्य श्रुति र परम्परामा बाँचेको छ भने धर्मसंस्कृतिसँग मानसखण्ड लोकसाहित्यको अन्योन्याश्रित सम्बन्ध रहेको छ । संस्कृति अर्थात् धर्म लोकसाहित्यको आत्मा हो । धर्म विना संस्कृति र संस्कृति बिना लोकसाहित्य जीवित रहदैँन ।

लोक - साहित्यका अध्ययनको प्रारम्भ ट्युटॉनिकमा ज्परा, दन्तयकथाहरू एवं सृष्टि सम्बन्धी देवत्वशास्त्रीय सङ्ग्रहका रूपमा, होमर र इलियटबाट, 17 औं एवम् 18 औं शताब्दीका विभिन्न सिद्धान्तहरू, ग्रिम बन्धहरू आदिबाट भएको मानिन्छ । लोक - साहित्यका वास्तविक अध्ययनको सूत्रधार डार्विन सर फ्रेजरलाई मानिन्छ । इङ्ग्ल्याण्डमा 'लोक - साहित्य - समाज' (सन् 1878) - को स्थापना भएको थियो । विभिन्न देशहरूको लोक - कथाहरूलाई यसमा सङ्ग्रह गरिएको पाइन्छ । यहीबाट लोक - साहित्यका परिभाषा, यसको निर्माण गर्ने विभिन्न तत्वहरूका अध्ययन वैज्ञानिक व्याज्याका साथ शुरू भएको मान्न सकिन्छ । पश्चिममां लोक - साहित्यका अध्ययन चार चरणमा भएको देखिन्छ । प्रथम कालखण्डमा देवत्व कथाहरूका सङ्ग्रहमा बल दिएको पाइन्छ भने दोस्रो कालखण्डमा दैवीय, भाषाशास्त्रीय र तुलनात्मक आधारलाई प्रश्रय दिएको देखिन्छ ।

तेस्रो कालखण्डमा लोक - साहित्यका वैज्ञानिक विवेचनलाई प्राथमिकता प्राप्त भएको देखिन्छ भने चौथों कालखण्डमा मानवशास्त्रिय, समाजशास्त्रिय, भाषाशास्त्रिय एवं मनोवैज्ञानिकहरूले लोक - साहित्यको स्थानीय जनसमूहहरू एवं समाजहरूका संस्कृति र त्यसको सामाजिक मनोभावहरूका सन्दर्भलाई बुझाउने प्रयास गरेको देखिन्छ । अमेरिका र यूरोप महाद्वीपका देश यस क्षेत्रमा अधि आएको देखिन्छ । भारतीय परम्परामा भने लोक - साहित्यको अध्ययनका शुरूआत उपनिवेशवादी

धारणा र मान्यताहरूबाट भएको पाइन्छ । उपनिवेशवादी शक्तिहरूका रूझान लोक - साहित्यका मर्मलाई समाउनु नभएर प्रशासन तन्त्रलाई सुचारू रूपले चलानु थियो । यसर्थ उपनिवेशवादीहरूलाई स्थानीय भाषा, समाज, संस्कृति, रीति - रिवाज र प्रथाहरूको अध्ययन आवश्यक भएर गयो । फलतः भारतमा उपनिवेशवादी शक्तिहरूले तीन स्तरमा यस कार्य गरेको देखिन्छ, जसको कारण भारतमा लोकसाहित्य अध्ययनको परम्परा पनि प्रारम्भ भएको प्रतीत हुन्छ ।

## 8.6 सार

यस प्रखण्डमा **लोक साहित्य अध्ययनको परम्परा र यसका विविध अध्ययन पद्धति**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- लोकृ दर्शने धातुमा घञ् प्रत्यय लागेर (अ)‘ लोक ’ शब्द बनेको हो । जसको अर्थ हुन्छ – हेर्नु , हेराइ लोकशब्दका लागि वेदमा ‘जन ’ ग्राभ्य जस्ता शब्द प्रयोग भएका पाइन्छ ।
- **लोक** शब्दसँग साहित्य शब्द जोडिएर **लोकसाहित्य** शब्द बन्दछ । लोकसाहित्य भनेको लोकले देखेका र भोगेका कुरा हुन् । लोकसाहित्य लोकको यथार्थ चित्र हो ।
- लोकसाहित्यको लेखन तथा प्रदर्शन पनि गर्न सकिदैंन । श्रुति र सत्य तथ्य भावमा आधारित हुन्छ ।
- सामान्यतया भाषाको गुण अथवा अवगुण जे भने पनि जस्तो सुनिन्छ त्यस्तो लेखिदैँन । त्यसैले लोकसाहित्यमा जे बोलिन्छ जे गरिन्छ त्यसलाई त्यही रुपमा लिपि चिन्ह मा नाटकीकरण (लेख्य) र ना गर्न सकिदैँन । लोक साहित्यको लेखन ( प्रदर्शन)

- ❖ संस्कृति अर्थात् धर्म लोकसाहित्यको आत्मा हो । धर्म विना संस्कृति र संस्कृति बिना लोकसाहित्य जीवित रहदैँन ।
- ❖ लोक - साहित्यका अध्ययनको प्रारम्भ ट्युटॉनिकमा ज्परा, दन्तयकथाहरू एवं सृष्टि सम्बन्धी देवत्वशास्त्रीय सङ्ग्रहका रूपमा, होमर र इलियटबाट, 17 औं एवम् 18 औं शताब्दीका विभिन्न सिद्धान्तहरू, ग्रिम बन्धहरू आदिबाट भएको मानिन्छ ।
- ❖ लोक - साहित्यका वास्तविक अध्ययनको सूत्रधार डार्विन सर फ्रेजरलाई मानिन्छ । इङ्ग्ल्याण्डमा 'लोक - साहित्य - समाज' (सन् 1878) - को स्थापना भएको थियो । विभिन्न देशहरूको लोक - कथाहरूलाई यसमा सङ्ग्रह गरिएको पाइन्छ ।
- ❖ पश्चिममां लोक - साहित्यका अध्ययन चार चरणमा भएको देखिन्छ । प्रथम कालखण्डमा देवत्व कथाहरूका सङ्ग्रहमा बल दिएको पाइन्छ भने दोस्रो कालखण्डमा दैवीय, भाषाशास्त्रीय र तुलनात्मक आधारलाई प्रश्रय दिएको देखिन्छ ।
- ❖ तेस्रो कालखण्डमा लोक - साहित्यका वैज्ञानिक विवेचनलाई प्राथमिकता प्राप्त भएको देखिन्छ भने चौथों कालखण्डमा मानवशास्त्रिय, समाजशास्त्रिय, भाषाशास्त्रिय एवं मनोवैज्ञानिकहरूले लोक - साहित्यको स्थानीय जनसमूहहरू एवं समाजहरूका संस्कृति र त्यसको सामाजिक मनोभावहरूका सन्दर्भलाई बुझाउने प्रयास गरेको देखिन्छ ।
- ❖ भारतीय परम्परामा भने लोक - साहित्यको अध्ययनका शुरूआत उपनिवेशवादी धारणा र मान्यताहरूबाट भएको पाइन्छ ।

यस प्रखण्डको अध्ययनले **लोक साहित्य अध्ययनको परम्परा र यसका विविध अध्ययन पद्धति**बारे बुनियाँदी जानकारी प्राप्त भयो ।

लोकसाहित्यको परिचय र यसको अध्ययन परम्परा र विविध अध्ययन पद्धति सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 8.7 अनुशीलनी

1. लोकसाहित्यको अवधारणाबारे चर्चा गर्दै यसबारे विभिन्न विद्वानहरूले दिएको परिभाषालाई प्रस्तुत गर्नुहोस् ।

2. लोकसाहित्यको उत्पत्ति सर्वप्रथम कुन देश र कसबाट भएको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

3. लोकसाहित्यका अध्ययनको परम्पराबारे एउटा गरिलो लोख तयार पार्नुहोस् ।

4. लोकसाहित्यको अध्ययन परम्परामा भारतीय समाजको योगदानबारे आफ्नो अध्ययन प्रस्तुत गर्नुहोस् ।

5. लोक शब्दको अर्थ र परिभाषाबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्दै लोक र लोग माढको भिन्नतालाई खट्याउनुहोस् ।

6. लोक साहित्य र लोकवार्तामाझ के कस्तो समान्ता र भिन्नता रहेको पाइन्छ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

7. लोकसाहित्य सम्बन्ध समाजसित कतिको रहेको ठान्नुहुन्छ ? आफ्नो तर्कलाई प्रस्तुतु गर्नुहोस् ।

8. लोकसाहित्यका सांस्कृतिक मुख्य - मुख्य विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

9. लोकसाहित्य अध्ययनका विविध पद्धतिहरूबारे समीक्षात्मक टिप्प्णी प्रस्तुत गर्नुहोस् ।

Notes

10. लोकसाहित्यका अध्ययनको समाजशास्त्रीय पद्धति, सांस्कृतिक पद्धति, ऐतिहासिक पद्धति, मिथकीय पद्धति आदिबारे टिप्पणी लेख्नुहोस् ।

## 8.8 अतिरिक्त अध्ययन


1. शर्मा, मोहनराज - **समकालीन समालोचना सिद्धान्त र प्रयोग** ।

2. प्रधान, कृष्णचन्द्र सिंह - **आधुनिक नेपाली उपन्यासमा सांस्कृतिक चेतना** ।

3. गिरी, अमर - **सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा**।

4. तामाङ, पेम्बा - **आख्यानदेखि पराख्यानसम्म** ।

5. लुइटेल, खगेन्द्रप्रसाद - **लोक साहित्य परिचय** ।

6. बन्धु, चूडामणि -**नेपाली लोकसाहित्य** ।

7. गिरी, जितेन्द्रदेव -**नेपाली लोकवार्ता** ।

8. गिरी, जिवेन्द्रदेव -**लोकसाहित्यको अवलोकन** ।

9. परमार, श्याम -**लोक साहित्य विमर्श** ।

10. लामिछाने, कपिलदेव - नेपाली लोकगाथाको अध्ययन ।

11. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल -लोकवार्ता विज्ञान र लोकसाहित्य ।

12. उपाध्याय, कृष्णदेव - लोकसाहित्यकी भूमिका ।

13. दिवस, तुलसी - नेपाली लोककथाः केही अध्ययन ।

14. थापा, धर्मराज र हंसपुरे सुवेदी - नेपाली लोकसाहित्य ।

15. पराजुली, कृष्णप्रसाद - नेपाली लोकगीतको आलोक ।

16. कोइराला, शम्भुप्रसाद - लोक साहित्य : सिद्धान्त र विश्लेषण ।

यस अतिरिक्त **लोकसाहित्य**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र - पत्रिकाको पनि अध्ययन ।

## 8.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

१. लोकसाहित्यको सामान्य परिचय ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. लोकसाहित्यको अवधारणा ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. लोकसाहित्य अध्ययनको परम्परा ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. लोकसाहित्यको अध्ययनको विविध पद्धतिहरू ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.4 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

५. समाजशास्त्रीय पद्धति, सांस्कृति पद्धति, मिथकीय पद्धति ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 8.4 को खण्डअन्तर्गत नै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 9, तुलनात्मक पद्धति र रूपतत्ववादी पद्धति

**संरचना**

9.0 उद्देश्य

9.1 परिचय

9.2 तुलना शब्दको अर्थ र परिभाषा

9.3 रूप शब्दको अर्थ र परिभाषा

9.4 लोक साहित्यको तुलनात्मक पद्धति

9.5 लोक साहित्यको रूपतत्त्ववादी पद्धति

9.6 उपसंहार

9.7 सार

9.8 अनुशीलनी

9.9 अतिरिक्त अध्ययन

9.10 मूल्यबृद्धिको निम्ति उत्तर

## 9.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- तुलना शब्दको अर्थ र परिभाषा
- रूप शब्दको अर्थ र परिभाषा
- लोक साहित्यको तुलनात्मक पद्धति
- लोक साहित्यको रूपतत्त्ववादी पद्धति

## 9.1 परिचय

वास्तवमा **तुलना** शब्दको अर्थ एक समानको खोजी गर्नु हो । कुनै वस्तुहरूका गुण, मान आदिलाई एक अर्का भन्दा कम या अधिक अथवा त्यसको राम्रो र नराम्रो पक्षको खोजी गर्नु नै तुलना हो । तुलना शब्दको समानार्थी शब्दहरूमा मिलान, समीकरण, सहसम्बन्ध, उपमा, भेद, सादृश्य, रैंकिंग, दर्ज़ा, ब्योरहरूका मिलान, समान ठहराना (crosscheck) आदि हुन् । यस बाहेक समानता, फ्रेन्क, पहचान, तुल्यता (analogousness), समरूपता, अनुरूप, समता, सम्बन्ध, भिन्नता, विषमता आदिले पनि तुलना शब्दको अर्थलाई नै ध्योतन गर्दछ । मूलरूपमा कुनै वस्तुहरूका गुणहरूको समानता र असमानता दिखानु नै तुलना गर्नु हो ।

प्रथमत : अंग्रेजी शब्द **कम्पेरेटिभ** (Comparative ) – को अर्थ हुन्छ - पुनः खोची गर्नु, भिन्नता छुट्याउनु, तुलना गर्नु आदि । नेपाली शब्द पद्धतिको अर्थ हुन्छ - शैली, बाटो, प्रणाली आदि । तुलनामा कुनै तथ्य, घटना, वा सिद्धान्तको बारम्बार खोजी र विश्लेषण मात्र नगरेर ती कुराहरूको राम्रो र नराम्रो पक्षको पनि अध्ययन गरिएको हुन्छ त्यसैले यसलाई **मूल्याङ्कन** पनि भन्न सकिन्छ । लोकसाहित्यमा गरिने तुलनात्मक अध्ययन वा पद्धतिलाई वैज्ञानिक विधि पनि भनिन्छ ।

रूप भनेको आरोप हो । एकले अर्कालाई आरोप लगाउनुलाई रूप भन्न सकिन्छ । तथापि रूप भन्नाले कुनै पनि बाहिर र भित्ररूपमा दिखिने वस्तु आदिको बनावट, सजावट, ढाँचा, प्रणाली आदिलाई बुझिन्छ । यही रूपको परिप्रेक्ष्मा अभेद सम्बन्ध देखाउँदै कुनै पनि काव्य वा साहित्यको आलोचना गरिने समालोचना प्रणालीलाई रूपवादी समालोचना पद्धति

भन्न सक्छौं । लोकसाहित्यको सन्दर्भमा रूपतत्ववादी पद्धतिले लोकसाहित्यिक कृतिको रूपलाई अध्ययन गर्ने गर्दछ ।

## 9.2 तुलना शब्दको अर्थ र परिभाषा

दुई अथवा दुई भन्दा अधिक विषय, घटना, भाषा, साहित्य आजिको तुलनात्मक अध्ययनबाट प्राप्त हुने पृथकात्मकतालाई तुलनात्मक अध्ययन वा तुलना भनिने गरिन्छ । **तुलनात्मक** साहित्यमा एक भन्दा अधिक भाषाहरूमा रचित साहित्यको अध्ययन गरिने गरिन्छ । तुलना यस अध्ययनको अंग हो । तुलनात्मक साहित्यमा विभिन्न भाषामा लिखित साहित्यहरूका अथवा त्यसका संक्षिप्त घटकहरूको साहित्यिक तुलना हुने गर्दछ ।

वास्तवमा तुलना शब्दको अर्थ एक समानको खोजी गर्नु हो । कुनै वस्तुहरूका गुण, मान आदिलाई एक अर्का भन्दा कम या अधिक अथवा त्यसको राम्रो र नराम्रो पक्षको खोजी गर्नु नै तुलना हो । तुलना शब्दको समानार्थी शब्दहरूमा मिलान, समीकरण, सहसम्बन्ध, उपमा, भेद, सादृश्य, रैंकिंग, दर्ज़ा, ब्योरहरूका मिलान, समान ठहराना (crosscheck) आदि हुन् । यस बाहेक समानता, फ्रेन्क, पहचान, तुल्यता (analogousness), समरूपता, अनुरूप, समता, सम्बन्ध, भिन्नता, विषमता आदिले पनि तुलना शब्दको अर्थलाई नै ध्योतन गर्दछ । मूलरूपमा कुनै वस्तुहरूका गुणहरूको समानता र असमानता दिखानु नै तुलना गर्नु हो ।

विद्वान् ऐलन ( Allen ) - ले कुनै साहित्यित विधिलाई दुई या अधिक पद्धतिहरूले तुलनात्मक अध्ययन गर्ने **तुलनात्मक विधिशास्त्र** (Comparative Jurisprudence or Comparative law) भनेका

छन् । यसरी नै विद्वान् हॉलैण्ड (Holland) - ले यसलाई अनावश्यक र व्यर्थ बताउदै यही विचार व्यक्त गरेका छन् धैरै क्षेत्र र विषयहरूमा गरिने तुलना भन्दा सीमित क्षेत्र र विषयमा गरिने तुलना प्रभावकारी हुँदछ । तुलनात्मक पद्धतिको विकास गर्नमा वास्तविक श्रेय विद्वान् कान्ट र स्टोरीलाई दिइने गरिन्छ । उनीहरूले विधायन र विधिमा व्यावहारिक सुधार ल्याउनमा तुलनात्मक अध्ययनको अहम भूमिका रहेको बताएका छन् । विद्वान् सामंडले पनि विभिन्न देशहरूका साहित्यका गुण - दोषहरूका आधारमा तुलनात्मक मूल्याङखन गरेका छन् ।

**तुलनात्मक** पद्धति जस्तै तुलनात्मक साहित्य साहित्यका एक शाखा एवं **विधि हो, जसले विभिन्न भाषाका साहित्यिक कृतिहरूको तुलनात्मक** अध्ययन गर्ने गर्दछ तथा यसमा आधारित रहने गर्दछ । **तुलनात्मक** साहित्यमा दुई या अधिक देश, जाति, भाषा आदिको तुलना गरिने गरिन्छ । यसबाट ती जाति, भाषा, साहित्य आदिमा रहेको समान्ता र भिन्नतालाई थाहा पाउन सकिन्छ । प्रथमत : अंग्रेजी शब्द **कम्पेरेटिभ** (Comparative ) – को अर्थ हुन्छ - पुनः खोची गर्नु, भिन्नता छुट्याउनु, तुलना गर्नु आदि । नेपाली शब्द पद्धतिको अर्थ हुन्छ - शैली, बाटो, प्रणाली आदि । तुलनामा कुनै तथ्य, घटना, वा सिद्धान्तको बारम्बार खोजी र विश्लेषण मात्र नगरेर ती कुराहरूको राम्रो र नराम्रो पक्षको पनि अध्ययन गरिएको हुन्छ त्यसैले यसलाई **मूल्याङ्कन** पनि भन्न सकिन्छ । लोकसाहित्यमा गरिने तुलनात्मक अध्ययन वा पद्धतिलाई वैज्ञानिक विधि पनि भनिन्छ । जुन विधि प्रयोग गर्दा अध्ययन र विश्लेषण ठोस, विवादरहित र तथ्यपूर्ण हुन्छन् त्यस विधिलाई वैज्ञानिक शोध विधि भनिन्छ । वैज्ञानिक शोध विधिका प्रक्रियाहरु यस प्रकार व्यक्त गर्न सकिन्छ –

- 1. यस प्रक्रियामा कुनै घटनाको ध्यानपूर्वक र धैर्यपूर्वक निरीक्षण गरिन्छ ।
- 2. निरीक्षणको साथसाथै वा त्यसको तुरुन्तै पछि अभिनति नराखीकन संक्षिप्त तर सम्पूर्ण रुपमा त्यसको वर्णन गरिन्छ ।
- 3. यसमा कार्यकारण विश्लेषण गरिन्छ । कुन कारण र कुन परिणाम हो त्यस बारेमा चिन्तन गरिन्छ ।
- 4.प्रयोगीकरण वैज्ञानिक शोध विधिको प्रमुख प्रक्रिया हो । प्राप्त परिणामहरुलाई पुनः प्रयोग गरेर सत्यापित गर्न सकिन्छ । यद्यपि अर्थशास्त्र र अन्य सामाजिक र व्यावहारिक विषयका चलराशिहरुलाई प्रयोगशालामा ल्याएर नियन्त्रित अवस्थामा प्रयोग गर्न सकिंदैन तर विश्लेषकले चलराशिहरुलाई अनियन्त्रित अवस्थामा नै प्रयोगपूर्ण अध्ययन गर्न सक्छ । उसको अवलोकन दृष्टि वैज्ञानिक जस्तो तटस्थ हुनुपर्छ । वर्तमान निष्कर्षका आधारमा भविष्यवाणी गर्ने आधार पनि प्रयोगले प्रदान गर्छ ।
- 5. कुनै घटना किन भयो यसको व्याख्या गर्नका लागि एक पूर्वकल्पनाको प्रयोग गर्न सकिन्छ जसलाई प्राक्कल्पना वा हाइपोथिसीस 9जथ3यतजभकष्क0 भनिन्छ । यदि पूर्वकल्पना अर्थात् घटनाको अनुमान सही छ भने प्रयोग गर्दा त्यो प्रमाणित हुन जान्छ ।
- 6. कुनै घटनाको तथ्य विश्लेषण गर्ने दुइ प्रमुख प्रविधि छन्– घटनाको पूर्वानुमान गर्ने (निगमन) अथवा ज्ञात तथ्यहरुको आधारमा अज्ञातको विश्लेषण गर्ने (आगमन) । यस प्रकार वैज्ञानिक शोध विधिमा आगमन, निगमन वा दुवै विधिको संयुक्त प्रयोग गरिन्छ ।

Notes

- 7. वैज्ञानिक शोध विधिको एक महत्त्वपूर्ण विशेषता गणितको प्रयोग गर्नु हो । यदि प्राप्त तथ्यको तहसम्म पुग्न मानवीय ज्ञानेन्द्रिय सक्षम छैनन् भने त्यस अवस्थामा गणितको प्रयोग गर्नु उपयुक्त हुन्छ । आधुनिक अर्थशास्त्रमा गणितको प्रयोगमा वृद्धि हुने एक कारण यही हो ।
- 8. बाह्य जटिल जगतका अनेक चलराशिलाई अध्ययन गर्न गाह्रो भएकोले त्यसको काल्पनिक प्रतिरुप बनाएर विश्लेषण गरिन्छ । यसलाई मोडेल निर्माण गर्नु भनिन्छ ।
- 9. वैज्ञानिक शोध विधिको एक महत्त्वपूर्ण विशेषता के भने शोधार्थीको दृष्टिकोण वैज्ञानिक हुनुपर्छ । विस्तृत सोचाईका साथ खोजको भावनालाई हृदयङ्गम गर्नु नै सही दृष्टिकोण हो । पक्षपातरहित भावले निष्कर्ष प्राप्त गर्नु नै वैज्ञानिक दृष्टिकोण हुनु हो।

## 9.3 रूप शब्दको अर्थ र परिभाषा

रूप भनेको आरोप हो । एकले अर्कालाई आरोप लगाउनुलाई रूप भन्न सकिन्छ । तथापि रूप भन्नाले कुनै पनि बाहिर र भित्ररूपमा दिखिने वस्तु आदिको बनावट, सजावट, ढाँचा, प्रणाली आदिलाई बुझिन्छ । यही रूपको परिप्रेक्ष्मा अभेद सम्बन्ध देखाउँदै कुनै पनि काव्य वा साहित्यको आलोचना गरिने समालोचना प्रणालीलाई रूपवादी समालोचना पद्धति भन्न सक्छौं । लोकसाहित्यको सन्दर्भमा रूपतत्ववादी पद्धतिले लोकसाहित्यिक कृतिको रूपलाई अध्ययन गर्ने गर्दछ ।

प्रतीकवादी, अध्यात्मवाद, समाजवाद र भविष्यवादी आन्दोलनको प्रतिक्रियाका रूपमा रुसी रूपवाद जन्मेको थियो । रूपवादी समालोचना पद्धति आउनु भन्दा अगाडि कृतिको भित्री नभएर बाहिरी विश्लेषण (कृतिको सन्देश, कृतिकारको जीवनीसँग कृतिका कुराको साइनो, कृतिकारको मनोविश्लेषण, कृतिको निर्माणमा सामाजिक पृष्ठ भूमि, आदि) मात्र गर्ने अर्थात् कृतिको 'के' पक्षको खोजी गर्ने चलन थियो । रूपवादीहरुले 'बाहिरी समालोचना' - लाई 'भित्री समालोचना' - मा परिवर्तन गर्नु पर्ने अर्थात् 'कसरी' पक्षमा जोड दिनु पर्ने कुरा अघि ल्याए । अर्थात् कुन कुन तत्त्वहरुले एउटा कृतिलाई काव्य वा साहित्य बनाउँछ भन्ने कुरा केलाउने र कुन कुन नियमहरुले कुनै कृतिको संरचना बनेको छ भन्ने कुरो पर्गेल्ने काम रूप वादीहरुले आफ्नो जिम्मा लिए ।

**रूपवाद**लाई अङ्ग्रेज़ी भाषामा **फोरमलिज्म** ( Formalism) भनिन्छ । यो वाद कुनै ग्रन्थका भाषिक संरचनामा केन्द्रित साहित्यिक आलोचना तथा साहित्य सिद्धान्तको एउटा पद्धति हो । रूपबादमा भाषालाई अत्याधिक महत्व दिने गरिन्छ । यसले साहित्यिक पाठको अध्ययनको आधार भाषालाई नै मान्ने गर्दछ । रूपवादले पाठको अध्ययन त्यसको भाषामा पर्ने कुनै बाहिरी प्रभाव प्रति विचार नगरी गनै गर्ने गर्दछ । यस बादले साहित्यिक आलोचनामा प्रायः सांस्कृतिक मूल्य, सामाजिक प्रभाव तथा लेखकका जीवनलाई अनदेखा पनि गर्ने गर्दछ । विषयवस्तुका अतिरिक्त रूपवादले ग्रन्थहरूका भाषा स्वरूप, विधा आदिप्रति पनि ध्यान दिने गर्दछ।

लोकासाहित्य सिद्धान्तमा रूपवाद भन्नाले पाठका भाषामा मौजूद विशेषताहरूलाई विश्लेषण, विवेचन, उद्घाटन र मूल्याङ्कन गर्ने

आलोचनात्मक पद्धतिलाई बुझिन्छ । यस पद्धतिमा लोकसाहित्यका भाषाको व्याकरण तथा उत्पत्ति सम्बन्धी कुराहरूका साथै छन्द र अलंकार जस्ता साहित्यिक प्रयुक्तिहरू प्रति पनि विचार गरिने गरिन्छ । रूपवादी पद्धतिले लोकसाहित्यका आलोचनाका निम्ति त्यसको सांस्कृतिक, ऐतिहासिक साथै लेखकका जीवन सम्बन्धी सन्दर्भहरूलाई महत्व दिने गर्दछ । कुनै पनि कृतिका कथ्यको महत्त्वलाई भने यस सिद्धान्तले अस्वीकार गर्दछ । वास्तवमा रूपवादको उदय बीसौँ शताब्तीका शुरुवाती अवधिमा स्वच्छन्दतावादलको प्रतिक्रियाको रूपमा भएको थियो । स्वच्छन्दतावादी साहित्य सिद्धान्तले साहित्यकार र व्यक्तिगत रचनात्मक प्रतिभाका केन्द्रीय महत्व प्रदान गर्दछ । रूपवादले भने साहित्यकार र व्यक्तिगत प्रतिभालाई हटाएर पाठका महत्व पुनः प्रतिष्ठित गर्दछ । यस वादले पाठका माध्यम कुन रूपले रूप निर्मित भएर यसको कारण रचना महत्वपूर्ण भएको छ भन्ने कुरामा जोड दिदँछ।

## 9.4 लोक साहित्यको तुलनात्मक पद्धति

दुई वा दुईवटा भन्दा बढी भाषाको साहित्य, दुई वा भन्दा बढी कृति, एकै भाषाका दुई जना साहित्यकारबीचको कुनै एउटा पक्ष लिएर तुलना, एकै साहित्यकारको पनि अघिल्लो चरण र पछिल्लो चरणबीच कुनै पनि पक्षमा तुलनामक अध्ययन गरिएको तुलनात्मक पद्धति हो। यस प्रकारको पद्धतिलाई अङ्गाले थोरे विद्वानहरूले लोकसाहित्यको अध्ययन गरेको पाइन्छ ।

तुलनात्मक पद्धतिले नेपाली समाजका लोकजीवनलाई अध्ययन गर्दा आजभन्दा 65 वर्षअघिको ग्रामीण समाज । त्यतिबेलाको सामाजिक र

राजनीतिक परिवेश निश्चय नै आजको जस्तो थिएन । शताव्दीऔं अघिदेखि कतिपय गुरुपुरोहितद्वारा स्वार्थवश प्रवाहित भाग्यवादी चिन्तनधाराका कारण समाज राजनीतिक हिसाबले जुझारु बन्न सकेको थिएन । सर्वसाधारण नागरिकले भाग्यवादलाई जीवनको मार्गदर्शक सिद्धान्त ठानिरहेका थिए । उनीहरू भाग्यवाद र अशिक्षाले निम्त्याएको वैचारिक अन्धकारमा रुमल्लिरहेका थिए र शासकका प्रत्येक राम्रा–नराम्रा कामहरूलाई चुपचाप शिरोपर बाध्य थिए । अज्ञानताबाट मलजल मिलेको भाग्यवादमा आधारित त्यसबेलाको समाज राणा शासकका लागि एकप्रकारले उर्वरभूमि थियो । समाजमा समसामयिक सामाजिक तथा राजनीतिक परिवेशलाई रौंचिरा गर्नसक्ने पढेलेखेका नागरिकको संख्या तुलनात्मक रूपमा न्यून थियो ।

पढालेखा नागरिक राणा शासकको अत्याचारपूर्ण शासनपद्धति विरुद्ध भित्रभित्रै क्रुद्ध थिए तर तत्कालीन तानाशाही शासनसत्ताको हाकाहाकी विरोध गर्ने तागत कमैमा थियो । त्यसबेलाको राजनीतिक परिवेशबारे 'हलो क्रान्ति' का अभियन्तामध्येका श्रीकान्त अधिकारीले शब्दचित्र तयार पार्नुभएको छ । उहाँले हंसपुरे सुवेदीले लेख्नुभएको पुस्तक 'सांस्कृतिक परिवेशमा नेपालको हलोक्रान्ति' को पृष्ठभूमिमा लेख्नुभएको छ, 'माथि हुकुमी राणाशाहीको क्रूरसत्ता थियो भने तलतिरजिम्मावाल..., तालुकदारर ... तथाकथित पुरोहित पण्डितको छिचोलिनसक्नुको हैकम थियो । बीचमा स्थानीय हाकिम र बडाहाकिमहरूको यस्तै प्रशासन थियो, जसले गर्दा ... नयाँ चेतनको हिसाबमा कसैले चूँसम्म गर्ने सामर्थ्य हुँदैनथ्यो' ।

यद्यपि समय प्रवाहमय छ । तत्कालीन विश्व परिदृश्य बदलिँदै थियो । विश्व जनमानसलाई राजनीतिक आँधीहुण्डरीले ब्युँझाइसकेको थियो । दोस्रो विश्वयुद्धले विचारहरूको विरोधाभासपूर्ण अवस्थालाई सतहमा

ल्यादिएको थियो । छिमेकी मुलुक भारतमा राजनीतिक चेतनाको ज्वारभाटा चर्कै रूपमा चलिसकेको थियो । भारतीय नागरिकले अङ्ग्रेजविरुद्ध 'भारत छोडो' आन्दोलन छेडिसकेका थिए । उनीहरूले अङ्ग्रेजविरुद्ध 'इन्क्लाब' गरेर भारतलाई स्वाधीन बनाइसकेका थिए । नेपालीहरूको शिक्षा आर्जन गर्ने र राजनीतिक आश्रय लिने थलो छँदै थियो, भारत । यसको प्रभाव नेपालमा नपर्ने कुरै भएन । यही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पृष्ठभूमिमा 'हलो क्रान्ति' भएको थियो । यसको स्थानीय पृष्ठभूमि केही हदसम्म आध्यात्यिक पाटोसँग पनि गाँसिएको देखिन्छ । वि. सं. 2003 सालमा डोटेली व्रह्मचारी चन्द्रप्रसाद र स्वामी कर्पुरानन्दको सत्सङ्गमा दुराडाँडामा महाभारत पुराण लगाइएको, त्यहाँ समाज सुधारका पक्षमा ठोस काम गर्ने सरसल्लाह भएको र त्यही आध्यात्मिक अनुष्ठानको गर्भमा 'हलो क्रान्ति' - को बीजारोपण भएको प्रसंग श्रीकान्त अधिकारीले कोट्याउनु भएको छ ।

यिनै उत्प्रेरक तत्वबाट मिलेको मनोबलले दुराडाँडामा व्राह्मणले हलो जोत्ने काम शुरु भयो । व्राह्मणले जोतेको कुरा डढेलोको आगोजस्तै जताततै फैलियो । यो कुरा झुपडीदेखि महलसम्म पुग्यो । यसबारे झुपडी र महल दुवैमा बस्नेले आ–आफ्नै तरिकाले प्रतिक्रिया जनाए । झुपडीमा बस्ने सर्वसाधारण नागरिकले परम्परागत मान्यताको विरुद्धमा गएको बात लगाए भने महलमा बस्ने शासकहरूले पनि उही बात लगाए तर भिन्दै अभीष्ट पूरा गर्ने उद्देश्यका साथ । राणाहरूले व्राह्मणले हलो जोतेको घटनालाई आफ्नो शासन–सत्ताको प्रतीकात्मक विरोधको रूपमा बुझे । लेप्टेन शेषकान्त अधिकारी, तोयनाथ अधिकारी र श्रीकान्त अधिकारीलाई पक्रेर पोखरास्थित कारागारमा राखियो । उहाँहरू आफूले गरेका कामप्रति अटल रहनुभयो । लोकहितका पक्षमा

गरिएका काम भएकोले उहाँहरूमा कुनै हीनताबोध भएन । उहाँहरू आफ्नो उद्देश्यप्रति टसको मस हुनुभएन, बाहुनले हलो जोत्न हुन्न भन्ने कतै नलेखिएको तर्क निडर भई अघि साररहनुभयो । आफूहरूलाई बिना पक्राउपुर्जी कारागारमा राखिएकोमा अन्नपानी नखाने घोषणा गर्नुभयो । उहाँहरू 48 घण्टासम्म अनसन बस्नुभयो । 'हलो क्रान्ति' - को प्रभाव जनस्तरमा पनि चर्कै किसिम पर्न थाल्यो । हलो जोतेर परम्परागत मान्यतालाई तोडेको आरोपमा दुराडाँडामा व्राह्मणहरू सामाजिक बहिष्करणमा पर्ने अवस्था आयो । छिमेकी गाउँबस्तीका मानिसहरूले हलो जोत्ने व्राह्मणहरूसँग सोलीडोली नचलाउने घोषण गर्न थाले । विवाह, ब्रतबन्ध, भोजभतेरजस्ता सामाजिक जमघटहरूमा श्लोकमार्फत व्यङ्ग्य वाण प्रहार हुन थाल्यो । 'शेषकान्त लेप्टेन, हरिभक्त तिघ्रे, तोयानाथ पण्डित हलो जोती बिग्रे' जस्ता श्लोकहरू यत्रतत्र सुनिन थाल्यो । सत्ता र जनस्तरबाट 'हलो क्रान्ति' विरुद्ध वैरभावपूर्ण प्रतिक्रिया आए पनि यसको गति रोकिएन । दुराडाँडामा भएको 'हलो क्रान्ति' को पदचाप पछ्याउँदै लमजुङ का श्रीप्रसाद घिमिरे (चिसङ्कु), बलभद्र घिमिरे, चन्द्रशेखर घिमिरे र चन्द्रकान्त घिमिरेले हलो जोत्न थाल्नुभयो । यसैगरी तनहूँ, गोरखा, धादिङ, कास्की, स्याङ्जा, अर्घाखाँची, आदि जिल्लाका व्राह्मणहरूले पनि हलो जोत्ने काम गरे । श्रीकान्त अधिकारीका अनुसार धादिङका देवीप्रसाद पौडेल 'केबलपुरे किसान'; गोरखाका पूर्णप्रसाद व्राह्मण; तनहूँका रामप्रसाद खनाल, उमाभद्र खनाल, भुवनेश्वर ढकाल र विष्णुहरि खनाल; कास्कीका पण्डित मुक्तिनाथ शर्मा, पण्डित ऋषिकेशव पराजुली र दिलबहादुर भारी तथा अर्घाखाँचीका काशीनाथ गौतमले हलोको अनौ समात्नुभयो ।

व्राह्मणले हलो जोत्ने कामले सामाजिक समयक्रमसँगै वैधता प्राप्त गर्न थाल्यो । शुरुमा सामाजिक बहिष्करण निम्त्याएको त्यो घटना विस्तारै वन्दनीय सामाजिक कार्य बन्न थाल्यो । समयले काँचुली फेर्दै जाँदा हिजो आलोचनाका पात्र बनेकाहरूले प्रशंसक पाउन थाले । समाजको एउटा वर्गले हलो पनि जोत्न नहुने तर सर्वसाधारण जनताले भने ढाड भाँचिने गरी श्रममूलक काम गर्नुपर्छ भन्ने अव्यक्त सामाजिक मान्यतालाई सच्याउने काम 'हलो क्रान्ति' ले गयो ।- सहअस्तित्वपूर्ण समाज निर्माणको दिशामा 'हलो क्रान्ति' का अभियन्ताहरूले देखाउनुभएको साहस कदरयोग्य छ । 'हलो क्रान्ति' को लगत्तै पछि अर्थात् 2007 सालमा राणाविरोधी क्रान्तिपछि देशमा युगान्तकारी राजनीतिक तथा सामाजिक परिवर्तन भए । त्यसबाट नागरिक तथा राजनीतिक अधिकारका क्षेत्रमा नेपाली समाजले थुप्रै उपलब्धिहरू हाँसिल गरिसकको छ । यस हिसाबले वर्तमान घडीमा 'हलो क्रान्ति' सन्दर्भहीन देखिन सक्छ । तर समाज विकासको क्रममा 'हलो क्रान्ति' एउटा महत्वपूर्ण खुड्किलो थियो भन्न सकिन्छ । स्थानीयस्तरमा भएका रैथाने प्रकृतिका यस्ता असल कार्यका इतिहास अभेलखीकरण हुन आवश्यक छ, जुन नयाँ पुस्तका लागि प्रेरणास्रोत बन्नसक्छ ।

समयले यथास्थितिवादलाई सकार्दैन । समय सधैँ परिवर्तनको पक्षमा रहन्छ । समाजको वृहत्तर हितका लागि असल आशयले शुरु गरिएका कतिपय परिवर्तनकामी राम्रा काम वर्तमानमा कताकता असहज देखिन सक्छ । 'हलो क्रान्ति' यसको राम्रो दृष्टान्त हो । वर्तमान असहज देखिएका कतिपय कार्यले भविष्यमा सुखी समाजको सुन्दर तस्बिर तयार गर्नसक्छ । आफूले थुप्रै गाह्रोसाह्रो सहेर भए पनि लोकहितैषी काममा लाग्नु हाम्रो लोकधर्म हो । यही नै 'हलो क्रान्ति' को केन्द्रीय सन्देश हो ।

तुलनात्मक पद्धतिको तीनवटा मुख्य उद्देश्य रहेको पाइन्छ । ती हुन् -

1. कुनै घटना किन घटित भयो र यसको पत्ता लगाउनु ।
2. घटनाको पूर्वानुमान गर्न सक्नु अनि
3. घटनाहरूकमा नियन्त्रण गर्नु ।

घटनाको अर्थ त्यो प्राकृतिक सत्यता हो जसको बारेमा मानिसलाई रुचि छ । कुनै वस्तुको रंग, गन्ध, मानव व्यवहार, यी सबैमा आउने परिवर्तनलाई नै घटना भनिएको हो । कुनै घटना बुझ्नु भनेको त्यस घटनाको पूर्वानुमान गर्ने क्षमता प्राप्त गर्नु हो । मैले फलानोलाई चिनेको छु भन्नुको अर्थ हो– निश्चित परिस्थितिमा उसले के गर्न सक्छ भन्ने कुरा मैले अनुमान गर्न  सक्छु । रुघा रोग बारे मैले जान्दछु भनेको रोगको लक्षण र त्यसलाई कसरी नियन्त्रित गर्न सकिन्छ भन्ने कुरा मलाई जानकारी छ । प्राकृतिक घटना सरल हुन्छ । त्यसैले त्यसको पूर्वानुमान सरल छ । तर अर्थशास्त्र जस्ता सामाजिक र व्यावहारिक विज्ञानहरुको पूर्वानुमान केही जटिल हुन्छ । कुनै मानिसको आय स्तरको अनुमान गर्नु एक जटिल कुरा हो । किनभने यो उसको सामाजिक, वंश परम्परागत, अर्जित आय, शैक्षिक स्तर, विशिष्ट सीप, मानसिक स्तर, आयु संरचना लगायत अनेक कुराहरुमा भर पर्छ । घटनाहरुमा नियन्त्रण वैज्ञानिक विधिको सबभन्दा महŒवपूर्ण उद्देश्य हो । जे जति घटनाहरुमा फंक्शनल सम्बन्ध स्थापित गर्न सकिन्छ ती सबैमा नियन्त्रित अध्ययनका सम्भावनाहरु हुन्छन् । यसको प्रचलित उदाहरण अर्थशास्त्रको माग फंक्शन हो ।

मूलत: दुइ वा दुइभन्दा बढी चलराशिहरु बीचको सम्बन्धलाई सामाजिक र प्राकृतिक कार्यहरुमा सहसम्बन्धको रुपमा व्याख्या गरिन्छ । केवल दुई

चलराशिको सम्बन्धलाई सहसम्बन्ध र दुई भन्दा बढी चलराशिहरुको सम्बन्धलाई आंशिक सहसम्बन्धको रुपमा व्याख्या गर्न सकिन्छ । अन्य चलराशिहरुलाई स्थिर मानेर केवल एउटा चलराशिको सहसम्बन्ध पत्ता लगाउन सकिन्छ । उदाहरणका लागि मागलाई प्रभावपार्ने तत्त्वहरुमा वस्तुको मूल्य, उपभोक्ताको आय, रुचि आदि तत्त्व हुन्छन् । तर अन्य कुराहरुलाई स्थिर मानेर मागलाई मूल्यसंग सम्बन्ध अध्ययन गरिन्छ भने त्यो दुइ चलराशि सहसम्बन्ध हुन्छ । सहसम्बन्धलाई तथ्याङ्कीय वा फंक्शनल सहसम्बन्धको रुपमा व्याख्या गर्न सकिन्छ । सहसम्बन्ध धनात्मक वा ऋणात्मक हुन सक्छ ।

शून्य सहसम्बन्ध छ भने दुइ चलराशिबीच सम्बन्ध छैन भन्ने बुझिन्छ । दुइ चलराशिमा सहसम्बन्ध भएमा दुवैमा कार्यकारण सम्बन्ध पनि स्थापित गर्न सकिन्छ । अर्थात् एउटा चलाराशिलाई स्वतन्त्र र अर्कोलाई आश्रित मान्ने हो भने दुवैमा कार्य कारण सहसम्बन्ध स्थापित हुन्छ । दुईका बीचको सम्बन्ध प्रक्रियालाई नै फंक्शन भनिन्छ । यसैलाई कार्यकारण तुलना पनि भनिन्छ । कुनै समस्याको उत्तर उसको कार्यकारण सम्बन्धको आधारमा प्राप्त गरिन्छ । कुनै विशेष व्यवहार, परिस्थिति वा घटना घटित गराउने तत्व के के हुन सक्छन् भन्ने कुराको विश्लेषण नै कार्यकारण तुलना हो । कार्यकारण सम्बन्धको व्याख्या गर्ने सरलतम विधि सहसम्बन्ध व्याख्या हो । यसप्रकारको तुलनामा निम्न घटकहरू पाइन्छन् -

१. कार्यकारण अध्ययन र अन्य अध्ययनबीच तुलना ।
२. ऐतिहासिक विषयबस्तुलाई आधार गरेर कुनै दुई लोकसाहित्यगत कृतिको अध्ययन ।

३. समाजमा घटित घटनाहरूलाई कुनै दुईवटा कालखण्डको आधारमा अध्ययन ।

४. कुनै समुदायको अध्ययन, दुर्घटना र यसका विभिन्न परिस्थितिको अध्ययन अनियन्त्रित रुपमा मात्र गर्न सकिन्छ । कार बनाउने कारखानाले सांच्चैको मान्छे राखेर दुर्घटना गराउन मिल्दैन ।

५. साम्प्रदायिक संघर्षको अध्ययन गर्न ती सबै परिस्थिति उत्पन्न गर्न मिल्दैन । जे अवस्था छ त्यसैलाई तुलनात्मक अध्ययन गर्ने हो ।

६. वर्तमान अवस्थाबाट विगतको विश्लेषण गरिने भएकोले यसलाई पश्चोन्मुखी विधि ex-post facto पनि भनिन्छ ।

विशेषगरेर लोकसाहित्यको तुलनात्मक पद्धतिमा निम्न कुराहरूलाई ध्यानमा राखेर अध्ययन गरिने गरिन्छ । ती हुन् -

- माग र मूल्यको अध्ययन
- समय र घटनाको अध्ययन
- समाज र जातिको अध्ययन
- संस्कृति र शैक्षिक स्तरको सम्बन्ध
- लोकविस्वासको मात्रा र क्रयशक्तिको सम्बन्ध

तुलनात्मक पद्धतिले लोक परिस्थितिको अध्ययन गर्दा जहाँ त्यो घटना घटित भयो, त्यसै प्रकारको अर्को एक यस्तो विगतमा घटना भएको थियो कि थिएन भन्ने पनि खोजी गर्दछ । दुई विशेष लोकजीवनको तुलना गर्नुको सट्टा ती दुई लोकजीवनमा के कस्तै भिन्नता र समानता पाउन सकिन्छ भन्ने कुराको पनि पत्तो यस पद्धति लगाउने गर्दछ । यसै पद्धतिबाट लोकसाहित्यले भन्न र खोज्न खोजेको निष्कर्षमा पनि पुग्न सकिन्छ ।

## 9.5 लोक साहित्यको रूपतत्त्ववादी पद्धति

लोकसाहित्यका अन्य पक्षबाट नभएर रूपपक्षबाट गरिने अध्ययन नै रूपतत्ववादी पद्धति हो । यसलाई लोकसाहित्यको क्षेत्रमा आधुनिक पद्धति मानिने गरिन्छ । यस पद्धतिले कुनै कृतिमा विषय के कसरी संरचित छ अर्थात् त्यसले रूप कसरी प्राप्त गरेको छ भन्ने विवेचना गर्छ । यसले विषयवस्तुको विश्लेषण नगरी रूपको विश्लेषण एवं मूल्याङ्कन यस पद्धतिले गर्ने गर्दछ । रूपपक्ष बहिरङ्ग, मूर्त हुन्छ र यसभित्र लय, छन्द, अलङ्कार, बिम्ब, प्रतीक, कथानक, व्याकरण, भाषा, आर्थी सम्बन्ध आदि रहन्छन् । रूप साहित्यको केन्द्रीय तत्त्व भएकाले यसलाई साहित्यको अनुहार वा आकृतिका रूपमा लिइन्छ ।

साहित्य तथा समालोचनामा रूपवादको थालनी रसियाली रूपवादका रूपमा सन् 1915 मा भएको पाइन्छ । रुसमा यसको विकास मास्को भाषिक समूह र काव्यभाषा अध्ययन समाज (ओपोयाज) - बाट भएको हो । यी दुबैको सामुहिक नाम रसियाली रूपवाद हो । रसियाली रूपवादपछि यस समालोचनाको विकास बेलायत र अमेरिकामा नवसमालोचनाका रूपमा भएको देखिन्छ ।

लोकसाहित्यका रूपतत्ववादी पद्धितका निम्नलिखित मान्यताहरू रहेका छन् । ती हुन् -

- यस पद्धतिले लोकसाहित्यको आफ्नै प्रयोजन, माध्यम र रूप हुन्छ भन्ने मान्यता राख्छ,
- यस पद्धति कलावादी रूपमा लोकसाहित्यिक रूप र शैलीलाई महत्त्वपूर्ण मान्छ,
- यसले रूपलाई कृतिको सूक्ष्म र सौन्दर्यपरक समालोचना गर्ने महत्त्वपूर्ण प्रविधि मान्छ,

- यसले लोकसाहित्यलाई भाषा वा वाणीको कला मान्छ,
- यसले वस्तुको स्थगन गरी रूपको पूर्णसत्ता स्वीकार गर्छ ।

नेपाली लोकसाहित्यमा रूपतत्त्ववादी पद्धति सार र सिर्जन विधिको प्रयोग निकै पछिदेखि भएको पाइन्छ । यस प्रकारको चिन्तन सिर्जनको प्रयोग तथा यसको विकास क्रममा देखिएका मोडहरूको बारेमा कतिपय विवादित विषय प्रसङ्गहरू पनि हुनाले आवश्यक छलफल र बहस चलाइनु सान्दर्भिक नै देखिन्छ । नेपाली लोकसाहित्यमा यस पद्धतिको प्रभाव पर्नुका पछाडि पनि केही वस्तुगत कारणहरू रहेका छन् । आरम्भदेखि आजसम्म आइपुग्दा लोकसाहित्यमा यस रूपतत्त्ववादी पद्धति निकै समृद्ध बनेको छ र उत्तरोत्तर यो गतिशील एवं ऊर्जाशील रहेको छ । मूलरूपमा लोकसाहित्यमा यस प्रकारको रूपतत्त्ववादी पद्धतिलाई साहित्यिक आन्दोलनको नवीनतम एवं उच्चतम प्राप्ति पनि मानिन्छ । अझ स्पष्ट रूपमा भन्दा रूपतत्त्ववादी पद्धति भाषाविज्ञान र साहित्यका रूपगतमा आधारित साहित्यिक सिद्धान्त हो जसले कला साहित्यको समीक्षण र मूल्याङ्कन सम्बन्धी वस्तुतथ्यात्मक विधि अवलम्बन गर्छ । यो कता - कता समाजवादी यथार्थवादी लेखनसित पनि साम्य राख्ने प्रवृत्तिको हुन्छ ।

यथार्थवादी लेखन परम्परामा समाजवादी यथार्थवादभन्दा पहिले प्रभावशाली रहेको आलोचनात्मक यथार्थवाद आफ्नो समयको उन्नत साहित्यिक संस्करण थियो तापनि उत्तरोत्तर यसका सीमालाई औंल्याउँदै समाजवादी यथार्थवादको उदय भएको हो । खास गरी आलोचनात्मक यथार्थवादले माक्र्सवादी दर्शनलाई आत्मसात् गर्न नसकिरहेको अवस्थामा माक्र्सवादी दर्शन चिन्तनलाई आत्मसात् गर्दै समाजवादी यथार्थवादको उदय भएको हो । समाजवादी यथार्थवादको नामकरण, यसमा विद्यमान

सौन्दर्यपरक मूल्यको व्याख्या र प्रतिस्थापन, यसको उत्थान र विकासमा म्याक्सिम गोर्की लगायतका रुसी लेखकहरूको महŒवपूर्ण योगदान रहेको छ । तत्कालीन सन्दर्भमा आलोचनात्मक यथार्थवादका सीमालाई आँैल्याउँदै अनि माक्र्सवादका मूलभूत प्रस्थापनालाई समेट्दै सर्वप्रथम समाजवादी यथार्थवाद नामकरण र प्रवर्तन गर्ने चिन्तक म्याक्सिम गोर्की नै हुन् (मिश्र, सन् 1992 : 257) । उनले सन् 1934 मा सम्पन्न रुसी लेखकहरूको प्रथम अधिवेशनमा समाजवादी यथार्थवादको औचित्यपरक अवधारणा प्रस्तुत गरेका हुन् । वस्तुतः समाजवादी यथार्थवाद भन्नु नै माक्र्सवादी यथार्थवाद हो, अर्को अर्थमा माक्र्सवादको साहित्यिक संस्करण हो ।

समाजवादी यथार्थवादले समाज र जीवन जगत्को वस्तुनिष्ठ एवं कलात्मक प्रतिबिम्बनमा जोड दिनुका साथै समाज विकासका हरेक मोडमा देखिने व्यवधान अनि अन्तर्विरोध र त्यसबाट उत्पन्न परिस्थितिको ठोस व्याख्या एवं विश्लेषण गर्दछ । यसका साथै समाजवादी यथार्थवादले समाजको ऐतिहासिक विकासका विभिन्न चरणको ठोस व्याख्या गर्दै भविष्यप्रति आशावादी दृष्टिकोण प्रस्तुत मात्र गर्दैन अपितु भविष्य प्राप्तिका लागि उत्प्रेरित समेत गर्दछ । समाजवादी यथार्थवादले कला साहित्य सम्बन्धी सौन्दर्यात्मक, ज्ञानात्मक तथा विचारधारात्मक पक्षको सम्यक् विवेचन गर्दै यी तिन वटा पक्ष भन्नु नै कलाका कार्य हुन् भन्ने वस्तुनिष्ठ धारणा समेत प्रस्तुत गरेको छ । समाजवादी यथार्थवाद मूलतः पुरातन, यथास्थितिवादी, आदर्शवादी एवं पुँजीवादी साहित्यिक मान्यताका प्रतिधु्रवमा स्थापित वैज्ञानिक विधिमा आधारित उन्नत साहित्यिक मान्यता हो जसले समाज विकासको आधारभूत प्रक्रियाका रूपमा वर्ग सङ्घर्षमा जोड दिन्छ । वर्गीय

संरचनायुक्त समाजमा वर्ग सङ्घर्ष अपरिहार्य हुने हुँदा कला साहित्यमा पनि वर्ग सङ्घर्षको कलात्मक प्रतिबिम्बन सम्बन्धी व्याख्या समाजवादी यथार्थवादले गर्दछ । समाजवादी यथार्थवादले कलाकृतिमा जीवन सत्यको अन्वेषण गर्छ, त्यो सत्य भनेको यथास्थितिवादी एवं स्थिर सत्य नभई गतिशील सत्य हो र सुन्दर भविष्य पछ्याउने क्रान्तिकारी आशावादमा आधारित सत्य हो । समाजवादी यथार्थवादले परिवर्तन सम्बन्धी यान्त्रिक एवं सङ्कुचित धारणालाई आत्मसात् गर्दैन बरु समाज विकासको द्वन्द्ववादी मान्यतालाई आत्मसात् गर्दै सर्वहारा वर्गीय यथार्थको प्रतिबिम्बनमा विशेष चासो देखाउँछ । यसले मूलतः पुरानोको अन्त्य र नयाँको आमन्त्रण गर्दै त्यस निम्ति कला साहित्यमा उदात्त विचारको सम्प्रेषण हुनु पर्ने मान्यता राख्दछ ।

समाजवादी यथार्थवादले पुरातन सामन्ती एवं पुँजीवादी विचारको कठोर आलोचना गर्दै कम्युनिस्ट विचार र राजनीतिको पक्षपोषण गर्नुका साथै सर्वहारा वर्गीय पक्षधरता तथा आम श्रमजीवी वर्गको उत्थानमा स्रष्टाहरूलाई उत्प्रेरित गर्दछ । त्यसका साथै यसले वर्ग सङ्घर्षका माध्यमबाट उत्पीडित जनताको उन्मुक्तिको सन्देश सम्प्रेषण गर्दछ । यसले रूपवादका माध्यमबाट साहित्यको भ्रष्टीकरण गर्ने रूपवादी लेखनको कठोर आलोचनाका साथ कलाकृतिमा उन्नत सौन्दर्य मूल्यको खोजी र सुस्पष्ट व्याख्या समेत गरेको पाइन्छ । खासगरी ऐतिहासिक एवं द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोणको अवलम्बन; वस्तुगत यथार्थप्रतिको निष्ठा एवं क्रान्तिकारी भविष्य दृष्टिको अभिव्यञ्जना; कला कृतिमा सर्वहारा वर्गीय दृष्टिकोणको अपरिहार्यता; विगत, वर्तमान र भविष्यलाई निरन्तरता र कार्यकारण सम्बन्धका आधारमा व्याख्या गर्नु; यान्त्रिकता, कोरा काल्पनिकता र रूपवादी लेखनको विरोध र सौन्दर्य

मूल्यको सम्प्रेषण; अन्तर्वस्तु र रूपका बिचमा द्वन्द्वात्मक सम्बन्ध देखाउनु; इतिहासका निर्माता जनता हुन् भन्ने मान्यतालाई सर्वोपरि ठान्दै कला साहित्य सिर्जनाका क्रममा आम उत्पीडित जनको उपस्थितिमा जोड दिनु; आम जनतामा आशा एवं भरोसाको सम्प्रेषण गर्नु तथा सौन्दर्यात्मक, ज्ञानात्मक एवं विचारधारात्मक पक्षलाई कलाका मुख्य कार्य ठान्नु समाजवादी यथार्थवादका मुख्य वैशिष्ट्य हुन् ।

रूपतत्ववादी पद्धतिको **पृष्ठभूमिबारे अध्ययन गर्दै जाँदा** यसको माक्र्सवादले कला साहित्यलाई आर्थिक आधारमाथि खडा भएको बाह्य संरचना मान्ने गरेको परिप्रेक्ष्यमा उत्पादन इतिहाससित साहित्यको गहिरो सम्बन्ध देखिन्छ । विश्व साहित्यकै परिप्रेक्ष्यमा र विशेषतः समाजवादी यथार्थवादी साहित्यको अध्ययनका परिप्रेक्ष्यमा पृष्ठभूमि स्वरूप राजनीतिक, आर्थिक तथा सामाजिक सांस्कृतिक क्रियाकलापको अध्ययन हुने गरेको छ । वस्तुतः प्रस्तुत आलेखका सन्दर्भमा पनि नेपाली कथामा समाजवादी यथार्थवादको प्रभाव र विकास क्रमको अध्ययन गर्दा राजनीतिक, आर्थिक, सामाजिक तथा साहित्यिक सांस्कृतिक वस्तुस्थितिको सङ्क्षिप्त चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

विश्व यतिबेर सर्वहारा वर्गका महान् नेता कमरेड माओत्सेतुङको सम्झना गरिरहेको छ । मार्क्सवाद माओवादका पक्षधर-लेनिनवाद-क्रान्तिकारीहरू आफ्नो पार्टीको स्थिति र मुलुकको विशिष्टतामा माओलाई सम्झिदै क्रान्ति सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गरिरहेका छन् । साम्राज्यवाद र तिनका मतियारहरूले विश्वबाट कम्युनिस्ट आन्दोलन समाप्त भयो भनेर अझै पनि होहल्ला मच्चाइरहेका छन । परन्तु सत्य के हो भने आज साम्राज्यवाद हिजोभन्दा झनझन सङ्कटको अवस्थामा छ र यो अन्तरसाम्राज्यवादी अन्तर्विरोधबाट ग्रस्त छ । माओको मृत्युपछि आरम्भ

भएको चिनियाँ पुँजीपन्थीहरूको अभियान सामाजिक साम्राज्यवादमा परिणत हुनुको तहसम्म पुगेको छ, र त्यहाँका नयाँ बादसाहहरूले माओलाई निषेध गर्दै, माओ र माओवाद इतिहासको विषय भन्दै आफूलाई "नयाँ युगको नयाँ नायक" का रूपमा स्थापित गर्न खोजेका छन् । परन्तु, यथार्थको अर्को पाटो पनि छ । माओले क्रुस्चेवका सन्दर्भमा भन्नुभएझै आजका चिनियाँ सत्ताधारी वर्गले माओरूपी तरवार फ्याले पनि विश्वका सर्वहाराहरू, उत्पीडित जनताका प्रतिनिधि र क्रान्तिकारी पार्टीहरूले त्यो तरवार फ्यालेका छैनन् र फ्याल्ने पनि छैनन् । आज विश्वका थुप्रै मुलुकहरूमा माओवादी आन्दोलन नयाँ किसिमले सङ्गठित भइरहेको छ र माओले स्थापित गरेका वैचारिक तथा राजनीतिक मूल्यमान्यताको महत्त्व र सान्दर्भिकता झनझन बढ्दैगएको छ । नेपाली समाज र पछिल्ला घटनाक्रमहरूको अध्ययन गर्दा नेपालमा माओले स्थापित गरेका वैचारिक तथा राजनीतिक मूल्य र निर्देशित गरेको बाटोको अर्थ र सन्दर्भ झन बढेर गएको प्रस्ट हुन्छ । प्रश्न त्यसलाई शब्दमा मात्र लिने कि कर्ममा भन्ने मात्र हो ।

विश्वकम्युनिस्ट आन्दोलनको आरम्भ, विकास र विस्तारको कुरा गर्दा हामी मार्क्स, एंगेल्स , लेनिन, स्टालिन र माओको योगदानलाई सबैभन्दा उच्च र अग्र पङ्क्तिमा राख्छौँ । राजनीतिक क्षेत्रमा मात्र नभएर सांस्कृतिक तथा सौन्दर्यशास्त्रीय क्षेत्रमा पनि उहाँहरूको योगदान त्यत्तिकै उच्च र स्मरणीय छ । आज हामी जसलाई मार्क्सवादी सौन्दर्यशास्त्र भन्छौँ, यो मार्क्सदेखि माओसम्मका दार्शनिक तथा वैचारिक चिन्तकहरूले विकास गरेको सौन्दर्यसम्बन्धी धारणाको मोठ रूप हो ।

मार्क्सवादी सौन्दर्यशास्त्रलाई समृद्ध पार्ने कार्यमा माओको विशिष्ट योगदान छ र यसमा पनि माओको "एनान प्रवचनको विशिष्ट महत्त्व "

रहेको छ । वर्गयुद्ध लडिरहेको समाजका लागि माओले विकसित गरेका सौन्दर्यशास्त्रीय मूल्यहरू सार्वभौम र चीरकालिक महत्त्वका छन् । सौन्दर्य चिन्तनको क्षेत्रमा माओले स्थापित गरेका सौन्दर्य मूल्यहरूलाई अवमूल्यन गर्नु भनेको सारतः मार्क्सवादी सौन्दर्य चिन्तनको क्षेत्रमा भएको विकास र समृद्धिकै अवमूल्यन हो । विविध लेख, टिप्पणी तथा सिर्जनकार्यद्वारा माओले आफ्ना सौन्दर्यसम्बन्धी धारणा व्यक्त गर्नुभएको छ तापनि सौन्दर्यशास्त्रीय मूल्यका दृष्टिले एनानमा माओले दिएको साहित्य-प्रवचन कलासम्बन्धी"एनान प्रवचनको सर्वोपरि महत्त्व रहेको छ । " कालक्रमिक रूपमा देखापरेका वर्गसङ्घर्षका नवनव रूप र आन्दोलनको विशिष्ट चरित्रसित जोडेर सौन्दर्यसम्बन्धी व्याख्या, विश्लेषणा र संश्लेषण गर्ने क्रममा माओले मार्क्सवादी सौन्दर्यचिन्तनमा गुणात्मकता थपेर मार्क्सवादी सौन्दर्यशास्त्रलाई नयाँ दिशा प्रदान गर्नुभएको छ । आजभन्दा करिब 77 वर्षअघिको सो प्रवचनको महत्त्व हिजोभन्दा झन् बढेर गएको छ र सो प्रवचन सधैँ ताजा र सान्दर्भिक भएको तथ्य यसले गरेको दिशाबोधबाट प्रस्ट हुन्छ ।

मार्क्सवादी सौन्दर्यशास्त्रलाई विभ्रमीकरण गर्ने, साहित्य तथा कलाको समाजरूपान्तरणकारी भूमिकालाई न्यूनीकरण गर्नेहरू तथा वामपन्थका नाममा यथास्थितिवादको अभ्यास गरिरहेकाहरूले 'एनान प्रवचन' को महत्त्व तथा माओका योगदानहरूलाई निषेध र अवमूल्यन गर्नु नयाँ र अनौठो विषय होइन, परन्तु आफूलाई मालेमाका पक्षधर, नयाँ जनवादी क्रान्ति र सांस्कृतिक आन्दोलन र अभियानप्रति समर्पित भन्नेहरूले समेत "एनान प्रवचनको सार्वकालिक र सार्वभौम महत्त्वप्रति प्रश्न उठाउनुचाहिँ " साँच्चिकै विडम्बनाको विषय हो । यथार्थतः "एनान प्रवचनलाई हेर्ने " दृष्टिकोणले वामपन्थी भन्नेहरूको मात्र होइन, आफूलाई क्रान्तिकारी र

माओवादी भन्नेहरूको समेत पोल खोलिदिएको छ । यसले को सही अर्थको क्रान्तिकारी र को अवसरवादी र छद्म संशोधनवादी हो भन्ने कुरासमेत प्रस्ट पारेको छ । पार्टीमा प्रवेश गर्न सफल भएका पुँजीवादी तथा संशोधनवादी प्रवृत्ति बोकेकाहरू विरुद्ध चलाइएको चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिका सन्दर्भमा समेत "एनान प्रवचन" लाई केन्द्रीय महत्त्व दिनुले पनि यसको वैचारिक तथा सौन्दर्यशास्त्रीय महत्त्वको आयामलाई मापन गर्न सकिन्छ । राजनीतिक दृष्टिले तीव्र अन्तर्विरोधको स्थितिमा रहेको नेपाली समाजको वर्तमान स्थिति र आफूलाई माओवादी भन्नेहरूमा समेत वैचारिक, राजनीतिक तथा सांस्कृतिक विचलन तीव्र रूपमा देखापरेको अवस्थामा "एनान प्रवचनको महत्त्व झन् बढेरगएको " छ । नेपाली क्रान्तिको स्वरूप नयाँ जनवादी र नेपाली विशिष्टताको जनयुद्ध नै नेपाली क्‌्रान्तिको कार्यदिशा भएझैँ नयाँ जनवादी सांस्कृतिक आन्दोलन नै नेपाली नयाँ जनवादी सांस्कृतिक आन्दोलनको दिशा हो भन्ने कुरामा हामी प्रस्ट हुनु आवश्यक छ ।

प्रमुख र सदैव ध्यान दिनुपर्ने कुरा के हो भने "नयाँ जनवादको संस्कृति", "एनान प्रवचन र पछि ""सयौँ फूल फुल्न देउ..." र चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिका सम्बन्धमा माओले जेजस्तो धारणा अघि सार्नुभएको छ , यो सांस्कृतिक तथा साहित्यिक सन्दर्भमा मात्र सीमित छैन, यसको अहम् राजनीतिक महत्त्व छ । यसमा विश्व सर्वहारावादी क्रान्तिकारी आन्दोलनलाई कसरी अघि बढाउने भन्ने गम्भीर चिन्ता र चिन्तन निहित छ । अझ माओवादको नाममा संसद्वाद र सुधारवादको अभ्यास गर्दै क्रान्तिलाई बदनाम गर्नगराउन एकथरीहरू लागेको / अवस्थामा यसको सार्वभौम महत्त्व अझ बढेको छ ।"एनान प्रवचनले " थुप्रै पक्षमा प्रकाश पारेको छ, खासगरेर प्रतिबद्धता, सांस्कृतिक सेना,

आधार अधिरचनाबीचको द्वन्द्वात्मक महत्त्व, सार र रूप, उपयोगिता र मूल्य, संयुक्त मोर्चा, इतिहासको मूल्याङ्कन जस्ता गम्भीर र सारगर्भित विचारहरू यसमा प्रस्तुत छन् । यसलाई खास राजनीतिक सन्दर्भमा मात्र, त्यसमा पनि चिनियाँ सन्दर्भमा मात्र मात्र सीमित गर्न खोज्नु भनेको सारतः मार्क्सवादी सौन्दर्यशास्त्रीय मूल्यकै अवमूल्यन गर्नु हो । त्यसैगरी माओभन्दा पनि आफू लाई बढी माओ ठान्ने कतिपय लाल बुझक्कडहरूले माओले अघि सारेका सांस्कृतिक सेनासम्बन्धी धारणाको गलत व्याख्या गरेर यसको भ्रष्टीकरण र विकृतीकरण गरेका छन् । यी दुवै मार्क्सवादी सौन्दर्यचिन्तन सम्बन्धी गलत बुझाइका परिणाम हुन् । एउटा प्रवृत्तिले संशोधनवाद र अर्को प्रवृत्तिले 'क्रान्तिकारी रूपवाद' को प्रतिनिधित्व गर्दछ । सारतः यी दुवै वैचारिक विचलनका परिणाम हुन् ।

क्रान्तिकारीहरूका लागि "एनान प्रवचनसौन्द "र्यशास्त्रीय दृष्टिले अत्यन्तै महत्त्वपूर्ण दस्ताबेज हो र यसलाई रूपमा होइन, सारमा लिनु आवश्यक छ । यसलाई कोरा भावनामा होइन, क्रान्तिकारी सांस्कृतिक आन्दोलन र संयुक्त मोर्चाका सन्दर्भमा माओले भनेका कुराहरू "भुत्ते चक्कूले रगत आउँदैन भद्दा सेनाले लडाइँ जित्न सक्तैन" भन्ने यथार्थ हाम्रो सांस्कृतिक आन्दोलनका सन्दर्भमा पनि त्यत्तिकै सान्दर्भिक छ र सही अर्थमा नेपाली क्रान्तिका लागि सांस्कृतिक सेनाको भूमिका पूरा गर्ने हो भने हामीले यस यथार्थलाई गम्भीरतापूर्वक ग्रहण गर्नु आवश्यक हुन्छ । सतही हेराइ तथा दिशाहीन कुदाइ होइन, अलि गहिरामा जानु आावश्यक छ । कुखुराको उडान होइन, चीलको उडान आवश्यक छ । माओको "दुई चराको सम्बाद" लाई आत्मसात गर्नु आवश्यक छ । प्रमुख कुरा "पोलिटिक्स इन कमान्ड" नै हो, यसले सही दिशा र गति लिनु आवश्यक छ र यसलाई सही दिशा र गति दिनका लागि सांस्कृतिक क्षेत्रको भूमिका सक्रिय र सशक्त

बनाउनु आवश्यक छ, खबरदारी आवश्यक हुन्छ, औँला ठड्याउनै पर्ने हुन्छ । प्रस्ट होऔँ : माओले ‘चिङकाङ्सान पुन: आरोहण’ मा भनेझैं यदि पहाड चढ्न आँट गरिन्छ भने संसारमा कठिन भन्ने कुरा केही छैन । राजनीतिक क्षेत्रमा होस् अथवा संस्कृतिक क्षेत्रमा समयले पुरानो र मृत पक्षबाट सम्बन्ध विच्छेद र नयाँ र जीवन्त पक्षसित सम्बन्ध विस्तारको माग गरेको छ भन्ने कुरालाई आत्मसात गर्नु अहिलेको आवश्यकता हो । यही नै "एनान प्रवचन" को सारतत्व हो । माओ दिवस मनाउनुको अर्थ हो ।

## 9.6 उपसंहार

दुई अथवा दुई भन्दा अधिक विषय, घटना, भाषा, साहित्य आजिको तुलनात्मक अध्ययनबाट प्राप्त हुने पृथकात्मकतालाई तुलनात्मक अध्ययन वा तुलना भनिने गरिन्छ । **तुलनात्मक** साहित्यमा एक भन्दा अधिक भाषाहरूमा रचित साहित्यको अध्ययन गरिने गरिन्छ । तुलना यस अध्ययनको अंग हो । तुलनात्मक साहित्यमा विभिन्न भाषामा लिखित साहित्यहरूका अथवा त्यसका संक्षिप्त घटकहरूको साहित्यिक तुलना हुने गर्दछ ।

**रूपवाद**लाई अङ्ग्रेज़ी भाषामा **फोरमलिज्म** (Formalism) भनिन्छ । यो वाद कुनै ग्रन्थका भाषिक संरचनामा केन्द्रित साहित्यिक आलोचना तथा साहित्य सिद्धान्तको एउटा पद्धति हो । रूपबादमा भाषालाई अत्याधिक महत्व दिने गरिन्छ । यसले साहित्यिक पाठको अध्ययनको आधार भाषालाई नै मान्ने गर्दछ । रूपवादले पाठको अध्ययन त्यसको भाषामा पर्ने कुनै बाहिरी प्रभाव प्रति विचार नगरी गनै गर्ने गर्दछ । यस बादले साहित्यिक आलोचनामा प्रायः सांस्कृतिक मूल्य, सामाजिक प्रभाव तथा

लेखकका जीवनलाई अनदेखा पनि गर्ने गर्दछ । विषयवस्तुका अतिरिक्त रूपवादले ग्रन्थहरूका भाषा स्वरूप, विधा आदिप्रति पनि ध्यान दिने गर्दछ।

लोकासाहित्य सिद्धान्तमा रूपवाद भन्नाले पाठका भाषामा मौजूद विशेषताहरूलाई विश्लेषण, विवेचन, उद्घाटन र मूल्याङ्कन गर्ने आलोचनात्मक पद्धतिलाई बुझिन्छ । यस पद्धतिमा लोकसाहित्यका भाषाको व्याकरण तथा उत्पत्ति सम्बन्धी कुराहरूका साथै छन्द र अलंकार जस्ता साहित्यिक प्रयुक्तिहरू प्रति पनि विचार गरिने गरिन्छ । रूपवादी पद्धतिले लोकसाहित्यका आलोचनाका निम्ति त्यसको सांस्कृतिक, ऐतिहासिक साथै लेखकका जीवन सम्बन्धी सन्दर्भहरूलाई महत्व दिने गर्दछ । कुनै पनि कृतिका कथ्यको महत्त्वलाई भने यस सिद्धान्तले अस्वीकार गर्दछ । वास्तवमा रूपवादको उदय बीसौँ शताब्दीका शुरुवाती अवधिमा स्वच्छन्दतावादलको प्रतिक्रियाको रूपमा भएको थियो । स्वच्छन्दतावादी साहित्य सिद्धान्तले साहित्यकार र व्यक्तिगत रचनात्मक प्रतिभाका केन्द्रीय महत्व प्रदान गर्दछ । रूपवादले भने साहित्यकार र व्यक्तिगत प्रतिभालाई हटाएर पाठका महत्व पुनः प्रतिष्ठित गर्दछ । यस वादले पाठका माध्यम कुन रूपले रूप निर्मित भएर यसको कारण रचना महत्वपूर्ण भएको छ भन्ने कुरामा जोड दिदँछ।

## 9.7 सार

यस प्रखण्डमा **तुलनात्मक पद्धति र रूपतत्त्ववादी पद्धति**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- **लोक** शब्दसँग साहित्य शब्द जोडिएर **लोकसाहित्य** शब्द बन्दछ । लोकसाहित्य भनेको लोकले देखेका र भोगेका कुरा हुन् । लोकसाहित्य लोकको यथार्थ चित्र हो ।
- दुई अथवा दुई भन्दा अधिक विषय, घटना, भाषा, साहित्य आजिको तुलनात्मक अध्ययनबाट प्राप्त हुने पृथकात्मकतालाई तुलनात्मक अध्ययन वा तुलना भनिने गरिन्छ ।
- **तुलनात्मक** साहित्यमा एक भन्दा अधिक भाषाहरूमा रचित साहित्यको अध्ययन गरिने गरिन्छ । तुलना यस अध्ययनको अंग हो।
- तुलनात्मक साहित्यमा विभिन्न भाषामा लिखित साहित्यहरूका अथवा त्यसका संक्षिप्त घटकहरूको साहित्यिक तुलना हुने गर्दछ ।
- **रूपवाद**लाई अङ्ग्रेज़ी भाषामा **फोरमलिज्म** ( Formalism) भनिन्छ ।
- यो वाद कुनै ग्रन्थका भाषिक संरचनामा केन्द्रित साहित्यिक आलोचना तथा साहित्य सिद्धान्तको एउटा पद्धति हो ।
- रूपबादमा भाषालाई अत्याधिक महत्व दिने गरिन्छ । यसले साहित्यिक पाठको अध्ययनको आधार भाषालाई नै मान्ने गर्दछ ।
- रूपवादले पाठको अध्ययन त्यसको भाषामा पर्ने कुनै बाहिरी प्रभाव प्रति विचार नगरी गनै गर्ने गर्दछ ।
- यस बादले साहित्यिक आलोचनामा प्रायः सांस्कृतिक मूल्य, सामाजिक प्रभाव तथा लेखकका जीवनलाई अनदेखा पनि गर्ने गर्दछ ।

- विषयवस्तुका अतिरिक्त रूपवादले ग्रन्थहरूका भाषा स्वरूप, विधा आदिप्रति पनि ध्यान दिने गर्दछ ।

- लोकासाहित्य सिद्धान्तमा रूपवाद भन्नाले पाठका भाषामा मौजूद विशेषताहरूलाई विश्लेषण, विवेचन, उद्घाटन र मूल्याङ्कन गर्ने आलोचनात्मक पद्धतिलाई बुझिन्छ ।
- यस पद्धतिमा लोकसाहित्यका भाषाको व्याकरण तथा उत्पत्ति सम्बन्धी कुराहरूका साथै छन्द र अलंकार जस्ता साहित्यिक प्रयुक्तिहरू प्रति पनि विचार गरिने गरिन्छ ।
- रूपवादी पद्धतिले लोकसाहित्यका आलोचनाका निम्ति त्यसको सांस्कृतिक, ऐतिहासिक साथै लेखकका जीवन सम्बन्धी सन्दर्भहरूलाई महत्व दिने गर्दछ ।
- कुनै पनि कृतिका कथ्यको महत्त्वलाई भने यस सिद्धान्तले अस्वीकार गर्दछ । वास्तवमा रूपवादको उदय बीसौँ शताब्तीका शुरुवाती अवधिमा स्वच्छन्दतावादलको प्रतिक्रियाको रूपमा भएको थियो ।
- रूपवादले भने साहित्यकार र व्यक्तिगत प्रतिभालाई हटाएर पाठका महत्व पुनः प्रतिष्ठित गर्दछ ।
- यस वादले पाठका माध्यम कुन रूपले रूप निर्मित भएर यसको कारण रचना महत्वपूर्ण भएको छ भन्ने कुरामा जोड दिदँछ ।

यस प्रखण्डको अध्ययनले **तुलनात्मक पद्धति र रूपतत्त्ववादी पद्धति**बारे बुनियाँदी जानकारी प्राप्त भयो । लोकसाहित्यको परिचय र यसको तुलनात्मक र रूपतत्त्ववादी पद्धति सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 9.8 अनुशीलनी

1. लोकसाहित्यको अवधारणाबारे चर्चा गर्दै यसबारे विभिन्न विद्वानहरूले दिएको परिभाषालाई प्रस्तुत गर्नुहोस् ।

2. लोकसाहित्यका प्रमुख - प्रमुख पद्धति कुन - कुन पद्धतिलाई मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

3. लोकसाहित्यका तुलनात्मक पद्धतिबारे एउटा गरिलो लोख तयार पार्नुहोस् ।

4. लोकसाहित्यको अध्ययन परम्परामा भारतीय समाजको योगदानबारे आफ्नो अध्ययन प्रस्तुत गर्नुहोस् ।

5. तुलना शब्दको अर्थ र परिभाषाबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्दै लोकसाहित्यको तुलनात्मक पद्धतिलाई खट्याउनुहोस् ।

6. लोक साहित्य र लोकवार्तामाझ के कस्तो समान्ता र भिन्नता रहेको पाइन्छ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

7. लोकसाहित्य सम्बन्ध समाजसित कतिको रहेको ठान्नुहुन्छ ? आफ्नो तर्कलाई प्रस्तुतु गर्नुहोस् ।

8. लोकसाहित्यका मुख्य - मुख्य विशेषताहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

9. लोकसाहित्य अध्ययनका रूपतत्त्ववादी पद्धतिहरूबारे समीक्षात्मक टिप्प्णी प्रस्तुत गर्नुहोस् ।

10. लोकसाहित्यका अध्ययनको समाजशास्त्रीय पद्धति, रूपतत्त्ववादी पद्धति, तुलनात्मक पद्धति आदिबारे टिप्पणी लेख्नुहोस् ।

## 9.9 अतिरिक्त अध्ययन

1. शर्मा, मोहनराज - समकालीन समालोचना सिद्धान्त र प्रयोग ।

2. प्रधान, कृष्णचन्द्र सिंह - आधुनिक नेपाली उपन्यासमा सांस्कृतिक चेतना ।

3. गिरी, अमर - सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा।

4. तामाङ, पेम्बा - आख्यानदेखि पराख्यानसम्म ।

5. लुइटेल, खगेन्द्रप्रसाद - लोक साहित्य परिचय ।

6. बन्धु, चूडामणि **-नेपाली लोकसाहित्य** ।

7. गिरी, जितेन्द्रदेव **-नेपाली लोकवार्ता** ।

8. गिरी, जिवेन्द्रदेव -लोकसाहित्यको अवलोकन ।

9. परमार, श्याम -लोक साहित्य विमर्श ।

10. लामिछाने, कपिलदेव - नेपाली लोकगाथाको अध्ययन ।

11. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल -लोकवार्ता विज्ञान र लोकसाहित्य ।

12. उपाध्याय, कृष्णदेव - लोकसाहित्यकी भूमिका ।

13. दिवस, तुलसी - नेपाली लोककथाः केही अध्ययन ।

14. थापा, धर्मराज र हंसपुरे सुवेदी - नेपाली लोकसाहित्य ।

15. पराजुली, कृष्णप्रसाद - नेपाली लोकगीतको आलोक ।

16. कोइराला, शम्भुप्रसाद - लोक साहित्य : सिद्धान्त र विश्लेषण ।

यस अतिरिक्त **लोकसाहित्यका तुलनात्मक र रूपतत्त्ववादी पद्धति**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र - पत्रिकाको पनि अध्ययन ।

## 9.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

६. लोकसाहित्यको सामान्य परिचय ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विध्यार्थीले 9.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

७. तुलना शब्दको अर्थ र परिभाषा ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विध्यार्थीले 9.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

८. रूप शब्दको अर्थ र परिभाषा ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विध्यार्थीले 9.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

Notes

९. लोकसाहित्यको तुलनात्मक पद्धति ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विध्यार्थीले 9.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१०. लोकसाहित्यको रूपतत्त्ववादी पद्धति ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विध्यार्थीले 9.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 10, संरचनावादी पद्धति र भूगोल - ऐतिहासिक पद्धति

**संरचना**

10.0 उद्‌देश्य

10.1 परिचय

10.2 संरचना शब्दको अर्थ र परिभाषा

10.3 भूगोल - ऐतिहासिक शब्दको अर्थ र परिभाषा

10.4 लोक साहित्यको संरचनावी पद्‌धति

10.5 लोक साहित्यको भूगोल - ऐतिहासिक पद्‌धति

10.6 उपसंहार

10.7 सार

10.8 अनुशीलनी

10.9 अतिरिक्त अध्ययन

10.10 मूल्यबृद्‌धिको निम्ति उत्तर

## 10.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- संरचना शब्दको अर्थ र परिभाषा
- भूगोल - ऐतिहासिक शब्दको अर्थ र परिभाषा
- लोक साहित्यको संरचनावी पद्‌धति
- लोक साहित्यको भूगोल - ऐतिहासिक पद्‌धति

## 10.1 परिचय

संरचना शब्द अङ्ग्रेजी स्ट्रक्चर ( Structure ) - को नेपाली रूपान्तर हो । ल्याटिन भाषाको **इस्ट्रकटुरा** ( Estructura ) र पछि इटाटेली भाषाको **स्टुटुरा** ( Struttura ) शब्दबाट अङ्ग्रेजीको स्ट्रक्चर शब्द बनिएको मानिन्छ । यसको शाब्दिक अर्थ बनाउनु वा निर्माण गर्नु भन्ने हुन्छ । यसर्थ ब्युत्पिगत अर्थअनुसार **स्ट्रक्चर** वा **संरचना** भन्नाले बनावट, व्यवस्था, शैली, आकृति, ढाँचा, कार्यव्यापार, प्रक्रिया, नियम आदि बुझिन्छ । कृतिमा घटकहरू एकार्कामा आश्रित भएर पनि आपसी सम्बन्घको सश्लिष्ट योजनामा प्रकार्य सम्पन्न गर्छन् र यही योजना कृतिको संरचना हो ।

संरचना शब्दको प्रयोग साहित्यमा यसै योजनाको लागि तथा यसबाट निष्पन्न सत्ताका निम्ति पनि गरिन्छ । यसर्थ कृति एउटा संरचना हो, यसको संरचना अमुक प्रकारको हुन्छ । संरचनाले साहित्यिक कृतिलाई एकीकृत ढङ्गमा पूर्णता प्रदान गर्दछ, कृतिको आकृतिलाई शोष्ठवता साथै जीवन्तता दिदछ । **भूगोल** भनेको कुनै निदृष्ठ भूमि, क्षेत्र वा जमीन हो भने **इतिहास** (History) शब्दको प्रयोग विशेषत : दुई अर्थमा गरिन्छ । पहिलो प्राचीन अथवा विगत कालका घटनाहरू अनि दोस्रो ती घटनाहरूको विषयमा धारणा । मूलरूपमा इतिहास शब्द आस + ह + इति मिलेर बनिएको छ । ग्रीसका मानिसहरूले इतिहास शब्दको लागि **हिस्तरी (History)** शब्दको प्रयोग गर्ने गर्थे । - "हिस्तरी" - को शाब्दिक अर्थ बन्नु हो । यसबाट यही अनुमान हुन्छ कि ज्ञात घटनाहरूलाई व्यवस्थित ढङ्गले बुनेर यस्तो चित्र उपस्थित गर्ने कोशिश गरिन्छ, जो सार्थक र सुसंबद्ध हुने गर्दछ । यस प्रकार इतिहास शब्दको अर्थ हुन्छ -

परम्पराबाट प्राप्त उपाख्यान समूह जस्तै - लोक कथाहरू, बीरगाछाहरू, महाभारतका कथाहरू, ऐतिहासिक साक्ष्य आदि ।

## 10.2 संरचना शब्दको अर्थ र परिभाषा

**संरचनावाद**लाई अङ्ग्रेजी भाषामा स्ट्रक्चरलिज्म (Structuralism) भनिन्छ । यो मानव विज्ञानको एउटा विशेष पद्धति हो । यस वादले सङ्केत विज्ञान (सङ्केतहरूका एक प्रणाली) र सहजतासित परस्पर सम्बद्ध भागहरूका एक पद्धतिका अनुसार तथ्यहरूलाई विश्लेषण गर्दछ । स्वीडनका प्रसिद्ध भाषाविद फर्दिनान्द द सस्यूर (Ferdinand de Saussure) - लाई संरचनावादीको प्रवर्तक मानिने गरिन्छ । उनलाई नेपालीमा **सस्यूर** नामले चिनिने गरिन्छ ।

संरचना शब्द अङ्ग्रेजी स्ट्रक्चर ( Structure ) - को नेपाली रूपान्तर हो । ल्याटिन भाषाको **इस्ट्रकटुरा** ( Estructura ) र पछि इटाटेली भाषाको **स्टुटुरा** ( Struttura ) शब्दबाट अङ्ग्रेजीको स्ट्रक्चर शब्द बनिएको मानिन्छ । यसको शाब्दिक अर्थ बनाउनु वा निर्माण गर्नु भन्ने हुन्छ । यसर्थ ब्युत्पिगत अर्थअनुसार **स्ट्रक्चर** वा **संरचना** भन्नाले बनावट, व्यवस्था, शैली, आकृति, ढाँचा, कार्यव्यापार, प्रक्रिया, नियम आदि बुझिन्छ । **अक्सफोर्ड**ले कुनै बस्तुको सम्बन्ध वा ढाँचाको सोपानक्रमलाई संरचना भनेको छ । साहित्यको विभिद विधाहरू कविता, कथा, उपन्यास, नाटक, निबन्घ आदिमा छन्द, अलङ्कार, वाक्य, पङ्क्ति, रूप - शैली, पध्य र श्लोकको संयोजन आदिको एकरूपता नै संरचना हो । यस अतिरिक्त कृतिमा पाइने कथानक, कथाबस्तु, घटना विन्यास, व्याकरणिक विशेषता, अर्थगत सम्बन्ध, कृतिगत अवयव वा घटकहरूको पारस्परिक सम्बन्घ,

रचना तत्त्वहरूको अन्वितिपूर्ण बिन्यास आदिको समष्टिलाई संरचना भनिन्छ ।

कुनै कृतिको बस्तु वा कृतिको पूर्ण, परिवर्तनशील र स्वनिष्ठ रूप नै संरचना हो । कृतिमा संरचनाले त्यसको आकृति र बनोटको ढाँचालाई निर्माण गर्दछ, बस्तुलाई सङ्गठित र व्यवस्थित रूपमा एकत्रित गर्दछ । मूलत : प्रत्येक कृतिको आफ्नै संरचना हुने हुनाले कृतिको सम्पूर्णता तथा त्यसको तत्त्व वा एकाइहरू बीचको कुलयोगलाई संरचना भन्न सकिन्छ । **जोहन लियोन्स**ले आफ्नो कृति **स्ट्रक्चर एण्ड लिङ्ग्विष्टिक**मा रूपको सट्टामा प्रयोग हुने शब्दलाई संरचना मानेका छन् । सामान्य भाषाको व्याकरण भए जस्तै आख्यानको भाषाको पनि आफ्नै व्याकरण हुन्छ । व्याकरणिक कोटि र भाषिक तत्त्वहरू हुन्छन् । सम्पूर्ण मानव स्वभावसँगसँगै देश चलाउने मानक भाषा, समाज चलाउने सामाजिक भाषा र बोलीहरू हुन्छन् , स्थानअनुसार भाषिका हुन्छन् । यसर्थ आख्यानलाई भाषाको भरमा मानिसले सिर्जना गरेको एउटा स्वायत्त मुलुक मानिन्छ । यसको व्यावहारिकता वास्तविकता, औपन्यासिकता, कलागत यथार्थता पाउँछौं ।

कृतिमा घटकहरू एकार्कामा आश्रित भएर पनि आपसी सम्बन्घको सश्लिष्ट योजनामा प्रकार्य सम्पन्न गर्छन् र यही योजना कृतिको संरचना हो । संरचना शब्दको प्रयोग साहित्यमा यसै योजनाको लागि तथा यसबाट निष्पन्न सत्ताका निम्ति पनि गरिन्छ । यसर्थ कृति एउटा संरचना हो, यसको संरचना अमुक प्रकारको हुन्छ । संरचनाले साहित्यिक कृतिलाई एकीकृत ढङ्गमा पूर्णता प्रदान गर्दछ, कृतिको आकृतिलाई शोष्ठवता साथै जीवन्तता दिदछ । यतिमात्र नभएर यसले कृतिलाई पूर्णता मात्र प्रदान नगरेर सौष्ठवमयी र आहलादकारी पनि बनाउँदछ ।

कृतिको गुणवत्ता बढाउँदछ । यसैले संरचना विनाको कृति र कृति बिनाको संरचना अपुरो मानिन्छ । मूलत : संरचनावाद मानव संस्कृति सङ्केतहरूको एउटा प्रणाली हो । रॉबर्ट स्कोल्सले संरचनावादलाई आधुनिकतावादी अलगाव र निराशाका प्रतिक्रियाको रूपमा परिभाषित गरेका छन् । संरचनावादको परिभाषा दिँदै केही विद्वानहरूले यसो भनेका छन् - " सामाजिक संरचना, अवरोध र अवसरहरूका दृष्टिले हेर्दा संरचनावाद सांस्कृतिक मानदण्डहरू तथा अन्य व्यक्तिपरक चीजहरूका तुलनामा ममानव व्यवहारप्रति अधिक प्रभाव गर्ने कुरो ।"

## 10.3 भूगोल - ऐतिहासिक शब्दको अर्थ र परिभाषा

कालक्रमिक रूपमा साहित्यको अध्ययन गरिने पद्धतिलाई ऐतिहासिक पद्धति भनिन्छ भने कुनै निश्चित सीमा, क्षेत्र तथा भूमिको आधारमा त्यसको कालखण्डको आधारमा गरिने प्रणालीलाई भूगोल - ऐतिहासिक पद्धति भनिन्छ । यहाँ यस पद्धति अध्ययन नेपाली जाति र उनीहरू बस्ने क्षेत्रका आधारमा यस जातिका लोकसाहित्यको सन्दर्भमा गरिएको छ।

नेपाली जाति बहुल सङ्ख्या बस्ने ठाउँ पहिलो नेपाल र दोस्रो भारत देश हो । नेपाल देशको भौगोलिक तथा जन - आवादीको अवस्थितिलाई अध्ययन गर्दा पृथ्वीनारायण शाहको आधुनिक नेपाल तथा अबको नयाँ नेपाल विश्व मानचित्रको दक्षिण एशियामा पर्दछ । चीन र भारतद्वारा घेरिएको यो देश 26 डिग्री 22" देखि 30 डिग्री 27" उत्तरी अक्षांश र 80 डिग्री 4" देखि 88 डिग्री 15" पूर्वी देशान्तरसम्म फैलिएको छ । यस्तैगरि पृथ्वीको उत्तरी गोलार्धमा अवस्थित छ । समुद्र सतहको 70 मिटरदेखि

8,848 मिटरसम्म अग्लो भू-भाग रहेको नेपाल विश्वमा बुद्धको देशको नामले चिनिएको छ । भौगोलिक रूपमा हिमाल, पहाड र तराई गरी तीन भागमा बाँडिएको देशमा 2058 सालको जनगणनानुसार विभिन्न 107 जातजातिको आवादी रहेको छ । हालसम्म सरकारी निकायबाट मान्यता प्राप्त 59 आदिवासीहरू सूचिकृत भएका देखिन्छन् । अल्पविकसित, बहुल जाति, भाषा, संस्कृति, धर्मको साझा घरको रूपमा रहेको छ । यो देश अहिले हिन्दु एकीकृत निरङ्कुश राज्यसत्ताबाट सङ्घीयताको नाममा जातीय, क्षेत्रीय र भाषिक रूपमा बल्ल-बल्ल स्वायत्तता र मुक्तिको तयारीमा उभिएको छ । दशौं वर्षम्म मारिएका चौधौं हजारको चिहान, कैयौं बेपत्ताहरूको अवस्था अज्ञात रहेको छ । जनआन्दोलका घाइतेहरूका पीडामाथि उभिएर छातीमा हात राखेर नयाँ नेपालको खाका कोर्ने तयारीमा जुटेका छौं ।

**इतिहास** (History) शब्दको प्रयोग विशेषत: दुई अर्थमा गरिन्छ । पहिलो प्राचीन अथवा विगत कालका घटनाहरू अनि दोस्रो ती घटनाहरूको विषयमा धारणा । मूलरूपमा इतिहास शब्द (इति + ह + आस मिलेर बनिएको छ । अस् धातुमा लिट् लकार अन्य पुरुष तथा एक वचन भएको यस शब्दको तात्पर्य "यही निश्चय थियो " भन्ने हुन्छ । ग्रीसका मानिसहरूले इतिहास शब्दको लागि "हिस्तरी" (history) शब्दको प्रयोग गर्ने गर्थे । "हिस्तरी" - को शाब्दिक अर्थ "बुन्नु" हो । यसबाट यही अनुमान हुन्छ कि ज्ञात घटनाहरूलाई व्यवस्थित ढङ्गले बुनेर यस्तो चित्र उपस्थित गर्ने कोशिश गरिन्छ, जो सार्थक र सुसंबद्ध हुने गर्दछ । इतिहासअन्तर्गत हामी जुन विषयहरूलाई अध्ययन गर्दछौं, त्यसबाट आजसम्मको घटित घटनाहरू वा त्यससित सम्बन्ध राख्ने घटनाहरूका कालक्रमानुसार वर्णन हुने गर्दछ । अर्को शब्दमा मानवका विशिष्ट

घटनाहरूको नाम नै इतिहास हो । यस अतिरिक्त प्राचीनताबाट नवीनतातर्फ आउने घटना, काल, मानव जातिसित सम्बन्धित घटनाहरूका वर्णन नै इतिहास हो । यी घटनाहरू वा ऐतिहासिक साक्ष्यहरूका तथ्यको आधारमा प्रमाणित गरिने गरिन्छ । इतिहासको मुख्य आधार युगविशेष र घटनास्थलका त्यो अवशेष हो, जो कुनै न कुनै रूपमा प्राप्त हुने गर्दछ । जीवनको बहुमुखी व्यापकताका कारण स्वल्प सामग्रीहरूका सहारा विगत युग अथवा समाजका चित्रनिर्माण करना दु:साध्य हुन्छ । सामग्री जति अधिक हुँदै जान्छन् , त्यसको अनुपातदेखि बितेको युग तथा समाजको रूपरेखा प्रस्तुत करना साध्य हुने गर्दछ ।

ऐतिहासिक सामग्रीको जाँच - पड़तालले हाम्रो कला तर्कप्रतिष्ठत हुने गर्दछ तथा कल्पना संयत र विकसित भए अतीतका हाम्रो चित्र अधिक मानवीय साथै प्रामाणिक हुन सक्दछ । इतिहासका रचनामा पर्याप्त सामग्री, वैज्ञानिक ढंगले त्यसको जाँच, त्यसबाट प्राप्त ज्ञानका महत्व सम्झनुको विवेकका साथै ऐतिहासक कल्पनाका शक्ति तथा सजीव चित्रणको क्षमता पनि आवश्यकता हुनजान्छ । यसैले इतिहास न त साधारण परिभाषाका अनुसार विज्ञान हो, न केवल काल्पनिक दर्शन अथवा साहित्यिक रचना मात्र । यी सबैको यथोचित संमिश्रणबाट इतिहासको स्वरूप रच्न सकिन्छ । इतिहासको मुख्य आधार युगविशेष र घटनास्थलका त्यो अवशेष हो, जो कुनै न कुनै रूपमा प्राप्त हुने गर्दछ । जीवनका बहुमुखी व्यापकताका कारण स्वल्प सामग्रीका माध्यम विगत युग अथवा समाजका चित्रनिर्माण गर्नु पनि सकिन्न । यसर्थ उपयुक्त कमीहरूलाई ध्यानमा राखेर केही विद्वानहरूले इतिहासको सम्पूर्णता असाध्यसित रहेको बताएका छन् । इतिहास न्यूनाधिक त्यसप्रकारका सत्य हो, जो विज्ञान र दर्शनहरूको हुने गर्दछ ।

Notes

मनुष्यको बढ़दो ज्ञान र साधनहरूका सहायताले इतिहासको चित्रहरूका संस्कार, त्यसको पुरावृत्ति र संस्कृति हुँदै रहन्छ । प्रत्येक युगमा मानवले आफ्नो - आफ्नो धारणा राख्दै  इतिहास बाट त्यसको समाधान खोज्न गर्दछ । यसर्थ प्रत्येक युग, समाज अथवा व्यक्ति इतिहासका दर्शन आफ्नै प्रश्नहरूका दृष्टि बिन्दुहरूबाट गर्ने गर्दछ । हुन त ऐतिहासिक कल्पना र कपोल कल्पनामा कुनै भेद रहेको पाइन्न । इतिहासको रचनामा यही अवश्य ध्यान राख्नु जरूरी छ कि त्यसबाट जुन चित्र वा धारणा बनिन्छन् , त्यो निश्चित घटनाहरी र परिस्थितिहरूमा दृढ़तासित आधारित हुनेगर्दछ । मानसिक, काल्पनिक अथवा मनमाने स्वरूपलाई खड़ा गरेर ऐतिहासिक घटनाहरूद्वारा त्यसको समर्थनका प्रयत्न गर्नु अक्षम्य दोष हुने कारण सर्वथा वर्जित मानिन्छ । इतिहासको निर्माण बौद्धिक रचनात्मक कार्य हो । अतएव अस्वाभाविक र असंभाव्यको प्रमाणकोटिमा स्थान दिएन गरिन्दैन । यसबाहेक इतिहासका ध्येय विशेष यथावत् ज्ञान प्राप्त गर्नु पनि हो । कुनै विशेष सिद्धान्त वा मतको प्रतिष्ठा, प्रचार तथा निराकरण अथवा त्यसको कुनै प्रकारका आंदोलन चलाउने साधनम बनाउनमा इतिहासको दुरुपयोग गर्नु मात्र हुन्छ । यसो गर्दा इतिहासका महत्व मात्र नष्ट नभएर अन्ततोगत्वा भयावह समेत हुँदछ ।

## 10.4 लोक साहित्यको संरचनावी पद्धति

अहिलेको विश्वको भूगोल, समय र स्पेस भित्र राजनीतिक - आर्थिक बहावमा नव - कम्युनिस्ट (Neo- Communist) भन्न सजिलो शब्द Neo-com प्रयोग गर्छन् । नव संरचनावाद -रुढिवाद Neo- Conservatism भन्न सजिलो Neo-con प्रयोग गर्छन् । दुवैको सैद्धान्तिक यात्रा एकै गन्तव्य ग्लोबलाइजेशन तिरको बाटो हो । नव संरचनावादका फादर

इर्भिग क्रिस्तोललाई मानिन्छ । नव संरचनावाद/रुढिवाद Neo-Conservatism - ले अमेरिकी विदेश नीतिलाई विशेष जोड दिन्छ ।तर अर्थात् मुलत: हिँडिरहेको मुख्य बाटो भनेको बजार केन्द्रित राजनीतिक अर्थव्यवस्था तिर हो । यहाँ देखिन्छ के भने पुरानो राजनीतिक अवस्था आज आएर नव संरचनावाद र नव कम्युनिस्टवाद राजनीतिक-आर्थिक बहाव ग्लोबलाइजेसन (विश्वव्यापिकरण) मा गईरहेको अवस्था छ ।

यी तीनै विषयहरु नव - कम्युनिस्टवाद, नव संरचनावाद र विश्वव्यापिकरण सैदान्तिक रुपले श्रमको मूल्य र मान्यता, पूँजी, सार्वजनिक पूँजीको सिद्धान्त र सस्थागत सहकार्यमा आधारित छन् भनेर एचटि विल्सन सन् 2002 मै लेख्दछ्न ! त्यसैले अहिले हामी हिँडिरहेको बाटो अर्थात यी तीनवटाको बाटो पुँजिवाद तीर उन्मुख नै हो ! नव संरचनावादी/रुढिवादी पूँजीवाद र बजारको प्रभावका बारे अलि बढी नै सशंकित हुने चरित्र हुन्छ । यहाँ हामीले मुख्य विचारणीय कुरोमा पूँजी, समाज र राजनीतिक - आर्थिक संस्थागत संरचनाहरूको गन्तव्य, प्रगति, विकास र समाज कल्याण, समृद्धि आदिको नेपालमा विकसित भैरेहेको अवस्थाहरूको सन्तुलनलाई हेर्नु पर्दछ । हाम्रो संघीय पद्धतिमा हेरिनु पर्ने विषयमा सञ्चार र प्रविधिहरू विकसित भएर आए तर हाम्रो कर्मचारीतन्त्र, पार्टीहरूको संरचना, आन्तरिक पद्धति र शासकीय पद्धति आदिको संस्थागत संरचनामा सङ्ख्या, स्केल र जटिलता पुरानै रहेकोमा त्यो कागजी बाघको रूपमा मात्रै बदलिएर आएको देखिन्छ । नाफामुखी व्यक्तिको प्रवृति, छाडापन, सामाजिक मूल्य र मान्यताका सिमितता भत्काउन, शैक्षिक इथिक्सका मूल्य र मान्यता भत्काउन प्राध्यापक, बुद्दिजिवी धेरै जसो लागे अर्थात् नाफामुखी बजार तिर पेशागत मर्यादालाई प्रयोग हुन गयो । जुन विश्वव्यापीकरणको अपरिहार्यता नै हो।

लोकसाहित्यको संरचनावादी पद्धति भाषाविज्ञानसित जोडिएको छ । भाषावैज्ञानिक चिन्तनको निचोड ज्याक डेरिडाको दर्शन हो। भाषाविज्ञानलाई दर्शनको उचाइमा उठाएर धर्म, नैतिकता, राजनीति, अर्थनीति, समाज, संस्कृति, यौनिकता एवं सीमान्तकृतहरूबारे सोचिएका यावत् विषयलाई पकडमा ल्याउने अद्भुत क्षमता तिनको सिद्धान्तीकरणमा दृष्टिगोचर भयो। तिनको चिन्तन पद्धति भाषाविज्ञानमा आधारित भएकाले सामान्य पाठक त्यसको जटिलतालाई केलाउनेतर्फ रुचिको उस्तो विस्तार गर्न हच्कन्छ तापनि जोसुकैका सोच र कार्यमा तिनी छचल्किरहेका हुन्छन्। जसरी कि धर्ती स्थिर र सूर्य गतिमान् सोचिएको युगमा त्यसको उल्टो प्रक्रियाले काम गरिरहेको थियो। डेरिडाद्वारा प्रतिपादित अवधारणा डिकन्स्ट्रक्सन हो– जसलाई नेपालीमा विनिर्माण, विसंघटन, विघटनजस्ता पदहरूमा रूपान्तरित गर्ने चलन छ।

डिकन्स्ट्रक्सनले अथवा उत्तरसंरचनावादले संरचनावादलाई आंशिक तबरले विस्थापित ग-यो, जसकारण संरचनावादको आलोचनाका साथ उदाएका सिद्धान्तहरू उत्तर प्रवृत्तिमा स्थापित भएका छन्। यता, उत्तरआधुनिकतावाद आधुनिकतावादको आलोचना गर्दै उपस्थित भयो जसअन्तर्गत अहिले डिकन्स्ट्रक्सन एवं उत्तरसंरचनावादहरू पनि राखिन्छन्। टिभी, इन्टरनेट तथा मोबाइलहरूका भाषा, भाषण, कुराकानी तथा छवि र विम्बहरूको आक्रमणले हाम्रो जीवनशैली बदलिदिएको छ। अशिक्षित मान्छे पनि मोबाइल लिएर हिँड्छ, फेसबुक हेर्छ, टिभी चलाउँछ। सूचना उद्योगको असाधारण प्रभावले हामी उत्तर प्रवृत्तिमा घुम्न थाल्यौँ। केही प्राचीन, केही आधुनिक, केही उत्तरआधुनिक लक्षणहरूको संयोगले हाम्रो यताका कैयौँ मान्छे, तिनका घरव्यवहार एवं विचारहरू झिल्के भएका छन्। उत्तरआधुनिकताको प्रमुख लक्षण झिल्के प्रवृत्ति हो जसमा विभिन्न प्रवृत्ति, शैली र स्वभावको मिसावट रहन्छ।

संरचनावाद आउनुभन्दा पहिला अस्तित्ववाद–विसंगतिवादले पश्चिमी चिन्तनमा भीषण भूकम्प ल्याएको थियो। अस्तित्ववादले व्यक्तिको अस्तित्वमा जोड दिएको थियो। विसंगतिवादले जीवनमा, विश्वमा बौद्धिक संगति छैन भन्ने मान्यता तेस्र्याउँछ। अस्तित्ववादले स्वतन्त्रतामा जोड दिन्छ। विसंगतिवादले व्यर्थतामा। विजय मल्लले अस्तित्ववादलाई आफ्नो लेखनमा ताने जसलाई उत्कर्ष दिए– बिपी कोइरालाले आफ्नो 'तीन घुम्ती' उपन्यासमा। हिगेलको सार्वभौम सिद्धान्तको विरोधमा किर्केगाडले व्यक्तिलाई, व्यक्तिका चिन्ता, नैराश्य, खिन्नता एवं आशा र आकांक्षालाई वरीयता दिएका थिए। समग्रतामा आधारित सार्वभौम विचारमा व्यक्ति हराएर जाने भएकाले उसलाई उठाउनु आवश्यक थियो जुन काम अस्तित्ववादले ग¥यो। केही नेपाली बौद्धिक र सर्जकहरू परम्पराकै भरौटे भएर रहन चाहेनन्। पारिजात विसंगतिवादतिर लागिन् जसलाई जगाउँदै दरिलो लेखनमा स्थापित हुन् आए ध्रुवचन्द्र गौतम, ध्रुव सापकोटाहरू। अस्तित्ववादलाई गति दिने प्रमुख अवधारणा फेनोमेनोलजी हो - आभासवाद हो जसलाई हसर्लले उत्कृष्ट बौद्धिक तहमा उठाए र जसलाई हेडेगरले आफ्नो किसिमसित अगाडि बढाए। आभासवादको मान्यता यो थियो कि चेतना आफैँमा गुँडुल्किएर रहँदैन, त्यो बाहिर निस्कन्छ र बहिर्निष्ठ सामग्रीलाई रूपायित गर्छ।

पश्चिममा नयाँ - नयाँ चिन्तनका छालहरू उठिरहेका छन् र पहिलेका विचारहरूबाट अघाएका पाठकलाई घचघच्याइरहेका छन्। पछि गएर केही विरोधी सिद्धान्तहरू नजिकिन्छन् र केही टाढिन्छन् , केही अस्ताउँछन्। द्वितीय विश्वयुद्धपछि खास गरी सन् 1960 का वर्षका वरपर फ्रान्समा संरचनावादको भीषण आँधी उठ्यो जसले पूर्व र पश्चिम दुवैलाई लपेट्यो।

संरचनात्मक भाषा विज्ञान र संरचनावादको उद्घोष थियो कि व्यक्ति होइन भाषा, व्यक्ति चेतना होइन, सार्वभौम। पूर्वमा आचार्य शंकरले, पश्चिममा हिगेलले चेतनाको सार्वभौम सिद्धान्तको रचना गरेका थिए। संरचनावादले चेतनाको सिद्धान्तलाई उडायो र भाषाको सार्वभौम व्याकरण अथवा सार्वभौम काव्यशास्त्रको रचना ग-यो र के खुलायो भने सिद्धान्तविना व्यक्तिगत कृतिको अध्ययन गर्न खोज्नु अँध्यारामा जंगलतिर लड्खडाउनु हो। सिद्धान्त बत्ती हो जसको उज्यालामा व्यक्तिगत कृतिको अध्ययन हुन सक्छ। मान्छे जहाँसुकैको होस् उसको देहको सिद्धान्त अरूसरह हुन्छ। यसैले अमेरिकी चिकित्सक नेपाली रोगीको उपचार उसै गरी गर्छ जसरी कि अमेरिकी रोगीको। फरक यत्ति छ कि कसैको देहको कंकाल अग्लो होला, कसैको होचो। कसैको हाड मोटो होला, कसैको पातलो। संरचनावाद व्यक्तिगत विशेषता खोज्नेतिर त्यति लाग्दैन जति सार्वभौम नियमतिर। वाक् (स्पिच) - मा संरचनावादको चासो छैन, छ त भाषा (लाङ्ग्यु) मा। भाषाको सार्वभौम व्याकरणलाई व्यक्तिगत कृतिहरू कसरी फलीभूत पार्छन् भन्ने देखाउनु संरचनावादको अभीष्ट हो। यस प्रकार, संरचनावादमा सिद्धान्त प्राथमिक हुन्छ, व्यक्तिगत कृति द्वितीयक जो सैद्धान्तिक निगमन पद्धतिमा गाँसिन जान्छ।

नेपाली सर्जकहरू सिद्धान्तअनुसार हामी लेख्दैनौँ भन्ने गर्छन्। यो भनाइ त्यस्तै हो जस्तो कि हामी पानी पिउँछौँ न कि हाइड्रोजन र अक्सिजन (एच टु ओ ) भन्नु। संरचनावादमा व्यक्तिको, व्यक्तिगत चेतनाको, व्यक्तिगत कर्तृत्वको मृत्यु भयो। पहिला व्यक्ति थियो, ऊ चेतनाले सम्पन्न थियो। ऊ कर्तृत्वको हैसियत राख्थ्यो। अहिले व्यक्ति बनाउने, उसमा चेतना छ भनेर देखाउने, ऊ कर्ता हो भन्ने ज्ञान दिने भाषा

भएपछि उसको अस्तित्व रहेन। संरचनात्मक माक्र्सवादीहरू आइडोलोजीले व्यक्तिको रचना गर्छ भन्ने मान्छन्, संस्कृतिवादीहरू संस्कृतिअनुसार व्यक्ति बन्ने विचार अघि सार्दछन्। आदिवासी, जनजातिलगायत सब जातजाति आ–आफ्नै संस्कृतिको घुम्टो ओडेर बोल्छन्। शास्त्रीय संरचनावाद भने कसैलाई उठाउने, गिराउने, जिउँदो राख्ने, मृतवत् पार्ने भाषा नै हो भन्ने मान्दछ। संरचनावादमा आएर साहित्य र असाहित्यको भेद पनि मेटियो। भाषाको जुनसुकै प्रयोगमा पनि रूपक, विरोध, विचलन आदि टेक्निकको उपयोग हुने भएकाले साहित्य–साहित्येतरको पृथक्ता समाप्त भयो। संस्कृतिमा संरचनावादलाई विकसित गर्ने क्लाउड लेभिस्ट्रस हुन्, साहित्यमा रोलाँ बार्थ आदिले यसको उपयोग गरे। नेपालीमा यस पंक्तिकारको 'आधुनिक आलोचना, अनेक रूप, अनेक पठन'मा संरचनावादी सिद्धान्तका साथ प्रयोग उपलब्ध हुन्छ।

संरचनात्मक भाषाविज्ञानको कारणले मानवीय चिन्तनमा ठूलो उथलपुथल आयो। के बताइयो भने भाषाका चिह्नहरू रिक्त चिह्न हुन् जसमा अर्थ घुसाउने काम समाजले, परम्पराले गर्दै आएको हो जस्तो कि ट्राफिक चिह्नमा हरियोले जाने अनुमति दिन्छ, रातोले रोकिने आदेश दिन्छ, पहेँलोले रातो–हरियो दुवैतिर तत्पर भएर रहने संकेत दिन्छ। आधुनिक यातायातको व्यवस्था हुनुभन्दा पहिला ती चिह्नहरूमा त्यस्ता अर्थ घुसेका थिएनन्। अहिले त्यस व्यवस्थामा ती अर्थ पनि सम्मिलित भए। शब्दबाट अर्थ प्राप्त गर्ने वैज्ञानिक नियम के हो ? वैज्ञानिक नियम सजिलो हुनुपर्दछ, संक्षिप्त हुनुपर्दछ र सबैका निम्ति ग्राह्य हुनुपर्दछ। संरचनावादले त्यही पद्धति अपनायो र अर्थ प्राप्त गर्ने दार्शनिक आधार खोज्यो। त्यस्तो आधार हो— बाइनरी अपोजिसन अर्थात् द्विचर विरोध। हजारौँ वर्षदेखि मानव सभ्यतामा चिन्तनका छाल उठिरहेका छन् जसलाई

खोतल्ने साँचो नपाएर लट्ठकहरू अलमलिन्छन्। संरचनावाद भनेको विरोधी वा विपरीत अर्थ भएको युग्मकलाई, जोडीलाई आधार बनाएर सोच्ने, बोल्ने, लेख्ने व्यवहार गर्ने तरिका हो। भाषाको भण्डार भनेको द्विचर विरोधको भण्डार हो जसलाई केलाएर हामी ठोस अर्थमा पुग्दछौँ। दायाँ/बाँया, अगाडि/पछाडि, आकाश/पाताल, रामो/नराम्रो, उज्यालो/अँध्यारो, जीवन/मृत्यु, सुख/दुःख, विद्या/अविद्या, अग्लो/होचो, धर्म/पाप, धनी/ गरिब, उदार/अनुदार, मान्छे/पशु, नर/नारी, पुँजीवाद/साम्यवाद, घर/गोठ, थल/जल आदि युग्मकहरू अर्थ प्रजनन गर्ने घटक हुन्।

'मार्क्सका भूत' कृति लेखेर डेरिडाले मार्क्सवाद स्पष्ट, सुसंगठित सिद्धान्तका रूपमा नरहेको जनाए हो यहीँनेर हामी डेरिडालाई भेट्छौँ। तिनले संरचनात्मक भाषानिष्ठतालाई, कर्तृत्वको विघटनलाई स्वीकार गरे, तर द्विचर विरोधको शाश्वततालाई, सार्वभौम सिद्धान्तको अवधारणालाई तोडे। कन्स्ट्रक्सनमा 'डि' पूर्वसर्ग लागेर बनेको डिकन्स्ट्रक्सन निर्माणलाई, कन्स्ट्रक्सनलाई ध्वस्त पार्छ। जब चिह्नको, शब्दको अन्तर्निष्ठ अर्थ छैन र समाजले, समुदायले त्यसमा खास अर्थ घुसार्छ भने त्यो अर्थ स्थिर छैन, जस्तो कि ट्राफिक प्रकाशको पहिला त्यस्तो अर्थ थिएन, पछि त्यस्तो अर्थ त्यही रूपमा नरहन पनि सक्छ। भनिन्छ, डिकन्स्ट्रक्सन न सिद्धान्त हो न विचार हो न त पद्धति नै, यो त खुला छ र विज्ञहरू प्रभावकारी किसिमसित यसको उपयोग गर्न सक्छन्। यो बहुल छ र बहुलार्थमा छरिन रुचाउँछ। तर, भाषाको आफ्नो सीमाले गर्दा हामी सिद्धान्त, विचार, पद्धति आदि शब्दको उपयोग नगरी अगाडि बढ्न सक्दैनौँ। यस कारण भनौँ - डिकन्स्ट्रक्सन एक सिद्धान्त हो जसका आफ्नै पद्धतिहरू छन्, प्रक्रियाहरू छन्। यो भेदको डिफरेन्स/डिफरान्सको सिद्धान्तमा आधारित छ जसका दुई अर्थ छन् - स्थानिक र कालिक।

स्थानिक तहमा एउटाले अर्थ प्राप्त गर्छ दोस्रोदेखि भिन्न भएर, जस्तो गाई भैंसीदेखि भिन्न भएर अर्थ प्राप्त गर्छ, मान्छे पशुदेखि भिन्न भएर अर्थवत् हुन्छ। द्विचर विरोधी यो कुरा संरचनावादमा पनि थियो, तर संरचनावाद एक कालिक, स्थैतिक सिद्धान्त भएकाले त्यसलाई तोड्न डेरिडाले कालिक तहलाई ताने। कालअनुसार चिह्नहरूमा नयाँ अर्थ घुस्दै जान्छ र स्थिरता भंग हुन्छ। खड्गप्रसाद ओली र पुष्पकमल दाहालको द्विचर विरोध बनाएर हेरौँ। ती दुई नामले जुन अर्थ हिजो बोके आज त्यहाँ परिवर्तन आएको छ।

अहिलेकै क्षणमा उभिएर भन्ने हो भने त्यहाँ विधेयात्मक किसिमसित चन्द्रकान्त राउत र निषेधात्मक किसिमसित राजपा र विप्लव समूह गाँसिन आएका छन्। डिकन्स्ट्रक्सनको अर्को किसिमले अर्थ गर्दा शब्दले शब्दलाई तान्छ र कैयौँ - कैयौँ अर्थ छरिन जान्छ। यसरी हेर्दा शब्दको, चिह्नको, सिग्निफायरको प्रभुत्व स्थापित हुन्छ। अर्थ भने अनगिन्ती भएर छरिन्छ। 'ताल' चिह्नले के बुझाउँछ भनेर शब्दकोश पल्टाउने हो भने कहिल्यै त्यो काम टुंगिँदैन। तालले पोखरीलाई तान्छ, पोखरीले अरू शब्दलाई तान्छ। ताल त्यतिमा मात्र सीमित छैन। त्यसले ढंग, शैली, साँचो आदिको पनि खोज गर्दछ। डिकन्स्ट्रक्सनको उपयोग गर्नुपर्ने कारण यो हो कि त्यसद्वारा हामी कैयौँ प्रयोगात्मक, जटिल सिर्जनालाई अनगिन्ती अर्थमा छरिएको देखाउन सक्दछौँ। संरचनावाद द्विचर विरोधलाई चोखो रूपमा हेर्न चाहन्छ। दिनरातको द्विचर विरोधमा संरचनावादका निम्ति कि दिन छ कि रात छ। यस्तो चोखो डिभिजन डिकन्स्ट्रक्सनलाई मान्य भएन। दिनरातको बीचमा गोधूली, सायङ्कालजस्ता अवस्था पनि त छन्।

बुद्धिमान् र मूर्खको द्विचर विरोधमा संरचनावाद कुनै कठिनाइ देख्दैन, तर डिकन्स्ट्रक्सनका अनुसार बुद्धिमान्मा मूर्खता हुँदै  हुँदैन भन्नु अनुचित हुन्छ। हालै पाथीभरा क्षेत्रमा हेलिकोप्टर दुर्घटना भयो। त्यसमा चढेका सबै बुद्धिमान् थिए। प्राप्त विवरणअनुसार बुद्धिमान्हरूकै ढिपीले दुर्घटना भएको अनुमान छ। जो ज्ञानी छन् तिनीहरूमा पनि अज्ञानता पाइन्छ। समाजशास्त्र, मानवशास्त्र, इतिहास आदिका विज्ञहरूको राय छ कि भूगोलमा जातजातिहरू मिसिएका छन्। आचरणले, व्यवहारले, आदानप्रदानले, विवाहले जातजातिमा मिसावट आएको हो। न जाति शुद्ध छ, न जातजाति तथा आदिवासी नै चोखो छ। धर्ममा पाप घुस्दछ। पापमा धर्म, सोझोमा बांगोपना पाइन्छ, बांगोपनामा सोझोपना। शिक्षा पाएर असल ठानिएका उच्च पदस्थ व्यक्तिहरू जेलको कठघरामा पुग्छन्। यस कारण डिकन्स्ट्रक्सनलाई द्विचर विरोधको संरचनावादी सोझो सोच अग्राह्य भएको हो। 'पोजिसन्स' नामक कृतिमा डेरिडाले द्विचर विरोधप्रति यसको उपयोगलाई तीन तहमा बाँडेका छन् 1. पहिलो तहमा अग्लाइ/होचाइ खुट्याउँदै दोस्रो पदमाथि पहिलो पदको आधिपत्य रहेको खुलाउने। 2. दोस्रो तहमा रणनीतिक प्रयोजनका निम्ति अग्लाइ/होचाइ उल्ट्याउने, दोस्रो पदलाई उच्चताको पहिलो स्थानमा उठाउने। तेस्रो तहमा असंगतिलाई नंग्याउँदै पुनर्लेखन गर्ने।

अब बहुप्रचलित नर/नारीको युग्मकको तदनुसार विश्लेषण गरेर हेरौँ। युग्मकमा दृष्टिपात गर्नासाथ यो ज्ञात भइहाल्छ कि त्यहाँ नर प्राथमिक छ, नारी द्वितीयक, पितृसत्तात्मक शक्ति सम्बन्धका कारण नारीमाथि नरको प्रभुत्व स्थापित हुन गयो, नारी नरको पूरक मात्र हुन गई जसलाई तोड्नका लागि हामी युग्मकलाई उल्ट्याएर नारी÷नर गर्दछौँ। यसो गर्दा नारी पद प्रभुत्वमा आउँछ, नर पद पूरक मात्र हुन जान्छ। एउटालाई

विस्थापित गरी त्यसको ठाउँ अर्कोलाई दिनु डिकन्स्ट्रक्सनको अभिप्रायः होइन। 3. यस कारण हामी विनिर्माणको उपयोग गर्दै पुनर्लेखनका निम्ति बाध्य हुन्छौँ। विनिर्माणका दुई रूप छन्– लिबरल र रेडिकल अर्थात् नरम र कडा। नरम विनिर्माणमा नर/नारीको युग्मक यथावत् रहन्छ, नरमा निहित प्रभुत्व खारेज हुन्छ, अग्लाइ/होचाइ तोडिन्छ। नर/नारी दुवै समान, दुवै बराबर। यसको फाइदा यो हो कि यसले पूरक वा क्षुद्र तहमा ओरालिएका, द्वितीयक पारिएका शोषित, पीडित, सीमान्तीकृतलाई उठाएर समान तहमा लैजान्छ।

अशिक्षित मान्छे पनि मोबाइल लिएर हिँड्छ, फेसबुक हेर्छ, टिभी चलाउँछ । सूचना उद्योगको असाधारण प्रभावले हामी उत्तर प्रवृत्तिमा घुम्न थाल्यौँ । केही प्राचीन, आधुनिक, उत्तरआधुनिक लक्षणहरूको संयोगले हाम्रो यताका कैयौँ मान्छे, तिनका घरव्यवहार एवं विचारहरू झिल्के भएका छन् । कडा विनिर्माणको लक्ष्य अपोरियामा– दुस्तरतामा पुग्नु हो जसअनुसार नर ठीक हो कि नारी ठीक हो भन्न सकिँदैन अतः भाषाले हामीलाई दुस्तरतामा, अपोरियामा पु-याइदिन्छ। यहाँनेर बुझ्नुपर्ने कुरा के छ भने पहिल्यैदेखि समानताको, बरोबरीको कुरालाई हामीले मान्यता दिँदै आएका हौँ। यता, डेरिडाले भाषाको सूक्ष्म दार्शनिक तहमा गएर के प्रस्ट्याए भने शब्दले हामीलाई ठेगानामा पु-याउँछ भन्ने शब्दकेन्द्रिक सोचले गर्दा हामी बरोबरी, समानताजस्ता पदमा विश्वस्त भएका हौँ। तर, भाषा भने कहिल्यै पनि हामीलाई निर्णायकतामा लैजाँदैन। एकातिर त्यसले निर्णय दियो भने अर्कोतिर त्यसले आफ्नै निर्णयलाई काटिरहेको हुन्छ।

यस किसिमको भाषानिष्ठ अनिर्णयात्मकतामा सम्पूर्ण मानव चिन्तन फस्न गयो जसबाट उम्कने क्षमता भाषा प्रयोक्ताहरूमा छैन। हेपिएको जेविस परिवारमा जन्मेका तिनले हेपिएकाहरू, पछि

पारिएकाहरूलाई उठाउने सिद्धान्तको निर्माण गरे। उत्तरआधुनिकतावादका साथ डिकन्स्ट्रक्सनले युरोप, पश्चिम वा गोराहरूको प्रभुत्वलाई तोड्ने काम गरयो। पहिलो र दोस्रो जगत्को हैकम खस्क्यो। तेस्रो जगत्ले आफ्नो हैसियत स्थापित गर्ने शास्त्र पायो। नारीवादी, जनजातिवादी, आदिवासी, लिंगवादी, उपनिवेशित, उत्तर - उपनिवेशित र मनोविश्लेषकले डिकन्स्ट्रक्सनबाट सहयोग लिए। विद्याका हरेक प्रकारमा यसको प्रभाव परयो। समालोचना, साहित्य तथा सिर्जनामा यसले व्यापक अनुमोदन पायो। सात्रले माक्र्सवादलाई अकाट्य सिद्धान्त ठहराएका थिए। तिनको मृत्युपूर्व नै ल्योटार्डले माक्र्सवादजस्ता महान् आख्यान अविश्वस्त भएको घोषणा गरे र लघुसिद्धान्तको पक्ष लिए। 'माक्र्सका भूत' नामक कृति लेखेर डेरिडाले माक्र्सवाद स्पष्ट, सुसंगठित सिद्धान्तका रूपमा नरहेको जनाए। पूर्वमा भर्तृहरिले शब्दकेन्द्रवादलाई उत्कर्षमा पुराए, पश्चिमका डेरिडाले शब्दकेन्द्रवादको कमजोरीको खुलासा दिए। जैन स्यादवाद, बौद्ध अपोहवाद तथा भर्तृहरीय कालवादका उत्तराधिकारी हामी पूर्वीयहरू डेरिडीय डिकन्स्ट्रक्सनमा ठूलो रुचि राख्छौँ।

## 10.5 लोक साहित्यको भूगोल - ऐतिहासिक पद्धति

भूगोल र इतिहास दुई शब्दको योगले बनिएको लोकसाहित्यको भूगोल - ऐतिहासिक पद्धति अन्तर्गत कुनै निदृष्ट भूमि वा भुभागमा बसोबासो गर्ने जातिका इतिहासका यथार्थ घटनालाई विषयवस्तु बनाएर लेखिएका लोकसाहित्यहरूको अध्ययन गरिने गरिन्छ । यसैले यस पद्धतिलाई ऐतिहासिक यथार्थवादी प्रणाली पनि भनिने गरिन्छ । यस पद्धतिलाई अनुसरण गरेर लोकसाहित्यको अध्ययन नेपालीमा पहिलेदेखि नै लेखिँदै वा हुँदै आएका छन् । प्राप्त ऐतिहासिक प्रमाणहरूका आधारमा कुनै

उपत्यकाको आदि भूमिपुत्र, त्यहाँका रैथानेहरू, स्थानिय बासिन्दा, उनीहरूका रहन - सहन, संस्कार, संस्कृति, भाषा आदिको अध्ययनको लेखा - जोखा भूगोल - ऐतिहासिक पद्धतिमा गरिने गरिन्छ ।

नेपाली जातीय समाजमा विशेष भूमि तथा क्षेत्रमा बस्ने नेपालीहरूमा बोन धर्म र झाँक्रीवादी प्रचलनद्वारा सञ्चालित पाइन्छ । त्यसैले यिनीहरूको समाजमा भूतप्रेत, नाग-नागिनी, देउ-देउता, शिकारी र कुलदेउता आदिमाथिको विश्वास पाइन्छन् । ती शक्तिहरूमा पनि आफैँ उत्पत्ति वा उत्पन्न भएको, बोन वा समाजले स्थापना गरेको, कुल र पितृदेउता आदि हुने गर्दछन् । आफैँ उत्पन्न भएको शक्ति वा देउतालाई 'नेपा ल', स्थापना गरिएको देउतालाई 'तेन्पा ल' र कुल तथा पितृ देउतालाई 'तिङ्दो ल' र 'फोला ल' र गाउँको देउतालाई 'स्हिङ्ला/हयुल्ला ल' भन्ने गर्दछन् । उदाहरणको निम्त हामी तामाङ समुदायलाई लिन सक्छौं । संस्कृतको 'स्वयम्भू' नाम तामाङ भाषाको 'नेपा ल'को उल्था गरिएको रूप हो भन्ने मेरो ठहर छ । सोही 'नेपा ल' (स्वयम्भू) शब्दबाटै 'नेपाल' नाम रहेको हुनुपर्दछ किनकी स्वयम्भूलाई 'नेपा ल' भनी सम्बोधन गर्दा-गर्दै 'नेपा ल' बाट 'नेपाल' हुँदै 'नेपाल' नाम रहेको गएको देखिन्छ । कालन्तरमा त्यही 'नेपाल' नामले हालको 'स्वयम्भू'लाई मात्र नभई यस काठमाडौं खाल्डोलाई नै चिनाउन थालेपछि तामाङ भाषाको 'नेपाल' (स्वयम्भू) भने 'स्वयम्भू' नामबाट परिचित हुन गएको देखिन्छ । पृथ्वीनारायण शाहले एकीकरण गरी सकेपछि भने यस देशको नाम पनि 'नेपाल' नै रहन गएको तथ्य त सबैलाई थाहा भएकै कुरा हो ।

नेपालमा पृथ्वीनारायण शाहको एकीकरण अभियान पश्चात् विकेन्द्रित सामन्ती राज्य रजौटाहरूको अन्त्य भई केन्द्रीकृत सामन्ती व्यवस्थाको स्थापना हुन गयो । पृथ्वीनारायण शाहको एकीकरणसँगै लेख्य नेपाली

साहित्यको आरम्भ हुनु सकारात्मक पक्ष भए पनि राजा र दरबारिया भारदारहरूको चरम स्वार्थ र षड्यन्त्रले नै प्रश्रय पायो भन्ने कुरा वि.सं. 1834 देखि 1903 सम्मका कुनै पनि प्रधानमन्त्री कालगतिले नमर्नुले पुष्टि मिल्छ । उत्तरोत्तर दरबारिया षड्यन्त्र र हिंसा मौलाउँदै जाँदा वि.सं. 1903 मा जङ्ग बहादुरद्वारा कोतको पटाङ्गिनी रक्तमुछेल बनाएर राणा शासनको जग बसालियो । राणाहरूले ब्रिटिस साम्राज्यवादको चाकरी गरेर आपm सत्तामा टिकिरहन नेपालको राष्ट्रिय अस्मितालाई धरापमा पारेर गोरखा भर्ती सुरु गर्नु तथा ब्रिटिस महारानीको जन्मदिनमा नेपालमा 21 तोप पड्काउनुले उनीहरू देश र जनताप्रति अनुदार थिए भन्ने पुष्टि हुन्छ । राणा शासकहरूको अङ्ग्रेज भक्ति, निरङ्कुश प्रवृत्ति तथा विलासी जीवन शैलीका कारण त्यतिवेलाको नेपाली साहित्य पनि आमोद प्रमोदको भोगविलासतिर लहसिन पुग्यो । उत्तरोत्तर राणाहरू जति निरङ्कुश बन्दै थिए उति नै राणा विरोधी स्वर पनि ध्वनित हुन थाले । एकातिर राणा शासकहरू निरङ्कुश बन्दै जानु र अर्कोतिर उनीहरू आन्तरिक सङ्कटमा फस्दै जानु तथा प्रथम विश्वयुद्धपछिको नयाँ परिवेशका कारण वि.सं. 1990 को दशकसँगै राणा विरोधी स्वर मुखरित हुन थालेको पाइन्छ ।

एकातिर राणाहरूको दमनका साथै अध्ययनका क्रममा भारतमा पलायन भएका युवाहरू भारतमै बसेर राणा विरोधी गतिविधिमा संलग्न थिए भने अर्कोतिर देशभित्रै पनि राणाहरूका विरुद्ध सङ्गठित प्रयासको थालनी स्वरूप वि.सं. 1988 मा प्रचण्ड गोरखा र वि.सं. 1993 मा नेपाल प्रजापरिषद्को स्थापना भयो । नेपाल प्रजापरिषद्को अगुवाइमा राणा विरोधी राजनीतिक क्रियाकलाप हुन थालेपछि वि.सं. 1997 मा गङ्गालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीलाई मृत्युदण्ड दिइयो । यस घटनाले राणा विरोधी आन्दोलन झन् तीव्र बन्दै गर्दा 2003

साल कार्तिकमा कलकत्तामा अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना भयो (के.सी., 2056ः 44), जुन विदेशमा स्थापित पहिलो राणा विरोधी सङ्गठन मानिन्छ । पछि यसको नाम नेपाली राष्ट्रिय काङ्ग्रेस राखियो र 2005 सालमा नेपाली प्रजातन्त्र काङ्ग्रेसको स्थापना भएपछि यी दुबै संयुक्त भएर नेपाली काङ्ग्रेसको गठन भएको पाइन्छ । 2006 सालमा माक्र्सवादी दर्शन चिन्तनको अनुसरण गर्ने राजनीतिक सङ्गठनका रूपमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भए लगत्तै 2007 सालमा भएको राणा विरोधी आन्दोलनको परिणाम स्वरूप राणा शासनको अन्त्य भए पनि त्रिपक्षीय दिल्ली सम्झौताका कारण राणाहरू पनि शासन सत्ताको हिस्सेदार बन्न पुगे । यही राजनीतिक पृष्ठभूमि र 2007 सालपछिको खुकुलो राजनीतिक परिवेशसँगै समाजवादी यथार्थवादी कथा लेखन (समग्र साहित्य समेत) - को आरम्भ र उत्तरोत्तर विकास भएको हो।

राणा शासकहरूको अङ्ग्रेजसँगको साँठगाँठका कारण त्यति बेलाको सामाजिक अवस्था पनि अर्ध सामन्ती र अर्ध औपनिवेशिक प्रकृतिको हुनाले आम जनतामा त्यसको नकारात्मक प्रभाव पर्नु स्वाभाविक थियो । वस्तुतः नेपाली जनता राणाहरूको सामन्ती उत्पीडनका साथै अङ्ग्रेजहरूको साम्राज्यवादी उत्पीडनबाट पनि थङ्थिलिएका थिए भन्ने यथार्थ बोध पहिलो विश्वयुद्धमा हरतरहले ब्रिटेनलाई सहयोग गर्ने राणाहरूको नीति अनुरूप दुई लाख नेपाली युवाहरू ब्रिटेनको तर्फबाट युद्ध मोर्चामा सहभागी हुनुले प्राप्त गर्न सकिन्छ । यिनै नकारात्मक आर्थिक सामाजिक गतिविधिका बिचबाट जनमानसमा राणा विरोधी चेतनाको सञ्चार हुनु भने सकारात्मक पक्ष थियो । वस्तुतः वि.सं. 1986 मा केही सचेत लेखकहरूले पुस्तकालय खोल्ने प्रयास गर्दा राणाहरूको उत्पीडनको शिकार

Notes

भएका थिए जसलाई नेपालको इतिहासमा पुस्तकालय पर्वका नामले पुकारिन्छ । अर्थात्, लामो समयको दमित मानसिकताले उन्मुक्ति खोजिरहेको अवस्थामा 2007 सालको राजनीतिक परिवर्तनसँगै आर्थिक तथा सामाजिक अवस्थामा केही सुधार हुँदै गएको यसै पृष्ठभूमिमा समाजवादी यथार्थवादी साहित्य सिर्जनातर्फको सचेत प्रयास थालिएको पाइन्छ ।

नेपाल एकीकरण अभियानसँगै आरम्भ भएको लेख्य नेपाली साहित्यको यात्रा सामन्ती कुरूपता तथा वितण्डा संस्कृतिका बिचबाट अगाडि बढेको पाइन्छ । वि.सं. 1871–72 को सुगौली सन्धिपूर्व राष्ट्रियताको भाव सुसेल्ने नेपाली साहित्यकारहरू (विशेषतः कविहरू) लाई सन्धिले ठुलो आघात पु¥याएको पाइन्छ । त्यसैको परिणाम नेपाली साहित्य भक्तिको मार्गतर्फ र उत्तरोत्तर शृङ्गारिक लेखन तर्फ प्रवृत्त हुन थाल्छ । अर्थात्, सामन्ती उत्पीडन र विसङ्गतिका विरुद्ध कलम चलाउने साहस यतिबेलाका साहित्यकारले गर्न नसकेकै देखिन्छ । वि.सं. 1958 मा गोरखापत्रको प्रकाशन तथा 1958 मै **गोर्खे खबर कागत्** (दार्जिलिङ), 1963 मा **सुन्दरी** (वनारस), 1965 मा **माधवी** (वनारस) तथा 1972 मा **गोर्खाली** (वनारस) आदिको प्रकाशनले लेखनमा गतिशीलता आए पनि निरङ्कुश सत्ता र शासकका विरुद्ध तत्कालीन साहित्यकारहरूले कलम चलाउने हिम्मत गरेनन् । मुलुकभित्र यस्तो स्थिति रहे पनि भारतका वनारस, दार्जिलिङ, देहारादुन आदि स्थानबाट जातीय एवं शैक्षिक जागरणका स्वर सुनिन थालेपछि त्यसलाई थुमथुम्याउन चन्द्र समशेरले वि.सं. 1970 मा गोरखा भाषा प्रकाशिनी समितिको स्थापना गरे पनि नेपालभित्रबाटै 1977 मा सुब्बा कृष्णलाल अधिकारीले परोक्ष रूपमा राणाहरूको विरोध गर्दै मकैको खेती नामक पुस्तक लेखे वापत कृष्णलाल

अधिकारी र शम्भुप्रसाद लगायत नौ जनालाई नौ वर्ष कैद र जागिर खोसुवा गरिएको यस घटनालाई मकै पर्व भन्ने गरिन्छ । यसै वर्ष प्रकाशित धरणीधर कोइरालाको नैवेद्य कविता सङ्ग्रहले पनि जागरणको स्वर सुसेल्ने काम गरेको छ । त्यसपछि मुलुक बाहिरबाट प्रकाशित भएका गोर्खा संसार (1983), तरुण गोर्खा (1985), उदय (1994) आदि र देशभित्रबाट शारदा (1991), उद्योग (1992), साहित्य स्रोत (2004), युगवाणी (2004) आदि पत्रिकामा प्रकाशित विभिन्न लेखहरूमा नेपाली जातिका विविध लोकजीवनमुखी तन्तुहरू प्रकाशित भएको पाइन्छ । यी नेपाली जाति बस्ने विभिन्न क्षेत्रबाट प्रकाशित लेखहरूले तत्कालिन नेपाली जातिका लोकसाहित्यका जीवनमुखी स्वर सुसेल्नुका साथै नेपाली साहित्यलाई आधुनिकतातर्फ डोराउने प्रयत्न गरेको आभास हुन्छ ।

नेपाली समाज एकीकृत गराउनको साथै आर्थिक मुद्दाहरूलाई पूरै ओझेल पारियो, बसाई सराइमा र लडाइमा भागेर नेपाल पसेको सबै जसोलाई मधेसी, आदिवासी र जनजाती बनाइयो अर्थात् नेपालको शरणार्थीहरुको बसोबास ऐतिहासिक भूगोल छोपेको देखिन्छ । यस कार्यमा त्रिविविका प्राध्यापकहरू, गैरसरकारी संस्थाको साझेदारीमा आएको पैसो खाएर अनुसन्धानका नाममा नेपालको सम्बेदनशील क्षेत्रलाई मेथोडोलोजीमा पारि धुर्त्याइँ गरेको विश्वविद्यालय केही विभागहरूका पेपर, उनीहरूको पुस्तक प्रकाशित गरिदिने प्रकाशकहरू हेर्दा प्रष्ट देखिन्छ । सत्य र तथ्य छोपिएको भूगोलको परिणाम हामी अहिले भोगिरहेको प्रष्ट छ । सामान्य, हाम्रो समाजमा जरो गाढेको छुवाछुतको कुरो र राजनीतिक परिदृश्य हेर्दा हिमाली भेगको छुवाछुत समेटेको भेटिँदैन, यो छुवाछुत हटाउने शैक्षिक, आर्थिक र सामाजीक रुपान्तरणको पाटो छोएको भेटिँदैन ।

नेपालको भूगोल भित्र; सन् 1964 मा बर्मामा नागरिकता कानुन लागु भए पछि, नागरिकता बर्माको अपनाउन नचाहने नेपाली नेपाल फर्किए; तराई क्षेत्रमा जुट, सुती कपडा, सलाई, प्लाइउड, बविन, तेलहन, दलहन, धान चामल, पीठो आदि कारखानाहरू स्थापित भए । उक्त उद्योगमा काम गर्ने दक्ष, अर्ध दक्ष, अदक्ष कामदारहरू अधिकांश सीमा पारी भारतबाट आए, धेरै जसो यतै बसोबास गरे; काठमाडौँको न्युरोड, नयाँ परिवेशको बजार बनाउने सिलसिलामा नेपाली तथा भारतीय मारवाडी र अरू व्यापारी समुदायहरूलाई न्यु रोड सडकमा पसलहरू सञ्चालन गर्न आकर्षण गरियो; सन् 1950 को सन्धिको कार्यान्वयनलाई 2007 सालमा प्रजातन्त्रको स्थापनाले सहज तुल्यायो । राणा शासनकालमा आवतजावतमा बन्देज रहेको स्थिति प्रजातन्त्रपछि फुक्का भयो ।

अधिकांश भारतीयहरूले सन्धि प्रदत्त प्रावधान वाट फाइदा लिन तराईमा जग्गा किन्न, बसोबास गर्न र व्यापार गर्न थाले; सन् 1959 मा चीनले तिब्बतमा पूर्णतया नियन्त्रण गरेपछि नेपालमा करिब 16,000 तिब्बती शरणार्थीहरू नेपाल पसे (कंसाकार); भारतको बारम्बार हुने गरेको साम्प्रदायिक दङ्गाले भारतबाट नेपालमा हुने बसाई सराईको सङ्ख्यामा वृद्धि गर्ने गरेको छ । 1981 र 1991 बिचमा नेपालको जनसङ्ख्यामा एकाएक मुसलमानहरूको वृद्धि भयो । नेपालमा मुसलमानहरूको जनसङ्ख्या 1981 मा 399,197 थियो भने सन् 1991 मा यो सङ्ख्या 653,218 पुग्यो! अर्थात् एक दशकभित्र 254,021 जना थपिएको पाइन्छ । यो सङ्ख्या 63.3 प्रतिशत बढेको देखिन्छ । अहिलेको तथ्याङ्क नेपाल सेन्सस 2011 अनुसार नेपालमा मुसलमानको संख्या 1.164 मिलियन देखिन्छ । सन् 1947 पछिको अवस्था हेर्दा भारत र पाकिस्तान छुट्टिँदा र त्यसको अभ्यासमा नेपालमा जन्मिएका त्यो मुलुकमा बस्ने

नेपालीहरूले पनि भारतीय र पाकिस्तानी नागरिकता दिएको देखिँदैन । सन् 1984 मा भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीको हत्यापछि भएको दङ्गाको मारबाट भागेका सिखहरू नेपालभित्र पसे । अहिले नेपालमा 6 वटा गुरुद्वारा  छन् ।

सन् 1951 मा पनि नेपाली मूलका भारतीय यतै पसेको देखिन्छ; सिक्किमबाट भागेका र  भुटानबाट लखेटिएका भारतले काँकडभिट्टामा थुप्रो लगाइदिएका नेपाली भाषी एक लाखले कतीले नेपाली नागरिकता पाए कति कहाँ कहाँ छन् ? अहिले हुँदाहुँदा रोहिन्ग्या पनि यही मुलुकमा आइ पुगेको देखिन्छ । यी बसाई सराई र शरणार्थीहरुको कुनै लेखा जोखा भएको देखिँदैन र छैन । यो भूगोल छोप्न प्रयोग गरिएका व्यक्तिहरु र सस्थाहरु चिन्न र सबै बुझ्न सजिलोको लागि  नेपाल र नेपालीको नाममा हाम्रा मित्र रास्ट्रहरु अमेरिका, बेलायत, जर्मनी, नर्बे, स्वीट्जरल्याण्ड, इयु, अस्ट्रेलियाले आदि दिएको सहयोगमा कार्यान्वयन गर्न साझेदार MDG-8 को कार्यान्वयन अनुसार साझेदार गैर सरकारी संस्थाहरु राखिएको देखिन्छ । साझेदार भन्नासाथ पैसो बिचौलिया लान्छन् र खान्छन् ।

जातजाति, भाषा, लैगिक अधिकार, मानब अधिकार लेख्न र भन्न थाल्यो कि कसको पैसो र कसको उदेश्य कार्यान्वयन गर्दैछ र बोल्दैछ भन्ने बुझिन्छ यो हाम्रो परिवेशमा किनकी यो देशको 125 जातजाति र 123 भाषाभाषी समेट्ने, विश्वास सिर्जना गर्ने, हाम्रो मानवीय माया, प्रेम र आत्मियता दरिलो र कसिलो पार्ने सोच र दृस्टी त्यहाँ खोजी गर्दा बोकेको भेटिँदैन । राजनीतिक स्वार्थबाट अभिप्रेरित मात्रै देखिन्छ । यो एक धारमा बगाउने कार्य भैरहेको नेपालमा देखियो । समस्टिगत रूपले

Notes

सरणार्थी र बाहिरी बसाई सराईबाट आएकालाई मधेशि, आदिवासी र जनजाति सबैलाई बनाउने कार्य मुख्य त्रिबिबिका प्राध्यापक, ठूलो पदमा रहेका कर्मचारीहरुले गरे । अर्थात: यिनीहरु पैसोमा बिक्री भए वा के स्वार्थमा यो सत्य र तथ्य छोपे ? उनीहरु नै जानुन । मुख्य, प्राध्यापक विद्यावीर सि कंसाकार, गुरुङ पछि यो सत्य र तथ्यको भूगोल छोपेको देखिन्छ । गहिरो अध्ययन गर्दा यी व्यक्तिहरु प्रष्ट देखिन्छन । यो भूगोलमा डेमोग्राफिक अध्ययन बेगर गरिएको ठूलो गल्ती हो ।

ऐतिहासिककालदेखि नै सामुद्रिक बाटो भूमिको बाटो भन्दा आर्थिक रुपले कम लागतमा धेरै सामान ओसार प्रसार गर्न धेरै महत्वपूर्ण छ । ऐले पनि 90 % वैदेशिक ब्यापार र तिन खण्ड को दुई खण्ड पेट्रोलियम पदार्थ सामुद्रिक बाटो बाट नै ओसार पसार हुन्छ ! यो क्षेत्रको भूगोलमा रेड सी, अरेबियन सी, वे अफ बङ्गाल, जावा र साउथ चाइना सी र इन्डियन सी गाठो परेका  छन् । अमेरिका नांगा आखाले इन्डियन सी लाई नियालेर हेर्छ किनकि उसको भूगोल प्यासिफिक र Atlantic सँग जोडिएको छ । क्याप्लान लेख्छन सन् 2030 सम्म अहिलेको अबस्थाको 50 % बढी/ माथि इनर्जीको आवस्यकता पर्ने छ । त्यसको खपत 50 % माथि चीन र भारतलाई पर्ने छ ! हाम्रा कुराहरु गर्ने हो भने यस्ता कुराहरु सोच्ने, अनुसन्धान गर्ने कसैलाई फुर्सद छैन। यो सामुद्रिक बाटो, जोडिएको भूमि चीन,अमेरिका र भारतको लागि सारै महत्वपूर्ण छन् । राष्ट्रिपति सी र मोदीको वार्ता लागातार लामो हुनुका कारण ब्यापार सहित मुख्य विषय अध्ययन गर्दा यहि देखिन्छ । किनकी साउथ चाइना सी र इन्डियन सी दुवै राष्ट्रको लागि अति महत्व राख्दछन । पहिलेको शक्तिशाली अमेरिका, जापान, अस्ट्रेलिया जिओ पोलिटिकल्ली यहाँ इन्डो प्यासिफिक भन्दै यहाँ स्वार्थ अनुकुल जोडिन पुग्दछन् ।

पूर्वी एशिया डीकोलोनाइजेसन भए पनि र यस क्षेत्रको मनमुटाव र लडाईले भित्र भित्र भत्भती पोलिरहेको अवस्था नै देखिन्छ ! पूर्वी एशिया सामान्य दुई क्षेत्रमा भूगोलले बाडिएको देखिन्छ । एक क्षेत्र उत्तर पूर्वी एशिया जसमा कोरियन पेनेसुयला पर्छ भने अर्को दक्षिण पूर्वी एशियालाई डोमिनेट गर्ने साउथ चाइना सी पर्दछ । चिनियाँ जनता र भारतीय महादिपका सबै जनताको मेरीटाइमको भरपर्दो आधार नै साउथ चाइना सी हो । अर्थात, विश्व ग्लोबको जनसान्खिकिय कक् पिट हो भनेर भनिन्छ । यो मलक्काबाट तेल इन्डियन समुद्र हुँदै तेल ल्याउने बाटो हो । कोरियाको तीन भागमा दुई भाग तेल आपूर्ति, जापानको र ताइवानको 60 % इनर्जी आपूर्ति र 80 % कच्चा तेल चीनमा ल्याउने साउथ चाइना सी कै बाटो हो । चिनियाँहरुको अध्ययन अनुसार यसमा 7 बिलियन ब्यारेल तेलको भण्डार भएको र 900 ट्रीलियन क्युबिक फिट प्राकृतिक ग्यास भण्डार रहेको निकालेका छन् भने चिनियाँ राष्ट्रिय तेल कर्पोरेशनले बिस मिलियन भन्दा बढी रकम लगानी गरिसकेको छ । यो पश्चिम प्यासिफिक समुद्र र इन्डियन ओसनको घाटी हो जहाँ आर्थिक ब्यापार र आवस्यकताको रेशा रहेको देखिन्छ । विश्वका आधा ब्यापारीहरुको आधार हो जहाँ मलक्का , सुन्दा, लोम्बोक र मकासर सहित युरेशिया जोडिएको छ ।

मूख्य यही भूगोलको आखा गढ़ाईमा अमेरिका, अस्ट्रेलिया , जापान, चीन र भारत लागेका हुन् । यिनीहरुको मूल प्रतिस्पर्धाबाट जन्मिएको इन्डोपेशिफिक हो । यही स्वार्थ खातिर जमिनी क्षेत्रबाट सैनिकी ब्यायाम गराउने भुमि नेपाल भनेर प्रस्ट इन्डोपेशिफिक डकुमेन्टमा लेखिएको देखिन्छ भने चुलबुले नीति अन्तर्गत नेपालबाट चीन तर्फ घोचिरहने हतियार तिब्बत देखिन्छ । यसको अभ्यासमा दुई पैसे बिकाउ सांसद,

नेता , बुद्धिजिबी, लेखक, पत्रकार आदि प्रयोग गरी राजनीतिक अस्थिरता र तिब्बत घोचिरहन साझेदारी मार्फत गैर सरकारी संस्थाहरु प्रयोग गरेको देखिन्छ । किनकी सोझै गर्दा असजिलो हुने भएकाले यसो गरिरहेको देखिन्छ । यसकै प्रतिस्पर्धामा बिआर आई पनि व्यापारिक साथै मुख्य मेरीटाईमलाइ भित्रि मुख्य इस्यु बनाएर चीनले पनि ल्याएको छ । हामी पैसोको बिकाई पेन्डुलम् सरी हल्लिरहेको सबै जियो पोलिटिक्सका क्रियाकलापहरुलाई यहाँ इन्टरलिंकिंग गर्दा एक केन्द्र बिन्दुमा देखिन्छ ।

नेपालको परिप्रेक्ष्य सामाजिक विखण्डन जस्तै: मधेसी र पहाडे, जातजाति, लैगिक अधिकार आदि जस्ता विषयहरूमा शासकीय व्यवस्था, मानव अधिकार, विभेद समेट्नलाई होइन- विखण्डन गराई, वर्गीय विभाजन र राजकुमार र राज कुमारी वर्ग ( इलाइट्स ) तयार गर्न नेपाल र नेपालीको नाममा सहयोग राशि गैर सरकारी सस्थाहरु, युएनका सङ्गठन युएनडिपी खर्च गरेको यो संविधान र सङ्घीयता ल्याउँदा प्रस्ट स्थानीय, क्षेत्रीय र केन्द्रीय स्तरमा, कर्मचारी तन्त्रदेखि सरकारी कार्यालय, प्राध्यापकहरू, एफ एम रेडियो, पत्रपत्रिकाहरू, सांसद, लेखकहरू र राजनीतिक पार्टीका नेताहरू देखिन्छ । ऐतिहासिक भूगोलको समयका राजनीतिक - आर्थिक सङ्गठनका संरचनागत विषयहरू जस्तै: सांस्कृतिक परिधिहरू - छुवाछुत, बाल विवाह, बोक्सी, धामी झाँक्री आदि समयानुकूल परिवर्तित हुँदै नेपाली समाजमा आएको देखिन्छ तर यसलाई स्वार्थ अनुकूल राजनीतिक - आर्थिक फाइदालाई प्रयोग गरेर अझै जटिलता तिर गइरहेको पनि छ । जस्तो: व्यापारमुखी दाइजो प्रथा, धर्म, संस्कारको राजनीतिक व्यापारीकरण।

## 10.6 उपसंहार

इतिहासअन्तर्गत हामी जुन विषयहरूलाई अध्ययन गर्दछौ, त्यसबाट आजसम्मको घटित घटनाहरू वा त्यससित सम्बन्ध राख्ने घटनाहरूका कालक्रमानुसार वर्णन हुने गर्दछ । अर्को शब्दमा मानवका विशिष्ट घटनाहरूको नाम नै इतिहास हो । यस अतिरिक्त प्राचीनताबाट नवीनतातर्फ आउने घटना, काल, मानव जातिसित सम्बन्धित घटनाहरूका वर्णन नै इतिहास हो । यी घटनाहरू वा ऐतिहासिक साक्ष्यहरूका तथ्यको आधारमा प्रमाणित गरिने गरिन्छ । इतिहासको मुख्य आधार युगविशेष र घटनास्थलका त्यो अवशेष हो, जो कुनै न कुनै रूपमा प्राप्त हुने  गर्दछ । जीवनको बहुमुखी व्यापकताका कारण स्वल्प सामग्रीहरूका सहारा विगत युग अथवा समाजका चित्रनिर्माण करना दु:साध्य हुन्छ । सामग्री जति अधिक हुँदै जान्छन् , त्यसको अनुपातदेखि बितेको युग तथा समाजको रूपरेखा प्रस्तुत करना साध्य हुने गर्दछ ।

कालक्रमिक रूपमा साहित्यको अध्ययन गरिने पद्धतिलाई ऐतिहासिक पद्धति भनिन्छ भने कुनै निश्चित सीमा, क्षेत्र तथा भूमिको आधारमा त्यसको कालखण्डको आधारमा गरिने प्रणालीलाई भूगोल - ऐतिहासिक पद्धति भनिन्छ । यहाँ यस पद्धति अध्ययन नेपाली जाति र उनीहरू बस्ने क्षेत्रका आधारमा यस जातिका लोकसाहित्यको सन्दर्भमा गरिएको छ । भूगोल र इतिहास दुई शब्दको योगले बनिएको लोकसाहित्यको भूगोल - ऐतिहासिक पद्धति अन्तर्गत कुनै निदृष्ट भूमि वा भुभागमा बसोबासो गर्ने जातिका इतिहासका यथार्थ घटनालाई विषयवस्तु बनाएर लेखिएका लोकसाहित्यहरूको अध्ययन गरिने गरिन्छ ।  यसैले यस पद्धतिलाई ऐतिहासिक यथार्थवादी प्रणाली पनि भनिने गरिन्छ ।

भूगोल - ऐतिहासिक पद्धतिलाई अनुसरण गरेर लोकसाहित्यको अध्ययन नेपालीमा पहिलेदेखि नै लेखिँदै वा हुँदै आएका छन् ।  प्राप्त ऐतिहासिक प्रमाणहरूका आधारमा कुनै उपत्यकाको आदि भूमिपुत्र, त्यहाँका रैथानेहरू, स्थानिय बासिन्दा, उनीहरूका रहन - सहन, संस्कार, संस्कृति, भाषा आदिको अध्ययनको लेखा - जोखा भूगोल - ऐतिहासिक पद्धतिमा गरिने गरिन्छ ।

## 10.7 सार

यस प्रखण्डमा **संरचनावादी पद्धति र भूगोल - ऐतिहासिक पद्धति**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- इतिहासअन्तर्गत हामी जुन विषयहरूलाई अध्ययन गर्दछौ, त्यसबाट आजसम्मको घटित घटनाहरू वा त्यससित सम्बन्ध राख्ने घटनाहरूका कालक्रमानुसार वर्णन हुने गर्दछ ।
- मानवका विशिष्ट घटनाहरूको नाम नै इतिहास हो । यस अतिरिक्त प्राचीनताबाट नवीनतातर्फ आउने घटना, काल, मानव जातिसित सम्बन्धित घटनाहरूका वर्णन नै इतिहास हो ।
- इतिहासको मुख्य आधार युगविशेष र घटनास्थलका त्यो अवशेष हो, जो कुनै न कुनै रूपमा प्राप्त हुने गर्दछ ।
- जीवनको बहुमुखी व्यापकताका कारण स्वल्प सामग्रीहरूका सहारा विगत युग अथवा समाजका चित्रनिर्माण करना दु:साध्य हुन्छ । सामग्री जति अधिक हुँदै जान्छन् , त्यसको अनुपातदेखि बितेको युग तथा समाजको रूपरेखा प्रस्तुत करना साध्य हुने गर्दछ ।

- कालक्रमिक रूपमा साहित्यको अध्ययन गरिने पद्धतिलाई ऐतिहासिक पद्धति भनिन्छ भने कुनै निश्चित सीमा, क्षेत्र तथा भूमिको आधारमा त्यसको कालखण्डको आधारमा गरिने प्रणालीलाई भूगोल - ऐतिहासिक पद्धति भनिन्छ ।
- भूगोल र इतिहास दुई शब्दको योगले बनिएको लोकसाहित्यको भूगोल - ऐतिहासिक पद्धति अन्तर्गत कुनै निदृष्ट भूमि वा भुभागमा बसोबासो गर्ने जातिका इतिहासका यथार्थ घटनालाई विषयवस्तु बनाएर लेखिएका लोकसाहित्यहरूको अध्ययन गरिने  गरिन्छ ।
- यसैले यस पद्धतिलाई ऐतिहासिक यथार्थवादी प्रणाली पनि भनिने गरिन्छ ।
- भूगोल - ऐतिहासिक पद्धतिलाई अनुसरण गरेर लोकसाहित्यको अध्ययन नेपालीमा पहिलेदेखि नै लेखिँदै वा हुँदै आएका छन् ।
- प्राप्त ऐतिहासिक प्रमाणहरूका आधारमा कुनै उपत्यकाको आदि भूमिपुत्र, त्यहाँका रैथानेहरू, स्थानिय बासिन्दा, उनीहरूका रहन - सहन, संस्कार, संस्कृति, भाषा आदिको अध्ययनको लेखा - जोखा भूगोल - ऐतिहासिक पद्धतिमा गरिने गरिन्छ ।

यस प्रखण्डको अध्ययनले **संरचनावादी पद्धति र भूगोल - ऐतिहासिक पद्धति**बारे बुनियाँदी जानकारी प्राप्त भयो । लोकसाहित्यको सामान्य परिचय र यसको संरचनावादी पद्धति र भूगोल - ऐतिहासिक पद्धतिबारे सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 10.8 अनुशीलनी

1. लोकसाहित्यको अर्थबारे चर्चा गर्दै यसबारे विभिन्न विद्वानहरूले दिएको परिभाषालाई प्रस्तुत गर्नुहोस् ।

**Notes**

2. लोकसाहित्यको उत्पत्ति सर्वप्रथम कुन देश र कसबाट भएको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

3. लोकसाहित्यका संरचनावादी पद्धतिबारे एउटा गरिलो लोख तयार पार्नुहोस् ।

4. लोकसाहित्यको भूगोल - ऐतिहासिक पद्धतिबारे आफ्नो अध्ययन प्रस्तुत गर्नुहोस् ।

5. संरचना शब्दको अर्थ र परिभाषाबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्दै लोकसाहित्यमा संरचनावादी पद्धतिको मूलय् र उपयोगितालाई खट्याउनुहोस् ।

6. लोक साहित्य र लोकवार्तामाझ के कस्तो समान्ता र भिन्नता रहेको पाइन्छ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

7. लोकसाहित्य सम्बन्ध समाजसित कतिको रहेको ठान्नुहुन्छ ? आफ्नो तर्कलाई प्रस्तुतु गर्नुहोस् ।

8. लोकसाहित्यका मुख्य - मुख्य पद्धतिहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

9. लोकसाहित्यको भूगोल - ऐतिहासिक पद्धतिहरूबारे समीक्षात्मक टिप्प्णी प्रस्तुत गर्नुहोस् ।

10. लोकसाहित्यका अध्ययनको समाजशास्त्रीय पद्धति, सांस्कृतिक पद्धति, ऐतिहासिक पद्धति, संरचनावादी पद्धति आदिबारे टिप्पणी लेख्नुहोस् ।

## 10.9 अतिरिक्त अध्ययन

1. शर्मा, मोहनराज - **समकालीन समालोचना सिद्धान्त र प्रयोग ।**

2. प्रधान, कृष्णचन्द्र सिंह - **आधुनिक नेपाली उपन्यासमा सांस्कृतिक चेतना ।**

3. गिरी, अमर - **सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा।**

4. तामाङ, पेम्बा - **आख्यानदेखि पराख्यानसम्म ।**

5. लुइटेल, खगेन्द्रप्रसाद - **लोक साहित्य परिचय ।**

6. बन्धु, चूडामणि **-नेपाली लोकसाहित्य ।**

7. गिरी, जितेन्द्रदेव **-नेपाली लोकवार्ता ।**

8. गिरी, जिवेन्द्रदेव -लोकसाहित्यको अवलोकन ।

9. परमार, श्याम -लोक साहित्य विमर्श ।

10. लामिछाने, कपिलदेव - नेपाली लोकगाथाको अध्ययन ।

11. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल -लोकवार्ता विज्ञान र लोकसाहित्य ।

12. उपाध्याय, कृष्णदेव - लोकसाहित्यकी भूमिका ।

13. दिवस, तुलसी - नेपाली लोककथाः केही अध्ययन ।

14. थापा, धर्मराज र हंसपुरे सुवेदी - नेपाली लोकसाहित्य ।

15. पराजुली, कृष्णप्रसाद - नेपाली लोकगीतको आलोक ।

16. कोइराला, शम्भुप्रसाद - लोक साहित्य : सिद्धान्त र विश्लेषण ।

यस अतिरिक्त **संरचनावादी पद्धति** र **भूगोल - ऐतिहासिक पद्धति**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र - पत्रिकाको पनि अध्ययन ।

## 10.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट : तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

११. लोकसाहित्यको सामान्य परिचय ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विध्यार्थीले 10.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१२. संरचना शब्दको अर्थ र परिभाषा ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विध्यार्थीले 10.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१३. भूगोल - ऐतिहासिक शब्दको अर्थ र परिभाषा ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विध्यार्थीले 10.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१४. लोकसाहित्यको संरचनावादी पद्धतिहरू ।

.......................................................................................

………………………………………………………………………………………

………………………………………………………………………………………

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विध्यार्थीले 10.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१५. लोकसाहित्यको भूगोल - ऐतिहासिक पद्धति ।

………………………………………………………………………………………

………………………………………………………………………………………

………………………………………………………………………………………

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विध्यार्थीले 10.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 11, नेपाली लोकवार्ता, लोक संस्कृति र नेपाली लोक जीवनको परिचय

**संरचना**

11.0 उद्देश्य

11.1 परिचय

11.2 लोक शब्दको अर्थ र परिभाषा

11.3 नेपाली लोकवार्ता

11.4 नेपाली लोक संस्कृति

11.5 नेपाली लोक जीवनको परिचय

11.6 उपसंहार

11.7 सार

11.8 अनुशीलनी

11.9 अतिरिक्त अध्ययन

11.10 मूल्यबृद्धिको निम्ति उत्तर

## 11.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- लोक शब्दको अर्थ र परिभाषा
- नेपावली लोकवार्ता
- नेपाली लोक संस्कृति
- नेपाली लोक जीवनको परिचय

## 11.1 परिचय

अङ्ग्रेजी भाषामा प्रयुक्त '**फोकलोर'** शब्दको पर्यायका रूपमा नेपाली भाषामा प्रयोग हुँदै आएको **लोकवार्ता**ले लोककला, लोकअनुष्ठान, लोकव्यवहार लोकसाहित्य, लोकविश्वास आदि पक्षलाई समेट्दछ । 'लोक' पूर्वपद लागेर 'लोकवार्ता', 'लोकसंस्कृति', 'लोकजीवन', 'लोकसाहित्य' जस्ता समस्तशब्दहरूको निर्माण भएको छ । लोकवार्ता अन्तर्गत भौतिक संस्कृति )भाँडावर्तन, कलाकौशल, आवास, पोशाक आदि (र अभौतिक संस्कृति )चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य आदि (दुवै पर्दछन् ।

साधारण अर्थमा **लोकवार्ता** भन्नाले लोकसित सम्बन्धित घटकलाई बुझिन्छ । लोक र वार्ता दुई शब्दको योगले बनिएको लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोक जीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो । मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ1 भन्ने भनाइले पनि लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ ।

लोकको अभिप्राय सर्वसाधारण जनतासित रहेको हुन्छ । साधारण भाषामा **लोक** भन्नाले संसार, पृथ्वी तथा मान जिलाई बुझिन्छ । लोक तथा विश्व ब्राहमण्डमा रहेको मानिसहरूका व्यक्तिगत पहिचान नरहेर यसै लोकमा उनीहरूको सामूहिक पहिचान रहेको हुन्छ । व्यक्तिगत पहचानले

Notes

मात्र यस लोकमा मानिहरूलाई सही पहिचान नगरेर सामूहिक पहचानले व्यक्तिलाई संसारमा परिचित गराउने गर्छन् । संसारमा रहने दीन - हीन, शोषित - पीडित, दलित, जङ्गली जातिहरू (कोल, भील, गोंड आदि जनजाति)पर, संथाल, नाग, किराँत, हूण, शक, यवन, खस, ब्राहमण ,जाठ ,नेपाली वा गोर्खा ,पुक्कस आदि समस्त लोक समुदाय मिलेको साझा रूपलाई **लोक** भनिने गरिन्छ । यी विभिन्न जात ,जाति , वर्ग आदिले पालन गर्ने विभिद ,समुदाय संस्कृति मिलेर बनिएको एकरूपतालाई **लोक संस्कृति** भनिन्छ । अङ्ग्रेजीमा **फोकलोर** भनिने लोकवार्ता कै एउटा हाँगा हो - लोक संस्कृति । समग्रमा लोकवार्ता, लोक संस्कृति र लोकजीवन सबै मानवको सम्पत्ति हो । यसैले वर्तमानमा लोकवार्ता, लोकसाहित्य, लोकभाषा आदिको संरक्षण र जगेराको निम्ति सबै जागरूक हुनु नितान्त जरूरी देखिन्छ ।

## 11.2 लोक शब्दको अर्थ र परिभाषा

**'लोक'** शब्दको प्रयोग जनता र जाति विशेषको अर्थमा हुँदै आएको छ । संस्कृत व्याकरण अनुसार **लोक** दर्शने धातुमा घञ् **अ** प्रत्यय लागेर लोक + घञ् अ = लोक शब्द बनेको यो धातुको अर्थ 'देख्नु' वा 'हेर्नु' हुन्छ । त्यो हेर्ने वा देख्ने समस्त सामान्यजनको आमजीवनलाई नै यथार्थमा 'लोकजीवन' भन्न सकिन्छ ।

'लोक' शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको 'लोक दर्शन' धातुमा 'धञ' प्रत्यय लागेर बनेको शब्द हो 'लोक' । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि । लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द

ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ । डा. कृष्णदेव उपाध्यायले प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई 'लोक' भनिन्छ भनेका छन् ।

लोकको अभिप्राय सर्वसाधारण जनतासित रहेको हुन्छ । साधारण भाषामा **लोक** भन्नाले संसार, विश्व ब्राह्माण्ड, पृथ्वी तथा मानव जातिलाई बुझिन्छ । लोकमा रहेका मानिसहरूका व्यक्तिगत पहचान नरहेर यसै लोकमा उनीहरूका सामूहिक पहचान रहेका हुन्छ । संसारमा रहने दीन - हीन, शोषित - पीडित, दलित, जङ्गली जातिहरू ( कोल, भील, गोंड आदि जनजाति ), संथाल, नाग, किराँत, हूण, शक, यवन, खस, ब्राहमण, नेपाली वा गोर्खा, जाठ, पुक्कस आदि समस्त लोक समुदाय मिलेको साझा रूपलाई **लोक** भनिने गरिन्छ ।

## 11.3 नेपाली लोकवार्ता

साधारण अर्थमा **लोकवार्ता** भन्नाले लोकसित सम्बन्धित घटकलाई बुझिन्छ । लोक र वार्ता दुई शब्दको योगले बनिएको लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोक जीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो । मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ1 भन्ने भनाइले पनि लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ ।

प्रथमत :**लोकवार्ता** भन्ने शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ। यसले हाम्रो सम्पूर्ण जीवनपद्धति र चिन्तनधारलाई पनि समेट्छ । लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो ।

मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ1 भन्ने भनाइले पनि लोकवार्ता वा लोकसंस्कृति श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकसाहित्य वा लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । लोकवार्ता धैरै अगाडिदेखि मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो ।  तर धैरै जस्तो पिछडिएको राष्ट्रको अध्ययन परम्परा सुदीर्घ र वैज्ञानिक दृष्टिले व्यवस्थित हुन सकेको पाइँदैन । यही कारणले गर्दा सहजमार्ग अवलम्वन गर्ने क्रममा हामी सबै कुरा पश्चिमबाट आएको भन्ने मान्यतालाई नै अन्तम सत्य मान्दै आएको छौं । कुनै पनि पश्चिमा अध्यनको साँचो वा मापदण्डमा ढालेर गरिने अध्ययन प्रणालीले हाम्रो राष्ट्रियतामा आधारित मूल्यपरम्परालाई पूर्ण न्याय गर्न सक्दैन ।

लोकवार्ता हामी मानवको पहिचार र परिचय मात्र नभएर साझा सम्पत्ति पनि  हो । यसैले यसको अध्ययन औचित्यपूर्ण रहेको ठहर्दछ । लोकवार्तामा पर्ने हामी नेपाली जातिको विजया दशमी पर्वमहोत्सवलगत्तै /

हार आफैं विशिष्ट पछाडि आम नेपालीका घरदैलो प्रवेश हुने यमपञ्चक ति महत्ववाहक बनेको छ । यमपञ्चक तिहारको विशेष महत्व दिदी - बहिनी मात्रले आफ्ना दाजुभाइलाई बर्सेनि मायालु - स्नेही सगुनसहित सजीवनमा उपहारसहित गरिने सम्मानजनक पूजन - अभिवादन - अभिनन्दन उत्सव ठहर्छ । यसरी नै कागतिहार, कुकुर तिहार, गाई तिहार ,लक्ष्मी पूजा, गोरु पूजा ,गोवर्धन पूजापछि भाइटीका मनाइने परम्परा हामी नेपाली जातिमा छ। लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । आजको सन्दर्भमा लोकवार्ता एउटा जातिको घरोहर, संस्कृति, सभ्यता आदिलाई बचाएर राख्नो दर्पण साथै महत्वपूर्ण विषय पनि बनेको छ । यसले कुनै पनि जाति, राष्ट्र, सभ्यता, संस्कार, समुदाय आदिको स्पष्ट पहिचान अभिव्यक्त गर्ने गर्दछ । पाश्चात्य जगतमा लोकवार्ता विभिन्न वाद, आन्दोलन, धारा आदि भन्दा धेरै अगाडिदेखि मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो ।

मूलतः मानव र मानवताको संरक्षण एवं संवद्र्धनका लागि निर्मित साहित्य, कला, दर्शन, सङ्गीतलगायत यावत् गतिविधि र क्रियाकलापहरू तथा मानवीय जीवनपद्धति सबै लोकवार्ताभित्रै अटाउँछन् । ज्ञान-विज्ञान दुवैलाई समेट्ने सांस्कृतिक सन्दर्भबाटै मानव जाति र सिङ्गो विश्व मानव समुदाय परिचालित हुनेहुँदा लोकवार्ताभित्र मानव समुदायले गर्ने सम्पूर्ण आध्यात्मिक - भौतिक गतिविधि र क्रियाकलाप पर्छन् ।

लोकवार्तासम्बन्धी विविध घटकहरू रहेको हुन्छ । ती हुन् -

(१) ईस्वरीय लोक

(२) लोकविश्वास

(३) लोकप्रचलित संस्कृति

(४) लोकमान्यता

(५) लोकोक्ति

(६) गायन, वादन र नर्तनमा आधारित लोकसंस्कृति

(७) चाडपर्व, तीर्थ, व्रत, जात्रा आदिमा आधारित लोकसंस्कृति

ईश्वरसँग सम्बद्ध विभिन्न गतिविधि एवं क्रियाकलापलाई ईश्वरीय लोकवार्ताअन्तर्गत समावेश गर्न सकिन्छ । ईश्वरीयता भनेको अमूर्त एवं अलौकिक शक्तिमा विश्वास गर्नु हो । प्राचीन कालदेखि नै मानिस प्रत्यक्ष एवं परोक्ष रूपमा ईश्वरीय चिन्तनसँग प्रभावित रहेको छ । यसप्रकारको लोकवार्ता प्रस्तुति प्रार्थना, आराधना, पूजाआजा, मन्दिरको दर्शन, व्रत तथा विपद्का समयमा ईश्वरको पुकारा गरी ईश्वरमाथि आस्था र भरोसा गरेको सन्दर्भबाट अभिव्यक्त भएको पाइन्छ । (2 (लोकप्रचलित विश्वास जनजीवनमा परम्परादेखि नै अमीट छाप पार्ने गरी प्रचलनमा रहेका विभिन्न संस्कारजन्य सन्दर्भहरूलाई लोकप्रचलित विश्वासअन्तर्गत राखिन्छ । मानव समाजमा लोकप्रचलन, सामाजिक अन्धविश्वास, भाग्यवाद, किरिया हाल्ने प्रचलन आदि अनेक सन्दर्भहरूलाई समेटिएको पाइन्छ । नेपाली समाजमा कुमारी घरमा हुने भोजमा पूर्वकुमारीलाई निम्तो आउनु , कुमारीलाई देवी मानिनु वा उबाट सबैले टीका थाप्नु , पूर्णिमाको दिन चिबहाल, देउताघर र मन्दिरमा बत्ती दिनु , बिहेको बेला ढोकामा पञ्चबुद्ध र कलशको चित्र बनाउनु , जन्मदिनमा दहीचिउरा बाँड्नु , आफन्तको मृत्यु हुँदा भोकै बस्नुपर्ने आदि लोसविश्वास हुन् ।

अन्धविश्वास विभिन्न प्रकारका सामाजिक अन्धविश्वासहरू पुख्र्यौली सम्पत्तिका रूपमा एक पुस्ताबाट अर्को पुस्तामा मौखिक वा श्रुतिपरम्पराका रूपमा हस्तान्तरण भइरहेका हुन्छन् । शिक्षित तथा युवा पुस्ताले यस्ता अन्धविश्वासहरूलाई अस्वीकार गर्न खोजे पनि तिनले कुनै न कुनै रूपमा

समाजमा स्थान पाइरहेका छन् । वास्तवमा व्यक्ति जस्तोसुकै शिक्षित र सभ्य भए पनि समाजमा प्रचलित अन्धविश्वासबाट विमुख भई त्यसलाई पूर्ण रुपमा अस्वीकार गर्न सक्दैन । बाहिरी देखावटी रूपमा अस्वीकार गरेजस्तो देखिए पनि तिनका मनमा यस्ता संस्कारहरूले जन्मजात रूपमै घर बनाइसकेको हुन्छ । नेपाली समाजमा देवी - देवताको दोष लागेको सम्झेर चिना देखाउन खोज्नु , मानिसलाई बोक्सीले सताउने, बोक्सीलाई डाम्ने विचारको प्रस्तुति गर्नु , कुनै औषधीले ठीक पार्न सकेन भनेर गुभाजुलाई झारफुक गर्न लगाउनु , मोहिनी लगाएर केटीलाई जालमा पार्ने प्रयास गर्नु , बिहेको जन्तीमा चिराग बोकेर हिँड्नु आदि अन्धविशावस हुन् ।

**लोकवार्ता** भनेको प्राचीन कुरा मात्र होइन, वर्तमानको पनि हो र वर्तमानको मात्र होइन, भविष्यसम्म जाने कुरा पनि हो। लोकवार्ता र संस्कृतिहरूलाई हेर्दा हामीले जहिले पनि गाउँको, किसानहरूको, नपढेकाहरूको वा मानौँ विकासमा पहुँच नपाएकाहरूको सम्पदाका रूपमा हेर्ने गर्छौं, होइन त्यो। प्रविधिको विकाससँगसँगै सांस्कृतिक विकासले पनि आफ्नो रूपमा परिवर्तन ल्याउने र आफ्नो प्रवृत्ति र प्रकृतिमा परिवर्तन आउँछ र आउनु पनि पर्छ। त्यो समय, स्थान र कालअनुसार अगाडि बढ्नै पर्छ र गतिशील हुनै पर्छ। संस्कृति भनेको स्थिर, उभिरहने वा एकै ठाउँमा बसिरहने वस्तु होइन, त्यसमा गतिशीलता हुनुपर्छ। त्यसले समय र आवश्यकताअनुसार संस्कृतिलाई गतिशील बनाएर अगाडि लान्छ र मान्छेको जीवनपद्धतिमा आउने परिवर्तनसँगै त्यसलाई अझ गणग्राही र गुणसम्पन्न गराउनमा यसको सदुपयोग गर्नुपर्छ।

नेपाली समाजमा किरिया हाल्ने प्रचलन पाइन्छ । आफ्ना भनाइहरूलाई जोड दिएर त्यसमाथि अरूलाई विश्वास पैदा गराउन मानिसले किरिया खाने, प्रतिज्ञा गर्ने आदि काम गर्दछ । नेपाली समाजमा लोकप्रचलित संस्कृति विधमान रहेको पाइन्छ । समाजमा उच्च, मध्यम र निम्नवर्गका मानिसहरूको बसोबास रहन्छ । समाजमा बसोबास गर्ने विभिन्न वर्गका व्यक्तिहरूमा पाइने आनीबानी, क्रियाकलाप, चालचलन, लवाइखवाइ आदि गतिविधिहरूसँग सम्बद्ध व्यवहारलाई वर्गीय संस्कृतिभित्र समावेश गर्न सकिन्छ । वर्गअनुरूप प्रयुक्त हुने नेपाली भाषाका उच्चतम, उच्च, मध्य र निम्न आदरार्थी सबै रूपको भाषिक विन्यास गरी भाषाका माध्यमबाट समेत लेखकहरूले वर्गीय संस्कृतिलाई स्वाभाविक रूपमा सहजतापूर्वक अगि सारेका छन् । लोकोक्तिलाई लोकवार्ताको प्रमुख घटक मानिन्छ । नेपाली समाजमा विभिन्न प्रकारका लोकोक्ति पनि प्रयुक्त छन् । लोकोक्तिको प्रयोग गर्दा कतिपय लोकोक्तिहरू सामाजिक प्रचलनबमोजिम नै प्रयुक्त भएका छन् भने कतिपयलाई केही भिन्न ढङ्गले प्रस्तुत गरिएको छ । संस्कृतिकै अभिन्न अङ्गको रूपमा लिइने यस्ता लोकोक्तिको प्रयोगमा जीवन्तता, सहजता र स्वाभाविकता पाइन्छ र यिनले यस उपन्यासलाई सहज, स्वाभाविक, कलात्मक बनाउन महत्वपूर्ण भूमिका खेलेका छन् । तपाईंको मुखमा दुधभात, हाड नभएको जिब्रो फट्कार्न पाए पुग्यो आदि लोकोक्तिहरू हुन् ।

लोकवार्तामा जनजीवनको पीडा - सङ्धर्षको सामाजिक यथार्थ समाहित हुन्छ । झ्याउरे गीत, देउडा, घाँसेगीत, आदिमा अभिव्यक्त मानव जीवनका दुःख - पीडा र त्यसबाट खोजिएका मुक्तिकामनाका भावले मुखरित भएको हुन्छ । लोकगीत, उखान - टुक्का, लोककथा, लोकगाथा, लोक कविता, गाउँ खाने कथा, लोकनाटक आदि बिभिन्न रूपमा लोकवार्तामा व्यक्त हुँदै

आएको छ । गायन, वादन र नर्तनलाई जुनसुकै लोकसंस्कृतिको अभिन्न अङ्ग मानिन्छ । कसै - कसैले त यिनलाई मात्र संस्कृति पनि भन्ने गर्छन् । वस्तुतः यी मात्र संस्कृति नभएर यी पनि संस्कृतिभित्र पर्दछन् । नेपाली जातिमा ब्यान्ड बाजा बजाउने, धिमे बाजा बजाउने, लाने बेलामा टुमटुम छ्याँ, टुमटुम छ्याँको धुन बजाउने आदि प्रसङ्गको उल्लेखबाट वादनसम्बन्धी लोकसंस्कृतिको प्रस्तुत भएको पाइन्छ भने महाकाली, भक्कु भैरवका नाच आदि नृत्यसम्बन्धी संस्कृतिको प्रस्तुति पाइन्छ । चाडपर्व, तीर्थ, व्रत, जात्रा आदिमा आधारित लोकसंस्कृति विभिन्न जातजाति, धर्म र सम्प्रदायका व्यक्तिहरूबाट मनाइने विभिन्न चाडपर्व, तीर्थ, व्रत, जात्रा आदि सम्बद्ध जाति वा राष्ट्रको संस्कृतिका अभिन्न अङ्ग हुन् । नेपाल बहुभाषी, बहुजाति र बहुधर्मी मानिसहरूले बसोबास गर्ने मुलुक भएको हुँदा यहाँ विभिन्न प्रकारका चाडपर्व, जात्रा आदि पनि प्रशस्त मात्रामा रहेका छन् । अझ त्यसमा पनि काठमाडौंको नेवारी समाज त चाडपर्व, जात्रा आदिका लागि विशेष उल्लेखनीय रहेको छ ।

## 11.4 नेपाली लोक संस्कृति

कुनै वस्तुलाई परिमार्जन गरेर वा सुसंस्कृत रूप दिएर चम्किलो तुल्याउने काम संस्कृति हो । **संस्कृति** शब्दको निर्माण **कृ** धातुमा **सम्** उपसर्ग र **ति** प्रत्यय लागेर भएको छ । यस शब्दले आफ्ना सन्ततिहरूलाई सुमार्गतर्पm उन्मुख गराउन पुर्खाहरूद्वारा प्रतिपादित विभिन्न खालका क्रियाकलापलाई बोध गराउँछ । हरेक मानव समुदाय कुनै न कुनै ढङ्गले कुनै न कुनै प्रकारको संस्कृतिमा आबद्ध हुन्छ । एउटा जाति वा सम्प्रदायको संस्कृति अर्को जाति वा सम्प्रदायको भन्दा भिन्न हुनसक्ने भएकाले संसारमा संस्कृतिगत विविधता पाइन्छ र यही विविधताका कारण हरेक जातिका

चालचलन, रीतिथिति, रहनसहन, आचारविचार, भावना आदिमा पनि विविधता रहेको देखिन्छ । प्रत्येक जातीय संस्कृतिको योगबाट राष्ट्रिय संस्कृतिको निर्माण हुनसक्ने भएकाले जातीय संस्कृति राष्ट्रिय संस्कृतिको अभिन्न अङ्ग हुन्छ ।

नेपाली जातिलाई अन्य जाति तथा विश्वमा चिन्हारी वा पहिचान गराउँने प्रमुख घटक नै उनीहरूका भाषा, संस्कृति र संस्कार हो । **संस्कृति** ब्रह्मको भाँति अवर्णनीय छ । यो व्यापक, अनेक तत्वका बोध गराउने , जीवनका विविध प्रवृत्तिसित सम्बन्धित रहेको हुन्छ । यसैले **संस्कृति** विविध अर्थ वा भावमा प्रयोग हुने गर्दछ । मानव मनका बाह्य प्रवृत्तिमूलक प्रेरणाबाट जे विकास हुँदछ, त्यसलाई समग्रमा सभ्यता भनिन्छ भने सभ्यताको अन्तर्मुखी प्रवृत्तिबाट जे बनिन्छ तथा निर्माण हुँदछ, त्यसलाई संस्कृति भनिने गरिन्छ । लोकको अभिप्राय सर्वसाधारण जनतासित रहेको हुन्छ । साधारण भाषामा **लोक** भन्नाले संसारविश्व , लोकमा रहेका पृथ्वी तथा मानव जातिलाई बुझिन्छ । ,ब्राह्माण्ड मानिसहरूका व्यक्तिगत पहचान नरहेर यसै लोकमा उनीहरूका सामूहिक पहचान रहेका हुन्छ । संसारमा रहने दीन - हीन, शोषितपीडित - , दलित, जङ्गली जातिहरू) कोल, भील, गोंड आदि जनजाति( , संथाल, नाग, किराँत, हूण, शक, यवन, खस, ब्राहमण ,नेपाली वा गोर्खा , ,जाठपुक्कस आदि समस्त लोक समुदाय मिलेको साझा रूपलाई **लोक** भनिने गरिन्छ । यी विभिन्न जातवर्ग आदिले पालन ,समुदाय ,जाति , गर्ने विभिद संस्कृति मिलेर बनिएको एकरूपतालाई **लोक संस्कृति** भनिन्छ । अङ्ग्रेजीमा **फोकलोर** भनिने लोकवार्ता कै एउटा हाँगा हो - लोक संस्कृति ।

संसारमा मानिसका अलग - अलग रहन - सहन, भाषा, धर्म, संस्कार, संस्कजति, रीति - थीति र परम्पराहरू छन् । उनीहरूका वेश - भूषा, खान - पान, चाल - व्यवहार, नृत्य, गीत, कला -कौशल, भाषा आदि सब अलग - अलग दिखाई रहेका छन् । तर एउटा सूत्रमा बाँधिएर जसमा सबै एक माला जस्तै मिलेको मणि झैं देखिने कुरो नै लोक संस्कृति हो । यसैले लोक संस्कृति कहिले पनि शिष्ट समाजसित आश्रित रहदैनन् । अपितु शिष्ट समाजले लोक संस्कृतिबाट प्रेरणा प्राप्त गर्ने गर्दछ । लोक संस्कृति एक रूपतामा हामी मानवका भाव अभिव्यक्तिको शैलीमा पनि रहेको हुन्छ । यसद्वारा लोक - मानसका माङ्गलिक भावनासित ओत - प्रोत हुन सिद्ध हुँदछ । लोक जीवन जस्तै सरल, सरस, नैसर्गिक अनुभूतिमय अभिव्यञ्जनाका चित्रण लोक गीत, लोक कथा, लोक नाटक आदिमा रहेका हुन्छन् । यी अन्यत्र कतै पाउँन सर्वथा दुर्लभ छ । यसैले लोक साहित्यमा लोक मानवका हृदय बोल्ने गर्दछ, जीवनको प्रतिछाँया प्रतिबिम्बित हुने गर्दछ । मुलरूपमा कुनै पनि जातिको परिचयका मुख्य आधार पनि लोक संस्कृति नै हो भन्न सकिन्छ । प्रकृति स्वयं गाउँछन् , गुन - गुनाउँछन् । लोक जीवनका हरेक पहलुमा लोक संस्कृति कै दर्शन लुकेको हुन्छ । यो लोक साहित्यलाई मानव जतिकै पुरानो र प्राचीन मानिन्छ । यस संस्कृतिको प्रारम्भ र उद्भव संसार बनिए पछि तथा संसारमा मानवको उतप्तिसितै भएको अनुमान गर्न सकिन्छ । यसर्थ जनजीवनका प्रत्येक अवस्था, प्रत्येक वर्ग, प्रत्येक समय साथै प्रकृति सबै लोक संस्कृतिमा समाहित हुन्छन् ।

संस्कृति मानव जीवनलाई परिष्कृत र समृद्द बनाउने साधन हो । कुनै पनि जातिको गौरव, सभ्यता र संस्कार संस्कृतिमा निर्भर रहन्छ । संस्कृति विकसित भए जाति पनि विकसित भएर जान्छन् । यो धुर्ब

सत्य पनि हो । संस्कृतिलाई मानव समाज र राष्ट्रको आत्मा मानिन्छ । यसभित्र कला, साहित्य, धर्म, दर्शन, इतिहास, भाषा, मानव जीवनका मूल्य, मान्यता, परम्परा, रीति - रिवाज, चाल - चलन, चाड - पर्व, धार्मिक विश्वास, लोकजीवन आदि पर्दछन् । संस्कृति समाजभित्रकै यावत विषयको प्रतिविम्बित रूप हो । कुनै पनि राष्ट्र वा जातिका कला - कौशल, बौद्धिक विकास र चिन्तन आदिमा प्रकट हुने समग्र क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भन्न सकिन्छ । वास्तवमा संस्कृति हाम्रो जातीय सम्पत्ति र समृद्धिको परिचायक हो । मूल आधार एउटै भए तापनि नेपालमा र भारतमा बस्ने नेपालीहरूकरा चाडपर्व र धर्म-परम्परा मान्ने विधिहरूमा भने केही भिन्नता पाइन्छ । तथापि सांस्कृतिक पृष्ठभूमिका आधारमा भारतीय नेपाली जातिको भिन्नै सांस्कृतिक विशेषता रहेको छ । भारतीय नेपाली जाति विभिन्न जात - गोष्ठीद्वारा निर्मित भएकाले यस जातिमा छुट्टै संस्कृति, भाषा र धार्मिक आस्थाहरू रहेका छन् । भारतमा पुस्तौँदेखि बस्दै आएको नेपाली जातिभित्र बाहुन, छेत्री, राई, लिम्बू, मगर, नेवार, गुरुङ, कामी, दमाई, सार्की, सुनुवार, भुजेल, तामाङ, शेर्पा, भोटे, लाप्चे आदि जातहरू पर्दछन् । यिनै विभिन्न जात-गोष्ठीद्वारा परापूर्वकालदेखि मान्दै मनाउँदै आएकी रीति - रिवाज, चालचलन, रहन - सहन, भेष - भूषा, चाडपर्व, परम्परा, संस्कार, विश्वास, आस्था, धर्म, साहित्य, कला आदिको साझा रूपलाई नेपाली संस्कृति भन्न सकिन्छ ।

संस्कृतिलाई 'सम्पूर्ण समाजका निम्ति जीवनको मार्ग' मानिन्छ । नेपाल जातिका संस्कृतिमा शिष्टाचार, पोशाक, भाषा, अनुष्टान, व्यवहारका नियम तथा मानदण्डका नियम पर्दछन् । यस जातिको संस्कृति, परम्परा वा नवनीताका एक अद्वतीय संयोजन रहेको छ । भारतमा

संस्कृतिक संगीत, वास्तुकला, धर्म र सांकृतिक समूहका साथ समाहित छन् । यहाँका नेपाली जातिले पहिरिने पोशाक, दौरा - सुरुवाल, चोबन्दी - चोली- गुनिउ ,फरिया , चोलोका टोपी सबै लोक संस्कृतिका अङ्गहरू ढा , हुन् । नेपाली पुरूषहरूले लगाइउनेदौरामा आठ तुना हुन्छन् जसलाई , शरीरको चारै भाग बाँदिने गरिन्छ । यस दौरोले बाधिएको गलालाई नेपाली विश्वासमा भगवान शिवका गर्दन वरिपरि बाँधिअको साँपको प्रतीक मानिन्छ ।

लोक संस्कृतिका कारण कुनै पनि जाति र समाजको आफ्नै छुट्टै चिन्हारी, अस्तित्व र महत्व रहेको हुन्छ । यो एउटा चिन्हारी, अस्तित्व मात्र नभएर जातीय धन र सम्पत्ति पनि हो । यसमा रूढी, अन्धविश्वास , धार्मिक आस्थादेखि लिएर विभिन्न संस्कार, आस्था आदि पर्दछन् । लोक संस्कृति प्रकृतिको काखमा हुर्किन्छ, बड्दछ । यहासम्म की लोक संस्कृतिक शिक्षा प्रणालीमा पनि श्रद्धा रहने गर्दछ । यसमा अविश्वास, तर्क आदिको कुनै स्थान हुँदैन । यसैले लोक संस्कृतिमा श्रद्धा भावना परम्परागत् रूपमा शाश्वत हुँदछ । लोक संस्कृति, लोकोत्तर संस्कृति तथा विश्वका सबै मानवका संस्कृतिका बीज एउटै रहेका छन् । यो बीज अन्य कुनै संस्कृति नभएर लोक संस्कृति नै हो ।

वास्तवमा लोकमा जे जे छन् , त्यो सबै लोक संस्कृति हो भन्ने विद्वानहरू पनि धेरै छन् । तर लोकमा भएको सबै कुरालाई आँखा चम्लिएर लोक संस्कृति मान्न सकिन्न । केही विद्वानहरूले लोक परम्परा र लोक संस्कृतिलाई एउटै मानेका पनि छन् । तर यी दुवैमा ठूलो अन्तर पाइन्छ । लोक परम्पराहरूबाट राम्रा र उत्तम कुराहरू विकसित भएर कालान्तरमा लोक संस्कृति बनिने पनि गर्छन् । परम्परा

बनिन्दै जान्छन्, भत्किन्दै पनि जान्छन् । तर लोक संस्कृति कहिले पनि परिवर्तित हुँदैनन्, न त भतकाउँनै सकिन्छ ।

हामी नेपाली जातिको मगर सम्प्रदायमा एउटा भिन्दै प्रकारको लोक संस्कृति पाइन्छ । घटस्थापनाको दिनमा मगर पुजारीकी श्रीमतीले नुहाएर चोखोनिधो गरेर मार्सी चामलको जाँड राख्छे । त्यो जाँड फूलपातीमा बसाउन थाल्छ । त्यो जाँड मीठो भएन भने दुर्गा रिसाइन् भन्ने हुन्थ्यो । अब कालरात्रीको मध्यरातमा जुन ढल्केपछि मगर पुजारीले केराको पातमाथि जाँडको पोको पारेर कालीलाई चढाउँछ र बाहुन पुरोहितले संकल्प भन्छ । नौ नौ वटा बोतामा पूज्ने जमरा राखिएको हुन्छ । त्यो टीका लगाउँदा प्रयोग गरिंदैन । टीका लगाउँदा लगाइदिने जमरा घटस्थापनाको दिन राखिन्छ । फूलपातीको दिन पुरानो खुँडा, खुकुरी सफा गरेर, साँध लगाएर, रातो सेतो ध्वजा लगाएर सिंगारेर दुर्गा देवीको स्थान स्थापना गरिन्छ । त्यसलाई दुर्गा जगाउँने, खाँडो जगाउँने भनिन्छ । खाँडो भनेको शक्ति हो । यसलाई खड्गसिद्धी पनि भनिन्छ । अष्ठमीको दिन विहान झुल्के घाममा वलीपूजा गर्ने गरिन्छ । बलीपूजा मुख्य पूजा हो । कोटमा बाहुन पुरोहित र कोटको प्रमुख कर्ता हुन्छ । अनि नगरा बजाउँदै राग मध्येको पनि बादशाह राग सबैभन्दा राम्रो राग बजाउँदै लगिन्छ । जुन राग शाही कालमा ठकुरीको विवाहमा बाहेक बाहुनको बिवाहमा पनि बजाउन पाईंदैनथ्यो । त्यो बजाउने नगर्ची हुन्छन्।

मालसिरी धुन बजाईछ । त्यो पनि नेपालीमा छ । त्यो खासमा त्यो बेलाका सेनाको हौसला बढाउन बजाइएको हो । त्यसमा चारै दिशा नेपालले डंक फिंजायो भनेर लेखिएको छ । सेनाका प्रमुख बाहुन पनि थिए तर अधिकांश जनजाति थिए । अनि हाम्रो होइन दशैं भनेर गलत

प्रचार गर्न पाइन्छ ? मालसिरी धुन सहित त्यसरी कोटमा पुगेपछि मार हान्ने गरिन्थ्यो । जसले एकै मारमा छिनाउन सक्यो उसलाई पगरी गुथाउने चलन थियो । त्यो मार हान्ने काममा सेना नै हुन्थे र प्रायः जनजाति हुन्थे । धेरै ठाउँमा अहिले पनि जसले मार हान्दै आएका थिए उसैका सन्तानले बिंडो थामेका छन् । जस्तो कास्कीकोटमा फेवाली राना मगरले मार हान्छ । उ बाहेक अरुले मार हान्न पाउँदैन ।

दशैको टीकाको दिन घटस्थापनामा राखिएको घडाको जलले अभिषेक गरी टीका लगाएर रमाइलो गर्ने चलन छ । काठमाडौंका नेवारहरुले दशैंको दिन सेतो फेटा गुथेर सेतै जामा लगाएर हातमा खुँडा बोकेर नगर परिक्रमा गर्ने गर्दछन् । गण्डकी क्षेत्रमा चाहिँ सराप खेल्ने भनिन्छ । त्यहाँ पनि खुँडा खुकुरीहरु लिएर निस्कने गरिन्छ । यस्तो सराप खेल्न गुरुङ, मगर, दमाइऱ्, कामी बाहुन, कसैलाई छेकवार छैन । यो युद्धको अभ्यास स्वरुप गर्ने गरिन्थ्यो । दशैंमा साइत गरेपछि अघिपछि साइत हेर्न पर्दैन भन्ने थियो । यसरी हरेक जातिको समन्वयमा चलेको यो दशैं कसैले कसैलाई हेपेको भनेर गलत प्रचार गर्नु राष्ट्रको लागि घात बाहेक हरु केही होइन ।

चाडपर्वमा मानिस किन खुसी हुन्छ भन्ने विषय खोज्दा मानिस को हो भन्ने कुरा खोज्यो भने त्यसको संयक उत्तर भेट्न सकिन्छ । मानिस म्ूलतः खुसी खोजिरहने प्राणी हो । मानिस नयाँ परिकार पाएर खुसी हुन्छ । मानिस नयाँ लुगाफाटा लगाउन पाउँदा खुसी हुन्छ । मानिस नयाँ संगीत, वाद्यवादन एवं नृत्यमा खुसी हुन्छ । मानिस समूहमा बस्न रुचाउँछ । जब समाजका सबै मानिसले एकैपटक यी सबै कुरा पाउँछन्, त्यो बेला खुसीको सञ्चार सबैतिर हुन्छ । चाडपर्वमा मात्र यो कुरा सम्भव छ । हामी नेपालीका दसैं तिहार जस्ता पर्वमा संगीत पक्ष बलियो

देखिन्छ । हुन त हाम्रो मात्र होइन, संसारभरिका सबै चाडपर्वमा संगीत पक्ष बलियो हुन्छ । गीत - संगीत आदिकालदेखि नै खुसी व्यक्त गर्ने माध्यमका रूपमा आएका छन् । मान्छेले जब आफ्नो खुसी व्यक्त गर्न चाह्यो, उसले आफ्ना भावना लयात्मक रूपमा प्रस्तुत गर्न थाल्यो । दसैंमा मालश्री धुन, तिहारमा देउसी–भैलो यसैको उदाहरण हो । दसैं - तिहार जस्ता पर्वका पछाडि देवी, देवता वा कुनै बीर गाथा गाइनुुको कारण आफ्ना बीर पुर्खाप्रति सम्मान गरिएको हो । चाडपर्व या त कुनै वीर पुरुषको विजयमा या त कुनै उद्धारकर्ताको आगमनको उल्लासमा, स्वागतमा मनाइन्छ । यस्ता उत्सव रंगीन बनाउन मानिस रंगको, संगीतको, नृत्यको, गीतको साहारा लिँदा पर्वमा संगीत पक्ष बलियो देखिएको हो ।

अहिले हाम्रो चाड - पर्वको स्वरूप परिवर्तन हुँदै गएको छ । चाड - पर्वभन्दा पनि हाम्रो समाज परिवर्तन भैरहेको छ । जुन गतिमा समाज परिवर्तन भैरहेको हुन्छ, त्यो गतिमा सांस्कृतिक परिवर्तनको गति निकै सुस्त हुन्छ । समयअनुसार कुनै कुरा परिवर्तन भएन भने, फैलिएन भने, त्यसलाई विस्तृत समाजले स्वीकार गरेन भने त्यो पर्व दुब्लाउँदै जान्छ । त्यो पर्वका रूपमा रहँदैन, उल्लासका रूपमा रहँदैन । हामीले हाम्रो संस्कृतिको झ्याल–ढोका खुल्ला राख्नुपर्छ । सबैले प्रवेश गर्ने खालको बनाउनुपर्छ । नयाँ पुस्ताले स्वीकार गर्ने खालको पर्व नै मौलाउँदै - फैलँदै जान्छ । म व्यक्तिगत रूपमा पर्वहरू समयसँगै परिवर्तन हुनुपर्छ भन्ने पक्षमा छु । आज नेपाली गीत समयानुकूल परिवर्तन भएकै कारण सहरमा पनि लोकप्रिय छ । हामीले हाम्रा लोकगित धान रोप्दै, धान भित्र्याउँदै वा कुनै त्यस्ता अन्नको स्वागतमा गाएका थियौं, अब सहरमा पनि त्यही परिवेश खोज्ने हो भने त्यो मरेर जान्छ । अहिले काठमाडौंमा

तराईको छठ, पूर्वी पहाडको धान नाच वा पश्चिमको देउडा खुलामञ्चमा नाचिरहेको भेटिन्छ । चोक–चोकमा लोकदोहोरी रेस्टुराँ खुलेका छन् । ती नृत्यको पुरानो परिवेश त त्यहाँ छैन । लोकसंस्कृतिले नयाँ परिवेश निर्माण गरेर आफ्नो स्वादलाई निरन्तरता दिन्छ । आज नेपाली चलचित्रका लोकगीतमा विभिन्न जात–जातिको भाषा शैली उतारिएको हुन्छ । यसो नगरी दृश्यमा गहिरो स्वाद आउँदैन । लोक फ्लेवर भएका गीत पनि लोकप्रिय हुने गरेका छन् । यसको अर्थ के हो भने हामीलाई लोकका कुरा मनपर्छ । त्यसलाई समयानकूल परिवर्तन गर्दै लानुपर्छ । हिजो देउसी–भैलोमा मादलको ताल थियो आज गिटार बज्न थालेको छ, यो स्वभाविक हो ।

आजको युगमा जुन गतिमा विश्वका सबै पर्व सजिलै प्रवेश भैरहेको छ, त्यसले हाम्रो संस्कृतिमा खतरा देखिन्छ । इन्टरनेट वा अन्य सञ्चारका माध्यमका कारण बाहिरी चाड - पर्वले प्रधानता पाउनु स्वभाविक हो । यो खतराको विषय होइन । अरूको पर्व हामीले स्वीकार गर्नुको अर्थ त्यसमा हाम्रो मन छुने केही कुरा छन् । यही कारणले हामीले त्यसलाई स्वीकार गरेका छौं । ती पर्वले आफूलाई समायानुकूल परिवर्तन गरे । हामीले आफ्नो पर्वमा त्यस्तै समायानुकूल परिवतर्न गर्न सक्छौं । हाम्रा पर्वमा मानिसलाई त पुजिन्छ नै, पशुपन्छीको पनि पूजा गरिन्छ । यो हाम्रो गज्जबको संस्कृति हो । आजको समयमा यसको विशिष्टता सबैले स्वीकार गर्छन् । यी पर्वलाई हामीले पनि त्यसैगरी ग्लामराइज गरेर अघि बढाउनुपर्छ । ठूला सेलिब्रेटी, साहित्यकार, संगीतकार र सबै पक्षले यसको पक्षमा काम गर्ने हो भने हाम्रा पर्व पनि विश्वव्यापी बन्छन् ।

हामी नेपाली जातिद्वारा मनाइने तिहार भिन्दै र सौष्ठवमय छ । यसको संगीतपक्ष असाधारण छ, जुन अन्य जातिमा पाइन्दैन । महिलाहरूको

भैलेनी, पुरुषहरूको देउसुरे संस्कृति मनोरम छ । औंसीको रात भैलेनीको मधुर गायन, घरघरमा पुगेर भैलेनी गाउने र आशिष दिने चलन रमाइलो छ । पुरुषहरूमध्ये नाइकेले भट्याउने र अरूले त्यसलाई छोप्ने शैलीको आफ्नै सौन्दर्य छ । पहिले पहिले एक दिन भैली खेल्ने र एक दिन देउसुरे खेल्ने चलन थियो । आजभोलि यो मिसिएको छ । यो पर्व कुनै संस्था विशेष, पार्टी विशेषको प्रचारको थलो पनि हुँदै गएको छ । चन्दा जम्मा गर्ने माध्यम पनि बन्न थालेको छ । समयअनुसार यो परिवर्तन स्वभाविक हो, तैपनि यसको सांस्कृतिक पक्ष बचाउँदै अघि बढ्नुपर्छ । नत्र कालान्तरमा यसको सांस्कृतिक सौन्दर्य हराउने र चन्दा माग्ने परम्परा मात्र बाँकी रहने सम्भावना पनि देखिन्छ । यसर्थ कुनै पनि जातिले आफ्नो लोकसंस्कृति कहिले भूल्नु र बिर्सननु हुँदैन । हुन त संस्कृति परिवर्तनशील हुन्छ । परिवर्तनको पदचापलाई समाएर लेख्ने हो भने त्यस्ता कृति सफल हुन्छन्, नयाँ पुस्ताले मन पराउँछन् । पाठकको हृदय समातेर, समय, काल र परिस्थितिमा त्यसलाई ढालेर लेख्ने हो भने लोकसंस्कृतिले मानिसको हृदयको विणा बजाइदिन्छ ।

## 11.5 नेपाली लोक जीवनको परिचय

मानव सभ्यताको शुरुवातको समयदेखि नै लोक सम्पदाको ज्ञान विभिन्न समुदायहरु, जात - जातिहरुबीचमा पुस्तौ - पुस्ता एक पछि अर्को गरी हस्तान्तरण हुँदै गएको पाइन्छ । लोक सम्पदा कुनै एक व्यक्तिसँग सरोकार राख्ने नभएर समूह, समुदाय वा क्षेत्र र राज्यसँग सरोकार राख्ने हुन्छ । नेपालको राष्ट्रिय संस्कृति नीति 2067 मा उल्लेख भए अनुसार "वर्तमान नेपालको सीमाभित्र इतिहासको विभिन्न कालखण्डमा बसोबास गरेका विभिन्न मानव समुदाय वा मानव समुदायहरुले सिर्जना गरेर छाडेका र हाल बसोबास गरिरहेका हाम्रा विभिन्न जाति एवं समुदायका

पुर्खाहरुले सिर्जना र अवलम्बन गरी हामीलाई जिम्मा लाएर गएका मूर्त, अमूर्त सम्पदाहरु र त्यस अनुरुपको जीवनशैलीको समष्टिगत रुप नै नेपाली राष्ट्रिय संस्कृति हो ।" वास्तवमा साँस्कृतिक सम्पदाको बारेमा अवधारणाहरु 1920 र 1930 को दशक तिर लिग अफ नेशन र अन्तर्राष्ट्रिय संगठन, संघसंस्थाहरुले विश्व युद्ध दोश्रो पछिको तहसनहस अवस्था, हत्याहिंसा, बमबारुद, लुटमारबाट युरोप पीडित भएपछि प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बद्र्धन र विकास गर्नुपर्छ भन्ने भावाना धनी देसहरुमा आयो ।

विश्वका संध - संस्थाहरुलाई प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक मूल्य मान्यता बोकेका वर्तमानका कुराहरुलाई संरक्षण, प्रबद्र्धन, भोलिको विश्वको लागि विकास गर्नु पर्नेमा विश्व नागरिकहरुलाई आव्हान गरेको पाइन्छ । कारण मानिसका साँस्कृतिक सम्पदा अन्तर्गत ऐतिहासिक कला, विज्ञान, संस्कृति बोकेका धरहराहरु, पेन्टिङ, ताम्रापत्रहरु, गुफा जस्ता विश्व मूल्य मान्यता बोकेको कुराहरुको विषयमा खोज अध्ययन तथा अनुसन्धान हुन जरूरी देखिन्छ । ऐतिहासिक, साँस्कृतिक, कला र विज्ञान बोकेका भवनहरुको सूचीकृत गर्ने, खोज गर्ने र अध्ययन अनुसन्धान गर्ने कामहरु शुरु हुनुपर्दछ ।

लोकजीवनसँग युगानुकूल भएर आफ्नै आत्मा र आफ्नै मुटुको स्पन्दनमा आफ्ना जीवनशैलीलाई सरस र सुन्दर तथा सुखमय र कल्याणामय बनाउनका खातिर तिनीहरूद्वारा सिर्जना गरिएको मनोवैज्ञानिक अभिव्यक्तिले लोक संस्कृतिको रूपधारण गर्न पुग्यो जसभित्र थरी थरीका लोकविश्वास, लोकमान्यता र लोकपरम्पराहरू, लोकरीतिरिवाज र लोकप्रथाहरू तथा उखानटुक्का, गाउँखानेकथा, दन्त्यकथा, लोकगीत आदि समावेश हुन आउँदछन् । सङ्क्षेपमा भन्नुपर्दा संस्कृति मानवीय सचेत

सिर्जना र व्यवहारका यावत कुरा समाहितगर्ने समग्र मानवीय शिल्पचातुर्य हो, जुनभाषा, चिह्न, सङ्केत, विश्वास, परम्परा, भेषभूष, खानपान, रहनसहनआदिका रूपमा मूर्तिकरणहुन्छ । प्रत्येक जाति, प्रत्येक ठाउँ र प्रत्येक देशको आफ्नै परम्परागत व्यवहार हुन्छ र यसैबाट जातीय तथा समष्टिगत राष्ट्रिय सभ्यताको निर्माण हुन्छ । अनन्तपूर्वदेखि आचारविचार आदिमा विकसित हुँदै आएको समाजको यथार्थ स्वरुप झल्कने मौलिक संस्कृति कला - साहित्य, दर्शन - भाषा, धर्म - सामाजिक रीतिस्थिति आदि मूल्य - परम्पराको माध्यमबाट विकसित लोकवार्ता राष्ट्रिय सभ्यताको बाहक पनि हो ।

आजको भागदौढ र डिजिटल युगमा हामीले हाम्रै संस्कृति, परम्परा, र चाड पर्वहरु छोड्यौं भने नेपाली हुनको अर्थ पनि गुमाउँछौं । कसैले पनि परम्परा र संस्कृति भुल्नु हुँदैन । आत्मादेखि मान्छेलाई शान्त हुन संस्कृतिले मदत गरेको हुन्छ । इतिहास भुल्नु, संस्कृति भुल्नु भनेको नेपाली हुनुको अस्तित्व मेटाउनु हो । किनकि हामी नेपालीको लोकजीवनसित विभिन्न चाढपर्व, संस्कार, रीति - थितिहरू जोडिएका छन् । हामी नेपालीमा पूजा गरिन्छ देवीको । अन्य महिनामा अन्य आसनमा हुने तर, शरद ऋतुमा देवी उठ्ने हुनाले यो वेलाको दुर्गा पूजालाई विशिष्ट मानेर बडा दशैंको रुपमा धुमधामका साथ मनाइन्छ । अर्को कुरा त्यो बेला धर्मयुद्ध हुन्थे । अहिले जस्तो मिसायल थिएनन् । अहिले जस्तो गुरिल्ला थिएनन् । त्यसैले पानी पर्ने र बाढी आउन बन्द भएपछि, खेतीको मैझारो गरेर युद्धको अभ्यास गर्ने गरिन्थ्यो । घटस्थापना देखि दशमीसम्म, क्रमशः सबै हातहतियार एकैठाउँ भेला गरेर सफा गर्ने, त्यसमा साँध लगाउने अर्थात् उध्याउने, पूजा गर्ने गरिन्छ । बडा दशैंको दिन घटस्थापनाको दिन राखिएको घडाको पानीले अभिशेक गरेर अविर र

दहिमा चामल मुछेर सबैलाई लगाइदिने र हर्षवढाईंका साथ हतियार निकालेर युद्धको अभ्यास गर्न निस्कने गर्दथे । यसरी मनाइन थालिएको हो दशैं ।

दशैंमा दिने आशिर्वादमा भएका नामहरुको पनि अर्थ छ । राज्य, राज्य बीचका लडाईंमा मात्र हैन, रामायण र महाभारतको लडाईंमा गाउँ नै रित्तिनेगरी मान्छेहरु मरे । धैरै विधवा भए । धैरैले सन्तान गुमाए । कति अनाथ भए । यसले परिवारहरु विश्रृंखलित मात्र भएनन्, वातावरण नै विशाक्त भयो । त्यो अवस्थाले मान्छेको सातो गयो । अहिले भन्दा मान्छेमा डिप्रेशन भयो । अब केही छैन भनेर पूरै नैराश्यता छायो । त्यो अस्तब्यस्त समाज र निराश मान्छेलाई हौसला बढाउन रामायण र महाभारतको युद्धमा ख्याती कमाएकाहरु जस्तै बन्नु भनेर आशिष दिइएको हो । यसबाट मान्छेमा उत्साह जगाइन्थ्यो । त्यसैले अहिलेसम्म पनि त्यहि आशिष दिइने गरिन्छ । दशैंमा देवीको पूजा हुन्छ । दुर्गा भगवतीको पूजा हुन्छ । नौ दिनमा हामी नौ वटा देवीहरुको पूजा गर्छौं । दुर्गा भनेकी शक्तिको प्रतीक हुन् । दशैं शक्ति उपसनाको पर्व हो । त्यो बेलाका सुर भनेको सत्यको पक्षमा लड्ने र असुर भनेको असत्यको पक्षमा रहेका मान्छे हुन् । तिनै सुरले असुरहरु माथि विजय प्राप्त गरेको दिन अर्थात् दानवहरु माथि विजय प्राप्त गरेको दिनलाई विजयको रुपमा मनाउन थालिएको हो ।

रावण आर्थात् महिषासुरको सन्तान भनेर जनजातिहरु भन्नेले किन भनेका हुन् मलाई थाहा छैन । जहाँसम्म रावणलाई रामले मारेर विजय भएको दिनलाई दशैंको रुपमा मनाइने भन्ने कुरा छ, यो हाम्रो संस्कृति होइन । आयातित कुरा हो । यो कुरा भारतको गंगाको मैदानमा विकास भएको संस्कृति हो । दुर्गा पुजा नेपालको पहाडमा विकास भएको संस्कृति

हो । जसलाई यहाँका जनजातिले विकास गरे । गंगाको किनारमा विकास भएको संस्कृति बाहुनहरुले ल्याए । दुइटै संस्कृति उल्लासबाट सुरु भए पनि आएको समय र पृष्ठभूमी फरक छ । तर पछि पछि विस्तारै समान्य हुदै आयो । हाम्रोमा पनि तराईतिर रावणलाई जलाएर दशैं मनाउने गरेको पाइन्छ र उनीहरुले सँगसँगै दुर्गा पूजा पनि गर्न थाले ।

युनेस्को महासन्धी 2003 ले परिभाषा गरे अनुसार अमूर्त सम्पदा भन्नाले "प्रचलनहरु, प्रतिनिधित्वहरु, अभिव्यक्तिहरु, ज्ञान, सीपहरु साथसाथै साधनहरु, वस्तुहरु, कला वस्तुहरु र त्यससँग जोडिएका साँस्कृतिक स्थलहरु, जसलाई ती समुदायहरु, समूहहरु तथा कतिपय अवस्थामा व्यक्तिहरु समेतले साँस्कृतिक सम्पदा लोकजीवनका अंगको रुपमा चिनारी गरिरहेका हुन्छन्" भन्ने बुझ्नु पर्दछ । यो अमूर्त साँस्कृतिक सम्पदा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै समुदायहरु र समूहहरुद्वारा तिनीहरुको वातावरण, प्रकृति तथा तिनका इतिहाससँगको अन्तरकृयाको प्रत्युत्तरमा निरन्तर रुपमा पुनरुत्पादन हुन्छ तथा तिनीहरुलाई परिचय र निरन्तरताको एउटा अनुभूति प्रदान गर्दछ । साँस्कृतिक विविधता तथा मानव सिर्जनात्मकता प्रतिको सम्मानलाई प्रबद्र्धन गरिरहेको हुन्छ । अमूर्त साँस्कृतिक सम्पदा अन्तर्गत हामीले खोज्नु पर्ने वास्तविक कुराहरु चाहि लोकपद्धति, लोकभाषा, लोकधर्म, लोकपरम्परा, लोकविश्वास, चाडपर्वहरु, रीतिरिवाजहरु, संस्कार संस्कृतिहरु, लोकनृत्य, लोकगाना, लोकजीवन, अभ्यासहरु, कथाहरु, उखानटुक्काहरु, कला र सीपहरु, अलिखित तथ्यहरु, कविताहरु, लोकमन्त्रहरु, प्रार्थनाहरु, मुन्धुमहरु, लोकनाटकहरु, सामाजिक परम्पराहरु, लोकसंगीत, लोकभेषभूषा, वार्तालापहरु, परम्परागत खेलहरु, समाज विकासका कुराहरु, आदिवासी

ज्ञान, परम्परागत ज्ञान, ओखतीमूलो उपचारका विधिहरु, जीवन सञ्चालन गर्ने विविध कुराहरु, कला तथा सीपहरु आदि कुराहरु पर्दछन् ।

अध्ययन तथा अनुसन्धान, खोज तथा वर्गीकरण गर्नमा सजिलो होस भन्ने हेतुले यो अमूर्त साँस्कृतिक सम्पदाको कुराहरुलाई पाँच विधामा विभाजन गरिएका छन् । तर यी विधाहरु खुल्ला राखिएका छन् । कुनै पनि भूगोल, परिवेश वा समुदायमा अध्ययन, खोज तथा अनुसन्धानको क्रममा बढ्न पनि सक्नेछन् । नेपालीहरूका कुनै पनि वस्ती, गाउँ, टोल आदिमा शुरुदेखि नै आफ्नो समुदाय, समूह, हुलमा भएका अमूल्य परम्परा, पद्धति, मूल्य - मान्यता, ज्ञानगुणका कुराहरु भाषाको माध्यमबाट बुझाउने, बुझ्ने र पुस्तान्तरण गर्दै आएको इतिहास छर्लङ्ग छ । यसरी विभिन्न क्षेत्रमा भएको ज्ञान, सीपकला, मूल्यवान कुराहरु विभिन्न माध्यमले व्यक्त गर्दै आएको इतिहास पाइन्छ । यस मौखिक परम्परा तथा अभिव्यक्ति अन्तर्गत नेपाली दन्त्यकथा, उखान - टुक्का, लोककथा, लोकगाना, लोकसंगीत, लोकमन्त्रहरु, लोकलय, लोक कविता, लोक नाटक, प्रार्थनाहरु, लोकोक्ति आदिको माध्यमबाट समुदायमा भएका ज्ञानगुन, सीप, कला, धर्म, संस्कार संस्कृति, जीवनपद्धति जस्ता कुराहरु एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको पाइन्छ ।

नेपाली जातिको लोकजीवन विभिन्न लोककला, बास्तुकला, सामाजिक व्यवहारहरु, अनुष्ठानहरु र चाडपर्व, उत्सवहरु आदिसित जोडिएको छ । वास्तवमा लोकजीवनसित सम्बन्धित लोककलाहरु भन्नासाथ यसमा नृत्य, संगीत, गाना, विश्वास, अभिनय, प्रदर्शनी स्थल, भेषभूषा, जीउको उठबस, चलखेल, उफ्राई आदि विविध गतिविधिहरु पर्दछन् । यस अतिरिक्त यसभित्र हाउभाउका तरीकाहरु, बोल्ने र व्यक्त गर्ने तरीकाहरु

लगायतका कुराहरु पर्दछन् । हरेक जात - जाति, समुदाय, समूह, थर तथा उपथरहरुको विश्वास, रीति - रिवाज, चाल - चलन, पद्धति आदिले पनि लोकजीवनमा पनि फरक ल्याउछ । सामान्य चुलो - चौकीको काम, वस्तुभाउको स्याहार - सुसार गर्ने काम, विवाह भतेरमा गर्ने काम, मृत्यु संस्कारमा गरिने काम, चाडपर्वहरु तथा मनोरञ्जनको बेला गरिने काम विभिन्न अवस्थामा विभिन्न प्रकारका लोक जीवनसित सम्बन्धित कलाहरुको निर्वाह गर्नु पर्दछ । गीत गाउने, संगीतका बाजा - गाजाहरु बजाउने, स्टेजमा नृत्य प्रदर्शन गर्ने, कथा वाचन गर्ने कला जस्ता कलाहरु पनि लोक जीवनभित्र नै पर्दछन् । लोकसंगीत, समाज विश्वास, गायन, संवाद, लय, भेषभूषा, दृश्य र परिदृश्यको परिकल्पना, नृत्य आदि मानवको लोक जीवनसित गासिएको हुन्छ ।

कुनै पनि जात - जाति, समुदाय, थर तथा उपथरहरु, समूहको सामाजिक मान्यता, अभ्यास, संस्कृति तथा चाडपर्वहरु निरन्तर अभ्यासका कारण एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएका हुन्छन् । यस्ता अभ्यास, चाडपर्वहरु, संस्कार तथा संस्कृतिहरुले समाजको लोकजीवन, लोकविश्वास, धार्मिक, ऐतिहासिक, भौगोलिक मुल्य मान्यता बोकेका हुन्छन् । जनसमुदायको जनजीवनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाली जातिको पनि आफ्नै लोक संस्कृति, पद्धति तथा अभ्यासहरु पाइन्छन् । अन्य जातिहरूको आफ्नो जन्म संस्कार भए जस्तै नेपाली जातिको पनि आफ्नै परिवेश तथा समुदाय अनुसारको जन्म संस्कार पाइन्छ । नेपाली महिलाहरू दुई जीउ वा भारी जीउ भएको आफुले थाहा पाएमा टाढा यात्रा नगर्नू, बलको कामहरू, भारी कामहरू नगर्नू, आमालाई बढी चिन्तित नबनाउनु, राम्रो पौष्टिक आहार साथै विहार हुनु पर्ने, स्वस्थकर पेय पदार्थहरू मात्र खान हुने कुराहरू

बताई दिने चलन छ । पीरो, अमिलो, तितो, टर्रो आदि खान नहुने आदि बताई दिन्छन् । बिसन्चो भएमा धामी, ओझालाई हेराएर, तिनीहरूबाट बिसेक नभएमा डाक्टर, नर्स, वैद्य कहाँ पनि लैजानुपर्ने र शरीर जाँच गरी ओखतीमूलो गर्नु पर्ने सल्लाह दिने चलन छ । अस्पतालमा समय समयमा आमाको शरीर र बच्चालाई पनि जाँच गर्नुपर्ने साथै गाउँमा भएका जान्ने महिला सुढेल्नीबाट बच्चा जन्माउने, नभएमा अस्पताल पुराएर बच्चालाई पैदा गराउने सल्लाह समेत दिइन्छ । बच्चा जन्मेपछि न्वारानमा नेपालीहरुका विभिन्न जात - गोष्ठिअनुसार आफ्नै प्रकारले नामाकरण गर्ने प्रचलन रहिआएको पाइन्छन् । विशेष गरी बार, महिना, ऋतु, आमाले खाएको खानपिन आदि अनुसार नै नामाकरण गरिदिने चलन नेपाली लोकजीवनमा भेटिन्छन् ।

नेपाली जातिको सामाजिक परम्परा अनुसार विवाह परम्परा आफ्नै किसिमको छ । उहिले पहिला केटाले केटीका आमा बाबुलाई खुशी पार्नका लागि शिकार खेल्न जाने, हलो जोती दिने, घरको काममा सघाई दिने, राम्ररी बोलीचाली गरी दिने केटीको बाबु र आमालाई खुशी पार्ने चलन देखिन्थ्यो । केटीको बाबु र आमालाई पनि यो केटाले “हाम्रो छोरीलाई पाल्न सक्छ, काम गरी खुवाउन सक्छ” भन्ने लागेपछि छोरीलाई फकाएर दिने चलन थियो । केटाको विहे गर्ने उमेर भएपछि केटी खोज्ने चलन छ । केटी खोज्दा आफ्नो हाडवंशको हुनु हुँदैन, फूपूको छोरी, मामाको छोरी, सानीमाको छोरीसँग तीन पुस्ता सम्म विवाह गर्न हुँदैन भनी बुढापाकाहरूले नियम बनाइ दिएका छन् । पहिला पहिला चोरी विवाह, सुपारी विवाह, घरज्वाइँ राख्ने जस्ता विभिन्न प्रकारको विवाह नेपाली समुदायभित्र अस्तित्वमा रहेको पाइन्छ । यसरी नै नेपाली जातिका मृत्य दाहा संस्कार गर्ने विधिहरू आफ्नै प्रकारका छन् ।

नेपाली जातिमा आदिकालदेखि नै दाहा संस्कार गर्दा माटो भित्र गाड्ने परम्परा छ । तर हाल गाड्ने जंगल टाढा भएको, जंगल नास हुँदै गएको र माटोको अभावमा कही कतै जलाउने पनि परम्परा देखिन्छ । मान्छे मर्दा सर्वप्रथम सबै गाउँ समाज तथा छोरा छोरी, दाजुभाइ, दिदी बहिनी, सम्पूर्ण नातागोता आफन्तहरूलाई खबर गर्ने चलन छ । गाउँ समाज भेला हुँदासम्म आफन्तले ल्याएको धागोबाट डोरी बनाउनु पर्छ । एउटा बाँस काट्नुपर्छ र मरेको मान्छेको लम्बाई नापी लास बोक्ने 'मान्चाउली' बनाउनु पर्छ । मृतकको छोरा क्रियापुत्री बस्ने र चोखिने पनि आफ्नै प्रकारका चलनहरु छन् । नेपालीहरू प्रकृतिका पुजा गर्ने जाति हुन् भन्न सकिन्छ । वास्तवमा प्रकृति तथा विश्वब्रम्हाण्डमा आधारित ज्ञान तथा अभ्यासका कुराहरु यस विधाभित्र पर्दछन् । प्रकृति तथा विश्वसँग सरोकार राख्ने सीपकला, ज्ञान, अभ्यासहरु समुदायले आफ्नो परिवेश अनुसार विकास तथा सम्बद्र्धन गर्दै जान्छन् । यस्ता अभ्यासहरु तथा ज्ञानहरु समाज तथा समुदायमा भएका विश्वासहरु, परम्पराहरु, समुदायको समर्पण, भूगोल, घटनाक्रम, दैवीय शक्ति, विश्व ज्ञान आदिसँग सरोकार राख्दछन् र सोही अनुसार समयचक्र र घटनाक्रमको आधारमा विकास हुँदै जान्छन् । यस विधा अन्तर्गत परम्परागत वातावरणीय ज्ञान तथा बुद्धि, आदिवासी ज्ञान, स्थानीय वनस्पति तथा जन्तुहरु, परम्परागत निको पार्ने प्रद्धति, विश्वासहरु, धामीझाँक्री पद्धति, कर्मकाण्ड, संस्कारहरु, आचार व्यवहार, रीतिरिवाजहरु, चाडपर्वहरु, सामाजिक संघसंस्थाहरु, दीक्षित ज्ञान, भाषा, कलासंस्कृतिहरु पर्दछन् ।

नेपाली परम्परागत कला - कौशलहरुले यस जातिको लोकजीवनलाई ध्योतन गर्दछ । जीवनलाई सुगम पार्न र राम्ररी समाजमा बाँच्नको लागि मानव सभ्यताको युगदेखि नै अपनाउँदै आएको सीप तथा कलाहरु पर्दछन्

। जंगली युगको पातहरुबाट शरीर ढाँक्ने कुरा होस या लुगाहरुको उत्पादन गर्नमा लगाएको त्याग तपस्या र परिणाम होस । भेषभूषा लगाउने कलाहरु, केश विन्यास गर्ने कलाहरु, समाजमा घरहरुको निर्माण र वस्ती बसाल्ने कलाहरु, बस्तीमा बस्ने, यातायातको साधानहरुको आविष्कार गर्ने र प्रयोग गर्ने कलाहरु, घर सजावट र सिंगारको कुराहरु, संगीत बाजागाजाहरु बनाउने कला, ढोल तथा च्याब्रुङ बनाउने र बजाउने कला, वाद्ययन्त्रहरुको निर्माण र बजाउने कलाहरु, घरायसी सामाग्रीहरुको निर्माण, प्रयोग गर्ने कलाहरु, हातहतियारहरुको निर्माण र प्रयोग गर्ने कलाहरु आदि सबै कुराहरु यस विधा अन्तर्गत पर्दछन् ।

खानपिनका परिकारहरु बनाउने र खाने देखि जीवनलाई चाहिने विभिन्न कुराहरुको निर्माण र प्रयोग गर्ने कुराहरु यस विधाले समेट्छ । बाँच्ने, मनोरञ्जन दिलाउने, शिक्षा दीक्षा दिने, समाजमा आचार व्यवहार गर्ने, राम्रा कुराहरु सिकाउने, सिक्ने र हस्तान्तरण गर्ने जस्ता कुराहरु यसमा पर्दछन् । नेपाली समुदायका बुढापाकाहरूले ढोको, नाम्लो, थुम्चे आदि अभ्यासकर्ताहरुले आफै निर्माण गर्ने गर्दछन् । नेपाली महिलाहरु घरेलु तानमा बोना, आल्गीधाबा जस्ता लुगाहरु तयार गर्नमा कोही व्यवसायिक रुपले त कोही फुर्सदको बेला खटिएर व्यस्त देखिन्छन् । नेपाली समुदायका अमूर्त साँस्कृतिक सम्पदालाई सामाजिक, आर्थिक, धार्मिक, ऐतिहासिक तथा लोकविश्वास, लोकअभ्यास तथा जीवन सञ्चालनमा पारेको आर्थिक महत्व जीविकोपार्जनसँग जोडेर हेर्नु आवश्यक छ । अमूर्त साँस्कृतिक सम्पदाका विविध विधाहरु छन् । ती विधाहरुले कसरी लोकजीवन पद्धति सञ्चालनमा भूमिका खेलेको छ भनी ध्यान दिनु नितान्त आवश्यक देखिन्छ । सर्वप्रथम त यस विषयमा शिक्षा, चेतना अभिवृद्धि र क्षमता विकास गर्ने कुरामा सबै धिमाल सरोकार पक्षहरु,

राज्यका निकायहरुले ध्यान दिनुपर्ने हुन्छ । सरोकारवाला समुदायलाई उनीहरुको अमूर्त साँस्कृतिक सम्पदाको विषयमा बुझाउने, जानकारी गर्ने, संरक्षण तथा विकास गर्नमा सहयोग गर्नु आवश्यक छ ।

वास्तवमा कुनै पनि जातिका अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण गर्नका लागि त्स जातिका समुदायको भूमिका अपरिहार्य हुन्छ । वास्तवमा समुदायको सहभागिता सूचना लिन, परामर्श गर्न, सञ्चार प्रकृयामा सुधार गर्न, सहमतीको निर्धारण गर्न, प्रतिबद्धताको निधो गर्न, साँस्कृतिक सम्पदाको मूल्य मान्यता तथा पहिचान गरी चुनौती तथा संकट हटाएर संरक्षणको संभाव्यताको उपायहरु खोज्नु, बस्तुसूची मनोनयन गर्नु, कार्यान्वयन गर्नु र संरक्षणको लागि योजनाहरु तयार गर्ने कामको लागि समुदायहरुको सहभागिता अपरिहार्य हुन्छ । साँस्कृतिक सम्पदाको पहिचान र परिभाषा गर्ने, बस्तुसूची निर्माण गर्ने, जनचेतना अभिवृद्धि गर्ने, क्षमता विकास गर्ने, संरक्षणको व्यवस्था गर्ने, मनोनयन गर्ने, अन्तर्राष्ट्रिय सहयोगको अनुरोध गर्ने, प्रतिवेदन निर्माण गर्ने काममा समुदायहरुको सहयोग अनिवार्य हुन्छ । अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणको उपायमा समुदाय स्तरमा तालिमहरु सञ्चालन गर्ने, जनचेतनाको स्तरमा अभिवृद्धि गर्नुपर्दछ । साँस्कृतिक सम्पदाहरुलाई संरक्षणको लागि संग्रहालयको व्यवस्था गर्नुपर्दछ ताकि धेरै कुराहरुको प्रदर्शनी मार्फत जानकारी गर्ने र संरक्षणमा टेवा पुग्दछ ।

राष्ट्रिय निकुञ्ज, आरक्षणको व्यवस्था गरेर पनि केही वन्यजन्तुहरु तथा वनस्पतिहरुको संरक्षण गर्न सकिन्छ । बालबालिकाहरुलाई अमूर्त साँस्कृतिक सम्पदाको विषयमा पाठ्यपुस्तकहरु निर्माण गरी शिक्षण मार्फत संरक्षण गर्न सकिन्छ । अमूर्त साँस्कृतिक सम्पदाको

जीवन्ततालाई सुनिश्चित गर्न लक्षित उपायहरु, खासगरी औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमद्वारा तिनको चिनारी, अभिलेखीकरण, अनुसन्धान, संरक्षण, सुरक्षा, प्रबद्र्धन, अभिवृद्धिकरण, हस्तान्तरण लगायत त्यस्तो सम्पदाको विविध पक्षहरुको पुनर्जीवनीकरण गरी संरक्षण गर्न सकिन्छ । नेपाली समुदाय अमूर्त साँस्कृतिक सम्पदामा धनी सुमदाय हो । यस समुदायको अमूर्त साँस्कृतिक सम्पदाले नेपाली जातिको पहिचान गर्नुमा मदत गर्दछ । नेपाली महिलाहरुले तान बुन्ने देखि चाडपर्वहरु, खानपिन, भेषभूषा, ओझ्रा धामीको तन्त्रमन्त्रको ज्ञान तथा सीप, ओखतीमुलो गर्ने पद्धति, परम्परागत संस्था संचालन गर्ने पद्धति तथा प्रथाजनित कानुन, लोकजीवन पद्धति आदिले समग्र धिमाल समुदायको प्रतिनिधित्व गर्नुको साथै धिमाललाई चिनाउने काम गरिराखेका छन् ।

खासगरी युवा वर्गमा लक्षित गरिएका शैक्षिक, चेतना अभिवृद्धि तथा जानकारीमूलक कार्यक्रमहरु गर्ने; सरोकारवाला समुदायहरु तथा समूहहरुबीच निश्चित शैक्षिक तथा तालिम कार्यक्रमहरु गर्ने; अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणको लागि क्षमता विकास क्रियाकलापहरु, खासगरी व्यवस्थापन तथा वैज्ञानिक अनुसन्धान तथा ज्ञान हस्तान्तरणको अनौपचारिक साधनहरुको कदर, सो प्रतिको आदर तथा सोको सुदृढिकरणको सुनिश्चित गर्ने प्रयासहरु गरिदिनु पर्ने हुन्छ । उत्तम उपायहरुमा मिडियाको महत्वपूर्ण भूमिका रहन्छ । विभिन्न शैक्षिक संघ - संस्थाहरु मार्फत अमूर्त साँस्कृतिक सम्पदाको बारेमा शिक्षण गर्न, बुझ्राउन सकेमा ज्ञानको हस्तान्तरण गर्न सकिन्छ । त्यस्तै विशेषज्ञहरुको भेटघाट, बहस तथा अन्तरकृया र अनुसन्धान कार्यहरु, डकुमेन्टेशनको कार्य धिमाल समुदाय तथा राज्य स्तरबाट गरिदिनु आवश्यक छ । नेपालमा रहेका सबै भाषाभाषी, जात - तिहरुको अमूर्त साँस्कृतिक सम्पदाको पहिचान,

विवरणसूचीकरण गर्न सकेको खण्डमा सबै जाति तथा समुदायको पहिचान हुनाको साथै राष्ट्रिय संस्कृति समेत सबल भएको हुनेछ ।

## 11.6 उपसंहार

लोक संस्कृतिका कारण कुनै पनि जाति र समाजको आफ्नै छुट्टै चिन्हारी, अस्तित्व र महत्व रहेको हुन्छ । यो एउटा चिन्हारी, अस्तित्व मात्र नभएर जातीय धन र सम्पत्ति पनि हो । यसमा रूढी, अन्धविश्वास , धार्मिक आस्थादेखि लिएर विभिन्न संस्कार, आस्था आदि पर्दछन् । लोक संस्कृति प्रकृतिको काखमा हुर्किन्छ, बड्दछ ।  यहासम्म की लोक संस्कृतिक शिक्षा प्रणालीमा पनि श्रद्धा रहने गर्दछ । यसमा अविश्वास, तर्क आदिको कुनै स्थान हुँदैन । यसैले लोक संस्कृतिमा श्रद्धा भावना परम्परागत् रूपमा शाश्वत हुँदछ । लोक संस्कृति, लोकोत्तर संस्कृति तथा विश्वका सबै मानवका संस्कृतिका बीज एउटै रहेका छन् । यो बीज अन्य कुनै संस्कृति नभएर लोक संस्कृति नै हो ।

वास्तवमा लोकमा जे जे छन् , त्यो सबै लोक संस्कृति हो भन्ने विद्वानहरू पनि धेरै छन् । तर लोकमा भएको सबै कुरालाई आँखा चम्लिएर लोक संस्कृति मान्न सकिन्न । केही विद्वानहरूले लोक परम्परा र लोक संस्कृतिलाई एउटै मानेका पनि छन् । तर यी दुवैमा ठूलो अन्तर पाइन्छ । लोक परम्पराहरूबाट राम्रा र उत्तम कुराहरू विकसित भएर कालान्तरमा लोक संस्कृति बनिने पनि गर्छन् । परम्परा बनिन्दै जान्छन्, भत्किन्दै पनि जान्छन् । तर लोक संस्कृति कहिले पनि परिवर्तित हुँदैनन्, न त भतकाउँनै सकिन्छ ।

नेपाली जातिको लोकजीवन विभिन्न लोककला, बास्तुकला, सामाजिक व्यवहारहरु, अनुष्ठानहरु र चाडपर्व, उत्सवहरु  आदिसित जोडिएको छ ।

वास्तवमा लोकजीवनसित सम्बन्धित लोककलाहरु भन्नासाथ यसमा नृत्य, संगीत, गाना, विश्वास, अभिनय, प्रदर्शनी स्थल, भेषभूषा, जीउको उठबस, चलखेल, उफ्राई आदि विविध गतिविधिहरु पर्दछन् । यस अतिरिक्त यसभित्र हाउभाउका तरीकाहरु, बोल्ने र व्यक्त गर्ने तरीकाहरु लगायतका कुराहरु पर्दछन् । हरेक जात - जाति, समुदाय, समूह, थर तथा उपथरहरुको विश्वास, रीति - रिवाज, चाल - चलन, पद्धति आदिले पनि लोकजीवनमा पनि फरक ल्याउछ ।

## 11.7 सार

यस प्रखण्डमा **नेपाली लोकवार्ता, लोक संस्कृति र नेपाली लोकजीवनको परिचय**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ लोकवार्ता अन्तर्गत भौतिक संस्कृति (भाँडावर्तन, कलाकौशल, आवास, पोशाक आदि) र अभौतिक संस्कृति (चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य आदि) दुवै पर्दछन् ।
- ❖ **लोकवार्ता** भन्ने शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ।
- ❖ लोक संस्कृतिका कारण कुनै पनि जाति र समाजको आफ्नै छुट्टै चिन्हारी, अस्तित्व र महत्व रहेको हुन्छ । यो एउटा चिन्हारी, अस्तित्व मात्र नभएर जातीय धन र सम्पत्ति पनि हो ।
- ❖ कुनै पनि जात - जाति, समुदाय, थर तथा उपथरहरु, समूहको सामाजिक मान्यता, अभ्यास, संस्कृति तथा चाडपर्वहरु निरन्तर

अभ्यासका कारण एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएका हुन्छन् ।

- ❖ यस्ता अभ्यास, चाडपर्वहरु, संस्कार तथा संस्कृतिहरुले समाजको लोकजीवन, लोकविश्वास, धार्मिक, ऐतिहासिक, भौगोलिक मुल्य मान्यता बोकेका हुन्छन् ।
- ❖ जनसमुदायको जनजीवनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।
- ❖ नेपाली जातिको पनि आफ्नै लोक संस्कृति, पद्धति तथा अभ्यासहरु पाइन्छन् ।
- ❖ नेपाली परम्परागत कला - कौशलहरुले यस जातिको लोकजीवनलाई ध्योतन गर्दछ ।
- ❖ जीवनलाई सुगम पार्न र राम्ररी समाजमा बाँच्नको लागि मानव सभ्यताको युगदेखि नै अपनाउँदै आएको सीप तथा कलाहरु पर्दछन् ।
- ❖ केही विद्वानहरूले लोक परम्परा र लोक संस्कृतिलाई एउटै मानेका पनि छन् । तर यी दुवैमा ठूलो अन्तर पाइन्छ ।
- ❖ नेपाली जातिको लोकजीवन विभिन्न लोककला, बास्तुकला, सामाजिक व्यवहारहरु, अनुष्ठानहरु र चाडपर्व, उत्सवहरु आदिसित जोडिएको छ।

यस प्रखण्डको अध्ययनले **नेपाली लोकवार्ता, लोक संस्कृति र नेपाली लोकजीवनको परिचय**बारे बुनियाँदी जानकारी प्राप्त भयो । लोकवार्ताको परिचय र नेपाली लोकवार्ता, लोक संस्कृति साथै नेपाली लोकजीवन सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 11.8 अनुशीलनी

1. लोकवार्ताको अर्थबारे चर्चा गर्दै यसको परिभाषाबारे टिप्पणी प्रस्तुत गर्नुहोस् ।

2. लोकवार्ताको जन्म कहिले र कहाँबाटबाट भएको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

3. लोकवार्ताको स्वरूपबारे एउटा गरिलो लोख तयार पार्नुहोस् ।

4. नेपाली लोकवार्ताको वैशिष्ट्यबारे अध्ययन प्रस्तुत गर्नुहोस् ।

5. लोकवार्ताको पृष्ठभूमिबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

6. नेपाली लोकसंस्कृतिको विशेषताबारे चर्चा गर्दै यसको उपयोगिता र महत्वलाई चिनाउनुहोस् ।

7. आजको सन्दर्भमा लोकवार्ताको महत्त्व र मूल्य के कस्तो रहेको छ ? आफ्नो तर्क प्रस्तुतु गर्नुहोस् ।

8. लोकवार्ताको मुख्य - मुख्य घटकबारे विश्लेषण गर्नुहोस् ।

9. नेपाली लोकवार्ता सम्बन्धि अध्ययन गर्दै नेपाली लोकवार्ताका विविध बान्कीहरूलाई चित्रण गर्नुहोस् ।

10. नेपाली लोक जीवनबारे आफ्नो अध्ययन प्रस्तुत गर्दै लोकवार्ता र लोकसाहित्यमा रहेको समान्ता र भिन्नतालाई खुट्याउनुहोस् ।

## 11.9 अतिरिक्त अध्ययन

1. भट्टराई, गोविन्दप्रसाद (डा) - **नारीवादी समालोचना** ।

2. भट्टराई, गोविन्दप्रसाद (डा) - **पश्चिमी बलेसीका बाछिटा** ।

3. **नेपाली साहित्यकोश,** नेपाल राजकीय प्रज्ञा - प्रतिष्ठान, 2055 ।

4. **नेपाली बृहत् शब्दकोष**, वि. सं. 2060, नेराप्रप्र ।

5. उपाध्याय, कृष्णदेव - **लोकसाहित्यकी भूमिका, इलाहवाद ।**

6. चालिसे, विजय - **डोटेली लोकसंस्कृति र साहित्य ।**

7. दिवस, तुलसी - **नेपाली लोककथाः केही अध्ययन ।**

8 .गिरी, जीवेन्द्रदेव - **लोक साहित्यको अवलोकन ।**

9. गिरी, जीवेन्द्रदेव - **नेपाली लोक साहित्यमा जन जीवन ।**

10. उपाध्याय, कृष्णदेव - **लोक साहित्य की भूमिका ।**

11. थापा, दिनबहादुर - **गलाकोट क्षेत्रमा प्रचलित लोकगीतहरुको सर्वेक्षण र अध्ययन ।**

12. थापा, धर्मराज र हंसपुरे सुवेदी - **नेपाली लोकसाहित्य ।**

13. पन्त, कालीभक्त - **हाम्रो सांस्कृतिक इतिहास ।**

14. पराजुली, कृष्णप्रसाद - **नेपाली लोकगीतको आलोक ।**

15. पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी - **नेपाली लोक साहित्यको रूपरेखा ।**

16. पौड्याल, राजेन्द्र - **नेपाली लोकगीतको परम्परा र विकास ।**

17. पौड्याल, षडानन्द - **नेपाली लोकगीतमा धवलागिरि अञ्चलको योगदान : एक अध्ययन ।**

18. मल्ल, राधिका - **म्याग्दी जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन ।**

19. बन्धु, चूडामणि - **लोकसाहित्य ।**

20. राणा, युद्धवीर - **नेपाली समाज र संस्कृति ।**

21. शर्मा, जनकलाल - **हाम्रो समाज र संस्कृति ।**

22. गुरूङ, एम. एम. - **बिर्सिएको संस्कृति ।**

## 11.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट : तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

१६. लोकवार्ताको सामान्य परिचय ।

........................................................................................

........................................................................................

........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१७. लोक शब्दको अर्थ र परिभाषा ।

........................................................................................

........................................................................................

........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१८. नेपाली लोकवार्ता ।

.........................................................................................

.........................................................................................

.........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१९. नेपाली लोक संस्कृति ।

.........................................................................................

.........................................................................................

.........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.4 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

२०. नेपाली लोक जीवन ।

.........................................................................................

.........................................................................................

.........................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 11.5 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 12, नेपाली लोकवार्ताका विविध प्रकार

**संरचना**

12.0 उद्‌देश्य

12.1 परिचय

12.2 लोकवार्ताको अर्थ र परिभाषा

12.3 नेपाली लोकवार्ता

12.4 नेपाली लोकवार्ताका विविध प्रकार

12.5 उपसंहार

12.6 सार

12.7 अनुशीलनी

12.8 अतिरिक्त अध्ययन

12.9 मूल्यबृद्‌धिको निम्ति उत्तर

## 12.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- लोकवार्ताको सामान्य परिचय
- लोकवार्ताको अर्थ र परिभाषा
- नेपाली लोकवार्ता
- नेपाली लोकवार्ताका विविध प्रकार

## 12.1 परिचय

**लोकवार्ता** भनेको प्राचीन कुरा मात्र होइन, वर्तमानको पनि हो र वर्तमानको मात्र होइन, भविष्यसम्म जाने कुरा पनि हो। लोकवार्ता र संस्कतिहरूलाई हेर्दा हामीले जहिले पनि गाउँको, किसानहरूको, नपढेकाहरूको वा मानौँ विकासमा पहुँच नपाएकाहरूको सम्पदाका रूपमा हेर्ने गर्छौं, होइन त्यो। प्रविधिको विकाससँगसँगै सांस्कृतिक विकासले पनि आफ्नो रूपमा परिवर्तन ल्याउने र आफ्नो प्रवृत्ति र प्रकृतिमा परिवर्तन आउँछ र आउनु पनि पर्छ। त्यो समय, स्थान र कालअनुसार अगाडि बढ्नै पर्छ र गतिशील हुनै पर्छ। संस्कृति भनेको स्थिर, उभिरहने वा एकै ठाउँमा बसिरहने वस्तु होइन, त्यसमा गतिशीलता हुनुपर्छ। त्यसले समय र आवश्यकताअनुसार संस्कृतिलाई गतिशील बनाएर अगाडि लान्छ र मान्छेको जीवनपद्धतिमा आउने परिवर्तनसँगै त्यसलाई अझ गणग्राही र गुणसम्पन्न गराउनमा यसको सदुपयोग गर्नुपर्छ।

लोकवार्ता श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि   गर्दछ । यसैले लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । पश्चिमी संसारमा लोकवार्ता धेरै अगाडिदेखि मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो । **लोकवार्ता** शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ। यसले हाम्रो सम्पूर्ण जीवनपद्धति र चिन्तनधारलाई पनि समेट्छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, लोकवार्ताको सिर्जना मान्छेले गर्छ, जातिविशेषले गर्छ वा कुनै क्षेत्रमा बसोबास गर्ने व्यक्तिले गर्छ। त्यसैले उसको

व्यक्तित्व, जातीय अस्मिता, जातीय पहिचान, जातीय अस्तित्व, लोकवार्ता, लोकसाहित्य, लोकभाषा आदिले उनीहरूको जीवन - पद्धति, विश्वास र आस्थासँग प्रत्यक्ष रूपले सम्बन्धित हुन्छ । लोकवार्तागत अध्ययन र अनुसन्धानलाई अगाडि बढाएर हाम्रो सांस्कृतिक पहिचान र अस्मिता जीवन्त राखेर यसको सदुपयोग गर्नुपर्छ । कुनै पनि देशको विकासको कुरा गर्दा, भौतिक विकास मात्र भएर हुँदैन । यसको निम्त मानिसका मानसिक र आन्तरिक विकास पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ।

## 12.2 लोकवार्ताको अर्थ र परिभाषा

लोकवार्ता कुनै नयाँ अवधारणा होइन । यो मानव समाजको विकासक्रमसँगै सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो । मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीति - रिवाजलाई लोकवार्ता भनिन्छ ।

लोकवार्ता श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । पश्चिमी संसारमा लोकवार्ता धेरै अगाडिदेखि मानव सभ्यताको प्रारम्भदेखि नै विकसित हुँदै आएको अभौतिक सम्पदा हो । **लोकवार्ता** शब्द लोकमा प्रचलित रीतिरिवाज, रहनसहन, चाडपर्व, उत्सव, मूल्यमान्यता, परम्परागत लोक औषधोपचारको विधि, लोकभाषा, लोकइतिहास, सामाजिक, सांस्कृतिक र आर्थिक संरचना समावेश गरेको हुन्छ। यसले हाम्रो सम्पूर्ण जीवनपद्धति र चिन्तनधारलाई पनि समेट्छ।

लोकवार्ता कुनै नयाँ अवधारणा नभएकोले यो मानव समाजको विकासक्रमसँगै सामान्य लोकजीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो । मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकवार्ता भनिन्छ1 भन्ने भनाइले पनि लोकवार्ता श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित भएको तथ्य पुष्टि गर्दछ । यसैले लोकवार्ताको अस्तित्व अति प्राचिन कालदेख नै रहँदै आएको प्रष्ट छ । धेरै जस्तो पिछडिएको राष्ट्रको अध्ययन परम्परा सुदीर्घ र वैज्ञानिक दृष्टिले व्यवस्थित हुन सकेको पाइँदैन । यही कारणले गर्दा सहजमार्ग अवलम्वन गर्ने क्रममा हामी सबै कुरा पश्चिमबाट आएको भन्ने मान्यतालाई नै अन्तम सत्य मान्दै आएको छौं ।

धेरै अगाडिदेखि श्रुतिपरम्पराहुँदै प्रचलनमा रहेको लोकवार्तामा लोकको जीवन्तता, पहिचान, परिचय आदि लुकेको हुन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, लोकवार्ताको सिर्जना मान्छेले गर्छ, जातिविशेषले गर्छ वा कुनै क्षेत्रमा बसोबास गर्ने व्यक्तिले गर्छ। त्यसैले उसको व्यक्तित्व, जातीय अस्मिता, जातीय पहिचान, जातीय अस्तित्व, लोकवार्ता, लोकसाहित्य, लोकभाषा आदिले उनीहरूको जीवन - पद्धति, विश्वास र आस्थासँग प्रत्यक्ष रूपले सम्बन्धित हुन्छ । लोकवार्तागत अध्ययन र अनुसन्धानलाई अगाडि बढाएर हाम्रो सांस्कृतिक पहिचान र अस्मिता जीवन्त राखेर यसको सदुपयोग गर्नुपर्छ । कुनै पनि देशको विकासको कुरा गर्दा, भौतिक विकास मात्र भएर हुँदैन । यसको निम्त मानिसका मानसिक र आन्तरिक विकास पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ।

## 12.3 नेपाली लोकवार्ता

**लोकवार्ता** भनेको प्राचीन कुरा मात्र होइन, वर्तमानको पनि हो र वर्तमानको मात्र होइन, भविष्यसम्म जाने कुरा पनि हो। लोकवार्ता र संस्कृतिहरूलाई हेर्दा हामीले जहिले पनि गाउँको, किसानहरूको, नपढेकाहरूको वा मानौँ विकासमा पहुँच नपाएकाहरूको सम्पदाका रूपमा हेर्ने गर्छौं, होइन त्यो। प्रविधिको विकाससँगसँगै सांस्कृतिक विकासले पनि आफ्नो रूपमा परिवर्तन ल्याउने र आफ्नो प्रवृत्ति र प्रकृतिमा परिवर्तन आउँछ र आउनु पनि पर्छ। त्यो समय, स्थान र कालअनुसार अगाडि बढ्नै पर्छ र गतिशील हुनै पर्छ। संस्कृति भनेको स्थिर, उभिरहने वा एकै ठाउँमा बसिरहने वस्तु होइन, त्यसमा गतिशीलता हुनुपर्छ। त्यसले समय र आवश्यकताअनुसार संस्कृतिलाई गतिशील बनाएर अगाडि लान्छ र मान्छेको जीवनपद्धतिमा आउने परिवर्तनसँगै त्यसलाई अझ गणग्राही र गुणसम्पन्न गराउनमा यसको सदुपयोग गर्नुपर्छ।

नेपाली लोकवार्ता तथा संस्कृति समाजको आयोजनामा सातौं अन्तर्राष्ट्रिय लोकवार्ता कङ्ग्रेस 27 गते मङ्सिर 2076 मा चलेको थियो । यसलाई हेर्दा लोकवार्ता हाम्रै समाजमा चलेर आइको लोक नै 'न्यारेटिभ' भइसकेको बुझिन्छ। यो लोकवार्ता समाज तथाकथित मूल प्रवाहदेखि बाहिर पनि चलेको थियो । अर्जुन अप्पादुराईले 'फियर अफ् स्मल नम्बर' (सन् 2006) - मा भने जस्तै लोकवार्ता सेलुलर एनर्जी वा मूलाधार बिहरेको संस्थाको शाक्तिको रूपमा पनि चलेको पाइन्छ । हामी नेपालीहरू जस्ता अरु पनि 'सेलुलर' शक्ति लिएर संस्था चलिआएका छन्। यो खुलेको बेलादेखि नै हो, नेपालमा लोकतान्त्रिक परिवर्तन कहिले चक्रवात, कहिले उपलब्धि अनि कहिले व्यर्थका कोलाहल हुँदै आएको हो।

माओवादी युद्ध चल्यो, यो खुलेको 2 वर्षपछि। सबैतिर विचलन, सतर्कता, हत्या र अपहरणका कथाहरू आइबसे। हामीले लोकवार्तालाई माओवादीदेखि सरकारका मानिसहरूसम्म यो सबैले बुझ्नु र रक्षा अनि प्रबर्द्धन गर्नुपर्ने संस्था हो भन्न छाडेनौं।

सबैभन्दा महत्त्वपूर्ण कुरा लोकवार्ताको सिर्जना मान्छेले गर्छ, जातिविशेषले गर्छ वा कुनै क्षेत्रमा बसोबास गर्ने व्यक्तिले गर्छ। त्यसैले उसको व्यक्तित्व, जातीय अस्मिता, जातीय पहिचान, जातीय अस्तित्व, लोकवार्ता, लोकसाहित्य, लोकभाषा आदिले उनीहरूको जीवन - पद्धति, विश्वास र आस्थासँग प्रत्यक्ष रूपले सम्बन्धित हुन्छ । लोकवार्तागत अध्ययन र अनुसन्धानलाई अगाडि बढाएर हाम्रो सांस्कृतिक पहिचान र अस्मिता जीवन्त राखेर यसको सदुपयोग गर्नुपर्छ । कुनै पनि देशको विकासको कुरा गर्दा, भौतिक विकास मात्र भएर हुँदैन । यसको निम्त मानिसका मानसिक र आन्तरिक विकास पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ।

**लोकवार्तालाई पहिचान र विकाससँग जोडेर हेर्नुहुन्छ ।** त्यसैले लोकवार्ताको अध्ययन नाच, कथा, गीतको सङ्कलनमा मात्र हुँदैन। यसको संरक्षण र प्रवर्द्धन कसरी गर्नुपर्छ। जातिविशेषको विशेषता, के कुरामा उनीहरू सफल हुन सक्छन्, के काममा उनीहरू अगाडि बढ्न सक्छन्, त्यतैतिर उनीहरूलाई संलग्न बनाउनुपर्छ। स्थानीय र राष्ट्रिय विकासमा थालनीदेखि नै उनीहरूलाई कसरी संलग्न गर्ने, उनीहरूलाई कसरी अपनत्व दिने, त्यहाँका विद्यालयलाई त्यहाँका नागरिकले थाहा पाउन्, हाम्रै भावी सन्ततिलले पढ्ने ठाउँ हो, बाटो त्यही स्कुल जाने बाटो हो, बनिसकेपछि त्यसको सुरक्षा र बन्दा पनि त्यसलाई बलियो बनाउन नागरिक चेतनाले काम गर्छ। त्यस कारण, लोकवार्ता र संस्कृतिको अध्ययनमा देशको

विकासको सन्दर्भ, अनि त्यति मात्र नभएर जातिगत पहिचान र अस्मिताको सन्दर्भ र उनीहरूले पाउनुपर्ने सांस्कृतिक अधिकार तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनमा पनि हामी लाग्नुपर्छ भन्ने चेतना विकसित गर्नुपर्छ। यो क्रमशहरू सचेत विकसित हुँदै गएको छ र मान्छे : हुँदै आएका छन्।

फ्रान्सेली अध्येता **मेरी लुई लकोंत**ले सुदूर पश्चिमको दलितहरूको घुट्के लोक प्रस्तुतिलाई माआवादीले कसरी आफ्नो आन्दोलनको सिलसिलामा प्रयोग गरे भन्ने आफ्नो अल्मोरामा छापिएको किताबमा लेखेकी छन्। अर्को अर्थमा लोकवार्ता र यसको प्रयोग अनेकौं किसिमले भएको पाइन्छ। सरकारमा हुनेहरूले पनि संस्कृतिको एउटा काम सम्झेर ,एकेडेमीहरूले पनि एकाध प्रकाशन गरेर ,विश्वविद्यालयका एकाध पाठमा लोकवार्ता राखेर लोकवार्तालाई अन्य ज्ञानानुशासनसित जोड्ने प्रयास गरेको देखिन्छ। स्वतन्त्र काम गरेर आफ्ना साहित्य विभागमा केही लोकवार्ताका पाठहरू पनि कतिपय विद्वानहरूले राखेको पाइन्छ । यो क्रम आज पनि जारी नै छ। उदाहरणका निम्ति लोकवार्ता समाजका अध्यक्ष कवि तुलसी दिवस र महामन्त्री डाचूडामणि बन्धु एक .–एकवटा तेर्सा झोला झुन्ड्याएर सरकार र संस्थाहरूका घरदलानमा पुगेर सहायता माग्दै यसका सम्मेलन गर्ने क्रममा लागिरहेका पाउँछौं । यी दुई विद्वानलाई भारत, बंगलादेश, पाकिस्तान आदि देशका लोकवार्ता समाज र विश्वविद्यालयले बोलाइ पनि रहने गर्छन् । बन्धु भारका विभिन्न विश्वविद्यालयहरूमा र दिवस युरोप र एसियाका निकै देशमा गएका छन्।

**फोकलोर** अविनाशी विषय हो, किनभने यो मानिसको भित्री सिर्जनशील शक्तिसँग जोडिएको छ। मानिसको ऊर्जा मिथकको फिनिक्स पंक्षी जस्तो खरानी भएर थुप्रो लागे पनि त्यहीँबाट फेरि पानी हुँदै अनि नाद भएर उही

आकारमा उठ्छ। मानिसको यही शक्ति फोकलोरको अन्तर्यमा रहेको छ। फोकलोर कङ्ग्रेसले 'यो सम्मेलन पनि पहिलेका सम्मेलनहरूझैँ लोकवार्ता, संस्कृति, लोकसाहित्य, समाजशास्त्र, मानवशास्त्र, सङ्गीतशास्त्र, भाषाविज्ञान, पर्यटन, इतिहास, भूगोल, कम्प्युटर विज्ञान, इन्जिनियरिङ जस्ता विभिन्न विधासँग सम्बन्धित शिक्षक, विद्यार्थी, अनुसन्धाता तथा अमूर्त सांस्कृतिक सम्पदाका प्रयोगकर्ता तथा संवाहकहरूको आफ्ना अनुसन्धान, प्रयोग, रवैशिष्ट्यहरूबारे मन्थन गर्ने साझा मञ्च हुनेछ' भनेर जानकारी दिनुको अन्तर्य त्यही हो।

नेपालमा लोकवार्ताको अन्तर्यमा रहेको शक्ति नर - नारी, बाल - बालिकामा छ भन्ने बुझ्न सक्यौं भने हामीले यसको आन्तरिक गतिशीलतालाई बुझ्छौं। नेपालमा दिनदिनै प्रशासन, सरकार राजनीतिक दलहरू यो लोकवार्ताले प्रतिनिधित्व गरेको शक्तिबाट टाढा हुँदै गएका कैयौं बलिया उदाहरणहरू हामी देख्न सक्छौँ। नेपालका लोकसंस्कृति, चलन, कला, संस्कृति र साहित्यका बहुल चरित्र छन्। ती अत्यन्त सिर्जनशील र जीवनमुखी छन्। मानिसहरूले विभिन्न कालमा लोकचेतनाका प्रयोग गरिआएका छन्। अहिले दार्शनिक र साहित्यिक चिन्तनमा सरलता, सिर्जनशील लोकचेतनाका प्रयोग हुनलागेका छन्। जलवायु परिवर्तन र संकट विषयका छलफलहरूले उद्घाटन गर्ने विषय लोकवार्ता नै हो। नेपालको सन्दर्भमा भन्दा नेपालका लोकचलन, संस्कृति र जीवनशैलीमा परिवर्तन आएका छन्। अहिलेको नेपालको सन्दर्भमा लोकवार्ता र सरल जीवनको सिर्जनशील पक्षको पहिचान सबभन्दा आवश्यक विषय हो।

विशेषत: लोकवार्ताको दुई वटा खण्ड छ, एउटा मौखिक र अर्को अमौखिक । मौखिक अन्तर्गत लोकगीत पर्छ । यो केवल मनोरञ्जन गर्ने साधनमात्रै होइन, समाजको विकासक्रमको सूचक पनि हो । जसलाई प्रष्ट पार्न

अध्ययन र अनुसन्धान गर्दा समाजसँगको सम्बन्धलाई केलाउनुपर्छ । त्यसो गर्न अध्ययनको क्रममा वैज्ञानिकता अपनाउनुपर्छ । त्यसको सान्दर्भिक सूचनाहरू संकलन गर्नुपर्छ । जस्तो गन्धर्वहरूको अध्ययन गर्दा 'कहाँ गयो मामाको छोरी, टप्पै टिपेर लैजाउँला' भन्ने गीत सुनिन्छ ।यसमा अचम्म मान्ने के कुरा देखिन्छ भने हाम्रो त मामाको छोरा - छोरी त दाजु - भाइ, दिदी - बहिनी हुन्छन्, हाड - नाता नै पर्छ । कसरी टप्पै टिपेर लाने कुरा आयो ? अध्ययन गर्दा थाहा भयो, त्यो जातिमा मामा चेला र फूपू चेला विवाह हुादोरहेछ । त्यही भएर पो त्यस्तो गीत गाइएको रहेछ । त्यसैले सन्दर्भअनुसार गीतको व्याख्या र विष्लेषण गरिएन गीतको अर्कै अर्थसमेत लाग्छ । त्यसैले लोकगीतको अध्ययन गर्दा सूचनामा कुन जाति, कुन ठाउँ, कुन सन्दर्भमा संकलित भएको हो भन्ने स्पष्ट हुन जरुरी छ । तब मात्रै त्यसको विष्लेषण र व्याख्या सही हुन सक्छ । सही व्यख्या र विष्लेषणले नै लोकगीतलाई समाज विकासको सूचक प्रमाणित गर्न सक्छ ।

## 12.4 नेपाली लोकवार्ताका विविध प्रकार

नेपाली जाति एक समृद्ध र विसकित जाति हुन् । यस जातिका आफ्नै प्रकारका लोकवार्ता छन् । मुख्य गरेर चार जात, छत्तिस वर्णमा बाडिएको नेपाली जातिभित्र विभिन्न जात - गोष्ठि, समुदायहरू पर्दछन् । यी जात - गोष्ठि, समुदायहरूका आ - आफ्नै प्रकारका लोकवार्ताहरू भए पनि समग्रमा नेपाली जातिका विविध लोकवार्तालाई निम्नरूपमा चर्चा गरिएको छ । ती हुन् -

**12.4.1 लोककथा** -

लोककथालाई लोकवार्ताको ज्यादै महत्वपूर्ण विधा मानिन्छ । लोककथा भन्ने र सुन्ने परम्परा कुनै पनि जातिको समुदायमा व्यापक रूपमा पाइन्छ । लोककथा ज्यादै पुरानो परम्पराबाट बाँच्दै आएको विधामा पर्छ । खासगरी नेपाली जातिमा यस विधाले अर्ती - उपदेश दिने, मनोरञ्जन गर्ने, संस्कार संस्कृतिलाई जगेर्ना गर्ने, भाषा संरक्षणमा टेवा पु¥याएको, चेतना तथा जनजागरणमा मद्दत गरेको पाइन्छ । नेपाली बूढापाका आफ्नै भाषामा लोककथा भन्न रुचाउँछन् । लोककथामा संस्कार संस्कृति झल्काउने, देवदेवी, जनावर, भूतप्रेत, पशुपंक्षी, जीवनशैली जस्ता झल्काउने कथा पर्छन् । वास्तवमा नेपाली बूढापाका बेलुका खाना खाएपश्चात निद्रा नलाग्दाको बेला, आगो ताप्दा, खमारमा धान दाइ गर्दा, फुर्सदको बेला लोककथा नातिनातिना तथा अन्य युवायुवतीलाई सुनाउन रुचाउँछन् ।

लोकसाहित्यका विविध विधाहरू मध्ये लोककथा प्रमुख विधा हो । यो गाउँघरमा कामकाजबाट फुर्सद मिलेपछि वसिवियाँलो गर्न र ज्ञानगुन पाउन कथा भन्ने र सुन्ने चलनसँगै अघि बढेको पाइन्छ ।लोककथा कुनै समाज तथा संस्कृतिमा परापूर्वकाल देखि मौखिक तथा लिखित रूपमा चलिआएको कथा हो । लोककथामा समाजका सास्कृतिक परम्परा तथा चालचलन सहितका दन्त्यकथा, परी कथा, चुटकिला, ऐतिहासिक कथा आदि समावेस गरिएको पाइन्छ ।

लोककथाको उत्पतिबारे कुनै पनि तिथिमिति स्पष्ट हुदैन र यसका लेखक पनि हुदैनन् किनभने यो मानवसभ्यता तथा लोकभाषासँग बिकसित हुदै सामुहिक रुपमा एक गलाबाट अर्को गला हुदै आजको रुपसम्म आइपुगेको हो । यसरी तत्कालिक समाजको धार्मिक, सामाजिक एवं साँस्कृतिक मान्यता र परम्पराको जीउँदो रुप लोककथा हो । नेपाली वृहद शब्दकोष

अनुसार 'परम्परादेखि लोक जीवनमा मौखिक रुपले चलि आएको कथालाई लोककथा भनिन्छ ।' त्यस्तै गरी अमरकोशको अनुसार 'खासगरी जुगौं जुग देखि जनताको मुखमुखै एकनासले चलि आएका काल्पनिक घटना प्रधान कथालाई लोककथा भनिन्छ ।' त्यसैले लोककथा भन्नाले तपाई हाम्रो माझमा मौखिक रुपले चलि आएको कथा भन्ने बुझिन्छ । यसरी लोककथा र समाजका विच नङ र मासुको जस्तो सम्बन्ध रहेको देखिन्छ । यो कुनै व्यक्ति तथा देशको उपज नभई विश्वकै सम्पदा मानिन्छ ।

भौगोलिक स्थिति, जाति, संस्कृति आदिको कारणले फरक फरक भए पनि तात्विक रुपमा एकै हुन्छ । प्राय: जसो नेपाली लोककथामा 'एकादेश' बाट शुरु गर्ने र कथाको अन्तमा सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला आदिबाट कथा टुङ्ग्याउने गरिन्छ । लोककथाहरु पशुपंक्षी, बोट विरुवा, भूत प्रेत, पौराणिक धार्मिक, साँस्कृतिक ऐतिहाँसिक, उपदेशात्मक, साहस सु¥याई, दैवी, हास्यव्यंगात्मक मनोरञ्जनात्मक इत्यादि प्रकारका हुन्छन् । जो मार्फत लोक जीवनले बौद्धिक ज्ञान, नैतिक सन्देश र मनोरञ्जन पाउँछन् । यसको मूल थलो समाज हो जो जीवनजगतकै सेरोफेरोमा चहार्दै घुम्छ र पुस्ता प्रतिपुस्ता सर्दै जान्छ ।

लोककथालाई सुन्ने कथा, दन्त्य कथा का साथै कर्णाली र सुदुर पश्चिम क्षेत्रमा सिल्लोक पनि भनिन्छ । नेपाली लोक कथाहरु हाम्रो पैत्रिक सम्पति हुन् । नेपालका प्राकृतिक भण्डार हुन् । नेपाली लोककथाले लोक संस्कृति तथा राजा महाराजा, देवी देवता, मठ मन्दिर, पशुपंक्षी, वनस्पति आदिको कथा प्रस्तुत गरेको पाइन्छ । जहाँ हुन नसक्ने कुराहरु पनि सम्भव भएको देखिन्छ । खासगरी बूढाबूढीहरुले आफ्ना सन्तानहरुलाई भुलाउन, फकाउन र मनोरञ्जन दिन यस्ता कथाहरु

भनिएको पाइन्छ । जस्तैः खीरपाक ताउली, सिस्नेकीरा, कन्जुस बुढी, ठूला ढुंगाको दैत, स्याल र बाघ, पैकेलोको कथा आदि । यसरी लोककथा परम्परा देखि सुनाइदै आएको लोकजीवनको श्रुति स्मृतिमा आउने कथा हो । आजकल लोककथामा समय सापेक्ष थपघट हुनुका साथै आधुनिकताको पनि प्रभाव परेकोछ । तर, यसको रुप, सौन्दर्य नबिगारी जस्ताको तस्तै लिखित रुपमा संरक्षण गर्नु हाम्रो ठूलो कर्तव्य मानिनेछ।

**12.4.2 लोकगीत -**

लोकगीत ज्यादै महत्वपूर्ण तथा उर्वर विधामा पर्छ । लोकगीतमा प्रायः लोकजीवन, लोकसंस्कृतिअन्तर्गत विवाह, जन्म, दुःख तथा सुखका विभिन्न पाटालाई समेटेको पाइन्छ । लोकगीत सबैले मन पराउने सुख दुःखको समिश्रणबाट बनेको हुन्छ । विवाहमा केटापक्षले गाउने 'धाङगाई किया' र केटीपक्षले गाउने 'तेल्ही किया' लोकगीत, पार्वामा गाइने गीत, चेन्सेको भार सोना, सार्बो सायो, जारी जारी सोना काङ्को आदि लोकगीत ज्यादै प्रसिद्ध छन् ।

नेपाली जातिका लोकगीतलाई दुई प्रकारले विभाजन गर्न सकिन्छ । तिनीहरूमा एउटा निबन्धात्मक र अर्को फुटकर (दिवस, 2035) । तिनै कुरालाई बालगीत, वयस्क गीत र बूढापाकाको गीत भनि पनि तीन भागमा विभाजन गर्न सकिन्छ । वास्तवमा निबन्धात्मक गीतमा कथात्मक तथा विवरणात्मक खालको, लामो अनुभव बाँड्ने, प्रायः साइनो बाँधेर गाउने, दोहरी पाराको हुन्छन् । तर फुटकर लोकगीतमा माया, प्रेम, दुःख, आशा, निराशा, हर्ष, विस्मात, झल्काउने, छोटो र छरितो, चाखिला, फूर्तिला खालको भाका, जनजीवनसँग सरोकार राख्ने, ऋतुकालीन समय विशेष झल्काउने पाराको पाइन्छन् । समाजसँगको सांस्कृतिक संघर्ष

समाजको सांस्कृतिक रूपान्तरण र परिवर्तनको संघर्षमा उसको भूमिकासँग सम्बन्धित रहन्छ । समाजसँग रहने 'झुटो चेतना'को अन्त्य सांस्कृतिक संघर्ष र रूपान्तरणविना असम्भव हुन्छ । सत्तारुढ वर्गविरुद्धको सांस्कृतिक संघर्षको मुख्य उद्देश्य परिवर्तनविरुद्ध प्रयोग गरिने उसका सांस्कृतिक हतियारलाई कमजोर बनाउनु हुन्छ । कम्युनिस्ट पार्टीभित्र चलाइने सांस्कृतिक संघर्ष कम्युनिस्ट आदर्शअनुरूपको पार्टी निर्माणसँग जोडिन्छ ।

सांस्कृतिक संघर्ष विचारधारात्मक संघर्षकै एउटा रूप हो । सांस्कृतिक संघर्ष कमजोर हुनु भनेको परिवर्तनको प्रक्रिया नै कमजोर हुनु हो । सांस्कृतिक संघर्ष परिवर्तनका निम्ति गरिने समग्र संघर्षकै एक अंग हो र हुनुपर्छ । सामन्तवादी, पुँजीवादी संस्कृतिविरुद्ध संघर्ष नगरी र सांस्कृतिक दृष्टिले फेरिएको कम्युनिस्ट पार्टी नभई परिवर्तनलाई पूर्णता प्रदान गर्न गाह्रो हुन्छ । क्रान्ति भइहाले लामो समय त्यसलाई टिकाउन सकिन्न । सांस्कृतिक मोर्चामा सफलतापूर्वक संघर्ष गर्न नसक्दा पनि कम्युनिस्ट आन्दोलन असफल भएका छन् । सांस्कृतिक रूपमा फेरिन नसकेको कम्युनिस्ट नेतृत्व कम्युनिस्ट आन्दोलनको असफलताको एक महत्वपूर्ण कारक रूपमा रहेको छ ।

क्रान्ति सफल हुनका निम्ति धेरै कुरा ठीक हुनुपर्छ । सिद्धान्त, विचार, नीति, कर्यक्रम आदि यसभित्र पर्छन् । सैद्धान्तिक, वैचारिक एवं राजनीतिक विषयहरूको भूमिका यसमा प्रमुख रहन्छ, तर संस्कृति र सांस्कृतिक रूपान्तरणका सम्बन्धमा सही दृष्टिकोण नराख्ने, यसलाई कम महत्व दिने र सांस्कृतिक रूपमा नफेरिएको पार्टी सिद्धान्तका दृष्टिले सही भए पनि क्रान्ति र परिवर्तनको नेतृत्व गर्न अन्ततः असफल हुन्छ ।

सामन्तवादी, पुँजीवादी समाजभित्रैबाट कम्युनिस्ट पार्टीमा नेता कार्यकर्ता आउने भएकाले उनीहरूले निरन्तर आफ्नो सांस्कृतिक रूपान्तरणका निम्ति आत्मिक संघर्षलाई अघि बढाउनुपर्छ । समाजका बुद्धिजिविहरूले समाजवादी संस्कृतिको निर्माणका निम्ति योजनाबद्ध रूपले कार्य गर्नुपर्छ । 'आर्थिक निर्धारणवादी' दृष्टिकोणका कारण कैयौँ एकाइहरूले संस्कृतिजस्तो महत्वपूर्ण अधिरचनात्मक तत्वलाई समुचित महत्व प्रदान गर्न सक्दैनन् । यसले सांस्कृतिक रूपान्तरणको मुद्दालाई त कमजोर बनाउँछ नै, क्रान्ति र क्रान्तिपछिको अवस्थामा संस्कृति र मिडियाको प्रयोगलाई पनि कमजोर बनाउँछ । क्रान्तिपछि संस्कृति र सांस्कृतिक रूपान्तरणको विषय अझ महत्वपूर्ण बन्छ ।

**12.4.3 लोकगाथा -**

लोकगाथालाई विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वान तथा अन्वेषकहरुले विभिन्न परिभाषा दिएका छन् । जि. एल. क्रिटिज लोकगाथा कथा भनिएको गीत हो । अथवा अर्को दृष्टिकोणवाट भन्नु पर्दा लोकगाथा भनेको गीतमा भनिएको कथा हो । एफ. वी. गुमर लोकगाथा अवैयक्तिक सामग्री भएको गेय पद्म हो । इन्साइक्लोपिडिया अमेरिकाना लोकगाथा सरल आख्यानात्मक प्रगीत हो ।

ज्ञान वा अज्ञान उत्पत्ति भएको लोकगाथा कथा भनिएको गीत हो । प्रा. मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल कुनै प्रसंग वा घटनावलीको मौखिक वा श्रुति परम्पराद्धारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अज्ञात रचनाकारको आख्यानात्मक गीत संरचनालाई लोकगाथा भनिन्छ । मोतिलाल पराजुली लोकगीतका तरलतम् भाव र हृदयपक्षको तिक्ष्णता सँगसगै मानव भोगाइका मर्मस्पर्शी कथा व्यथा बोकेर लयात्मक

सांगीतिक ध्वनि छर्दै एउटा कलात्मक विद्याको सृजना हुन्छ, त्यो कलात्मक विद्या लोकगाथा हो । डा. कृष्णदेव उपाध्याय जनसाधारणका मौखिक परम्परामा प्रचलित कथात्मक गीतलाई लोकगाथा भनिन्छ ।

लोकगाथा उत्पत्ति सम्बन्धि विभिन्न मतहरु देखा परेका छन् । ती मतहरुलाई प्रा. डा. मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेलद्वारा लिखित 2063 सालमा विद्यार्थी पुस्तक भण्डार भोटाहिटी बाट प्रकाशित लोक वार्ता विज्ञान र लोक साहित्यको पृष्ठ 158 देखि 161 सम्म सविस्तार दिइएको छ । तिनै मतहरु र मोतिलाल पराजुलीद्वारा लिखित तथा श्रीमती तारादेवी पराजुलीद्वारा 2049 सालमा प्रकाशित नेपाली लोकगाथा को पृष्ठ 30 मा दिइएको भारतिय लोक साहित्यका मर्मज्ञ डा. कृष्णदेव उपाध्यायको लोकगाथाको उत्पत्ति सम्बन्धि समन्वयात्मक सिद्धान्तलाई आधार मानेर तिनलाई मोटामोटी रुपमा तीन वर्गमा विभाजन गर्न सकिन्छ ।

### 12.4.4 लोक सङ्गित -

लोक सङ्गीतको कुरा गर्दा लोक र सङ्गीतको फरक फरक अर्थ लाग्ने भएकाले यहाँ लोक र सङ्गीतको फरक फरक अर्थला प्रष्ट पार्न आवस्यक पर्छ । लोक र सङ्गीतको अर्थलाई नियालेर हेर्दा निम्नानुसारको भिन्नता पाइन्छ । **लोक** ब्रह्माण्डको कुनै एक भाग अथवा खण्ड संसार, जगत्, दुनियाँ, समान संस्कृति, भावना र सामाजिक स्थिति भएका खास भौगोलिक एकाइमा रहने मानिसको समुदाय जन समुह भनि नेपाली बृहत शब्दकोशमा लोकलाई परिभाषित गरेको छ। लोक शब्दको प्रचलन प्राचीन कालदेखि नै विभिन्न रुपमा प्रयोग हुँदै आएको छ । वैदिक कालदेखि लोक शब्द जन को पर्यायवाची शब्दका रुपमा प्रयोग गरिएको छ ।

भने ऋग्वेदमा प्रयुक्त देहि लोकम्का अनुसार लोकको प्रयोग स्थानका अर्थमा पनि भएको छ । संहिता, ब्राह्मणग्रन्थ र उपनिषदहरूमा लोक शब्दलाई मूलतः जगत वा ब्रह्माण्डका रुपमा ग्रहण गरिएको र समयान्तरमा यस शब्दलाई मूलतः जगत्वा ब्रह्माण्डका रुपमा ग्रहण गरिएके र समयान्तरमा यस शब्दले स्वतन्त्र अर्थ लिदै गएको स्पष्ट हुन्छ ।

वैदिक साहित्यमा समेत चर्चित लोक शब्द उत्तरवैदिक कालमा वेदभिन्न भन्ने रुढ अर्थ लिँदै वेद र लाकजस्ता विपरीतार्थी प्रकृतिमा पनि परिभाषित हुँदै आएको छ । वैदिक साहित्य र लौकिक साहित्य भन्ने भेदले यस कुराको पुष्टि गर्छ । फलस्वरुप रामायण, महाभारत र भगवद्गीता जस्ता ग्रन्थहरूमा लोक शब्द वेदइतर काव्यसृजनाका सन्दर्भमा समेत अभिहित हुन पुगेको छ । ऐतहासिक क्रममा पनि अशोकको शिलालेखमा आइपुग्दा यस शब्दको प्रयोग समस्त प्रजाजनका हितका निम्ति भएको पाइन्छ । यसरी प्राचीनकाल देखि नै लोक शब्दको प्रयोग हुँदै आएको पाईन्छ । लोक शब्दलाई मुख्यतय जन र ठाउँ गरी दुई अर्थमा प्रयोग हुँदै आएको छ । लोक जनको अर्थ लोकविश्वास, लोकप्रथा, लाकधर्म, लोककल्याण, लोककला आदि हो भने लोक ठाउँको पृथ्वीलोक, स्वर्गलोक, सत्यलोक, मत्र्यलोक, मृत्युलोक, परलोक आदिको रुपमा प्रयोग हुदै आएको छ । ऋग्वेदमा लोकलाई जन, ठाउँ (जीव, स्थान)को रुपमा प्रयोग हुदै आएके पाईन्छ । अथर्ववेदमा ठाउँ (पार्थिवलोक, दिव्यलोक) - को रुपमा, उपनिषद्मा ठाउँ (प्रत्येक वस्तुमा व्याप्त) - को रुपमा, अष्टाध्यायी ठाउँ (लौकिक, सार्वलौकिक) - को रुपमा नाट्यशास्त्रमा जन (साधारण जनता) - को रुपमा, महाभारतमा जन(सामान्य जनता)को रुपमा, गीतामा जन (साधारण जनता) - को

रुपमा, बौद्ध दर्शनमा जन (समस्त मानव) - को रुपमा प्रयोग भएको पाईन्छ ।

लोक शब्दको अर्थविस्तार हुँदै जाँदा त्यसले विभिन्न अर्थग्रहण गरेको छ । शब्दकोशहरू यस शब्दको भिन्न भिन्न अर्थ दिइएको छन्, जस्तो संसार, जगत, प्रदेश, दुनिया, जनता, समाज आदि लोककै विविध अर्थ हुन् । आमरकोशमा लोकस्तु भुवने जने भनेर लोक शब्दको अर्थ संसार र जनतालाई बताइएको छ । यस प्रकार लोक शब्दले व्याप्ति लिँदा विभिन्न अर्थ अँगालेको र निकै ठूलो परिधि ओगटेको पाइन्छ । व्यवहारमा भने आवरकोले जनाए जस्तै प्राय यसशब्दका दूइटा अर्थ विशेष रुपमा प्रचलित देखिन्छन्, एउटा विशाल भूमिका साथै त्यसअन्तर्गत आउने स्थानविशेष र अर्को लोकव्यवहारमा रमाउने जनसामान्य । भूत, वर्तमान र भविष्य तिनै कालका जनसमुदायलाई समेट्ने लोक शब्दमा सबैतिर फन्को मार्न सक्ने विशेष व्याप्ति निहित छ । वस्तुतः विभिन्न सामाजिक, सांस्कृतिक, आर्थिक एकाइको समष्टिरुप मानवजगत् हो । यसमा जनता मात्र नभएर भूमि, देश, गाउँ, बस्ती, समुदाय धेरै थोक हुन्छन् तापनि संस्कृति र साहित्यका सन्दर्भमा लोक शब्दले लोक भूमिलाई नै अँगालेको छ र यस शब्दले जनसामान्यसितै सम्बन्ध गाँसेको छ । यसरी विविध रुपमा लोकसंस्कृति, लोकसाहित्य एवं लोकसङ्गीत जस्ता जनताका व्यवहार र बोलिसँग गाँसिएको लोक शब्दको अर्थ पनि जनसाधारणका रुपमा नै प्रचलित भएर यसले आफ्नै प्रकारको महत्वपूर्ण परिचय दिने गरेको छ । सामान्यतया जनसाधारण भन्ने अर्थमा लोक शब्द अर्थिदै बहुप्रचलित र चर्चित हुन पुगेको छ । यसैले विशेष भूखण्डमा बसोबास गर्ने सर्वसामान्य जनता लोक हुन् र उनीहरूका संस्कृति, साहित्य, सङ्गीत, गीत नै लोकसंस्कृति, लोकसाहित्य, लोकसङ्गीत, लोकगीत हुन् ।

Notes

यस अतिरिक्त नेपालीलोकवार्ताका विविध प्रकारहरूमा निम्न घटकहरूलाई पनि लिन सकिन्छ । ती हुन् -

### 12.4.5 धमारी

लोक साहित्यको लोकगाथा अन्तर्गत पर्ने धमारीलाई प्रचलित भूगोल तथा समुदायमा गाथा नभनी केवल धमारी मात्रै भन्ने प्रचलन रहेको छ । यो मध्य तथा सुदुर पश्चिमका सवै जिल्लाहरुमा प्रचलनमा रहेको पाउन सकिन्छ । धमारी के हो यसको संरचना कस्तो हुन्छ भन्ने वारेमा लोकसाहित्यका विद्वान अन्वेषकहरुले आफ्ना विचारहरु प्रस्तुत गरेका छन् । तापनि यसको सम्पूर्ण संरचनाको अध्ययन अनुसन्धान हुन वाँकी नै रहेको कुरा खड्किन्छ ।

धमारीलाई विभिन्न विद्वानहरुले दिएका परिभाषा निम्नानुसार रहेको पाउन सकिन्छ । प्रा. मोहनराज शर्मा तथा खगेन्द्र प्रसाद लुइँटेलले लोकवार्ताविज्ञान र लोकसाहित्य वि. सं. 2063 मा धमारीलाई यसरी परिभाषित गरेका छन् - धम र आर वाट ब्युत्पन्न शब्द धमले एक प्रकारको आवाजलाई बुझाउँछ । **धमार** संगीतशास्त्रमा प्रचलित शब्द हो । धमारवाट निर्मित धमारी शव्द नेपाली लोक साहित्यका क्षेत्रमा एक प्रकारको रागका साथै धार्मीक गीतसँग सम्बद्ध छ । ( शर्मा र लुइटेल, वि. सं. 2063, पृ. सं. 187) । कृष्ण प्रसाद पराजुलीले नेपाली लोकगीतको आलोक 2057 मा धमारीलाई नेपालको डोटी कर्णाली आदि भेगमा प्रचलित जात्रा, पर्व, उत्सव, अनुष्ठान जस्ता कार्यमा गाइने लोकगाथा हो भनिएको छ । कपिलदेव लामिछानेद्वारा **नेपाली लोकगाथाको अध्ययन** (वि. सं. 2064) - मा धमारीलाई लोकगाथाको रुपमा चर्चा गरिएको पाइन्छ । त्यस्तै चुडामणी बन्धुद्वारा **नेपाली**

**लोकसाहित्य** नामक पुस्तकमा कृष्णको धमारीलाई धार्मीक गीत अन्तर्गत चर्चा गरिएको छ । जितेन्द्र देव गिरिले **लोक साहित्यको अवलोकन** (वि. सं. 2057) - मा लोकगीतलाई हाम्रो समाजले विभिन्न नाम दिएको छ जसमध्ये धमारी पनि एक हो भनेका छन् । ( गिरि,वि. सं. 2057, पृ. सं. 110) ।

**नेपाली शब्दशागर** (वि. सं. 2057) - मा धमारी शब्दलाई उधुम मच्चाउने , उत्पात, उपद्रव, नचाहिने चलाचल, खेलवाट धुम मचाउने काम भनि अर्थ लगाइएको छ । (मोहनराज शर्मा, वि. सं. 205, पृ. सं. 699) । यसरी नै **वृहत् नेपाली शब्दकोश** (वि. सं. 2040) - मा धमारीलाई खेलद्वारा धुमचक्र मच्चाउने काम भनेर परिभाषित गरिएको छ । (माधव पोखरेल, वि. सं. 2040, पृ. सं. 684) । यसरी विभिन्न विद्वान अन्वेषकहरुले दिएको परिभाषा हेर्दा धमारीका वारेमा समग्रताको अभाव देखिन्छ । कुनै पनि विद्वानले यसलाई आधोपान्त अध्ययन तथा समग्र विश्लेषण नगरेर केवल लोकगाथाकै एउटा विधाका रुपमा वा धार्मीक गीतका रुपमा मात्र परिभाषित गरिएको पाइएको छ ।

**12.4.6 आञ्चलिकता -**

लोकसंस्कृतिलाई लोकजीवनले आत्मसात् गरेको हुन्छ र त्यो संस्कृति पनि प्रत्येक आञ्चलिक क्षेत्रको पृथक - पृथक रूपमा हुन्छ । प्रत्येक स्थान, क्षेत्र, अञ्चल विशेषका लोकसांस्कृतिक पक्षहरू र लोकसंस्कृतिसँग सम्पृक्त भएर आएका विविध सन्दर्भहरूबाट स्रष्टाले साहित्यिक सिर्जनाका लागि अन्तर्वस्तु ग्रहण गर्दछ । त्यसकारण लोकसंस्कृतिको प्रभाव आञ्चलिक साहित्यमा परेको देखिन्छ । स्थानिक

लोकसंस्कृतिलाई साहित्यका माध्यमबाट बाहिर ल्याउने प्रयोजनका लागि पनि साहित्यमा स्थानिक लोकसंस्कृतिका विविध आयामहरू समावेश गरिएको हुन्छ।

प्रथमत: **अञ्चल** भन्नाले कुनै ठाउँ, क्षेत्र, भूमि मात्र नबुझेर त्यहाँ बस्ने लोकजीवनलाई पनि बुझिन्छ । लोकजीवन भन्नाले लोकको जीवनशैली भन्ने बुझिन्छ र यसअन्तर्गत स्थानिक लोकजीवनका लोकव्यवहार, विधिनिषेध, आचार - विचार, रीति - स्थिति, चाल - चलन, लोकका विश्वास, परम्परा, मूल्य र मान्यता आदिका साथै लोकका आदिम मनोबिम्ब, आदिमप्रकार, मनोविज्ञान - सामूहिक अचेतन र आद्यरूप, रूढि, अन्धविश्वास आदि यावत् पक्षहरू पर्दछन् । यी लोकजीवनसँग सम्बद्ध पक्ष र मिथकीय सन्दर्भबाट पनि स्रष्टाले आफ्नो सिर्जनाका लागि आधार प्राप्त गरेको हुन्छ । साथै उपर्युक्त पक्षहरूलाई स्रष्टाले आफिनो सिर्जनामा प्रयोगसमेत गरेको हुन्छ । स्थानिक लोकजीवनका विविध आयाम र आद्यरूपका रूपमा रहेका इतिहासका मिथकहरूले समेत साहित्य सिर्जनामा प्रभाव पार्ने भएकाले आञ्चलिकताका प्रभावक तत्वका रूपमा लोकजीवन र मिथकलाई लिइएको छ।

स्थानिक लोकजीवनको उद्देश्यबाट साहित्य सिर्जना गरिने हुँदा आञ्चलिक लोकसाहित्यमा बढी प्रभावक हुन्छ । सामाजिकतासँग जीवनशैली र संस्कृतिसमेत जोडिएका हुन्छन्। तापनि लोकवार्तामा प्रयुक्त सामाजिकतालाई युगीन स्थानिक सन्दर्भसँग जोडेर हेर्नुपर्ने हुन्छ। स्थानिक वा आञ्चलिक समाजका विधि - व्यवहार, प्रचलन, सामाजिक तथा जातीय संस्कार, परम्परा, समाजका राजनीतिक,

सांस्कृतिक, आर्थिक आदि परिवर्तन र यी परिवर्तनहरूको समाजमा पारेको प्रभाव पनि आञ्चलिक लोकवार्तामा परेको हुन्छ । साथै आञ्चलिक लोकसाहित्यले तत्स्थानिक वा तत्‌आञ्चलिक समाजका विविध पक्ष र आयामहरूलाई अभिव्यञ्जित गर्ने भएकाले पनि आञ्चलिकतालाई प्रभाव पार्ने महत्वपूर्ण तत्वका रूपमा सामाजिकतालाई लिइन्छ । निश्चित स्थानिक वा आञ्चलिक क्षेत्रमा विशेषतः निश्चित जाति, जनजातिको बाहुल्य हुन्छ र ती जाति, जनजातिका विभिन्न जातीय - जनजातीय संस्कार र संस्कृतिले त्यस अञ्चल वा स्थानिक मूल वैशिष्ट्यलाई द्योतन गरेका हुन्छन् ।

यस्ता जातीय संस्कार पछि निर्मित नभई परम्पराबाट आएका हुन्छन् । साहित्यमा धेरैजसो निश्चित अञ्चल वा स्थानिक परिवेशका जातीय संस्कारको प्रतिबिम्बन पाइनाले पनि यो स्पष्ट हुन्छ । यसको सम्बन्ध मिथक र संस्कृतिसँग भए पनि जातीय संस्कारले तत्स्थानिक जातीय विशेषतालाई देखाउने हुँदा जातीय संस्कार पनि आञ्चलिकतालाई प्रभाव पार्ने तत्वका रूपमा देखिन्छ । लोकवार्तासित आञ्चलिकको सन्दर्भहरूलाई यसप्रकार देखाइन्छ -

१. निश्चित स्थानिक - आञ्चलिक परिवेशका रीति - स्थिति र आचार - विचारहरू ।

२. निश्चित स्थान - अञ्चलका जनजीवन वा जीवनशैलीका विविध पक्षहरू ।

३. निश्चित स्थान - अञ्चलका र तत्स्थानिक जातिविशेषका समेत वेष - भूषा, खान -पान र चाल - चलनहरू ।

४. निश्चित स्थान - अञ्चलका संस्कार, संस्कृति र विधि - व्यवहारहरू एवम् तत्स्थानिक जाति तथा जनजातिका संस्कार, संस्कृतिहरू ।

५. निश्चित स्थान - अञ्चलका भौगोलिक परिवेशको चित्रण र त्यहाँका निजी वा मौलिक विशेषताहरू ।

६. शैलीय रूपमा निश्चित स्थान - अञ्चलमा बोलिने भाषा - भाषिकाहरू र ती भाषा बोल्ने पात्रहरू ।

७. ग्रामीण परिवेश र सीमान्तीकृत वर्गका विविध पक्षहरू आदि।

### 12.4.7 मिथक -

नेपाली लोकवार्तामा पहिलोदेखि नै मिथकको प्रयोग भएको पाइन्छ । यसको प्रयोग नेपाली साहित्यमा पनि प्रारम्भ समयदेखि नै भएको हो । वीर चरित्रबाट नेपाली उपन्यासले यात्रा थालनी गर्नु संयोगमात्रै होइन, हाम्रो संस्कृतिमा मिथक अभिन्न रुपमा गाँसिनुको प्रमाण हो। मिथकहरु हाम्रा बिम्ब हुन्, आदर्श हुन् र हाम्रो जीवनशैलीसँग गाँसिएका छन्। गिरिशवल्लभ जोशीद्वारा लिखित यस कृति नै नेपाली मौलिकतायुक्त पहिलो आख्यान हो, जसलाई संरचनाका दृष्टिले पनि उपन्यास भन्न सकियोस्। उपन्यासको कथानक हेर्दा यसको स्रोत संस्कृत साहित्य हो भन्ने नै लाग्दैन। पहिलो खण्डमित्रलाभमा बाग्लुङको ब्राम्हण परिवारको यात्रा वर्णन छ। यसक्रममा भेटिने मासनदेवी, जलपिशाचीनी, वनझाँक्री जस्ता पात्रले नेपाली लोककथाले निर्माण गरेका मिथलाई प्रस्तुत गरेको

छ। अन्य खण्डहरु सुहृद्‌भेद, विग्रह र सन्धिमा पनि यस्ता प्रसङ्ग अनेकौं छन्‌।

पश्चिमी समालोचना जगतमा मिथकमा आधारित रहेर समालोचना गर्ने विधि प्रचलनमा आएको धेरै भइसक्यो। यसलाई उनीहरु मिथ क्रिटिसिजम भन्छन्‌। हामी मिथकमाथि लेखिरहेका मात्रै छैनौं मिथकमाथि बाँचिरहेका छौं। यहाँ इतिहासलाई पनि मिथक बनाइन्छ र जनतामाथि शासन गरिन्छ। तर मिथकीय समालोचना पद्‌धतिको भने प्रयोग गरिँदैन। क्यानडाका समालोचक नर्थप फ्राइले यो समालोचना पद्‌धतिको आविष्कार गरेको आधा शताब्दी बितिसेकेको छ। तैपनि हामीले यो पद्‌धति अपनाएका छैनौं। उनले भनेझैं हाम्रा समालोचना/साहित्य विश्वभरीको साहित्यसँग मिल्छ कि मिल्दैन, दाँजेका छैनौं। हाम्रो साहित्यमा मिथकको प्रभाव कति छ? उनको सिद्‌धान्तमा नापेका छैनौं। पश्चिमा जगतले प्रयोग गरेको यति लामो समय भइसक्दा पनि हामीसम्म यो समालोचना पद्‌धति किन आइपुगेन?सर्वमान्य समालोचकहरुमाथि प्रश्न गर्नु आवश्यक भएको छ।नेपाली साहित्यले पश्चिमी समालोचना सिद्‌धान्तका ठूल्ठूला ज्ञाता पाएको छ। उता आविष्कार भएका पद्‌धतिहरु कतिपय त सँगसँगै जस्तो नेपाल आइपुग्छन्‌। तिनीहरुको तत्कालै नेपाली भाषासाहित्यमा प्रयोग हुन्छ।तर समालोचकहरुले मिथक समालोचना किन प्रयोगमा ल्याएनन्‌ त?जो बितेर गए उनीहरुलाई माफि दिउँ। जो आफ्नो योगदान दाबी गरिरहेका छन्‌, उनीहरुलाई प्रश्न भयो।

मिथक समालोचना पद्‌धतिमा गएको भए यति धेरै जनजाति समूदायमा विद्‌यमान मिथकहरुलाई प्रयोग गर्न उत्प्रेरणा हुन्थ्यो । सिमित जातिमा रहेका मिथकहरु आज नेपाली भाषाका मिथक हुन्थे । त्यसका आधारमा

**अरु हेत्छाकुप्पा** अथवा **उर्गेनको घोडा** लेखिन सक्थे। यता पौराणीक उपन्यास लेखनको पनि समालोचना हुन्थ्यो । अहिले लेखिएका साहित्यमा भएका कमी, कमजोरी वस्तुगत रुपमा केलाउन सकिन्थ्यो ।

## 12.5 उपसंहार

लोकवार्ता, लोकजीवन र अभौतिक सांस्कृतिक सम्पदा सबै मानवको सम्पत्ति हो । अङ्ग्रेजी भाषामा प्रयुक्त 'फोकलोर' शब्दको पर्यायका रूपमा नेपाली भाषामा प्रयोग हुँदै आएको लोकवार्ताले लोककला, लोकअनुष्ठान, लोकव्यवहार लोकसाहित्य, लोकविश्वास आदि पक्षलाई समेट्दछ भने समकालीन विश्वमा विकसित प्रभावशाली सिद्धान्तहरूमध्ये एउटा प्रमुख समाजवैज्ञानिक सिद्धान्त मानिने 'नारीवाद' ले नारीको सामाजिक, आर्थिक, राजनीति र समग्र अवस्थाको सुधारका लागि उपयोगर्ने उद्देश्यका साथ समाजमा नारी र पुरुषको विद्यमान् अवस्थाको विश्लेषण गर्दछ । 'लोक' पूर्वपद लागेर 'लोकवार्ता', 'लोकसंस्कृति', 'लोकजीवन', 'लोकसाहित्य' जस्ता समस्तशब्दहरूको निर्माण भएको छ ।

'लोक' शब्दको प्रयोग जनता र जाति विशेषको अर्थमा हुँदै आएको छ । संस्कृत व्याकरण अनुसार **लोक** दर्शने धातुमा घञ् **अ** प्रत्यय लागेर (लोक+घञ् अ =लोक) बनेको यो धातुको अर्थ 'देख्नु' वा 'हेर्नु' हुन्छ । त्यो हेर्ने वा देख्ने समस्त सामान्यजनको आमजीवनलाई नै यथार्थमा 'लोकजीवन' भन्न सकिन्छ । त्यसैले त्यही 'लोक' का समान्य जनीवनले स्वतःस्फूर्त रूपमा गर्ने गरेका अभिव्यक्ति, सिर्जना, विधि व्यवहार, रहन - सहन, अर्थात् लोकजीवनका सामान्य जनसमुदायको समष्टिगत ज्ञानवैभव लोकसंस्कृति वा लोकवार्ता हो । लोकवार्ता अन्तर्गत भौतिक संस्कृति (भाँडा - वर्तन, कला - कौशल, आवास, पोशाक आदि) र अभौतिक

संस्कृति (चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य आदि) दुवै पर्दछन् ।

लोकवार्ता र यसको प्रयोग अनेकौं किसिमले भएको पाइन्छ। सरकारमा हुनेहरूले पनि संस्कृतिको एउटा काम सम्झेर ,एकेडेमीहरूले पनि एकाध प्रकाशन गरेर ,विश्वविद्यालयका एकाध पाठमा लोकवार्ता राखेर लोकवार्तालाई अन्य ज्ञानानुशासनसित जोड्ने प्रयास गरेको देखिन्छ। स्वतन्त्र काम गरेर आफ्ना साहित्य विभागमा केही लोकवार्ताका पाठहरू पनि कतिपय विद्वानहरूले राखेको पाइन्छ । यो क्रम आज पनि जारी नै छ। वर्तमान समयमा लोकवार्ता अध्ययनको औचित्य संसारका सबै जातिका निम्ति सर्वोपरि रहेको देखिन्छ । लोकवार्ता हामी मानवको पहिचार र परिचय मात्र नभएर साझा सम्पत्ति पनि हो । यसैले यसको अध्ययन औचित्यपूर्ण रहेको ठहर्दछ । लोकवार्तामा पर्ने हामी नेपाली जातिको विजया दशमी पर्वआम नेपालीका घरदैलो महोत्सवलगतै पछाडि/ प्रवेश हुने यमपञ्चक तिहार आफैं विशिष्ट महत्ववाहक बनेको छ । यमपञ्चक तिहारको विशेष महत्व दिदी - बहिनी मात्रले आफ्ना दाजुभाइलाई बर्सेनि मायालु - स्नेही सगुनसहित सजीवनमा उपहारसहित गरिने सम्मानजनक पूजन - अभिवादन - अभिनन्दन उत्सव ठहर्छ । यसरी नै कागतिहार, कुकुर तिहार, गाई तिहार ,लक्ष्मी पूजा, गोरु पूजा , गोवर्धन पूजापछि भाइटीका मनाइने परम्परा हामी नेपाली जातिमा छ।

## 12.6 सार

यस प्रखण्डमा **नेपाली लोकवार्ताका विविध प्रकार**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- ‘लोक’ शब्दको प्रयोग जनता र जाति विशेषको अर्थमा हुँदै आएको छ।
- संस्कृत व्याकरण अनुसार **लोक** दर्शने धातुमा घञ्  **अ** प्रत्यय लागेर (लोक+घञ् अ= लोक) बनेको यो धातुको अर्थ  ‘देख्नु’ वा ‘हेर्नु’ हुन्छ ।
- हेर्ने वा देख्ने समस्त सामान्यजनको आमजीवनलाई नै यथार्थमा ‘लोकजीवन’ भन्न  सकिन्छ । त्यसैले त्यही ‘लोक’ का समान्य जनीवनले स्वतःस्फूर्त रूपमा गर्ने गरेका अभिव्यक्ति, सिर्जना, विधि व्यवहार, रहन - सहन, अर्थात् लोकजीवनका सामान्य जनसमुदायको समष्टिगत ज्ञानवैभव लोकसंस्कृति वा लोकवार्ता  हो ।
- लोकवार्ता अन्तर्गत भौतिक संस्कृति (भाँडा - वर्तन, कला - कौशल, आवास, पोशाक) आदि र अभौतिक संस्कृति (चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य) आदि दुवै पर्दछन्।
  - फोकलोर अविनाशी विषय हो, किनभने यो मानिसको भित्री सिर्जनशील शक्तिसँग जोडिएको छ।
  - मानिसको ऊर्जा मिथकको फिनिक्स पंक्षी जस्तो खरानी भएर थुप्रो लागे पनि त्यहीँबाट फेरि पानी हुँदै अनि नाद भएर उही आकारमा उठ्छ। मानिसको यही शक्ति फोकलोरको अन्तर्यमा रहेको छ।
- मानिसहरूले विभिन्न कालमा लोकचेतनाका प्रयोग गरिआएका छन्। अहिले दार्शनिक र साहित्यिक चिन्तनमा सरलता, सिर्जनशील लोकचेतनाका प्रयोग हुनलागेका छन्।
- जलवायु परिवर्तन र संकट विषयका छलफलहरूले उद्घाटन गर्ने विषय लोकवार्ता नै हो। नेपालको सन्दर्भमा भन्दा नेपालका लोकचलन, संस्कृति र जीवनशैलीमा परिवर्तन आएका छन्।

- ❖ अहिलेको नेपालको सन्दर्भमा लोकवार्ता र सरल जीवनको सिर्जनशील पक्षको पहिचान सबभन्दा आवश्यक विषय हो।
- ❖ हाम्रा दिदी - बहिनीका एक्लो प्यारो भाइ मरनासन्न बिरामी परेको दर्दनाक स्थितिबाट मुक्ति पाउन यमराजलाई विनम्र अनुनय विनयद्वारा अभिभूत भई काग - तिहारदेखि भाइटीकासम्मै निरोगी, आरोग्यवान् गराएको लोकवार्ता छ।
- ❖ प्रत्येक चाडपर्वसित यस्तै तर फरक - फरक जनजिब्रोमा लोककथन झुन्डिएका हुन्छन् । यी सबैके ज्ञान हामीलाई लोकवार्ताबाटै प्राप्त हुने हुनाले लोकवार्ता अध्ययनको औचित्य महिमामण्ठित रहेको देखिन्छ ।

यस प्रखण्डको अध्ययनले **नेपाली लोकवार्ताका विविध प्रकार**बारे बुनियाँदी जानकारी प्राप्त भयो । लोकवार्ताको अवधारणा र यसको विभिन्न प्रकारहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 12.7 अनुशीलनी

1. लोकवार्ताको अर्थबारे चर्चा गर्दै यसको परिभाषाबारे टिप्पणी प्रस्तुत गर्नुहोस् ।

2. लोकवार्ताको मुख्य प्रकारहरू कति रहेको मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

3. लोकवार्ताको स्वरूपबारे एउटा गरिलो लोख तयार पार्नुहोस् ।

4. लोकवार्ताको वैशिष्ट्यबारे अध्ययन प्रस्तुत गर्नुहोस् ।

5. नेपाली लोकवार्ताबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

6. लोकवार्ताको विशेषताबारे चर्चा गर्दै यसको उपयोगिता र महत्वलाई चिनाउनुहोस् ।

7. आजको सन्दर्भमा लोकवार्ताको महत्त्व र मूल्य के कस्तो रहेको छ ? आफ्नो तर्क प्रस्तुतु गर्नुहोस् ।

8. नेपाली लोकवार्ताको मुख्य - मुख्य घटकबारे विश्लेषण गर्नुहोस् ।

9. नेपाली लोकवार्ता सम्बन्धि अध्ययन गर्दै नेपाली लोकवार्ताका विविध बान्कीहरूलाई चित्रण गर्नुहोस् ।

10. नेपाली लोकवार्ताका अध्ययनको औचित्यबारे एउटा टिप्पणी लेख्नुहोस्।

## 12.8 अतिरिक्त अध्ययन

1. शर्मा**,** मोहनराज **- नेपाली शब्दशागर** ।

2. पोखरेल, माधव - **वृहत् नेपाली शब्दकोश** ।

3. शर्मा, प्रा .मोहनराज र खगेन्द्र प्रसाद लुइँटेल - **लोकवार्ता विज्ञान र लोकसाहित्य** ।

4. पराजुली, कृष्ण प्रसाद -**नेपाली लोकगीतको आलोक** ।

5. लामिछाने, कपिलदेव -**नेपाली लोकगाथाको अध्ययन ।**

6. बन्धु , चुडामणी -**नेपाली लोकसाहित्य ।**

7. गिरि, जितेन्द्र देव -**लोक साहित्यको अवलोकन ।**

8. उपाध्याय, कृष्णदेव - **लोकसाहित्यकी भूमिका, इलाहवाद ।**

9. गिरी, जीवेन्द्रदेव - **नेपाली लोक साहित्यमा जन जीवन ।**

10. उपाध्याय, कृष्णदेव - **लोक साहित्य की भूमिका ।**

11. थापा, धर्मराज र हंसपुरे सुवेदी - **नेपाली लोकसाहित्य ।**

12. पन्त, कालीभक्त - **हाम्रो सांस्कृतिक इतिहास ।**

14. पराजुली, कृष्णप्रसाद - **नेपाली लोकगीतको आलोक ।**

15. पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी - **नेपाली लोक साहित्यको रूपरेखा ।**

16. पौड्याल, राजेन्द्र - **नेपाली लोकगीतको परम्परा र विकास ।**

17. पौड्याल, षडानन्द - **नेपाली लोकगीतमा धवलागिरि अञ्चलको योगदान : एक अध्ययन ।**

18. मल्ल, राधिका - **म्याग्दी जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन** ।

19. शर्मा, जनकलाल - **हाम्रो समाज र संस्कृति** ।

20. गुरूङ, एम. एम. - **बिर्सिएको संस्कृति** ।

## 12.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट : तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

२१. लोकवार्ताको सामान्य परिचय ।

.......................................................................................
.......................................................................................
.......................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति बिद्यार्थीले 12.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२२. लोकवार्ताको अर्थ र परिभाषा ।

.....................................................................................

.....................................................................................

.....................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति बिद्यार्थीले 12.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२३. नेपाली लोकवार्ता ।

.....................................................................................

.....................................................................................

.....................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति बिद्यार्थीले 12.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२४. नेपाली लोकवार्ताका विविध प्रकारहरू ।

.....................................................................................

.....................................................................................

.....................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति बिद्यार्थीले 12.6 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२५. लोकवार्ता,लोकगीत र लोककथा ।

.....................................................................................

.....................................................................................

.....................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति बिद्यार्थीले 12.6 को खण्डअन्तर्गत नै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 13, नेपाली संस्कृतिका मूलभूत घटकहरू

**संरचना**

13.0 उद्‌देश्य

13.1 परिचय

13.2 संस्कृतिको सामान्य परिचय

13.3 नेपाली संस्कृतिको परिचय

13.4 नेपाली संस्कृतिको मूलभूत घटकहरू

13.5 उपसंहार

13.6 सार

13.7 अनुशीलनी

13.8 अतिरिक्त अध्ययन

13.9 मूल्यबृद्‌धिको निम्ति उत्तर

## 13.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- संस्कृतिको सामान्य परिचय
- नेपाली संस्कृतिको परिचय
- नेपाली संस्कृतिको मूलभूत घटकहरू

## 13.1 परिचय

एउटा जाति वा सम्प्रदायको संस्कृति अर्को जाति वा सम्प्रदायको भन्दा भिन्न हुनसक्ने भएकाले संसारमा संस्कृतिगत विविधता पाइन्छ र यही विविधताका कारण हरेक जातिका चाल - चलन, रीति - थिति, रहन - सहन, आचार - विचार, भावना आदिमा पनि विविधता रहेको देखिन्छ । कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थनीति, चाल - चलन, गीत, नृत्य, वाद्यवादन, चाड - बाड, जात्रा, कला आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदि झल्काउने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूपलाई **संस्कृति** भनिन्छ ।

कला, भाषा, साहित्य, दर्शन, धर्म, नीति, इतिहास आदि विभिन्न सन्दर्भ पनि संस्कृतिभित्रै समेटिन्छन् । पारम्परिक गीत, नृत्य, वाद्यवादन, चाडबाड, तीर्थ, व्रत, पर्व, धर्म, संस्कार, मूर्तिकला, चित्रकला, वास्तुकला, जात्रा आदिका सन्दर्भबाट पनि संस्कृतिलाई अर्थाइएको पाइन्छ । परम्परित मूल्य - मान्यता, रीति - रिवाज, चाल - चलन, धर्म, संस्कार, आस्था, व्यवहार, इतिहास पूर्वजन्म, पुनर्जन्म, कर्म, भाग्य, ईश्वरीयता, लोकोक्ति, लोकप्रचलन मात्र नभएर नवसिर्जित मूल्यमान्यता आदि पनि संस्कृतिभित्र पर्न सक्छन् । भौगोलिक स्थिति, रहनसहन, लवाइखवाइ, शिक्षादीक्षा आदिका कारण संस्कृतिमा विविधता उत्पन्न हुन्छन् ।

साहित्यले संस्कृतिको निर्माण गर्ने र संस्कृतिले साहित्यलाई मार्ग प्रशस्त गर्ने सन्दर्भमा यी दुवै परस्परव्यापी हुन्छन् । साहित्यमा संस्कृतिको प्रयोग विशेषगरी परिवेश चित्रणका सन्दर्भमा देखापर्छ । साहित्यिक कृतिलाई यथार्थमूलक एवं विशिष्ट बनाउन संस्कृतिको भूमिका महŒवपूर्ण

रहेको हुन्छ । संस्कृतिलाई मूलतः आत्मिक मूल्यहरूको योगका रूपमा लिइन्छ । संस्कृति भौतिक र अभौतिक हुन्छ । संस्कृतिको मुख्य पक्षको रूपमा अभौतिक संस्कृतिलाई लिइन्छ । समाजमा यसको नै मुख्य भूमिका रहन्छ । सामान्यतया संस्कृति आफ्नो समयको समाज व्यवस्थाद्वारा निर्मित, अनुकूलित र निर्देशित हुन्छ ।

## 13.2 संस्कृतिको सामान्य परिचय

कुनै वस्तुलाई परिमार्जन गरी वा सुसंस्कृत रूप दिई चम्किलो तुल्याउने काम संस्कृति हो । हरेक मानव समुदाय कुनै न कुनै संस्कृतिमा आबद्ध हुन्छ । एउटा जाति वा सम्प्रदायको संस्कृति अर्को जाति वा सम्प्रदायको भन्दा भिन्न हुनसक्ने भएकाले संसारमा संस्कृतिगत विविधता पाइन्छ र यही विविधताका कारण हरेक जातिका चाल - चलन, रीति - थिति, रहन - सहन, आचार - विचार, भावना आदिमा पनि विविधता रहेको देखिन्छ । कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थनीति, चाल - चलन, गीत, नृत्य, वाद्यवादन, चाड - बाड, जात्रा, कला आदिमा प्रतिबिम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदि झल्काउने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भनिन्छ ।

कला, भाषा, साहित्य, दर्शन, धर्म, नीति, इतिहास आदि विभिन्न सन्दर्भ पनि संस्कृतिभित्रै समेटिन्छन् । पारम्परिक गीत, नृत्य, वाद्यवादन, चाड - बाड, तीर्थ, व्रत, पर्व, धर्म, संस्कार, मूर्तिकला, चित्रकला, वास्तुकला, जात्रा आदिका सन्दर्भबाट पनि संस्कृतिलाई अथ्र्याइएको पाइन्छ । परम्परित मूल्य - मान्यता, रीति - रिवाज, चाल - चलन, धर्म, संस्कार, आस्था, व्यवहार, इतिहास पूर्वजन्म, पुनर्जन्म, कर्म, भाग्य, ईश्वरीयता, लोकोक्ति, लोकप्रचलन मात्र नभएर नवसिर्जित मूल्य - मान्यता आदि पनि

संस्कृतिभित्र पर्न सक्छन् । भौगोलिक स्थिति, रहन - सहन, लवाइ - खवाइ, शिक्षा - दीक्षा आदिका कारण संस्कृतिमा विविधता उत्पन्न हुन्छन् । एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरणीय हुँदै जाने संस्कृति परिवर्तनशील पनि हुन्छ । विभिन्न समयमा देखापर्ने राष्ट्रिय - अन्तर्राष्ट्रिय क्षेत्रका राजनैतिक - आर्थिक घटना तथा परिवर्तनले पनि संस्कृतिलाई प्रत्यक्ष - परोक्ष प्रभाव पारेको देखिन्छ । यसलाई विविधतामय तुल्याउन स्थान, समय, जात, धर्म आदिले पनि महŒवपूर्ण भूमिका खेलेको हुन्छ ।

एक ठाउँ, समय, जात र धर्मको संस्कृति अर्को ठाउँ, समय, जात र धर्मका लागि बेठीक, विपरीत र अस्वीकार्यसमेत हुने गरेको स्थिति पनि भेटिन्छ । राम्रो - नराम्रो, असल - खराब, ठीक - बेठीक भन्ने कुरा पनि सापेक्षित हुन्छन् । ज्ञान - विज्ञान दुवैलाई समेट्ने सांस्कृतिक सन्दर्भबाटै मानव जाति र सिङ्गो विश्व मानव समुदाय परिचालित हुनेहुँदा यसभित्र मानव समुदायले गर्ने सम्पूर्ण आध्यात्मिक - भौतिक गतिविधि र क्रियाकलाप पर्छन् । राजनैतिक - आर्थिक दृष्टिले संस्कृतिको परिभाषा गरिएको पनि पाइन्छ । धार्मिक आस्थाले पनि विभिन्न संस्कृतिको निर्माण गर्न सहयोग पुराउँदछ । अत्यन्त व्यापक र विस्तृत क्षेत्र ओगट्ने संस्कृतिलाई कतिपय सन्दर्भमा देश, काल, जाति, धर्म आदिमा सीमित गरेर हेर्ने अवस्था पनि रहनसक्छ, तर त्यसरी हेर्दा पनि यसको व्यापकतालाई भने भुल्नु हुँदैन । मानव जीवनको पहिचानका रूपमा रहेको संस्कृतिसँग साहित्यको निकट सम्बन्ध रहेको हुन्छ । प्रायः सबैजसो लोकसाहित्यमा कुनै न कुनै ढङ्गले संस्कृति अभिव्यक्त भएको हुन्छ ।

साहित्यले संस्कृतिको निर्माण गर्ने र संस्कृतिले साहित्यलाई मार्ग प्रशस्त गर्ने सन्दर्भमा यी दुवै परस्परव्यापी हुन्छन् । साहित्यमा संस्कृतिको

प्रयोग विशेषगरी परिवेश चित्रणका सन्दर्भमा देखापर्छ । साहित्यिक कृतिलाई यथार्थमूलक एवं विशिष्ट बनाउन संस्कृतिको भूमिका महŒवपूर्ण रहेको हुन्छ । संस्कृतिलाई मूलतः आत्मिक मूल्यहरूको योगका रूपमा लिइन्छ । संस्कृति भौतिक र अभौतिक हुन्छ । संस्कृतिको मुख्य पक्षको रूपमा अभौतिक संस्कृतिलाई लिइन्छ । समाजमा यसको नै मुख्य भूमिका रहन्छ । सामान्यतया संस्कृति आफ्नो समयको समाज व्यवस्थाद्वारा निर्मित, अनुकूलित र निर्देशित हुन्छ । यो प्रक्रिया सूक्ष्म र जटिल हुन्छ । संस्कृतिलाई सत्तारूढ वर्गले आफ्नो वर्चस्वको निर्माण, विस्तार र रक्षाका निम्ति मात्र प्रयोग गर्दैन, आफूअनुकूलको संस्कृतिको निर्माण पनि गर्छ । संस्कृतिका माध्यमबाट निर्माण गरिने 'झुटो चेतना' (फल्स कमनसेन्स) - ले परिवर्तनका निम्ति चल्ने संघर्षमा ठूलो व्यवधान खडा गर्छ । संस्कृतिका माध्यमबाट सामान्य मानिसको 'कमनसेन्स' - लाई अनुकूलित गर्नु सत्तारूढ वर्गको उद्देश्य हुन्छ । ग्राम्सीले यसलाई 'सांस्कृतिक प्रभुत्व' (कल्चरल हेजेमोनी) - का रूपमा व्याख्या गरेका छन् । सांस्कृतिक संघर्षभित्र समाज, सत्तारूढ वर्ग र विभिन्न राजनैतिक पार्टीहरू पनि पर्छन् ।

## 13.3 नेपाली संस्कृतिको परिचय

परम्परागत मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको जनजीवनको भावानात्मक, जीवनशैली, जातीय इतिहास तथा लोकदर्शन, विश्वास, कथा - व्यथा, कला, सीप आदिले नै लोकसंस्कृति हुन् । लोकसाहित्यको एक प्रमुख घटक मानिने लोक संस्कृति कतै बाँधिएको हुँदैन । लोकजीवनको दुःख, सुख तथा हाँसो र आँसुमा लोकसंस्कृतिमा बाँचेको हुन्छ । गाउँघर तथा टोलमा बस्ने अशिक्षित जनसमूह तथा

मानिसबीचमा पनि मीठा - मीठा गीत रहनु, उनीहरूको कथा - व्यथा भेटिनु , नाटकीय जीवन तथा लोकोक्तिको प्रयोग हुनु, दुःख तथा सुखमा प्रयोग हुने छोटा अभिव्यक्ति मुखबाट निस्कनु र प्रयोगमा जीवन्त देखिनु लोकसंस्कृतिले दिएको एउटा ठूलो नै उपलब्धि मान्नुपर्छ ।

नेपाली समुदायको लोकसाहित्यलाई हेर्दा प्रायः अलिखित रूपमै मौखिक परम्परामा आधारित विभिन्न अवसरमा गाइने गाना, लोककथा, लोकविश्वास, गाउँखाने कथा (नालचापाका काथा), लोकनृत्य, लोकोक्ति, कविता, छोटा नाटक पर्छन् । लोकसंगीत, गाना, बाजा, लोकनृत्य भनेको कुनै पनि समाज र त्यस समाजमा आदिकालबाट बस्दै आएका मानिसको हुलमा प्रतिभा प्रस्फुटन गर्न, मनोरञ्जन दिलाउन, कला तथा संस्कार संस्कृतिको जगेर्ना गर्नमा ठूलो मद्दत गरिराखेको हुन्छ । नेपाली समुदायको आफ्नै प्रकारको लोकगीत आदिकालबाटै चल्दै आएको पाइन्छ । वास्तवमा संसारमा कुनै पनि जातिको लोकसंस्कृति अलिखित प्रकारले, मौखिक परम्पराबाट धैरै कुरा एउटा मुखबाट अर्को मुख हुँदै आएको पाइन्छ । नेपाली समुदायको लोकसंस्कृति लिखित तथा अलिखित मौखिक तथा परम्परागत सामाजिक सांस्कृतिक मूल्य मान्यता बोकेको पाइन्छ । नेपाली जातिका गीतमा हर्ष, विस्मात, उमंग, उल्लास, जोश, रीतिरिवाज, धार्मिक मान्यता र आस्था, सामाजिक प्रचलन, इच्छा आकांक्षा, भावाना समेटिएका पाइन्छन् । यी गानामा अनुभव तथा जीवनशैलीका कथा, गाउँबस्तीको नक्सा, विभिन्न चाडपर्वको क्रियाकलाप, संस्कार, संस्कृति, दुःख पीडाका गाथा, वीरताको कथा आदि कुरा लुकेका हुन्छन् ।

लोकसाहित्यका अध्येता तुलसी दिवसअनुसार लोकसाहित्यको खोज तथा उत्थान लोकजीवनले भोग्दै आएका विविध परिस्थिति, घटनाक्रम,

सामाजिक व्यवहार, अनुभवका गाथा, मानसिक क्रिया तथा जीवनशैलीको अन्तरबाट जन्मन पुग्छ । लोक तथा जनमानसले आफ्ना विभिन्न परिस्थितिमा विभिन्न तरिकाले आफ्ना अभिव्यक्ति, कथा कहानीका, उखानटुक्का, गीत, नाटकको माध्यमबाट ओकल्ने गर्छन् । यसरी ओकल्दा हर्ष, विस्मात, रिस, खुसी, चिन्ता, आनन्द, पीर तथा दुःख व्यक्त गर्ने गर्छन् । यस्ता विभिन्न अभिव्यक्ति कलात्मक तथा सिंगारपटार गरेर उतार्ने काम भएमा यसले लोकसाहित्यको रूप लिन पुग्छ । यही लोकसाहित्यसित रहेको लोकसंस्कृतिको आफ्नै विशेषता हुने हुनाले नेपाली जातिका लोक संस्कृतिको पनि अन्य जातिका लोकसंस्कृति भन्दा भिन्दै प्रकारको पाइन्छ । यो निरन्तर स्वच्छ नदीजस्तै बग्ने हुन्छ । चुडामणि बन्धुका मतअनुसार लोकसाहित्य लोकको साहित्य हो । यसमा सामुदायिकता हुन्छ । लोकसाहित्यको आफ्नो परम्परा हुन्छ । यो समुदायमा शताब्दियौंदेखि चलिआएको साहित्य हो । यसमा निरन्तर परिवर्तन भइरहे पनि यसको प्रवाह अविच्छिन्न रहन्छ र यसले आफ्नो परम्पराको निर्माण गरेको हुन्छ ।

लोकसाहित्य अलिखित हुन्छ । यो मौखिक परम्परामा मौलाएको हुन्छ, जनश्रुति परम्परामा सरल तथा सहज रूपले फैलिएको हुन्छ । गतिशील हुनु लोकसाहित्यको विशेषता हो । लोकसाहित्यको कुनै पनि रूप सधैं जस्ताको तस्तै रहँदैन । त्यो समाज, स्थान र समयअनुसार परिवर्तित भइरहन्छ । नेपाली जातिका लोकसाहित्यको कुरा गर्दा यस जाति बस्ने गाउँटोलमा नेपालीहरूले स्वतःस्फूर्त रूपमा कुनै न कुनै रूपले गाना बूढापाकाले स - साना नानीहरू माझमा बाँडिराखेको भेटियो । उनीहरू आफ्नै पारामा कुनै न कुनै माध्यमले गीतमार्फत् असारको धान रोपाइँमा किन नहोस्, मेलापातको बेला किन नहोस्, गोठ पूजाको अवसरमा किन

नहोस्, गफगाफ गर्ने तथा आगो ताप्ने अँगेनामा किन नहोस्, चिया दोकानमा चिया खाँदा किन नहोस्, भेटघाटको सिलसिलामा गफगाफ गर्दा किन नहोस्, आफ्ना कुरा विभिन्न तरिकाले अभिव्यक्त गरिराखेका हुन्छन्, भनिराखेका हुन्छन् । यसरी बूढापाका वास्तवमा नानी तथा युवायुवतीलाई आफूसँग भएको सीप तथा कला, आफूले भोगेका कुरा, घटनाक्रम तथा गतिविधि बाँड्न उत्साहित भएको पाइयो ।

नेपाली समुदायको कुरा गर्दा लोकसाहित्य र प्रदर्शनकारी कलाका दृष्टिले केही हदसम्म सम्पन्न मानिन्छन् । यस जातिको आफ्नै भाषा, कला, सीप तथा संस्कृति छ । आफ्नै प्रकारको चाडपर्व, रीति - रिवाज र संस्कार छन् र यिनैद्वारा सृजित लोकविश्वास विकसित भएको पाइन्छ । प्रदर्शनीकलाको चर्चा गर्दा यस समुदायमा नाच - गान, नाटक, खेल, विभिन्न सांस्कृतिकताका प्रदर्शन गर्ने पूजा - आजा, लोकनृत्य, विवाहताकाका गतिविधि साथै केटापक्ष र केटीपक्ष बीचमा गाइने लोकगीत तथा बाजा बजाउने कला भएको पाइयो । नेपाली समुदायका महानुभाव विवाहमा होस् वा कुनै चाडको अवसरमा होस् गीत गाउन लालायित हुन्छन् । आफ्ना भोगेका हर्ष, विस्मात, अन्याय अत्याचार, सुख, पारिवारिक जीवनशैलीका गीत गाइराखेका पाइन्छन् । आगोको धुनीमा जाडो याममा बस्दा, खमारमा धान दाइ गर्दा, खमारको गोठमा सुत्दा कथा कहानी सुनाउने गरिरहेका हुन्छन् । तिहारताका चाडमा नाचगान गर्ने गर्छन् । पहिला पहिला फुर्सदको बेला नाटक रचेर देखाउने परम्परा थियो । तर, अहिले यो परम्परा बिस्तारै हराइसकेको छ । छिमेकी जात - जातिको जीवनशैली तथा भाषाको प्रभाव पनि यस समुदायमा परेका पाइन्छ ।

नेपाली जातिको लोक संस्कृतिमा लोकगीत ज्यादै महत्वपूर्ण तथा उर्वर विधामा पर्छ । यस जातिको लोकगीतमा प्रायः लोकजीवन, लोकसंस्कृतिअन्तर्गत विवाह, जन्म, दुःख तथा सुखका विभिन्न पाटालाई समेटेको पाइन्छ । लोकगीत सबैले मन पराउने सुख दुःखको समिश्रणबाट बनेको हुन्छ । नेपाली भाषामा गीतलाई 'गायन' पनि भनिन्छ । विवाहमा केटापक्षले गाउने 'धाङगाई किया' र केटीपक्षले गाउने 'तेल्ही किया' लोकगीत, पार्वामा गाइने गीत, चेन्सेको भार सोना, सार्बो सायो, जारी जारी सोना काङ्को आदि लोकगीत ज्यादै प्रसिद्ध छन् । नेपाली जातिका लोकगीतलाई दुई प्रकारले विभाजन गर्न सकिन्छ । तिनीहरूमा एउटा निबन्धात्मक र अर्को फुटकर । तिनै कुरालाई बालगीत, वयस्क गीत र बूढापाकाको गीत भनि पनि तीन भागमा विभाजन गर्न सकिन्छ । वास्तवमा निबन्धात्मक गीतमा कथात्मक तथा विवरणात्मक खालको, लामो अनुभव बाँड्ने, प्रायः साइनो बाँधेर गाउने, दोहरी पाराको हुन्छन् । तर, फुटकर लोकगीतमा माया, प्रेम, दुःख, आशा, निराशा, हर्ष, विस्मात, झल्काउने, छोटो र छरितो, चाखिला, फूर्तिला खालको भाका, जनजीवनसँग सरोकार राख्ने, ऋतुकालीन समय विशेष झल्काउने पाराको पाइन्छन् ।

समाजसँगको सांस्कृतिक संघर्ष समाजको सांस्कृतिक रूपान्तरण र परिवर्तनको संघर्षमा उसको भूमिकासँग सम्बन्धित रहन्छ । समाजसँग रहने 'झुटो चेतना' - को अन्त्य सांस्कृतिक संघर्ष र रूपान्तरणविना असम्भव हुन्छ । सत्तारुढ वर्गविरुद्धको सांस्कृतिक संघर्षको मुख्य उद्देश्य परिवर्तनविरुद्ध प्रयोग गरिने उसका सांस्कृतिक हतियारलाई कमजोर बनाउनु हुन्छ । सांस्कृतिक संघर्ष विचारधारात्मक संघर्षकै एउटा रूप हो । सांस्कृतिक संघर्ष कमजोर हुनु भनेको परिवर्तनको प्रक्रिया नै कमजोर हुनु हो । सांस्कृतिक संघर्ष परिवर्तनका निम्ति गरिने समग्र

संघर्षकै एक अंग हो र हुनुपर्छ । सामन्तवादी, पुँजीवादी संस्कृतिविरुद्ध संघर्ष नगरी र सांस्कृतिक दृष्टिले फेरिएको परिवर्तनलाई पूर्णता प्रदान गर्न गाह्रो हुन्छ । क्रान्ति भइहाले लामो समय त्यसलाई टिकाउन सकिन्न । सांस्कृतिक मोर्चामा सफलतापूर्वक संघर्ष गर्न नसक्दा पनि संसारका विभिन्न देशहरूमा कम्युनिस्ट आन्दोलन असफल भएका छन् । सांस्कृतिक रूपमा फेरिन नसकेको कम्युनिस्ट नेतृत्व कम्युनिस्ट आन्दोलनको असफलताको एक महत्वपूर्ण कारक रूपमा रहेको छ ।

सामन्तवादी, पुँजीवादी समाजभित्रैबाट कम्युनिस्ट पार्टीमा नेता कार्यकर्ता आउने भएकाले उनीहरूले निरन्तर आफ्नो सांस्कृतिक रूपान्तरणका निम्ति आत्मिक संघर्षलाई अघि बढाउनुपर्छ । समाजका बुद्धिजिविहरूले समाजवादी संस्कृतिको निर्माणका निम्ति योजनाबद्ध रूपले कार्य गर्नुपर्छ । 'आर्थिक निर्धारणवादी' दृष्टिकोणका कारण कैयौँ एकाइहरूले संस्कृतिजस्तो महत्वपूर्ण अधिरचनात्मक तत्वलाई समुचित महत्व प्रदान गर्न सक्दैनन् । यसले सांस्कृतिक रूपान्तरणको मुद्दालाई त कमजोर बनाउँछ नै, क्रान्ति र क्रान्तिपछिको अवस्थामा संस्कृति र मिडियाको प्रयोगलाई पनि कमजोर बनाउँछ । क्रान्तिपछि संस्कृति र सांस्कृतिक रूपान्तरणको विषय अझ महत्वपूर्ण बन्छ । खासगरी आजको युगमा सांस्कृतिक रूपान्तरणलाई गम्भीरतापूर्वक अघि बढाउनुपर्छ । कम्युनिस्ट पार्टी नेतृत्वदायी शक्ति भएकाले उसको सांस्कृतिक रूपान्तरणले बेसी महत्व राखेको हो । सांस्कृतिक रूपमा फेरिन नसकेको कम्युनिस्ट पार्टीले क्रान्तिपछिको परिवर्तनको अगुवाइ गर्न सक्दैन । समाज र कम्युनिस्ट पार्टीको सांस्कृतिक रूपान्तरण गर्दै अघि बढ्न सक्दा नै क्रान्तिपछिको स्थितिमा सार्थक भूमिका सम्पादन गर्न सकिन्छ । पश्चिममा भएको पुँजीवादी क्रान्तिले आर्थिक र राजनीतिक रूपमा मात्र समाजलाई फेरेन,

सांस्कृतिक रूपमा पनि फेऱ्यो । रूढी, अन्धविश्वास, अतार्किकता आदिको ठाउँ तर्क, तथ्य, विज्ञान, आलोचनात्मक विवेक आदिले लिए । पुँजीवादको विकासका निम्ति पुँजीवादी संस्कृति आवश्यक थियो । समकालीन पुँजीवादले पनि आफूअनुकूलको संस्कृतिको निर्माणलाई महत्व दिएको छ । समाजवादले पनि आफूअनुकूलको संस्कृति खोज्छ । संस्कृतिले सम्बन्धित समाज व्यवस्थाका निम्ति सहयोगीको भूमिका निर्वाह गर्छ ।

सोभियत समाजवादको अन्त्य सांस्कृतिक दृष्टिकोण, संघर्ष र रूपान्तरणमा रहेका कमजोरीसँग सम्बन्धित छ । सोभियत संघमा यस्तो कमजोरी लगभग आरम्भदेखि नै रहेको पाइन्छ । बीसौँ पार्टी कांग्रेसपछि कमजोरीहरू अझ बढे । कैयौँ माक्र्सवादी चिन्तकले हतियारको होडबाजीको जति नराम्रो असर सोभियत समाजवादमा पऱ्यो, त्योभन्दा नराम्रो असर उपभोक्तावादी संस्कृतिको पऱ्यो भनेका छन् । सरलता, त्याग, सत्यप्रति निष्ठा, सामूहिक हितको सर्वोच्चता, चारित्रिक शुद्घता, व्यक्तिवाद र अवसरवादप्रति घृणा, प्रगाढ देशभक्ति, नैतिक मूल्यको सर्वोच्चताजस्ता समाजवादी आदर्शको निर्माणमा सोभियत संघमा गम्भीर त्रुटि रहे । पार्टीको सांगठनिक जीवनमा डरलाग्दो पदसोपानक्रमको विकास भयो । नयाँ अभिजातहरू जन्मिए । समाजवादी आदर्श हात्तीको देखाउने दाँतजस्तो हुन थाल्यो । समाजको सांस्कृतिक रूपान्तरण, पार्टीलाई सांस्कृतिक रूपमा बदल्ने कार्य र पुँजीवादसँगको सांस्कृतिक संघर्षको मोर्चामा सोभियत संघ असफल रह्यो । उपभोक्तावादको आँधीले बचेखुचेको समाजवादी संस्कृतिलाई पनि उडायो । भित्रैबाट फेरिँदै अघि बढ्न नसकेको सोभियत समाजवाद गोर्वाचोभका पालामा आएर गल्र्यामगुर्लुम ढल्यो । पतनको यो दृश्य स्वाभाविक थियो ।

सोभियत संघमा समाजवादी संस्कृतिको निर्माणमा रहेका त्रुटिप्रति चे ग्वेभाराको टिप्पणी अत्यन्त मार्मिक छ । चे भन्छन्, 'समाजवाद युवा छ, बाटो लामो छ र अपरिचित पनि । कम्युनिज्मको निर्माणका निम्ति आर्थिक आधारका साथसाथै नयाँ मनुष्यको जन्म पनि आवश्यक छ । हामीले रुसमा एक नयाँ मनुष्य जन्मँदै छ भन्ने ठानेका थियौँ, होइन रहेछ ।' सोभियत समाजवादको अन्त्यपछि क्युवाली क्रान्तिको पनि अन्त्य हुन्छ भन्ने धेरैलाई लागेको थियो तर त्यसो भएन । क्युवाली क्रान्ति जीवित रह्यो । अमेरिकाको निरन्तरको प्रहारका अतिरिक्त यसरी जीवित रहनुको एक महत्वपूर्ण कारण सांस्कृतिक रूपमा फेरिएको क्युवाली नेतृत्व र समाज  थियो । क्यास्ट्रो स्वयंले यस यथार्थलाई सुन्दर ढंगले उल्लेख गरेका छन् । क्यास्ट्रो भन्छन्, 'गम्भीर क्रान्तिको अर्थ समाजको पूर्ण रूपान्तरण हो । यो पूर्ण रूपान्तरण आर्थिक, भौतिक परिवर्तन र समृद्धिसँग भन्दा बढी आत्मिक रूपान्तरणसँग जोडिएको छ ।' आत्मिक रूपान्तरण सांस्कृतिक रूपान्तरणको सबैभन्दा महत्वपूर्ण पक्ष हो । शिक्षालाई 'मुक्तिको द्वार'का रूपमा लिने क्यास्ट्रोले शिक्षामा अत्यधिक जोड दिए र त्यसको केन्द्रीय उद्देश्य नयाँ मनुष्य समाजको निर्माणलाई बनाए ।

नेपाली जाति धेरै सङ्ख्यामा बस्ने नेपाल देशको यथार्थ भने अलि फरक छ । दुनियाँका कैयौँ कम्युनिस्ट आन्दोलनले झैँ नेपालको कम्युनिस्ट आन्दोलनले पनि सांस्कृतिक मोर्चाको संघर्षलाई समुचित महत्व प्रदान गर्न सकेको छैन । 60 वर्षभन्दा लामो इतिहास भएको यसले न आफूलाई सांस्कृतिक रूपले फेर्न सकेको छ, न त सामन्तवादी एवं पुँजीवादी संस्कृतिविरुद्ध प्रभावकारी रूपले संघर्ष नै चलाउन सकेको छ । नेपालको कम्युनिस्ट आन्दोलनमा सामन्तवादी एवं पुँजीवादी संस्कृतिको गहिरो

प्रभाव पाइन्छ । व्यक्तिगत एवं पार्टी जीवनमा देखिएका विसङ्गति र विकृति यसका दृष्टान्त हुन । कम्युनिस्ट आदर्श र चरित्रमा ह्रास नेपालको कम्युनिस्ट आन्दोलनको एक कटु यथार्थ हो । 'चप्पल र पजेरो 'को रूपकको निर्माण नेपालको कम्युनिस्ट आन्दोलनका सन्दर्भमा त्यसै भएको होइन । समाजको सांस्कृतिक रूपान्तरणका सन्दर्भमा यो समाजको अगुवा होइन, मूलतः अनुकर्ताका रूपमा रहेको छ । एमाले र माओवादी केन्द्रजस्ता दुई ठूला कम्युनिस्ट पार्टीहरू सांस्कृतिक मोर्चाको संघर्षमा सबैभन्दा कमजोर देखिन्छन् । सांस्कृतिक रूपमा फेरिन र कम्युनिस्ट आदर्शले डोरिन नसकेका पार्टीहरूले के परिवर्तनको अगुवाइ गर्न सक्छन्, के उनीहरूबाट समाजवादतर्फको यात्रा सम्भव छ भनेर प्रश्नहरू उठ्नु स्वाभाविक छ र उठेका छन् । यो स्थिति परिवर्तनको सङ्घर्षको प्रक्रियामा सांस्कृतिक अधिरचनालाई प्रदान गरिएको कम महत्वसँग गाँसिएको छ । नेपालको कम्युनिस्ट आन्दोलनले सांस्कृतिक मोर्चाको संघर्षलाई विचारधारात्मक संघर्षको रूपमा भनेजस्तो गरी अघि बढाउनै सकेको छैन । सांस्कृतिक संगठनहरू विचारधारात्मक संघर्षका अंगभन्दा बढी पार्टी प्रचार संयन्त्रका रूपमा क्रियाशील छन् ।

संस्कृति राजनीति र सैन्य वर्चस्व विस्तारका रणनीतिहरूसँग गहिरो गरी जोडिएको छ । संस्कृतिको मुख्य उद्देश्य पुँजीवादअनुकूल मनुष्य समाजको निर्माण मात्र रहेको छैन, पुँजीवादविरोधी संघर्षलाई कमजोर बनाउनु पनि रहेको छ । सांस्कृतिक, धार्मिक र जातीय अतिवादको विकासमा समकालीन पुँजीवादको भूमिकालाई सुस्पष्ट रूपमा नियाल्न सकिन्छ । पुँजीवादका सांस्कृतिक अस्त्रहरू कम्युनिस्ट आन्दोलनविरुद्ध मात्र होइन, 'रेडिकल' आन्दोलनको विरोधमा समेत प्रयोग भएका छन् । समकालीन पुँजीवादले संस्कृतिका निम्ति अर्थ र बौद्धिक श्रमको प्रचुर

लगानी गरेको छ । यसका निम्ति राज्यका उपकरणहरूको सचेतन प्रयोग गरिएको छ । प्रचारको मायावी दुनियाँ आजको यथार्थ हो । यसमा नियन्त्रण र वर्चस्व पुँजीवादकै छ । पुँजीवादको रक्षा, यसका हित र अभीष्टहरूको प्रप्तिका निम्ति प्रचार संयन्त्रको व्यापक रूपमा प्रयोग गरिएको छ । वामपन्थी एवं देशभक्तिपूर्ण आन्दोलनविरुद्ध पुँजीवादी मिडियाको प्रयोगलाई सबैतिर देख्न सकिन्छ । पुँजीवादी प्रचारसंयन्त्र 'सामाजिक डार्विनवाद'लाई वैधता प्रदान गर्ने सशक्त माध्यमका रूपमा रहेका छन् ।

विश्व कम्युनिस्ट आन्दोलनले यसविरुद्ध धारिलो संघर्ष त चलाउनैपर्छ, आफ्नो र समाजको सांस्कृतिक रूपान्तरणका निम्ति प्रभावकारी भूमिका सम्पादन पनि गर्नुपर्छ । सांस्कृतिक संघर्षका आन्तरिक र बाह्य दुवै मोर्चा महत्वपूर्ण छन् । नेपालको कम्युनिस्ट आन्दोलनले सांस्कृतिक संघर्षको मोर्चामा रहेका कमजोरीको गम्भीर समीक्षा गर्दै यसलाई समुचित महत्व प्रदान गर्नुपर्छ । खासगरी नेपालका दुई ठूला कम्युनिस्ट पार्टी एमाले र माओवादी केन्द्रले सांस्कृतिक मोर्चाको विचारधारात्मक संघर्ष र आफ्नो तथा समाजको सांस्कृतिक रूपान्तरणको प्रक्रियालाई अघि बढाउन सकेनन् भने परिवर्तनबाट प्राप्त उपलब्धिको रक्षा गर्दै समाजवादी क्रान्तिको दिशातर्फ अघि बढ्ने कुरा सोम शर्माको सातुझैँ हुनेछ । बलियो पार्टी अनुशासन, उच्च नैतिक मूल्यको आत्मसात्, सामूहिक हितप्रति गहिरो प्रतिबद्धता, प्रगाढ देशभक्ति आदिसहित अघि बढ्न सक्दा नै अघिल्तिरको यात्रा सम्भव हुनेछ । माक्र्सको द्विशतवार्षिक र अक्टोबर क्रान्तिको शतवार्षिकी मनाइँदै गरेको यस विशेष समयमा यस यथार्थलाई हेक्का राख्न आवश्यक छ ।

## 13.4 नेपाली संस्कृतिको मूलभूत घटकहरू

लोक संस्कृति समृद्‌ध रहेमा कुनै पनि समय लोकशक्तिको रूप लिन सक्ने भएकोले लोक संस्कृतिको नियोजनको उपाय खोजी गर्नु प्रत्येक मानवको कर्तव्य हो ।पशुपंक्षीको संवादको काल्पनिक कथा र गतिविधिको आख्यान सुनाउने र राजदरबारका पाल्तु जीवजन्तुको बचाइ -चढाइ गर्ने बाहेक किस्सा गोले लोककथा र मिथकहरू लोक परम्पराबाट लिएर दरबारका केटाकेटीलाई शिक्षा दिने कार्यमा लोकसंस्कृति लुकोको पाइन्छ । मूलत: संसारको कुनै पनि जातिका संस्कृति निर्माण गर्ने आफ्नै प्रवृत्तिका घटक, तत्त्व र तन्तुहरू हुन्छन् । नेपाली जातिका संस्कृति निर्माणका पनि आफ्नै प्रकारका घटकहरू रहेको पाइन्छ ।

नेपाली समाजमा काग कराउनु भनेको सूचना वा खबर आउनु, आगो भर्भराउनु भनेको पाहुना आउनु, जोर ढुकुर प्रेमको प्रतीक, जोर रूपी देख्नु शुभ सङ्केत, बिराला वा सर्पले बाटो काट्नु ठुलो अपसकुन मान्ने लोकविश्वास अध्यायी प्रचलनमा छ । पशुहरूकै संवादमा तयार गरिएका नीति कथाले पञ्चतन्त्रको समृद्‌ध कथा परम्पराको समेत स्थान ग्रहण गरेको थियो । प्रश्नोत्तर, शास्त्रार्थ र संवादका आआफ्ना परम्पराबाट पनि ज्ञान प्रसार गर्ने संस्कृति कायम थियो । बिहावारी, जन्म, व्रतबन्ध, षष्टिपुर्ति, चौरासी पुजा र मृत्युपछिका कर्मकाण्ड नेपाली जातिका सबैभन्दा महत्त्वपूर्ण संस्कृति हुन् । यस्ता चाड वा पर्वको रूपमा मनाइने धार्मिक कर्मकाण्डबाट आपसको प्रेम र सम्मानका साथै वरिष्ठताका सम्मान र समय अनुसारको मान्यता दिने विनम्र प्रयास हुन सकेको देखिन्छ । अहिले एक किसिमको सांस्कृतिक शून्यता र एक किसिमको सांस्कृतिक जागरण सक्रिय रहेको बुझाइ आआफ्नै चेतनाले ग्रहण गर्ने कुरा हो । सांस्कृतिक रिक्तता र शून्यताको अनुभव एक जनाले गर्ने र

Notes

अर्को जनाले सांस्कृतिक नवजागरण अनुभूत गर्ने स्थिति जुनसुकै अर्थमा पनि राम्रो होइन । घर बाहिर निस्केपछि घर नफर्केसम्म असुरक्षाको बोध हुनु आफैँमा गम्भीर विषय हो । यही असुरक्षाले गर्दा रक्सी पसल र मन्दिरमा भिड बढेको भन्नेहरू पनि प्रशस्तै छन् ।

नेपाली लोक परम्परामा आख्यानका अनेक परम्परा रहँदै आएका छन् । हजुरआमा र आमाले कथा भन्दाभन्दै निदाउने व्यक्तिहरू अहिले पनि ठुलो सङ्ख्यामा छन् र अघि आफुले सुनेका कथा अहिले सन्तानलाई सुनाउने प्रचलन गाउँ सहर सबैतिर विद्‌यमान छ । नेपाली लोककथामा अधिकांश हिस्सा ओगट्ने धार्मिक - सांस्कृतिक कथा नै हुन् । वेद, पुराण, मुन्धुम, त्रिपिटक, कुरान र बाइबलका कथा प्रत्येक आमाबाबुले आफ्नो संस्कृति अनुसार छोराछोरीलाई सुनाउने परम्परा सबैभन्दा शक्तिशाली देखिन्छ ।धार्मिक, सांस्कृतिक कथा बाहेक तिलस्मी, प्रकृति केन्द्रित र दन्त्यकथा सबैभन्दा धेरै नेपालीलाई थाहा हुन्छ । नदी, जङ्गल, पहाड, हिमाल, देवस्थान, पितृको सम्मान, सम्झना, नैतिक आस्थाको बिजारोपण र राष्ट्रप्रेम लोककथाका प्रमुख सरोकार रहन पुगेका छन् । संस्कृति मान्छेले जन्मेको सांस्कृतिक परिवेशमा सिकेर सन्तान दरसन्तान हस्तान्तरण गर्दै आएको परम्परागत विषय हो । तर संस्कृति अध्ययनको संस्कृति भने अन्तर्राष्ट्रिय सैद्‌धान्तिक आधार र विकासे शैलीले लिन लागेपछि संस्कृतिलाई संयोजनभन्दा विखण्डनको श्रोतको रूपमा प्रयोग गर्ने सम्भावना बढेर गएको छ । आफ्नो संस्कृतिको गौरव मण्डन गर्न अरूको संस्कृतिको निन्दा गर्ने प्रवृत्ति पनि बढिरहेको छ । यसका नकारात्मक प्रस्थापनाले दूरगामी प्रभाव पार्ने सम्भावना छ । यद्‌यपि क्रमिक रूपले सहिष्णुता अर्काको संस्कृतिप्रति सम्मान भाव र समन्वयकारी चेतना बढि रहेको विषय पनि मननयोग्य रहेको छ ।

मानव सभ्यताको शुरुवातको समय देखि नै सम्पदाको ज्ञान विभिन्न समुदायहरु, जातजातिहरुबीचमा पुस्तौ पुस्ता एकपछि अर्कोगरी हस्तान्तरण हुँदै गएको पाइन्छ । नेपाल त्यसैपनि बहुभाषी, बहुधार्मिक तथा धर्मनिरपेक्ष, बहुसाँस्कृतिक देश, 2011 को केन्द्रीय तथ्यांकअनुसार 126 विभिन्न जातजातिहरु र 123 भाषाभाषी समूहहरु यहाँ छन् । यी सबै जातजातिहरुको आफ्नै साँस्कृतिक तथा ऐतिहासिक पहिचान रहेकोले पनि नेपाल अनेकतामा एकता वा एकताभित्र विविधता भएको मुलुक हो । सम्पदा कुनै एक व्यक्तिसँग सरोकार राख्ने नभएर समूह, समुदाय वा क्षेत्र र राज्यसँग सरोकार राख्ने हुन्छ । नेपालको राष्ट्रिय संस्कृति नीति 2067 अनुसार "वर्तमान नेपालको सीमाभित्र इतिहासको विभिन्न कालखण्डमा बसोबास गरेका विभिन्न मानवसमुदाय वा मानवसमुदायहरुले सिर्जना गरेर छाडेका र हाल बसोबास गरिरहेका हाम्रा विभिन्न जाति एवं समुदायका पुर्खाहरुले सिर्जना र अवलम्बन गरी हामीलाई जिम्मा लगाएर गएका भौतिक अभौतिक सम्पदाहरु र त्यस अनुरुपको जीवनशैलीको समष्टिगत रुप नै नेपाली राष्ट्रिय संस्कृति हो ।"

वास्तवमा साँस्कृतिक सम्पदाको बारेमा अवधारणाहरु 1920 र 1930 को दशकतिर लिगअफनेशन र अन्तर्राष्ट्रिय संगठन, संघ संस्थाहरुले दोश्रो विश्वयुद्ध पछिको तहसनहस अवस्था, हत्याहिंसा, बमबारुद, लुटमारबाट युरोप पीडित भएपछि प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बद्र्धन र विकास गर्नुपर्छ भन्ने भावाना धनी देसहरुमा आयो । इजिप्टको अस्वान उच्च बाँध निर्माण 1964 र 1966 को बीचमा गर्दा अबु सिम्बेल मन्दिरको संरक्षणबाट पनि अन्तर्राष्ट्रियजगतका संस्थाहरुले साँस्कृतिक सम्पदाहरुको संरक्षणमा ध्यान दिएको कुरा स्पष्ट हुन्छ । 1960 को दशकबाट झन साँस्कृतिक सम्पदाको विकास गर्नुपर्छ भन्ने ज्ञानको

विकास भएको पाइन्छन् । युरोप र उत्तर अमेरिकाले भवन, धरहरा, बस्तु, प्राकृतिक स्थलहरुको विषयमा बहस, 1965 मा ह्वाइट हाउस सम्मेलन, वासिङटन डिसीमा विश्व सम्पदा ट्रस्टको स्थापना गरयो । यसले विश्वका संघ संस्थाहरुलाई प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक मूल्य मान्यता बोकेका वर्तमानका कुराहरुलाई संरक्षण, प्रबद्र्धन, विकास भोलिको विश्वको लागि गर्नुपर्नेमा विश्व नागरिकहरुलाई आव्हान गरेको पाइन्छ । संयुक्त राष्ट्रसंघ युनेस्कोको सहयोगमा 1972 मा विश्व साँस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणको विषयमा महासन्धि पारित भयो । यस सम्मेलनको पारित महासन्धिले विश्वमा प्राकृतिक तथा साँस्कृतिक भौतिक वा मूर्त सम्पदाको संरक्षण गर्नमा ठूलो सहयोग पुग्यो । त्यसताका युनेस्कोको साँस्कृतिक सम्पदा अन्तर्गत ऐतिहासिक कला, विज्ञान, संस्कृति बोकेका धरहराहरु, पेन्टिङ, ताम्रापत्रहरु, गुफा जस्ता विश्व मूल्य मान्यता बोकेको कुराहरुको विषयमा खोज अध्ययन तथा अनुसन्धान पछि ऐतिहासिक, साँस्कृतिक, कला र विज्ञान बोकेका भवनहरुको सूचीकृत गर्ने, खोज गर्ने र अध्ययन अनुसन्धान गर्ने, मानव तथा प्राकृतिक निर्मित विश्व मूल्य मान्यता बोकेको, ऐतिहासिक, मानवशास्त्रीय, जातीय सवालमा सरोकार राख्ने स्थानहरुको खोज तथा सुचीकृत गर्ने कामहरु शुरुभयो । अभौतिक वा अमूर्त साँस्कृतिक सम्पदा अन्तर्गत हामीले खोज्नुपर्ने वास्तविक कुराहरु लोकपद्धति, लोकभाषा, लोकधर्म, लोकपरम्परा, लोकविश्वास, चाडपर्वहरु, रीतिरिवाजहरु, संस्कार संस्कृतिहरु, लोकनृत्य, लोकगाना, लोकजीवन, अभ्यासहरु, कथाहरु, उखानटुक्काहरु, कला र सीपहरु, अलिखित तथ्यहरु, कविताहरु, लोकमन्त्रहरु, प्रार्थनाहरु, मुन्धुमहरु, लोकनाटकहरु, सामाजिक परम्पराहरु, लोकसंगीत, लोकभेषभूषा, वार्तालापहरु, परम्परागत खेलहरु, समाज

विकासका कुराहरु, आदिवासी ज्ञान, परम्परागत ज्ञान, ओखतीमूलो उपचारका विधिहरु, जीवन सञ्चालन गर्ने विविध कुराहरु आदि कुराहरु पर्दछन् ।

अध्ययन तथा अनुसन्धान, खोज तथा वर्गीकरण गर्नमा सजिलो होस् भन्नेहेतुले अमूर्त साँस्कृतिक सम्पदाको कुराहरुलाई पाँच विधाहरु अमूर्त साँस्कृतिक सम्पदाको संवाहकको रुपमा भाषा सहितका मौखिक परम्पराहरु तथा अभिव्यक्तिहरु, अभिनय कलाहरु, सामाजिक व्यवहारहरु, अनुष्ठानहरु र चाडपर्वका उत्सवहरु, प्रकृति तथा विश्व बम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरु र परम्परागत कलाकौशलहरुमा विभाजन गरिएका छन् । नेपालको संविधानको समानताकोहकले राज्यको नागरिकहरुबीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने कुरा स्वीकार गरेको छ । अमूर्त साँस्कृतिक सम्पदा महासन्धि 2003 -ले पनि अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण तथा प्रबद्र्धन गर्ने; अमूर्त साँस्कृतिक सम्पदामा समुदाय, समूह र अभ्यासकर्ता व्यक्तिको सम्मानलाई सुनिश्चित्ता गर्ने; अमूर्त साँस्कृतिक सम्पदा महत्वको सुनिश्चित्ताको लागि स्थानीय, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सदभाव, जनचेतना जागरण अभियान गर्ने र पक्षराष्ट्रहरुबीच र आफ्नै राष्ट्रभित्र अन्तर्राष्ट्रिय सुमधुर सम्बन्ध र सहयोग प्रदानगर्ने कुरा उल्लेख गरेको छ । अहिले देशभित्र पहिचानको मुद्दा सबै समुदाय, तहतप्काहरुमा जातीय तथा सामुदायगत, भाषिक, साँस्कृतिक, भौगोलिक वा क्षेत्रगत निरन्तरता साथै ऐतिहासिक निरन्तरताको आधारमा हुनुपर्ने कुराहरु जल्दोबल्दो सवालहरु बनेका छन् । यो जायज पनि छ । सबै समुदायहरुको पहिचान स्थापित हुन सकेको खण्डमा नेपाली पहिचान समृद्धि बन्नेछन् । यी सबै

सवालहरुलाई राज्यले सम्बोधन गर्ने अति उत्तम समाधानको हतियारको रुपमा अमूर्त साँस्कृतिक सम्पदा एक महत्वपूर्ण कडीको रुपमा लिन सकिन्छ ।

सबै समुदायहरुको पहिचान स्थापित हुन सकेको खण्डमा नेपाली पहिचान समृद्धि बन्ने  छन् । यी सबै सवालहरुलाई राज्यले सम्बोधन गर्ने अति उत्तम समाधानको हतियारको रुपमा अमूर्त साँस्कृतिक सम्पदा एक महत्वपूर्ण कडीको रुपमा लिन सकिन्छ । अमूर्त साँस्कृतिक सम्पदालाई सामाजिक, आर्थिक, धार्मिक, ऐतिहासिक तथा लोकविश्वास, लोकअभ्यास तथा जीवन सञ्चालनमा पारेको आर्थिक महत्व जीविकोपार्जनसँग जोडेर हेर्नु आवश्यक छ । अमूर्त साँस्कृतिक सम्पदाका विविध विधाहरु पहिचान सरोकार छन् । यस विषयमा शिक्षा, चेतना अभिवृद्धि र क्षमता विकास गर्ने कुरामा सबै सरोकार पक्षहरु, राज्यका निकायहरुले ध्यान दिनुपर्ने हुन्छ । यस सवालमा जनचेतना अभिवृद्धि गर्ने उत्तम उपायहरुमा अमूर्त साँस्कृतिक सम्पदाको विषयमा रेडियो, टिभी तथा इन्टरनेट मार्फत जानकारी गराउने; अमूर्त साँस्कृतिक सम्पदाको बारेमा शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्नु; सरोकारवाला र लक्षित समुदायबीचमा अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण तथा विकास गर्ने सवालमा नेटवर्किङ, बैंठक तथा सेमिनारहरु गर्नु; निर्णायक तहसम्म लबिङ गर्नु; अमूर्त साँस्कृतिक सम्पदाको विषयमा मेला, प्रदर्शनी, महोत्सवहरु आयोजना गर्नु; अमूर्त साँस्कृतिक सम्पदालाई साँस्कृतिक पर्यटन, ऐतिहासिक तथा सामाजिक महत्व, धार्मिक महत्व, वाणिज्य गतिविधिहरुसँग जोडेर संरक्षण, विकास तथा प्रबद्र्धन गर्ने; विवरणसूचीकरण तयार गर्ने, सुचिकृत तालिकाको बारेमा जानकारी गर्न सूचनालाई व्यापक बनाउने; महासन्धिको सुचीमा अमूर्त साँस्कृतिक सम्पदाको बस्तुसुचि गर्नु, दर्ता प्रकृयाको लागि कामगर्ने

र अमूर्त साँस्कृतिक सम्पदाको नीति सरोकार कुराहरुमा विकास तथा सार्वजनिकीकरणका कार्यहरु गर्नु हो ।

नेपाली जाति बस्ने नेपाल र भारत देश साँस्कृतिक विविधतामा धनी देश हो । यहाँका विभिन्न आदिवासी कला, सीप तथा ज्ञानहरुलाई संस्थागत गर्न सकिएको खण्डमा स्थानीय अभ्यासकर्ताहरुको जीविकोपार्जनमा सुधार गर्न सकिन्छ । विभिन्न जातजातिहरुको नृत्यलाई मात्र पनि डकुमेन्टशन गर्न सकिएको खण्डमा पर्यटकहरुलाई आकर्षण तथा आयआर्जनमा बृद्धि गर्न सकिन्छ । अमूर्त साँस्कृतिक सम्पदाको विस्तृत खोज, अध्ययन तथा अनुसन्धान मार्फत विवरण सूचीकरण तयार गर्न सकेको खण्डमा स्थानीय समुदायहरुको ज्ञान, सीप तथा कलाहरुको पहिचान र अपनत्व गराउन सकिनेछ । ती महत्वपूर्ण कुराहरुलाई शिक्षाको माध्यम, संचारको माध्यमबाट प्रचारप्रसार गर्नसके सबैको पहिचान तथा विश्वबजारमा परिचित हुने अवसर मिल्नेछ । होमस्टे, विभिन्न होटल क्षेत्रहरुमा प्रदर्शनी गरी पर्यटकहरुको बसाइँ लम्ब्याउनको साथै आर्थिक उपार्जनमा टेवा पुग्नेछ । स्थानीय समुदायको संग्रहालय निर्माण गर्न सकिनेछ । पर्यापर्यटन, साँस्कृतिक पर्यटनमा महत्वपूर्ण उपलब्धि गर्नसक्ने प्रबल सम्भावना त्यतिकै छ ।

'भारत' सुदूर पश्चिम क्षेत्रको विशिष्ट लोकसंस्कृतिको एक अभिन्न अङ्ग हो । यस भारत परम्परामा 'मङ्गला राउतको भारत' को वैशिष्ट्य अझ विशेष छ, कारण यो गहिरो सामाजिक र व्यक्तिगत मनोविज्ञानको आदिम उदाहरण हो । भारतको मूल अर्थ हो 'कथा' । विशाल कथानक भएको गाथालाई 'महाभारत' भनिएको हुँदा ससाना कथानक भएका लोकगाथालाई 'भारत' भनिएको हो । मोहनराज शर्मा र खगेन्द्र लुइँटेलका अनुसार "लोककथामा युद्ध, लडाइँ, वीर, वीरता आदिको वर्णन भएको

काव्यलाई भारत भनिएको देखिन्छ" । उत्तर भारतीय र पश्चिमेली नेपाली पहाडी परम्परामा भारतले वीरता र युद्धलाई प्रमुखतः आत्मसात् गरेको देखिन्छ । शर्मा र लुइँटेलका अनुसार भारतलाई 'भडाग' या 'भणाग' भनेको पनि पाइन्छ, जसको अर्थ हो, 'भनाइ' । सुदूर पश्चिम या मध्यपश्चिमका केही ठाउँमा हुड्को नाउँ गरेका बाजा बजाएर पनि प्रस्तुत गरिने हुँदा यसलाई हुड्केली पनि भनिने गरेको जयराज पन्त बताउँछन् । उनी यस परम्पराको नामकरणको सन्दर्भमा यस्तो व्याख्या गर्छन् - हुड्केलीका साथै भडौ वा भणाग, हुड्के बोल वा हुडेके गीत, पैकेलो वा पैकलो, बफौल, कट्कू, रमौल र भारतजस्ता विभिन्न नाम यसका प्रचलित छन् । भडौ वा गणागको प्रयोग भारतकै कथ्यरुपमा भएको बुझिन्छ ।

भारत, चैत, फाग, माङ्गल वा हुड्केली जे भए पनि यी सबै समाजकै उपज हुन् र यिनीहरू प्रायः घटनाप्रधान गाथा हुन्, तर यिनीहरू समाजको गहिरो मनोविज्ञानका संवाहक पनि हुन् । यस्ता लोकगाथाहरूले प्रतिनिधित्व गरेको सामाजिक अवचेतनको सूक्ष्मतम यथार्थ कहिलेकाहीँ कर्मकाण्डीय मनोविश्लेषणको द्रष्टव्यभन्दा गहन र यथार्थपरक हुन्छ । यसले समाजको अवचेतनको विहंगम दृश्यचित्र पनि प्रस्तुत गर्न सक्छ र सम्पूर्ण सामाजिक चिन्तनको दिशामा प्रकाश पार्न सक्छ । कार्ल गुस्ताभ युङ र नोथ्रोप फ्राइजस्ता पश्चिमेली विद्वानले मिथक र लोकसाहित्यको मनोवैज्ञानिक अध्ययनको अध्ययन पद्धति तयार गरेका छन् र यिनै दुई विद्वान्ले तयार पारेको सैद्धान्तिक अध्ययनको भूमिमा टेकेर यो लेख तयार पारिएको छ, जसमा मङ्गला राउतको भारतको आद्यप्रारुप कुन–कुन मिथकीय या शास्त्रीय सन्दर्भमा पाइन्छ र यसले कसरी सामाजिक अवचेतालाई उद्घाटित गर्छ भन्ने कुरा देखाउनु यस लेखको मूल अभिप्राय हो ।

नेपाली जातिका लोकसंस्कृति सम्बन्धी विविध सन्दर्भहरूलाई अध्ययन गर्न सकिन्छ । यस जातिको ईश्वरसँग सम्बद्ध विभिन्न गतिविधि एवं क्रियाकलापलाई ईश्वरीय संस्कृतिअन्तर्गत समावेश गर्न सकिन्छ । ईश्वरीयता भनेको अमूर्त एवं अलौकिक शक्तिमा विश्वास गर्नु हो । प्राचीन कालदेखि नै मानिस प्रत्यक्ष एवं परोक्ष रूपमा ईश्वरीय चिन्तनसँग प्रभावित रहेको छ । यसप्रकारको सांस्कृतिक प्रस्तुति प्रार्थना, आराधना, पूजाआजा, मन्दिरको दर्शन, व्रत तथा विपद्का समयमा ईश्वरको पुकारा गरी ईश्वरमाथि आस्था र भरोसा गरेको सन्दर्भबाट अभिव्यक्त भएको पाइन्छ । उदाहरणमा लौ परमेश्वर रक्षा गर हाम्रो, संसारमा परमेश्वरबाहेक मानिसको सहारा को हुन स क्छ ?, परमेश्वरलाई बिन्तिभाउ गर्छु, हे ईश्वर, मेरो कर्ममा त्यस्तो भाग गर्ने लेखेको रहेनछ, सब कुरा परमेश्वरकै हातमा सुम्पिदेऊ आदिलाई लिन सकिन्छ । नेपाली जातिको जनजीवनमा परम्परादेखि नै अमीट छाप पार्ने गरी प्रचलनमा रहेका विभिन्न संस्कारजन्य सन्दर्भहरूलाई लोकप्रचलित संस्कृतिअन्तर्गत राखिन्छ । लोससाहित्यका विभिन्न रचतनाहरूमा लोकप्रचलन, सामाजिक अन्धविश्वास, भाग्यवाद, किरिया हाल्ने प्रचलन आदि अनेक सन्दर्भहरूलाई समेटिएको पाइन्छ । यीमध्ये प्रमुख केही सन्दर्भहरू यस प्रकार छन् - पूर्णिमाको दिन चिबहाल, देउता घर र मन्दिरमा बत्ती दिनु, शिशुको जन्मदिनमा दही - चिउरा बाँड्नु , आफन्तको मृत्यु हुँदा भोकै बस्नुपर्ने आदि ।

समाजमा उच्च, मध्यम र निम्नवर्गका मानिसहरूको बसोबास रहन्छ । समाजमा बसोबास गर्ने विभिन्न वर्गका व्यक्तिहरूमा पाइने आनी - बानी, क्रिया - कलाप, चाल - चलन, लवाइ - खवाइ आदि गतिविधिहरूसँग सम्बद्ध व्यवहारलाई वर्गीय लोकसंस्कृतिभित्र समावेश

गर्न सकिन्छ । यसरी नै लोकोक्तिको प्रयोग गर्दा कतिपय लोकोक्तिहरू सामाजिक प्रचलनबमोजिम नै प्रयुक्त भएका छन् भने कतिपयलाई केही भिन्न ढङ्गले प्रस्तुत गरिएको छ। संस्कृतिकै अभिन्न अङ्गको रूपमा लिइने यस्ता लोकोक्तिको प्रयोगमा जीवन्तता, सहजता र स्वाभाविकता पाइन्छ र यिनले साहित्यलाई सहज, स्वाभाविक, कलात्मक बनाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ। नेपाली जातिमा प्रचलित तपाईंको मुखमा दुध - भात, हाड नभएको जिब्रो फट्कार्न पाए पुग्यो आदि लोकोक्तिहरू हुन् । नेपाली जातिमा प्रचलित गायन, वादन र नर्तनलाई लोक संस्कृतिको अभिन्न अङ्गको रूपमा मानिन्छ। कसै - कसैले यसलाई मात्र संस्कृति पनि भन्ने गर्छन्। वस्तुतः यी मात्र लोकसंस्कृति नभएर नेपाली समाजमा दापा बजाउने, ब्यान्ड बाजा बजाउने, नौमति बाजा बजाउने, मुर्दा लाने बेलामा टुमटुम छ्याँ, टुमटुम छ्याँको धुन बजाउने आदि प्रसङ्गको उल्लेखबाट लोकवादनसम्बन्धी संस्कृतिको प्रस्तुत भएको पाइन्छ भने महाकाली, भक्कु भैरवका नाच आदिबाट नृत्यसम्बन्धी संस्कृतिको प्रस्तुति पाइन्छ।

विभिन्न जात - जाति, धर्म र सम्प्रदायका व्यक्तिहरूबाट मनाइने विभिन्न चाडपर्व, तीर्थ, व्रत, जात्रा आदि सम्बद्ध जाति वा राष्ट्रको संस्कृतिका अभिन्न अङ्ग हुन्। नेपाल र भारत देश बहुभाषी, बहुजाति र बहुधर्मी मानिसहरूले बसोबास गर्ने मुलुक भएको हुँदा यहाँ विभिन्न प्रकारका चाडपर्व, जात्रा आदि पनि प्रशस्त मात्रामा रहेका छन्। अझ त्यसमा पनि नेपाली जातिका आ - आफ्नै जातगोष्ठिगत समाजका चाडपर्व, जात्रा आदिले लोकसंसेकृतिलाई विशेष रूपले ध्योतन गर्दछ । इन्द्रजात्रा, कुमारी जात्रा, कुमारीलाई कालरात्रिमा बलि चढाउने

प्रचलन, खड्ग साट्ने तथा पज्रां, सम्यक आदि प्रचलनबाट नेपाली जातिका लोकसंस्कृतिको झझल्को प्रस्तुत भएको देखिन्छ ।

लोकसाहित्य अपरिष्कृत र हल्काफुल्का विषयको अभिव्यक्ति हो भन्ने गलत बुझाइको पाश्चात्य विद्वान् एलन डन्सले सधैँ प्रतिवाद गर्थे । सामाजिक अस्तित्वका लागि लोकसाहित्य व्यापक, अभिन्न र महत्वपूर्ण विषय हो भन्नेमा उनी गहिरो विश्वास राख्थे । उनी भन्थे, लोकसाहित्यको अध्ययन तथा अभिलेखीकरणबाट संस्कृति र मानवीय व्यवहारको गतिशीलताबारे आभ्यन्तरिक ज्ञान पाउन सकिन्छ । त्यसैले उनी लोकसाहित्यलाई समाज र संस्कृतिको ऐना भन्थे । त्यतिमात्र होइन, उनी लोकसाहित्यलाई सामाजिक अन्याय र हैकमवादविरुद्ध आवाज उठाउने माध्यमको रूपमा चित्रण गर्थे । उनको दृष्टिमा मानिसका अवचेतन मनमा रहेका ताप–सुर्ताहरूलाई विम्बको माध्यमबाट निकास दिने माध्यम पनि लोकसाहित्य नै हो । एलन डन्स् लोकसाहित्यलाई सर्वाधिक महत्वको विषय ठान्थे । लोकसाहित्यलाई महत्वहीन विषय ठानेर हल्का टिप्पणी गर्नेहरूलाई उनी गतिलो जवाफ दिन्थे । अमेरिकी समाचारपत्र 'द न्युयोर्क टाइम्स' मा सन् 1985 मा प्रकाशित उनको भनाइलाईं उद्धृत गर्दै अमेरिकी लेखिका मार्गलिट फक्सले सोही समाचारपत्र 2 अप्रेल 2005 को अनलाइन संस्करणमा यसरी लेखेकी छिन् - 'लोकसाहित्य कुनै मामुली विषय होइन । यो एउटा गम्भीर विषय हो, जसमा जीवनको सारतत्व भेटिन्छ ।' उनले लोकसाहित्यबारेको त्रुटिपूर्ण सामाजिक दृष्टिकोण सच्याउन थुप्रै प्रयत्न गरे । एशिया र युरोपका कतिपय लोकसाहित्यविदहरूले लोकसाहित्यलाई नितान्त साँगुरो दायरामा राखेकाले त्यसको दायरा फराकिलो पार्न उनले मिहेनत गरे ।

लोकसाहित्य अलिखित हुन्छ भन्ने सोंचलाई भत्काउन उनले लोकसाहित्य लिखित पनि हुन्छ भन्ने दृष्टान्त बुद्धिमत्तापूर्ण लेखहरूमार्फत पेश गरे । लोकसाहित्यमा सुदूर अतीतका विषयवस्तुमात्र हुन्छन् भन्ने मान्यतालाई चुनौती दिन समसामयिक लोकसाहित्यको अवधारणा अघि सारे । लोकसाहित्यमा खेत - खलिहान र गाउँबस्तीका मात्र प्रसंग समेटिन्छन् भन्ने आमबुझाइलाई चिर्न शहरी लोकसाहित्य, कार्यालय लोकसाहित्यदेखि 'जुडिसियल जोक्स' (न्यायिक क्षेत्रमा विद्यमान ठट्टासम्मको प्रसङ्ग जनसमक्ष ल्याएको देखिन्छ ।

कुनै पनि जातिको लोकसाहित्य र लोकसंस्कृतिको अध्ययन त्यस जातिका लोकजीवनको ढुकढुकी सुन्न सकिन्छ । यसबाट मानवीय साइनो अझ दरिलो बनिन्छ । यसैलाई लोकसंस्कृतिको मौलिकता र प्राज्ञिक विशेषता मानिने पनि गरिन्छ । कारण हामी नेपाली जातिको लोकसंस्कृतिहरु मध्ये तिहारको भिन्दै महत्व र मूल्य रहेको छ । तिहार हाम्रो एउटा लोकचाड हो । हिन्दीमा तेउहार भनिन्छ । तेउहारले तिहार होइन सिंगै चाडपर्ब भन्ने जनाउँछ उनीहरुकोमा । उनीहरु तिहारमा दीपावलीसम्म मनाउँछन् । त्यसैले उनीहरुको र हाम्रो तिहार मिल्दैन । हामी यमपञ्चकको पाँच दिनलाई तिहार भन्छौं । अब बुझ्नु पर्ने कुरा छ, यमपञ्चक केलाई भनिन्छ भनेर । यम भनेको धर्म । धर्म भनेको नीति नियम हो । पञ्चक भनेको पाँच दिन । पाँच दिन मनाइने पाँच तिहारमा काग, कुकुर, गोरु, गाई र मान्छे छुट्टा छुट्टै पुजिन्छ । यसले त्यो बेला देखिको समाज र संस्कृतिलाई जनाउँछ । त्यसबेला के कुरा केन्द्रमा थियो समाजले त्यहि चिजलाई पूजा गर्दै आएको छ । पहिलेको घुमन्ते, शिकारी, पशुपालन, कृषि, हुँदै अहिले मान्छे आधुनिक युगमा आइपुग्यो । घुमन्ते युगमा सूचनाका केही साधन थिएनन् । त्यसबेला

सूचनाको मुख्य सहयोगी कागलाई बनाइथ्यो । काग बोटमा बसेर करायो भने समाचार ल्याएको भन्ने मानिन्थ्यो ।

काग काराएपछि मान्छेहरु 'सुवोल सुवोल, ठाँउ सरी बस, शुभ समाचार ले' भन्थे । आफ्नो जीवनमा सूचना ल्याउने सहयोगी भनेर कागलाई पूजा गर्न थालियो । त्यसपछि मान्छे शिकारी युगमा आयो । त्यो बेला शिकार खेल्नका लागि कुकुरको प्रयोग गरिन्थ्यो । कुकुरको संुघ्ने शक्ति तेज हुन्छ । उसले के हँुदैछ भनि अगाडि नै जानकारी दिने र अन्य जनावारको आक्रमणबाट बचाउने गथ्र्याे । कुकुरलाई आज्ञाकारीजनावारको रुपमा  मानिन्छ । त्यसैले कुकुर मानिसको शिकारी जीवनको सहयोगी हो ।  शिकार खेलेर मासुले पालिदै गरेका मान्छेहरु पशुपालन गरेर बस्नथाले । दूध, दहि, घिउ, उत्पादन गर्ने र अन्य ठाँउका मान्छेसँग तिनै सामान साटेर खान  थाले । वस्तु विनिमयको युग त्यसरी सुरु भयो । खाद्य वस्तु र अन्य साधनलाई सम्पत्ती मान्ने बेला थियो त्यो । त्यसबेला गाईंलाई पुज्न थालियो । पछि मुद्राको अविष्कार भएपछि बेचबिखन हुन थाल्यो । भविश्यका लागि वस्तु भन्दा पनि मान्छे पैसा कमाउन थाले । त्यसैले उनीहरुले गाईलाई लक्ष्मीको रुपमा पुज्नथाले भने मुद्रा र रुपैयाँ पैसाको पूजा गर्ने चलन पनि त्यसै बेलादेखि भयो ।

पशुपालन युगसँगै खेतीको युग सुरु भएको पाइन्छ । त्यसपछि माछेहरु कर्सन कर्ममा लागे । कर्सन भन्या कृषिकर्म । कृषिको लागि गोरु प्रयोग हुन्थ्यो । कृषिको मुख्य सहयोगी गोरुलाई उनीहरु देवतासरी मानेर पूजा गर्नथाले । गोरु मान्छेको कृषि जीवनको द्योतक हो ।  त्यसपछि आयो भाइटीका । तिहार भनेको चाहिँ सु–सभ्य, सु–संस्कृत मानव जीवनको द्योतक  हो । त्यसबेला आफ्नै परिवारका सदस्यबीच यौन सम्बन्धको

Notes

चलन थियो । त्यस्तो चलन रोक्दै दाजुभाई र दिदीबहिनीबीच यौन सम्बन्ध हुनुहुँदैन भन्ने चलन आयो । एकले अर्कोलाई पूजा गर्ने सम्बन्धको रुपमा या भनौं सुसंस्कृत र सभ्य समाज निर्माण गर्न यसको विकास भएको  देखिन्छ । कार्तिक शुक्ल द्वितीयाको दिन यमराज आफ्नो बहिनी  यमुनाको घरमा गएर टीका लागाएको पौराणिक कथा छ । तर यसको वैदिक कथा अर्कै छ । ऋग्वेदको 'यमयमी शुद्ध' भन्ने कथामा छ यो कुरा । यम र यमी भन्ने जुम्ल्याहा दाजुबहिनी थिए । एक दिन बहिनी यमीले दाइ यमसँग बैवाहिक जीवनमा बाधिन प्रस्ताव गर्छिन् । यौनसम्बन्धमा जाने प्रस्तावले उ विचलित हुन्छ । यमले बहिनीलाई एउटै आमाबाट एकै समयमा जन्मेकाले हामीबीच त्यस्तो सम्बन्ध हुँदैन भनेर सम्झाउँछ । मान्छेको धर्म भनेकै नैतिकतामा छ  । पछि यहि कुरा ऋग्वेदले यमुना र यमराजको कथामा परिणत गर्यो । बेद भनेको समाजका चालचलनलाई लिपिवद्ध गरेको कुरा   हो । त्यसबेला समाजमा हुने यौन जीवनलाई सु–ब्यवस्थित गर्दै आजको यो सभ्य समाज निर्माण भएको छ । यस्तो चाड अन्य कुनै मुलुकमा छैन ।

विशेष नेपाली जाति बहुल सङ्ख्यामा बस्ने नेपाल र भारत दुवै देशमा यस जातिको लोकसंस्कृति हुर्किएको पाइन्छ । भारत पनि हिन्दु सभ्यताबाट प्रभावित र नेपाल पनि त्यहि सभ्यताले सुसज्जित देश हो । तर हाम्रै देशमा पनि एउटै दशैं कसैले तिहारसम्म मनाउने कसैले एक दिन मात्र मनाउने चलन छ । हाम्रा राम्रा संस्कृति त्यता पनि गएका छन् तर हुबहु त्यहाँ पनि लागू हुन्छन् भन्ने हुँदैन । कुनै हुबहु लागू छन् पनि । कुनै आंशिक रुपमा लागू भएका  छन् । ठाँउ अनुसार फरक हुनु स्वाभाविक हो । नेपालमा आफ्नै स्वदेशीय रैथाने परम्परा छ । यहाँका भूमी पुत्र आदिवासी जनजातिहरुको संस्कृति र हिन्दु संस्कृतिको बीचमा

समन्वय छ । त्यसकारण नेपाल र भारतको हिन्दु संस्कृतिमा पृथकता छ । यी दुवै देशमा देउसी भैलो खेल्ने चलन कसरी सुरु भयो ? भन्दा भैलीमा भनिने एउटा लाइन छ – हामी त्यसै आएनौं वली राजाले पठाए । यो यम पञ्चकको पाँच दिनसम्म पौराणिक वली राजाको पनि कथा जोडिएको छ । तर ती बली राजा पौराणिक नभएर नेपालका राजा नै हुन् । एक हजार बर्षअघि, पूर्व मध्यकालमा यो चलन आएको हो । लिच्छवीकाल सकिएपछि पश्चिम नेपालमा बली राजा आए । त्यसबेला 'सहपाद्य लक्ष स्वदेश' भनिन्थ्यो । यो भनेको सवा लाख मान्छे भएको देश । त्यो खस राज्य अवसान भएपछि जुम्लामा वली राजा आए ।

त्यसबेला देवदास र देवदासीहरुको प्रचलन थियो । देउकीको रुपमा अहिले कानुनले मान्यता नदिए पनि यो प्रचलन नेपालको पश्चिम भागतिर पाइन्छ । तिनै दासीहरुलाई यहि यम पञ्चकको समयमा, बलिराजाले 'जाउ तिमीहरु मागेर खाउ' भनेर आज्ञा दिए । उनीहरु देउसी भैलो खेलेर अन्न बटुल्न थाले । देवदासीहरुले भैलेनी खेले र देवदासहरुले देउसुरे खेले । हामी त्यसै आएनांै बली राजाले पठाए भनेपछि सबैले धान, चामल, रोटी, रक्सी पैसा जसले जे सक्यो त्यहि दिने गरे । पछिपछि हुँदै गएपछि अन्यलाई पनि राम्रो लागेर त्यो बेला पैसा चामल उठाउन पाइने भएर अरुले पनि खेल्न थाले । पश्चिमतिरबाट पूर्व र पूर्वतिर हँुदै सबैतिर फैलियो । अहिले त राजनीतिक दलले पनि धेरै पैसा उठाउन देउसी भैलो खेल्ने गरेका छन् । तर, त्यसबेला देउसी भैलो खेल्दा दिएको रोटी र रक्सी त्यसैबेला चलन थियो । जम्मा भएको अन्न र पैसा बटुलेर राख्ने र पछि पुस 15 गतेको दिन खुवा खाने चलन थियो । बूढाबूढी हैन युवतीहरुले खेल्छन् यस्तो देउसी ।

## 13.5 उपसंहार

कला, भाषा, साहित्य, दर्शन, धर्म, नीति, इतिहास आदि विभिन्न सन्दर्भ पनि संस्कृतिभित्रै समेटिन्छन् । पारम्परिक गीत, नृत्य, वाद्यवादन, चाड - बाड, तीर्थ, व्रत, पर्व, धर्म, संस्कार, मूर्तिकला, चित्रकला, वास्तुकला, जात्रा आदिका सन्दर्भबाट पनि संस्कृतिलाई अथ्र्याइएको पाइन्छ । परम्परित मूल्य - मान्यता, रीति - रिवाज, चाल - चलन, धर्म, संस्कार, आस्था, व्यवहार, इतिहास पूर्वजन्म, पुनर्जन्म, कर्म, भाग्य, ईश्वरीयता, लोकोक्ति, लोकप्रचलन मात्र नभएर नवसिर्जित मूल्य - मान्यता आदि पनि संस्कृतिभित्र पर्न सक्छन् । भौगोलिक स्थिति, रहन - सहन, लवाइ - खवाइ, शिक्षा - दीक्षा आदिका कारण संस्कृतिमा विविधता उत्पन्न हुन्छन् । एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरणीय हुँदै जाने संस्कृति परिवर्तनशील पनि हुन्छ ।

परम्परागत मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको जनजीवनको भावानात्मक, जीवनशैली, जातीय इतिहास तथा लोकदर्शन, विश्वास, कथा - व्यथा, कला, सीप आदिले नै लोकसंस्कृति हुन् । लोकसाहित्यको एक प्रमुख घटक मानिने लोक संस्कृति कतै बाँधिएको हुँदैन । लोकजीवनको दुःख, सुख तथा हाँसो र आँसुमा लोकसंस्कृतिमा बाँचेको हुन्छ । गाउँघर तथा टोलमा बस्ने अशिक्षित जनसमूह तथा मानिसबीचमा पनि मीठा - मीठा गीत रहनु, उनीहरूको कथा - व्यथा भेटिनु , नाटकीय जीवन तथा लोकोक्तिको प्रयोग हुनु, दुःख तथा सुखमा प्रयोग हुने छोटा अभिव्यक्ति मुखबाट निस्कनु र प्रयोगमा जीवन्त देखिनु लोकसंस्कृतिले दिएको एउटा ठूलो नै उपलब्धि मान्नुपर्छ ।

समाजसँगको सांस्कृतिक संघर्ष समाजको सांस्कृतिक रूपान्तरण र परिवर्तनको संघर्षमा उसको भूमिकासँग सम्बन्धित रहन्छ । समाजसँग रहने 'झुटो चेतना' - को अन्त्य सांस्कृतिक संघर्ष र रूपान्तरणविना असम्भव हुन्छ । सत्तारुढ वर्गविरुद्धको सांस्कृतिक संघर्षको मुख्य उद्देश्य परिवर्तनविरुद्ध प्रयोग गरिने उसका सांस्कृतिक हतियारलाई कमजोर बनाउनु हुन्छ । सांस्कृतिक संघर्ष विचारधारात्मक संघर्षकै एउटा रूप हो । सांस्कृतिक संघर्ष कमजोर हुनु भनेको परिवर्तनको प्रक्रिया नै कमजोर हुनु हो । सांस्कृतिक संघर्ष परिवर्तनका निम्ति गरिने समग्र संघर्षकै एक अंग हो र हुनुपर्छ । सामन्तवादी, पुँजीवादी संस्कृतिविरुद्ध संघर्ष नगरी र सांस्कृतिक दृष्टिले फेरिएको परिवर्तनलाई पूर्णता प्रदान गर्न गाह्रो हुन्छ

## 13.6 सार

यस प्रखण्डमा **नेपाली संस्कृतिका मूलभूत घटकहरू**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- 'लोक' शब्दको प्रयोग जनता र जाति विशेषको अर्थमा हुँदै आएको छ।
- संस्कृत व्याकरण अनुसार **लोक** दर्शने धातुमा घञ् **अ** प्रत्यय लागेर )लोक+घञ् अ= लोक (बनेको यो धातुको अर्थ 'देख्नु' वा 'हेर्नु' हुन्छ ।
- हेर्ने वा देख्ने समस्त सामान्यजनको आमजीवनलाई नै यथार्थमा 'लोकजीवन' भन्न सकिन्छ । त्यसैले त्यही 'लोक' का समान्य जनीवनले स्वतःस्फूर्त रूपमा गर्ने गरेका अभिव्यक्ति, सिर्जना, विधि व्यवहार, रहन - सहन, अर्थात् लोकजीवनका सामान्य जनसमुदायको समष्टिगत ज्ञानवैभव लोकसंस्कृति वा लोकवार्ता हो ।

Notes

- ❖ लोकवार्ता अन्तर्गत भौतिक संस्कृति )भाँडा - वर्तन, कला - कौशल, आवास, पोशाक आदि (र अभौतिक संस्कृति )चाडवाड, नृत्य, रीतिथिति, र अनुष्ठान तथा तिनमा अभिव्यक्त लोकसाहित्य आदि (दुवै पर्दछन्।
- ❖ फोकलोर अविनाशी विषय हो, किनभने यो मानिसको भित्री सिर्जनशील शक्तिसँग जोडिएको छ।
- ❖ मानिसको ऊर्जा मिथकको फिनिक्स पंक्षी जस्तो खरानी भएर थुप्रो लागे पनि त्यहीँबाट फेरि पानी हुँदै अनि नाद भएर उही आकारमा उठ्छ। मानिसको यही शक्ति फोकलोरको अन्तर्यमा रहेको छ।
- ❖ मानिसहरूले विभिन्न कालमा लोकचेतनाका प्रयोग गरिआएका छन्। अहिले दार्शनिक र साहित्यिक चिन्तनमा सरलता, सिर्जनशील लोकचेतनाका प्रयोग हुनलागेका छन्।
- ❖ जलवायु परिवर्तन र संकट विषयका छलफलहरूले उद्घाटन गर्ने विषय लोकवार्ता नै हो। नेपालको सन्दर्भमा भन्दा नेपालका लोकचलन, संस्कृति र जीवनशैलीमा परिवर्तन आएका छन्।
- ❖ अहिलेको नेपालको सन्दर्भमा लोकवार्ता र सरल जीवनको सिर्जनशील पक्षको पहिचान सबभन्दा आवश्यक विषय हो।
- ❖ हाम्रा दिदी - बहिनीका एक्लो प्यारो भाइ मरनासन्न बिरामी परेको दर्दनाक स्थितिबाट मुक्ति पाउन यमराजलाई विनम्र अनुनय विनयद्वारा अभिभूत भई काग - तिहारदेखि भाइटीकासम्मै निरोगी, आरोग्यवान् गराएको लोकवार्ता छ।
- ❖ प्रत्येक चाडपर्वसित यस्तै तर फरक - फरक जनजिब्रोमा लोककथन झुन्डिएका हुन्छन् । यी सबैके ज्ञान हामीलाई लोकवार्ताबाटै प्राप्त हुने हुनाले लोकवार्ता अध्ययनको औचित्य महिमामण्ठित रहेको देखिन्छ ।

यस प्रखण्डको अध्ययनले **नेपाली संस्कृतिका मूलभूत घटकहरू**बारे बुनियाँदी जानकारी प्राप्त भयो । लोक संस्कृतिको अवधारणा र नेपाली संस्कृतिका मूलभूत घटकहरू सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 13.7 अनुशीलनी

1. संस्कृतिको अर्थबारे चर्चा गर्दै यसको परिभाषाबारे टिप्पणी प्रस्तुत गर्नुहोस् ।

2. लोक संस्कृति भन्नाले के बुझिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

3. लोक संस्कृतिको स्वरूपबारे एउटा गरिलो लोख तयार पार्नुहोस् ।

4. नेपाली लोक संस्कृतिको वैशिष्ट्यबारे अध्ययन प्रस्तुत गर्नुहोस् ।

5. नेपाली लोक संस्कृतिको पृष्ठभूमिबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

6. लोकसाहित्यको विशेषताबारे चर्चा गर्दै यसको उपयोगिता र महत्वलाई चिनाउनुहोस् ।

7. आजको सन्दर्भमा लोक संस्कृतिको महत्त्व र मूल्य के कस्तो रहेको छ ? आफ्नो तर्क प्रस्तुतु गर्नुहोस् ।

8. नेपाली लोक संस्कृतिको मुख्य - मुख्य घटकबारे विश्लेषण गर्नुहोस् ।

9. नेपाली लोक संस्कृति सम्बन्धि अध्ययन गर्दै नेपाली लोक सङ्गीतका विविध बान्कीहरूलाई चित्रण गर्नुहोस् ।

10. लोक संस्कृतिका अध्ययनको औचित्यबारे एउटा टिप्पणी लेख्नुहोस् ।

## 13.8 अतिरिक्त अध्ययन

1. शर्मा, मोहनराज **- नेपाली शब्दशागर ।**

2. पोखरेल, माधव - **वृहत् नेपाली शब्दकोश ।**

3. शर्मा, प्रा .मोहनराज र खगेन्द्र प्रसाद लुइँटेल - **लोकवार्ता विज्ञान र लोकसाहित्य ।**

4. पराजुली, कृष्ण प्रसाद -**नेपाली लोकगीतको आलोक ।**

5. लामिछाने, कपिलदेव -**नेपाली लोकगाथाको अध्ययन ।**

6. बन्धु , चुडामणी -**नेपाली लोकसाहित्य ।**

7. गिरि, जितेन्द्र देव -**लोक साहित्यको अवलोकन ।**

8. उपाध्याय, कृष्णदेव - **लोकसाहित्यकी भूमिका, इलाहवाद ।**

9. गिरी, जीवेन्द्रदेव - **नेपाली लोक साहित्यमा जन जीवन ।**

10. उपाध्याय, कृष्णदेव - **लोक साहित्य की भूमिका ।**

11. थापा, धर्मराज र हंसपुरे सुवेदी - **नेपाली लोकसाहित्य ।**

12. पन्त, कालीभक्त - **हाम्रो सांस्कृतिक इतिहास ।**

14. पराजुली, कृष्णप्रसाद - **नेपाली लोकगीतको आलोक ।**

15. पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी - **नेपाली लोक साहित्यको रूपरेखा ।**

16. पौड्याल, राजेन्द्र - **नेपाली लोकगीतको परम्परा र विकास ।**

17. पौड्याल, षडानन्द - **नेपाली लोकगीतमा धवलागिरि अञ्चलको योगदान : एक अध्ययन ।**

18. मल्ल, राधिका - **म्याग्दी जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन** ।

19. शर्मा, जनकलाल - **हाम्रो समाज र संस्कृति** ।

20. गुरूङ, एम. एम. - **बिर्सिएको संस्कृति** ।

## 13.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट : तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

२६. लोक संस्कृतिको सामान्य परिचय ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति बिद्यार्थीले 13.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२७. संस्कृतिको सामान्य परिचय ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति बिद्यार्थीले 13.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२८. नेपाली संस्कृतिको परिचय ।

.......................................................................................

.......................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति बिद्‌यार्थीले 13.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२९. नेपाली लोक संस्कृतिको मूलभूत घटकहरू ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति बिद्‌यार्थीले 13.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३०. लोकसाहित्य र लोक संस्कृति ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति बिद्‌यार्थीले 13.4 कै खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 14, नेपाली लोक साहित्यका विविध भेदहरूको वैशिष्ठ्य

**संरचना**

14.0 उद्‌देश्य

14.1 परिचय

14.2 लोक साहित्यको अर्थ र परिभाषा

14.3 नेपाली लोक साहित्यका विविध भेदहरू

14.4 नेपाली लोक साहित्यका विविध भेदहरूको वैशिष्ठ्य

14.5 उपसंहार

14.6 सार

14.7 अनुशीलनी

14.8 अतिरिक्त अध्ययन

14.9 मूल्यबृद्‌धिको निम्ति उत्तर

## 14.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- लोक साहित्यको अवधारणा
- लोक साहित्यको अर्थ र परिभाषा
- नेपाली लोक साहित्यका विविध भेदहरू
- नेपाली लोक साहित्यका विविध भेदहरूको वैशिष्ठ्य

## 14.1 परिचय

लोकृ दर्शने धातुमा घञ् प्रत्यय लागेर (अ)‘ लोक ’ शब्द बनेको हो । जसको अर्थ हुन्छ – हेर्नु , हेराइ लोकशब्दका लागि वेदमा ‘जन ’ ग्राभ्य जस्ता शब्द प्रयोग भएका पाइन्छ । लोक शब्द सँग साहित्य शब्द जोडिएर लोकसाहित्य शब्द बन्दछ । हितेन सह सहित ’ – ‘सहितस्य भाव साहित्य ’ अर्थात् हितको भाव नै साहित्य हो । यस अर्थमा लोकसाहित्य भनेको लोकले देखेका र भोगेका कुरा हुन् । जसमा जनसमुदायका कथा व्यथाहरु समेटिएका हुन्छन् भने साहित्यका विभिन्न विधाका माध्यमले वैदिक तथा लोकायतका पक्षहरुलाई प्रदर्शन गरिएका हुन्छन् । लोकसाहित्य लोकको यथार्थ चित्र हो ।

लोकसाहित्यको लेखन तथा प्रदर्शन पनि गर्न सकिदैंन । श्रुति र सत्य तथ्य भावमा आधारित हुन्छ । सामान्यतया भाषाको गुण अथवा अवगुण जे भने पनि जस्तो सुनिन्छ त्यस्तो लेखिदैँन । त्यसैले लोकसाहित्यमा जे बोलिन्छ, जे गरिन्छ, त्यसलाई त्यही रुपमा लिपि वा लेख्य रूपमा उतार्न सकिन्दैन । यस साहित्यको लेखन र प्रदर्शनमा नाटकीकरण हुनु भनेको कुनै पनि जातिका लोक साहित्यको लोप वा मृत्यु हुनु भनेको जस्तै हो । किनभने लोकसाहित्य श्रुतिमा बाँचेको हुन्छ । मानसखण्ड लोकसाहित्य श्रुति र परम्परामा बाँचेको छ भने धर्मसंस्कृतिसँग मानसखण्ड लोकसाहित्यको अन्योन्याश्रित सम्बन्ध रहेको छ । संस्कृति अर्थात् धर्म लोकसाहित्यको आत्मा हो । धर्म विना संस्कृति र संस्कृति बिना लोकसाहित्य जीवित रहदैँन ।

## 14.2 लोक साहित्यको अर्थ र परिभाषा

**लोक** शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको 'लोक दर्शन' धातुमा 'धञ' प्रत्यय लागेर बनेको शब्द हो 'लोक' । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि । लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ । प्रसिद्ध नृतत्वविद् फ्र्यान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो । डा. कृष्णदेव उपाध्याय भन्छन् – प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई 'लोक' भनिन्छ र तिनीहरूको सुख - दुखको साहित्य नै लोकसाहित्य हो ।

डा. वासुदेव त्रिपाठीका अनुसार सारांशमा जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोक साहित्य हो । योगी नरहरिनाथका अनुसार लोक व्यवहारमा, लोकहितका लागि, लोकभाषामा, लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुतगर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ । माधव घिमिरेले लोकसाहित्यको चरित्रको बारेमा काव्यात्मक पारामा भन्छन्– 'सर्छन् भाका अनि यस गलाबाट अर्को गलामा' । धर्मराज थापा र हंसपुरे सुबेदी भन्छन्– लोकले सजिलै बुझ्न र अनुभव गर्नसक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो । तुलसी दिवस भन्छन्– सही अर्थमा लोक साहित्य लोकजीवन तथा संस्कृतिको प्रतित्रिम्ब मात्र नभएर

सम्बाहक पनि हो । सरस्वती घिमिरे भन्छिन् - वेद भन्नु नै लोक साहित्य हो ।

मनसँग सम्बन्धित भाव वाचक नाम मानस हो । पूर्वीय दर्शनानुसार ब्रह्माजीले भित्री हृदयबाट निर्माण गरेको क्षेत्र मानस हो। सृष्टिको आरम्भ मानस धर्तीबाट भएको हो । जसको एक प्रमाणका रुपमा मानसखण्ड मानसखण्ड काली–कर्णालीमा मात्र पाइने आदिम जाति निषाद (राउटे) लाई लिन सकिन्छ । जहाँ पहिलो चोटी मानुषको सृष्टि भएको थियो त्यसको त्यसकिो एक खण्ड मानसखण्ड र त्यस खण्डको संस्कृति (साहित्य) विश्वको प्राचीन संस्कृति मध्ये एक हो । यहाँको साहित्यमा वैदिक का साथसाथै लोकायतको प्रभाव परेको पाइन्छ । यीद दुवै साहित्यको सम्मिश्रणले मानसखण्ड लोकसंस्कृतिको निर्माण भएको पाइन्छ । क्लिष्ट वैदिक वार्ता (संस्कृति र साहित्य) - लाई सरल लोकायतको जलप दिएर लोकवार्ताको निर्माण भएको छ । लोकवार्ताको कुनै आधार ग्रन्थ हुदैंन । यो ठाउँ अनुसार परिष्कृत परिमार्जित र परिवर्तित हुदैं जान्छ । श्रुति परम्परामा आधारित हने हुनाले लोकसाहित्य संस्कृतिलाई कठपुराण लोकधर्म, लोकायत, लोकाचार, लोकवार्ता आदि नाम दिन सकिन्छ ।

**कल्पितः श्रुतिमूलो वामूलो लोकै धृत सदा ।**

**देशादिधर्मः सः ज्ञेयो देशे देशे कुलेकुले ।।**

शुक्रनीति श्रुति परम्परामा आधारित लोकले धारण गरेका मान्यताहरु जसको मूल वेद होस् वा नहोस् ती प्रत्येक देश र कुल परम्परामा चलिआएका रीतिरिवाज लाई देशादि धर्म अर्थात् लोकधर्म भनिन्छ । लोकधर्म नै लोक साहित्य र लोकसंस्कृतिका आधार हो । त्यसैले तं

शास्त्रहरुमा यद्यपि शुद्धं लोक विरुद्धं नाकरणीयं नाचरणीयम् भनिएको छ ।

लोकृ दर्शने धातुमा घञ् प्रत्यय लागेर (अ)‘ लोक ’ शब्द बनेको हो । जसको अर्थ हुन्छ – हेर्नु , हेराइ लोकशब्दका लागि वेदमा ‘जन ’ ग्राभ्य जस्ता शब्द प्रयोग भएका पाइन्छ । लोक शब्द सँग साहित्य शब्द जोडिएर लोकसाहित्य शब्द बन्दछ । हितेन सह सहित ’ – ‘सहितस्य भाव साहित्य ’ अर्थात् हितको भाव नै साहित्य हो । यस अर्थमा लोकसाहित्य भनेको लोकले देखेका र भोगेका कुरा हुन् । जसमा जनसमुदायका कथा व्यथाहरु समेटिएका हुन्छन् भने साहित्यका विभिन्न विधाका माध्यमले वैदिक तथा लोकायतका पक्षहरुलाई प्रदर्शन गरिएका हुन्छन् । लोकसाहित्य लोकको यथार्थ चित्र हो । यो बनावटी हुदैँन । लोकसाहित्यको लेखन तथा प्रदर्शन पनि गर्न सकिदैंन । श्रुति र सत्य तथ्य भावमा आधारित हुन्छ ।

मानस खण्ड लोकसाहित्य श्रुति र परम्परामा बाँचेको छ भने धर्म - संस्कृतिसँग लोकसाहित्यको अन्योन्याश्रित सम्बन्ध रहेको छ । संस्कृति अर्थात् धर्म लोकसाहित्यको आत्मा हो । धर्म विना संस्कृति र संस्कृति बिना लोकसाहित्य जीवित रहदैँन । लोकसाहित्यको विशेषता नै रचनाकार अज्ञात रहनु हो । यसमा पनि रचनाकार ज्ञात हुदैँन । लोकसमाजले पुस्तापुस्तामा हस्तान्तरण गर्दै यसको परम्परा निरन्तर चलिरहेको ) पाईन्छ । लोकसाहित्यले जब लिखित रुप लिन्छ त्यसले शिष्ट साहित्यतिर उन्मुख हुने बाटो तय गर्दछ । त्यसैले यसको विशेषता नै मौखिक परम्परामा जीवित रहनु हो । धमारी पनि मौखिकरुपमा हस्तान्तरण हँुदै लोकसमाजमा विद्यमान रहेको पाईन्छ ।

लयात्मकताले लोककाब्य श्रुतिरम्य बन्दछ र यसले लोकलाई प्रभावित बनाउने क्षमता राख्छ । यसमा स्वतन्त्र लोकछन्दको प्रयोग हुन्छ र यो गेयात्मक हुन्छ । लोकसाहित्यले प्रशस्त मौलिकता बोकेको हुन्छ र त्यो मौलिकता स्थानिय भाषा संस्कृति, परिवेश रहनसहनका कारणले देखापर्दछ । धमारीले पनि भौगोलिक दूरी र अवस्थिति अनुसार प्रशस्त स्थानियताको रङ्ग बोकेर मौलिक भेदसहित संयोजित रहेको पाउन सकिन्छ ।

## 14.3 नेपाली लोक साहित्यका विविध भेदहरू

संसारको जुनसुकै भूगोल, सम्प्रदाय, समाज र वातावरणमा बाँचेका सप्पै मान्छेका आ आफ्नै संस्कृति-, धर्म, भाषा, संस्कार र शैली हुन्छन । तिनै बिबिधतामा प्रत्येकका मौलिक लेखन साहित्यका बिबिध विधा छन् अहिले हामीले लेखन विधामा अनुशरण गरेको गजल, तान्का, हाईकू, सेन्र्यू आदि र संगीतमा गाइने गजल, हिप्होप, र्याप, ज्याज, हेवीमेटल आदि पनि भूगोलका विभिन्न पाटोमा बाँच्ने मानिसहरुको मौलिक विधा हुन् । जसरी हाम्रो बिबिध लोक साहित्य र लोकगीतहरु छन् । प्रत्येक राष्ट्रमा आफ्नै- आफ्नै साहित्यिक लेखन विधाहरु छन्।

हामी नेपालीहरु बहुभाषी, बहुजाति भएर धर्म, संस्कृति र अनेकानेक संस्कारले अमिर छौं । तर हाम्रो नेपाली साहित्यक क्षेत्रमा तेस्तो कुनै मौलिक नेपाली लेखन विधाको बलियो सुरुवात गर्न सकेका छैनौं । तेसैले पनि हाम्रो साहित्यिक पहिचानमा एउटा छुट्टै र मौलिक परिचयको स्थापना गर्दै विश्व सामु हाम्रो संस्कृति, कला,विचार,साहित्य र विविधतालाई चिनाउन यो गेडी विधाको परिकल्पना र सुरुवात गरिएको हो । नेपालका हिमाल, पहाड र तराई, पूर्व, मध्य र पश्चिम जताततै

हामीसंग कर्णप्रिय, लोकप्रिय, मनोहर लोक भाका र लोकसाहित्यको छेलोखेलो छ ।विभिन्न सम्प्रदाय, भूभाग र संस्कृति भए पनि हामी नेपाली लोक साहित्य र संगीतसंग सरोबर हेलमेल गरेर रमाउने गर्दछौं ।तिनै लोकभाकाका विभिन्न लय, संरचना र मर्ममा सन्तुलित हुने गरि यो गेडी विधाको संरचना निकै लामो कोशिसबाट तयार गरिएको छ । के कौडा, रोइला, घाँसे, बिरही, झ्याउरे, गोठाले, असारे, मारुनी वा देउडा ।

सबैलाई समेट्ने गरि यसको संरचनामा तालमेल गराउन निकै ठुलो अनुसन्धान, प्रयोग र अध्ययन गरेर सप्पै लोक भाकाको रस र राग सम्मिश्रण गरि संगोल नेपाली लोकसंगीत, लोकसाहित्य,साहित्य, संस्कार,भूगोल र सम्पूर्ण नेपाली जनजीवनको प्रतिनिध्वत हुने गरि निश्चित रुप र गेय निर्माण गरिएको छ । यसको निर्माण,परिकल्पना,सुरुवात र प्रयोगले कुनै पनि ठेट लोकगीत, संस्कार, सम्प्रदाय, संस्कृति, साहित्य, भाषा - भाषी, जनजीवन, इतिहास र कुनै पनि अस्तित्व प्रति धक्का नलाग्ने किसिमले यसको संयोजन र प्रबर्तन गरिएकोछ ।यसको निर्माणको प्रमुख उदेश्य भनेको नेपाल भित्रका बहुलजातिहरुको बहुल अस्तित्वलाई एकीकरण गर्दै सहकार्य,सहअस्तित्वको सम्मान र समृद्धि गर्दै नेपाली मौलिक जनजीवनभित्रका मूल्य र मान्यतालाई साहित्यिक र सांगीतिक रुपमा उजागर गरेर विश्वसामु प्रस्तुत गर्नु हो । जसले विश्व चक्षुको आकर्षण गर्न सकोस ।कुनै विशेष परिधिमा नबाँधी स्वत्रन्त्र भावमा लेखिनु यो विधाको सम्प्रभुत्ता हो ।

नेपाली जातिका लोक साहित्य संसारका अन्य जातिका जस्तै समृद्ध र सौष्ठवमयी रहेको पाइन्छ । यस जातिका लोक साहित्यका विविध भेदहरू पाइन्छन् । ती भेदहरूलाई निम्न रूपमा यसरी अध्ययन गरिन्छ -

**14.3.1 लोकगीत (Folk Lyric) –**

लोकसाहित्यको लोकपद्य अन्तरगत पर्ने प्रमुख विधा लोकगीत हो । संसारका प्रायः सबै भाषामा, सबै मुलुकमा यसको प्रचलन रहेको देखिन्छ । लोकगीतलाई लोकसाहित्यको सबैभन्दा प्राचिन विधा मानिन्छ । संसारमा भाषाले लेख्यरुप प्राप्तगर्न अगावै मानिसले वाणीको प्रयोग गर्न थाले, यसैबेलादेखि लोकगीतको प्रयोग भएको देखिन्छ । लोकगीत नै लोकजीवनको रागात्मक स्वतः स्पूmर्त सरल एवम् लयात्मक प्रस्तुति हो । आदिवासी जनजाति कोइँच सुनुवार साहित्यको उत्पत्ति पनि यिनै लोकोक्ति र लोकगीतहरु नै हो ।

विशेषगरी आमा बजुले वाचन गरेका कथा, गीत, थैँका, क्लाइँदास र नाअÞसोे, पोइँबो–ग्याँमिले भन्दै आएका सासि मुक्दुमका कथा सालाक, पूर्खा प्रार्थना पिदार, शाँदार गीतहरु नै आदिवासी जनजाति कोइँच साहित्यको जग हो । यिनै कथ्य परम्परामा बाँचीरहेको तर नेपाली साहित्यीक आकाशमा गुम्नाम एक विधाको नाम हो थेअनि । कुनै एक बिषयबस्तुलाई टेकेर अर्को बिषयको गुण र महत्वलाई व्याख्या गर्ने थेअनिमा विम्व तथा प्रतिकहरुका साथ मिथकको प्रयोग आदिमकालदेखि नै लोक जनजिब्रोमा श्रुति र स्मृतिको रुपमा रहँदैबस्दै आएको पुरानो लोकसाहित्य हो । भनिन्छ साहित्य समाज परिवर्तनको सम्वाहक हो । साहित्य शैक्षिक सामग्री पनि हो । तर नेपालको सन्दर्भमा कुरा गर्दा मुखले भन्ने बेला साहित्य सामाजको ऐना हो भनिन्छ तर व्यवहारमा त्यो साहितियक ऐनालाई पेवा बनाएर आफ्नु अनुहारको प्रतिविम्ब मात्र हेर्ने प्रवृतिका कारण रैथाने नेपाली साहित्य पाखा लागेको अबस्था छ ।

लोगगीत सुनाउनेलाई सुनाउनुको आफ्नै मज्जा, सुन्नेलाई आमोदप्रमोदको मज्जा, छोटो उक्तिमा सिंगै दर्शन अटाउन सकिने ल्याकत राख्दछ । हाइकु, तान्का, सेनेरियो, चोका, सायरी जस्ता जापनीज साहित्यको स्वाद पस्किने तर पृथक परम्परागत कोइँच साहित्यमा लुकेर बसेको, हाम्रै माटोको सुवास आउने एक मौलिक बिधा हो । जनजिब्रोमा प्रचलित चलनचल्तीका लोकगीतहरुको विम्व, प्रतिकको प्रयोग, मिथक, अनुप्राश मिलन र शैलीलाई विचार गर्दा निम्नानुसार विशेषतामा पाइन्छ । अगेनाबाट शुरु भई तला, चोटा, कोठा, धुरी, टोल, गाउँ, सहर, देश र विश्वब्रह्माण्डको यात्रा गर्दै पुनः आँगन, पिँढी, ढोकाबाट फर्केर आगेनामै प्रार्थना टुङ्गिने मुक्दुमको चक्रीय शुन्य दर्शनको छाप लागेको लोकगीतहरूले साहित्यको विकास गर्न राज्यले चासो लिए अवश्य पनि नेपाली साहित्यमा मौलिक साहित्यिक विधाले स्थान पाउने छ र नेपालको आफ्नै मौलिक रैथाने खोकी खोक्न सक्ने छ ।

**लोकगीत** अथवा **लोक सङ्गीत** लोक संस्कृतिकै प्रमुख अङ्ग हो । यसलाई नेपाली प्राकृतिक कविता पनि भन्ने गरिन्छ । यसले आफ्नो रूप र विधा आफैंले जन्माउँछ । यो सरल, सुबोध र लोकप्रिय हुन्छ । यसको कलेवरमा लोक जनजीवन छर्लङ्गिने ऐना हुन्छ । त्यसैले लोकगीत भनेको समष्टिको मनबाट जन्मिने कुरा हो । लोक सङ्गीत अथवा लोकगीत जनसमूदायको गीत हो । यो एकपछि अर्कोमा मौखिक रुपमा हस्तान्तरिक हुने गर्दछ । लोकगीतका रचनाकार पाइदैनन् । यो समाजको गीत हो । यो समाजले गाएको हुन्छ, समाजले बचाएको हुन्छ र समाजले नै एक पूस्ताबाट अर्को पूस्तामा हस्तान्तरण गर्दै जान्छ । नेपाल विश्वको मानचित्रमा 1,47,181 वर्ग कि. मि. क्षेत्रफल ओगटेको सानो मुलुक हो । नेपाल सानो भएर पनि विश्वमा एउटा सुन्दर मुलुकको रुपमा चिनिन्छ ।

नेपाललाई सुन्दरताको खानीको रुपमा स्थापित गर्न तीन तत्वको विशेष भूमिका रहेको छ । प्रथमतः भौगोलिक, दोस्रो प्राकृतिक र तेस्रो यहाँको सांस्कृतिको विविधता हो । भौगोलिक दृष्टिकोणबाट नेपाल अति नै सुन्दर मुलुकको रुपमा विश्वमा परिचित नाम हो । विश्वको अग्लो हिमाल सगरमाथा रहेको देशको रुपमा छुट्टै पहिचान बोकेको देश हो । यहाँको भौगोलिक बनावट आफैमा सौन्दर्ययुक्त छ । हिमाल, पहाड, तराईको भौगोलिक अवस्थाले नेपालका जनताले तीनै भुभागको परिवेशलाई महसुस गर्न सक्छन् ।

नेपाल प्राकृतिक रुपमा धनी मुलुकको रुपमा विश्वमा चिनिन्छ । नेपालको वन - जंगलहरूले, खोलानालाहरूले यहाँको सौन्दर्यतामा सुनमा सुगन्ध थपिदिएको छन । हिमाली भेगमा चिसो मौसम, पहाडमा न चिसो न तातो मौसम र तराईमा गर्मी मौसम यी तीनै वातावरण पाइने सुन्दर देश नेपाल । चारैतिर हरियाली वनजंगलले नेपाली वातावरणलाई मनमोहक बनाउँदछ । त्यसैले भनिन्छ हरियो वन नेपालको धन । नेपालको 6 हजार नदिनालाले नेपालभूमिलाई सिचाईं दिएर सिञ्चित गरेको छ । नेपाली भूमिको उर्वरा शक्तिलाई बढाइदिएको छ । जलस्रोतको धनी मुलुक नेपाल जलविद्युतको प्रचुर सम्भावना बोकेको छ । नेपालको सुन्दर पक्ष वा तत्व भनेको यहाँको प्राकृतिक स्रोत हो । नेपालको अर्को सुन्दर पक्ष भनेको सांस्कृतिक विविधता हो । नेपालको तथ्याङ्क विभागको सन् 2011 को रिपोर्ट अनुसार नेपालमा कुल 130 जाति रहेको उल्लेख छ । प्रत्येक जातिको आ-आफ्नै संस्कार, संस्कृति रहेको छ । विविध संस्कृतिले सजिएको सुन्दर नेपाल विश्वमा सांस्कृतिक पक्षमा धनी मुलुकको रुपमा पहिचान बनाएको छ । कुनै पनि राष्ट्रको संस्कृति भनेको त्यसदेशको सम्पत्ति हो । एकसय तीस जातिका विविध संस्कृति रहेको नेपाल,

सांस्कृतिक रुपमा आफ्नो छुट्टै पहिचान बोकेको राष्ट्रको रुपमा स्थापित छ । संस्कृतिको बलियो पक्ष संगीत हो । यहाँका प्रत्येक जातजातिका आआफ्नै संस्कार, सस्कृति रहेका छन् । उनीहरूको आफ्नै लोकसंगीत, लोकसंस्कार, लोकसंस्कृति रहेको छ । लोकसंगीत भनेको लोकगीत, लोकवाद्य र लोकनृत्य हो । लोकसंगीत भित्रको लोकगीतलाई यहाँ अध्ययनको विषय बनाइएको छ ।

लोकगीत वस्तुतः त्यही हुन सक्छ जसमा रचयिताको निजी व्यक्तित्व हुँदैन । रचयिताले लोकमाससँग तादात्म्य राख्छ र समस्त लोकको व्यक्तित्व उत्रने र लोकले आफ्नै चीज भन्न थाल्ने व्यक्तित्वहीन रचना गर्छ । त्यही रचना लोकको आफ्नो गीत हुन्छ, जुन गीत परम्परामा गाँसिन्छ र परम्पराले समय - समयमा अनुकूल परिवर्तन गर्दै रहन्छ। जन समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत लोकगीत हो। लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनको दुःखसुख, आँसु - हाँसो, आशा - निराशाका साथै लोकका चाल चलन, विधि व्याहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ । लोकगीत सामान्य जनताका संवेदनशील भावुक हृदयका त्यस्ता उद्‌गार हुन् जुन सङ्गीतका सुदृढ धारामा छन्दोबद्‌ध भएर प्रवाहित हुन्छन् र तिनले लोकगीतको नाम धारण गर्छन्। लोकसमुदायले परम्परागत रुपमा गाउदै सुनाउदै आएको सर्वाधिक प्रिय गेयात्मक लोकसाहित्यिक विधा लोकगीत हो ।

लोकगीतमा लोक जीवनमा लहरिदै बड्ने र प्रसार हुने हुँदा लोकगीतमा स्वाभाविक रुपमा लोकसमुदायका आँशु - हाँसो, सुख - दुःख, मिलन - विछोड, जीवन यापनका अनेक उकाली ओराली, लोकपरिवेश, लोकमान्यता र लोकविश्वास आदिले स्थान पाएको हुन्छन् । आफ्नै विषय, आफ्नै

परिवेश र आफ्नै लयमा आफैले परम्परादेखि प्रयोगमा ल्याइआएको हुँदा तथा त्यसको विशिष्ठ लयात्मकता, गेयात्मकता, समेतका कारणले लोकगीत लोकसमुदायमा सर्वाधिक रुचि र उपयोगको विधा रहिआएको छ। विभिन्न भूभागमा बस्ने मानवजातिहरूले आफ्नो जातिय र राष्ट्रिय भाषामा आआफ्नो परम्परागत जातीय संस्कृति र दुःखसुखका आन्तरिक भावहरू सरल र मौखिक रुपमा अभिव्यक्त गरेको पाइन्छ । त्यही नै पछि गएर लोकगीत हुन जान्छ । साधारण अर्थमा लोकगीत भन्नु नै लोकको गीत हो। लोकगीत लोकहृदयको स्वस्फूर्त सुकोमल लयात्मक अभिव्यक्ति हो । लोकजीवनको रागात्मक प्रवृत्तिका क्रममा समानसंभ्यता र संस्कृतिमा प्रकाश पार्दै मौखिक परम्परामा जीवन्त रहेर जातीय जीवनलाई चिनाउँदै लोकको साझा ढुकढुकी हुनु यसको गरिमा हो । धर्तीका काखमा सुखदुःख भाग्दै रमाएका असङ्ख्य जनाका हृदयमा कलकलाउने र तिनका सुरिला कण्ठमा सलबलाउने अविच्छिन्न तथा सहज गीतिप्रवाह नै हो लोकगीत ।

लोकगीत भन्नाले साधारण शब्दमा लोकले गाउने अथवा लोकको गीत भन्ने  बुझिन्छ । सजिलो प्रकारबाट गाउन सकिने  साथै जनसाधारणले बुझ्ने गीतलाई लोकगीत भनिन्छ । यसकारण जनसाधारणको गीत नै लोकगीत हो । लोकगीत जनसाधारणबाट जन्मेको हुन्छ, जनसाधारणले नै सुरक्षित गरीराखेको हुन्छ । लोकगीत जनसाधारणबाट नै प्रचार प्रसार तथा संरक्षण र सम्बर्धन भएको हुन्छ । लोकगीतमा सामाजिक, राजनीतिक, धार्मिक, आर्थिक, ऐतिहासिक, सांस्कृतिक परिस्थितिहरुको चरित्र चित्रण पनि पाईन्छ । त्यसैले विद्वानहरूले लोकगीतलाई लोकजीवनको वास्तविक दर्पण पनि भनेको छन् । लोकगीत सरल हुन्छ, प्रचार प्रसार मौखिख रुपमा नै हुन्छ । लोकगीत कुनै पनि स्थानका

जाति, समाजबाट जन्मेको हुन्छ । त्यस लोकगीतमा त्यसै स्थानको रहनसहन, चाडपर्व, उत्सव, रीतिरिवाज, संस्कृकितआदिको वर्णन पाईन्छ । लोकगीत कुनै पनि जाति, स्थान, समाजको साझा सम्पत्ति हो ।

**14.3.2 लोककथा (Folk Tales) –**

लोकगाथामा मिथक र स्वैरकल्पना पनि पर्दछन् । मिथक वा मिथकीय साहित्यसम्बन्धी जिज्ञासा राख्ने वा यससम्बन्धी केही अनुसन्धान गर्ने केही समीक्षकहरु पनि छन् । डा हरिराज .भट्टराई, कृष्ण बराल लगायत लोकसाहित्यका प्राध्यापकहरु, अनुसन्धानकर्ताहरु यसतर्फ लाग्न थालेका पाइन्छन् । तर भनिन्छ, हामीकहाँ मिथकसम्बन्धी यस्ता खोजहरु ज्यादै नगन्य भएका छन् । साहित्य मिथकले भरिएको छ भनिन्छ । पाश्चात्य विद्वानहरु यसतर्फ गहन रुपमा लागेको र धेरैधेरै खोजी भइसकेको कुरा पढ्न पाइन्छ । जर्मन भाषाशास्त्री, पुराकथाका मर्मज्ञ एवं संस्कृतिविद् म्याक्समुलरको नाम पूर्वीय पुराकथाहरुको अन्वेषककर्ताको रुपमा लिने गरिएको पाइन्छ । यिनले पुराशास्त्रीय सिद्धान्तकै स्थापना गरे भन्ने पनि उल्लेख पाइन्छ ।

मिथकलाई आज लोकगाथाको रुपमा हेरिन्छ, तर यसको क्षेत्र भने धेरै व्यापक देखिन्छ । साहित्य, धर्म, दर्शन, इतिहास, संस्कृति लगायत जीवनका विविध क्षेत्रमा यसको विस्तार भएको पाइन्छ । मानव जाति र प्रकृतिको बीचको सम्बन्ध निरुपण गर्ने क्रममा हाम्रा पूर्वजहरुले विकास गरेका आदिम धारणाहरु नै मिथक भएकाले त्यसको असर मानव जीवनका विविध क्षेत्रमा पर्नु स्वभाविकै पनि हो । यसलाई आज पनि हामी विभिन्न क्षेत्रमा अभिव्यक्ति भएको पाउँछौं, चाहे त्यो हाम्रो चाडपर्वको पृष्ठभूमि–कहानी होस्, चाहे पृथ्वीलाई शेषनागले वा चार हात्तीले

बोकेको कुरा होस्, वा हनुमानले आकाशमार्ग गरेर चारसय योजनको समुद्र नाघेको कुरा होस् वा भगवानका दश अवतारको कुरा होस् वा महिषासुरमर्दिनी दुर्गा भगवतीको चर्चा होस् वा विष्णुका श्रापले पातलवास भोग्नुपरेका 'बलिराजा' - को कुरा होस् । सबैमा मिथकको विस्तारित प्रभाव परेको पाइन्छ ।

हाम्रो पुराण साहित्य मिथकले भरिएका छन् । हाम्रा रीतिरिवाज, हाम्रा सोचविचार मिथकीय छन् । हाम्रो संस्कृति मिथकीय छ । हाम्रो पूर्वजाभाष (Totemic sign) होस् वा विधिवर्जन (taboo) होस्, हाम्रो तन्त्रशास्त्र होस् वा मन्त्र महात्म्य होस्, सबै मिथकीय हिसाबले बनेका देखिन्छन् । समाजशास्त्रका ज्ञाताहरु भन्छन् – लोकमानसमा मिथकको ठूलो प्रभाव छ । किनभने 'लोकमन कतिपय अवस्थामा यथार्थ र कल्पनाको भेद गर्न चाहन्न ।'2 असम्भव कल्पनामा रमाउने तिलस्मी कुराहरुमा अत्यन्त चाख राख्ने अर्थात् स्वैरकल्पनामा रमाउने प्रवृत्ति मानवीय प्रवृत्ति नै हो । हनुमानले लङ्का जलाउनु, दुःशासनले द्रौपदीको सारी तान्दा कहिल्यै नसकिनु, विष्णु भगवानको माछा, कछुवा, नरसिंह र वामन अवतार हुनु, समुद्र मन्थन हुनु, वृत्रासुर दानवले आफ्नै टाउकोमा वरदानी हात राखेर स्वयं भष्म भई गुफामा लुकेका शिवको हलेसीमहादेवको रुपमा स्थापना हुनु, गणेशको टाउको हात्तीको हुनु, दश टाउके रावण, 6 टाउके कुमार, चारमुखे ब्रम्हा, अठार हात भएकी दुर्गा–काली लगायत यमलोक, स्वर्ग लोकका कल्पनाहरु मिथकीय कुराहरु हुन् । यतिमात्र होइन, आजको आधुनकि साहित्य पनि मिथकीय प्रवृत्तिबाट प्रभावित छ । आज पनि साहित्यमा बिम्ब, प्रतीक, उपमा, अभिव्यञ्जनाको चर्चा गरिन्छ ।

आज पनि प्राचीन कहानी भनेर टेली श्रृङ्खलाहरुमा महाभारतको तिलस्मी कथा प्रस्तुत गरिन्छ । बच्चाहरुको साहित्य भनेर कार्टुनमा सारा चराचर, पशुपंक्षी, जीव, निर्जीव मान्छेजस्तै बोलेको, हिँडेको व्यवहार गरेको हेर्न पाइन्छ । यो पनि मिथकीय सोचकै अभिव्यक्ति हो । यसमा मान्छे बिनापखेटा उडेको देखाइन्छ । यो चराहरु उडेको देखेर मानिसमा परेको काल्पनिक प्रभाव हो ।यसो किन भइरहेको छ ? यो रहस्यमय छ । किनभने आदिम मानवले भूकम्प, ज्वालामुखी, जाडोगर्मी, रातदिन, चन्द्रकला, सौर्यमान लगायतका प्रकृतिका निर्दिष्ट नियमहरु लगायत जन्म र मृत्युको घटनालाई समना र विपनाको अन्तरलाई, रोग, महामारी, भोक, प्यास र यौनलाई पक्कै पनि त्यतिकै सहज रुपमा ग्रहण गरेन । त्यसप्रति आफे आश्चर्ययुक्त प्रतिक्रिया जनाउँदै आयो । यसै क्रममा केही सोचहरुको विकास पनि गर्यो, जुनकुरा आज पनि कतिपय आदिवासी जनजातिमा प्रत्यक्ष रुपमा र आम मानव समुदायमा सूक्ष्म रुपमा वा अवशेषको रुपमा पाउन सकिने बताइन्छ ।

संसारभरि पाइने यी सोचहरुलाई विशेषज्ञहरुले यसरी वर्गीकृत गरेका छन् – स्वैरकल्पनावादी, सर्वात्पवादी, जादू र टुनामुनावादी र अनुष्ठानवादी । यी सोचहरु आदिम मानवका प्रमुख सोचहरु थिए भन्ने कुरा आज पनि पढ्न पाइन्छ । यिनै सोचहरुका प्रभाव आज पनि लोकमानसमा पाइन्छ भन्ने लोक साहित्यविद्हरुको भनाइ छ । जस्तो स्वैरकल्पनावादी सोचले मानिसलाई उडन्ते कल्पनामा विचरण गर्ने वा कुनै पनि कुरालाई अतिरञ्जित गरेर हेर्ने प्रवृत्तितर्फ उन्मुख गरायो । जस्तो भनौँ –हाम्रो समाजमा चलेको उखान 'रातभन्दा सपना लामो' हेरौँ, कति अद्भूत लाग्छ यो सुन्दा । मूल कुराभन्दा त्यसको सहउत्पादन ठूलो हुने यसको अर्थ छ । अतः हाम्रा पूर्वजहरुले कस्ता अनुभवहरु गरेका रहेछन् त भन्ने यसले

देखाउँछ । यस्तो सोचको आधारमा 'सुनकेस्री रानी', पहाड चपाउने र समुद्र सिंगै पिउने, घनाघनै बाँस बटारेर डोको बुन्ने राक्षस, मुखबाट आगो ओकल्ने देवता, सूर्य, चन्द्र लगायतका ग्रह ताराहरुलाई पशुवाहनमा चढाएर हिँडाउने र तिनलाई पृथ्वीको नागरिकता दिनेजस्ता अतिरञ्जित वा अति कल्पनाका अति प्रतीकका कुराहरु जन्मिए । जब यिनले ईश्वरीय रुप धारण गरे र पवित्रताको, अदम्य वीरताको, धार्मिकताको रुप लिए वा सामान्य प्रयोगका वस्तुहरु जब सत्य वस्तु ठहरिन थाले, जब त्यो आम विश्वासको, आम आस्थाको विषय बन्यो, त्यो मिथक बन्यो । अर्थात्, यसैलाई मिथक भनियो र भनिँदै छ ।

स्वैरकल्पना आज पनि गरिँदैछ । स्वैरकल्पनामा आधारित उपन्यासहरु, काव्यहरु लेखिँदैछन् । नेपाली उपन्यास लेखनको इतिहास त्यति लामो छैन । हामी आज गिरीशवल्लभ जोशीको 'वीर चरित्र'मा लगायत पुराना उपन्यासहरुमा प्रस्तुत तिलस्मी पात्र, चरित्र, घटनाहरुलाई पढ्न पाउँछौँ । गणेशदत्त  (पात्र प्रमुख एक चरित्रको वीर)- लाई पोखरीमा नुहाउन गएको बखत जलपिशाचिनीले आफ्नो जादूको बलमा ढुङ्गामा परिवर्तन गरिदिन्छे । तैपनि गणेशदत्तले 'सुनझाँक्री' र 'वनझाँक्री' - को मद्दतले आफ्नो 'महान मोहनमन्त्र', 'रक्षामणि' र 'मनचिन्ते झोला'जस्ता तान्त्रिक विधि प्रयोग गरेर शिलाबाट ब्यूँतन्छन् । यसमा बाईसी - चौबीसी राज्य र राजाहरुको आपसी कलह, वैमनस्यता, इष्र्या र शत्रुता एवं झगडालाई प्रतिकात्मक रुपमा जनाइएको पाइन्छ । यसभित्र पनि काल्पनिक, तिलस्मी, जादूमय वा तान्त्रिक ढंगका कुराहरु छन् । तिनलाई एकाएक हे¥यो भने अतिरञ्जित अभिव्यक्ति भन्नुपर्ने हुन्छ । वास्तवमा यस्ता अद्भूत काल्पनिक कुराहरु लोकमानसमा आकर्षणका वस्तुहरु थिए र आज पनि छन् ।

**14.3.3 लोकगाथा (Folk Ballads) –**

लोकगाथा लोकसाहित्यको एक महत्वपूर्ण विधा हो । स्थानिय समुदायले लोक मनोरञ्जनकालागि प्रस्तुत गर्ने गाथाले जुनसुकै उद्देश्य राखेको भए पनि मुलतः लोकमनोरञ्जन गर्नु नै यसको प्रमुख उद्देश्य देखिन्छ । नेपाली लोकसाहित्यमा लोक गाथाहरु धैरै प्रकारका पाईन्छन् । तिनीहरु जातिय समुदाय भौगोलिक क्षेत्र वा वर्गमा फरक फरक नाममा चिनिन्छन् । खासगरी लामा कथात्मक गीतहरु जसलाई बौद्घिक वर्गले गाथा भनेर नामाकरण गरेको भएपनि यो जुन समुदायमा प्रचलनमा छ त्यो समुदायमा आफ्नै प्रकारको नाममा चिनिन्छ । यसलाई पढेलेखेका जान्ने बुझ्ने क्षिरनिरविवेकी भनिने र साहित्य शास्त्रीय चिन्तनका आधारमा समीक्षा गर्नेहरुले मात्र गाथा भनेका हुन् । यस्तै नाम मध्य धमारी एक हो ।

नेपालको कर्णाली तथा डोटी क्षेत्रतिर प्रचलनमा रहेको (पराजुली,2057 ः312) भनिए पनि सुदूर तथा मध्यपश्चिमका अधिकांश जिल्लामा यो प्रचलनमा रहेको पाईन्छ । साथै भारतमा कुमाउ तथा राजस्थानतिर यसको स्वरुप फेला परेको छ । लोकसमाजमा गीतहरुमा संरचित गरिएका कथाहरु गाथा हुन् । गाथाको ऐतिहासिकता खोतल्ने हो भने ई. पु 4000 वर्ष अघि रचना भएको मनिएको पूर्विय प्राचीन ग्रन्थ ऋग्वेदसम्म पुग्न सकिन्छ । ऋग्वेदमा कथा गायकलाई गाथिन शब्दको प्रयोग गरिएको छ । वेदमा इन्द्र,वरुण,उषा,शोमका सुक्तहरु गाथाका रुपमा रहेका छन् । गाथा भन्न जान्ने मान्छेलाई गाथिन भनिएबाट पूर्वीय पौराणिक समाजमा गाथाको महत्वलाई दर्शाउँछ । यसैगरी पश्चिमी समाजमा पनि गाथाको परम्परा होमरका प्राचिन महाकाव्य ओडिसी र इलियड सम्म पुगिन्छ किनभने तत्कालिन समाजमा रहेका ट्रोय युद्धका वीरहरुका गाथाहरुको

Notes

मौखिक परम्परावाट यी ग्रन्थहरुको श्रोत रहेको मानिएको छ । गाथाको समानार्थि शब्द व्यालेड मानिन्छ । नाच्नुको अर्थ व्यालेड शब्द इटालेली भाषाको द्यबिि‍बचभ बाट ब्युत्पन्न भएको हो ।

माथिका परिभाषाहरु केलाउदा समग्रमा लोकगाथा आख्यान तत्व भएका लामा गीतहरुमा आवद्ध कथाहरु नै हुन् । जसलाई लोक समाजले एक पुस्तावाट मौखिक तथा श्रुति परम्परामै अर्को पुस्तालाई हस्तान्तरण गर्दछ । आख्यानात्मकता, गेयात्मकता, प्राचिन, धार्मिक वा समसामयिक घटनाको प्रस्तुति, अनिश्चित रचनाकार, मौलिक,मौखिक परम्परा,लोक संस्कृतिको सम्वाहक, स्थानियताको प्रचुरता, स्वभाविक, सरल, वोधगम्य, सामाजिक सम्पत्ति, लोक समाजमा प्रभाव पार्न सक्ने सामथ्र्य आदि यसका विशेषता रहेका छन् ।

**लोकगाथाका तत्वहरु यसप्रकार छन् -**

(1) कथानकः–कुनै न कुनै कथा भएका गीतहरु लामा हुन् वा छोटा लोकगाथा भनिएकाले यसमा कथानक मुल तत्वका रुपमा रहेको हुन्छ । कथा कालक्रमिक घटनाक्रममा विन्यस्त तुल्याउँदा कथानक बन्दछ । यो सरल,लोकसमाजले बुझ्न सक्ने स्थानियताको रंग सहित भावमय रुपमा प्रस्तुत हुन्छ । कथानक प्रायः रैखीय ढाँचामै पाइन्छ ।

(2) चरित्र ः– कथानक कुनै न कुनै चरित्रको माध्यमले आवश्यक द्वन्द्वका साथ अघि बढ्ने भएकाले गाथामा पनि पात्र वा चरित्रको महत्वपूर्ण भूमिका हुन्छ । लोकगाथामा मानविय वा मानवेत्तर दुवै प्रकारका पा‍ात्रहरुको भूमिका हुने गर्दछ । पात्र वा चरित्र गाथाको अनिवार्य तत्व मानिन्छ ।

(3) परिवेश ः– परिवेशले कथालाई विश्वसनिय बनाउन भूमिका खेल्दछ । कथानकमा आवश्यक परिवेशको चित्रण गरिएको हुन्छ । त्यसैले लोकगाथामा पनि परिवेश अनिवार्य तत्वका रुपमा रहेको हुन्छ ।

(4) उद्देश्य ः– शिक्षा, अर्ती ,उपदेश दिनु, अनुभवको साझेदारी गनर्,ु वितेको ऐतिहासिक घटना उजागर गर्नु जस्ता पक्ष लोकगाथामा भएपनि यसको उद्देश्य मूलतः लोकमनोरञ्जन नै रहेको पाइन्छ ।

(5) भाषा शैली ः– भाषा अभिव्यक्तिको माध्यम भएकोले भाषाले नै मानविय भाव सम्प्रेषण गर्दछ । विषय वस्तु अनुसार भाषा फरक हुने गर्दछ । लोकगाथामा सरल वोधगम्य भाषाको प्रयोग भएको पाइन्छ । लयात्मक, कोमल मधुर तथा साङ्गीतिकतापूर्ण भाषाको प्रयोग लोकगाथामा हुने गर्दछ । लोकले बुझ्न सक्ने प्रकारको भाषा भएकोले सरल शब्दहरुको प्रयोग लोकगाथामा पाइन्छ । गाथा लोकगीतहरु द्वारा संयोजित भएका कारणले लोकगीत प्रस्तुतीको शैली सरल हुन्छ । कुनै एकल र कुनै युगल वा समूहद्वारा वार्तालाप संवाद वा वर्णनात्मक शैलीको प्रयोग हुन्छ ।

**14.3.4 लोक नाटक (Folk Drama) –**

नाटक, काव्य र गध्यको एक रूप हो। यो रचना श्रवणद्वारा मात्र होइन अपितु दृष्टिद्वारा पनि दर्शकहरूका हृदयमा रसानुभूति गर्दछ । नाटकमा श्रव्य काव्यसित अधिक रमणीयता हुने गर्दछ । श्रव्य काव्य भएको कारण यो लोक चेतनादेखि अपेक्षाकृत अधिक घनिष्ठ रूपले सम्बद्ध हुने गर्दछ ।नाट्यशास्त्रमा लोक चेतनाबाट नाटकका लेखन र मंचनमा मूल प्रेरणा प्राप्त भएको मानिन्छ ।

लोक नाटक भनेको हाम्रो गाउँ ठाउँको कथालाई मञ्चमा प्रस्तुत गर्नु हो । अन्य नाटक भनेको विदेशमा रहेको लेखकहरुले लखेका नाटकलाई रिमेक गर्ने मात्रै हो । लिलामे माइलो एउटा अनुसन्धान (रिर्सच) गरेर तयार पारिएको नेपाली मौलिकता बोकेको लोक नाटक हो । संस्कृत नाटकहरूमा चौदहऔं शताब्दीदेखि उन्नीसऔं शताब्दीसम्म विभिन्न भारतीय भाषाहरूमा **लोक नाटकले स्थान लिएको देखिन् छ ।** आज अलग-अलग प्रदेशहरूमा लोक नाटक भिन्न - भिन्न नामहरूले जानिन्छ । ती हुन् -

- **रामलीला** - उत्तरी भारत ।
- **जात्रा** - बंगाल, उडीसा, पूर्वी बिहार ।
- '**तमाशा'** – महाराष्ट्र ।
- **नौटंकी** - उत्तर प्रदेश, राजस्थान, पंजाब ।
- **भवई** – गुजरात ।
- **यक्षगान** – कर्णाटक ।
- **थेरुबुट्टू** – तमिलनाडु ।
- **नाचा** – छत्तीसगढ ।

### 14.3.5 लोक सुभाषित (Folk Saying) –

**सुभाषित** सु उपसर्गामा भाषित प्रत्यय मिलेर बनिएको छ । यसको अर्थ हुन्छ - सुन्दर ढंगले केही कुरा गर्नु वा भन्नु ) । अर्थात् "सु" र "भाषित" दुई शब्दके मेलले बनिएको सुभाषित शब्दको अर्थ हुन्छ - "सुन्दर भाषामा भनिएको कुरा "। यस्तो शब्द - समूह, वाक्य या अनुच्छेदहरूलाई सुभाषित भनिन्छ, जसमा केही कुरा वा बात सुन्दर ढंगले या

बुद्धिमत्तापूर्ण परिकाले भनिने गरिन्छ । **सुवचन**, **सूक्ति**, **अनमोल वचन** आदि शब्द पनि यसका लागि प्रयुक्त हुने गर्दछ । सुभाषितको एउटा हिन्दी उदाहरण यस प्रकार छ, जस्तै -

यस्य कस्य तरोः मूलं येन केन अपि घर्षितम् ।

यस्मै कस्मै प्रदातव्यं यत् वा तत् वा भविष्यति ॥

अर्थ : इस या उस वृक्ष का मूल ले लिया, जिससे तिससे घिस लिया, जिसको तिसको दे दिया (पिला दिया) तो परिणाम भी जैसा-तैसा ही मिलेगा।

चिंतायाश्च चितायाश्च बिंदुमात्रं विशिष्यते ।

चिता दहति निर्जीवं चिंता दहति जीवनम् ॥ (-- समयोचितपद्यमालिका )

यहाँ 'चिंता' र 'चिता' - मा केवल एक बिन्दुको (छोटा ) अन्तर रहेको पाइन्छ । तर चिता त निर्जीव (मरेको) व्यक्तिहरूलाई जलाउने हो, जबकि चिंताले जीवनलाई नै जलाउने गर्दछ ।

वाणभट्टले **हर्षचरित**मा सुभाषितको निम्नांकित रूपमा परिभाषा यसरी दिएका छन् -

*पुराणेष्वितिहासेषु तथा रामायणादिषु।*

*वचनं सारभूतं यत् तत् सुभाषितमुच्यते॥*

यसर्थ लोक सुभाषित शब्दले सुन्दर रूपमा भनिएको मिठासपूरण भाषा वा लवजलाई बुझिन्छ । लोक सुभाषित माव जीवनका दीर्घकालिक अनुभवका भण्डारसित जोडिएको हुन्छ ।

### 14.3.6 लोक सङ्गीत (Folk Music) -

लोक सङ्गीत नेपाली लोक साहित्यको एउटा महत्वपूर्ण भेद हो । यसको सुत्रगत गेयात्मकता आन्तरिक बिश्राम, मध्य बिश्राम र पूर्ण बिश्राम

रहेको हुन्छ । यो चतुर्स्पदीय लेखन विधा हो । यसमा जम्मा स्वरहरुको आरोह - अबरोहको मात्र 40 वटा मात्र छन् । उदाहरण -

**गलबन्दीमा/ मायाको, बरु, पासो/ हालेर,**

**मर्छु तिम्रो/ साथैमा, जान दिन्न/ छाडेर ।**

**रनैमा,**

**जित्छौ माया ?/ सोच मनैमा ।**

प्रस्तुत लोक गीतमा रहेको सुत्रगत संरचनामा विभिन्न पश्चिमेली र पूर्वीय शास्त्रीय संगीतसंग नेपाली लोकलयलाई संगै फ्युजन गराएर पनि संगीतबद्ध गरि गाउन सकिन्छ । ब्यस्त र परिवर्तनशील युगमा प्रभावकारी होस् भन्ने हेतुले यसको सानो आकार निर्माण गरिएको हो । प्रथम पद- उठान - यसमा विषयबस्तुको उठान हुन्छ । नेपाली लोक सङ्गीतमा उठान, विषयबस्तुको कथन, थेगो, बिषयबस्तु र भावको संयुक्त सुत्रधार, बिट, गेयमा यति, गति,मात्रा र अनुप्रासको बेजोड तादम्यता रहनु पर्दछ ।

### 14.4.7 बाल लोकसाहित्य (Child Folk Literature) -

साहित्यका आयाम र रूप फरक फरक हुन्छन् । त्यसै हुनाले अवस्थाअनुसार साहित्यलाई लोकसाहित्य, लिखित साहित्य, बालसाहित्य र प्रौढ साहित्य भनेर छुट्याउने गरिएको पाइन्छ । बालबालिकाका लागि प्रयोगमा आउने बाल भाषाशैली भएको रोचक साहित्यिक सामग्री बालसाहित्य हो । साना र निरक्षर रहुन्जेल उनीहरूलाई अरूले गाएर वा पढेर सुनाइदिनुपर्ने यस्तो साहित्य बालक ठूला भएपछि आफैँ गाउँछन्, अरू कसैलाई भन्न लगाएर सुन्छन् र आफैँ पढेर सिक्ने जान्ने गर्छन् ।

प्रसिद्ध बालसाहित्यकार स्वर्गीय कृष्णप्रसाद पराजुलीले बालसाहित्यको परिभाषा गर्ने क्रममा भनेका थिए, 'बालकले सजिलैसँग बुझ्न, टिप्नसक्ने र उनीहरूलाई रौस्याउँदै चरित्र निर्माणमा सघाउ प¥याउने सिर्जनात्मक साहित्य नै बालसाहित्य हो । यस दिशामा बालगीत, बालकविता, बालकथा, बालउपन्यास बालनाटक र प्रेरणाप्रद जीवनी तथा ज्ञानविज्ञानका रोचक सामग्री पर्न आउँछन् ।' यसैगरी, बालसाहित्यका अर्को चर्चित व्यक्ति स्वर्गीय दैवज्ञराज न्यौपानेका विचारमा, 'सहज र सुन्दर भाषामा बालबालिकाको मनोविनोदलाई ख्याल गर्दै उनीहरूलाई खेल्ने र रमाउने तरिकाले लेखेको नैतिक एवं चारित्रिक विकासलाई सहयोग पु¥याउने साहित्य नै बालसाहित्य हो । यो बालकले बालभाषामा लेखेको र ठूलाले बालबालिकाका लागि सरल भाषामा लेखेको भएपनि दुवैको मूल उद्देश्य समान हुन्छ । प्रौढले नैतिकतामा जोड दिने र बालबालिकाले श्वैरकल्पनामा जोड दिने गर्छन् ।' यसैगरी रमेश विकल बालबालिकालाई ध्यानमा राखेर उनीहरूका लागि लेखिने साहित्य बालसाहित्य हो भन्छन् भने डा. चूडामणि बन्धु बालबालिकालाई स्वस्थ मनोरञ्जन, उपयोगी शिक्षा, व्यावहारिक ज्ञान र नयाँनयाँ सूचना दिने साहित्य नै बालसाहित्य हो भन्छन् ।

बालसाहित्य र बाललोक सहित्यको सम्बन्धमा अन्योन्याश्रितता छ भन्नका लागि 'लोक' शब्दको अर्थ गर्नुपर्ने हुन्छ । यो अनेकार्थी शब्दबाट साहित्यका सम्बन्धमा अर्थ केलाउँदा यसको अर्थ जनसाधारण भन्ने बुझिन्छ । यसैले यहाँ समान संस्कृति, भावना र सामाजिक स्थिति भएका खास भौगोलिक एकाइमा रहने मानिसको समुदाय वा जनसमूह लोक हो भनेर अथ्र्याइनु बढी व्यावहारिक र सान्दर्भिक देखिन्छ । लोक जीवनमा बालबालिकाका निम्ति परम्परादेखि प्रचलित हुँदै आएको साहित्यलाई

बाललोक साहित्य भन्न सकिन्छ । बालसाहित्यका बारेमा विद्वानहरूले आफ्नो विचार व्यक्त गरेका भए पनि बाललोक साहित्यका बारेमा खासै कोही कुनै अभिव्यक्ति दिन अघि सरेका छैनन् ।

जीवेन्द्रदेव गिरीले बालसाहित्यबाट पाएका कोसेलीहरूको सदुपयोग गर्दै बालबालिका गाउँछन्, नाच्छन्, खेल्छन्, हास्छन् र ज्ञानको सिँढी उक्लिन्छन् । छोटो मीठो र सरल भाषाबाट शक्ति प्राप्त गर्छन् र लोकसाहित्यबाट ऊर्जा बटुल्छन् भनेर लोकसाहित्य शब्दलाई बालसाहित्यको परिभाषाभित्र समावेश गरेका छन् । बालसाहित्यमा डुबुल्की मारी रमाउनका लागि विभिन्न स्रोतबाट ऊर्जा बटुल्ने क्रममा लोकसाहित्यलाई बालसाहित्यले स्रोत बनाएको हुन्छ भन्ने गिरीको आशय हो । बाल लोकसाहित्यकै चर्चाका क्रममा बालसाहित्यिक पत्रिकाका सम्पादक तथा लेखक लक्ष्मी गुरागाईले पनि 'हाम्रो बाललोक साहित्य धनाढ्य छ । बाल लोकसाहित्यले कलिला उमेरका बालबालिकालाई मनोरञ्जन मात्र नगराएर उनीहरूमा कल्पना धारणा शक्तिको विकास गराउँछ' भनेका छन् । उनको यस विचारले पनि बाल लोकसाहित्यलाई बालकहरूको मनोरञ्जन र कल्पना धारणा शक्ति विकास गराउने तŒवका रूपमा स्वीकारेको पाइन्छ । बाललोक साहित्य भन्नाले जनस्तरमा बालबालिकालाई मनोरञ्जन दिई उनीहरूको शाारीरिक र मानसिक विकास गराउन तथा उनीहरूलाई शिक्षा र मनोरञ्जन दिन लोकपरम्परामा आउने साहित्यलाई बुझाउँछ । बाल लोकसाहित्यअन्तर्गत गीत, कविता, कथाजस्ता विधा पर्छन् । लोकसाहित्यका प्रेरक व्यक्ति परिवार तथा समाजका वृद्ध तथा वयोवृद्ध हुन्छन् । कथाहरू शृंखलितरूपमा प्रवाहित हुँदै जाने कथात्मकताको निरन्तरता हुँने विधा भएको हुँदा ती कथा वाचक परिपक्व वृद्ध बढी हुन्छन् । बाललोकगीतहरू

भने छरिता साना छोटा टुक्काहरूका रूपमा हुने हुँदा कतिपय अवस्थामा ससाना बालकहरूले पनि टुक्का जोडेर गीतको आकार दिने गर्छन् ।

बाल लोकसाहित्यमा विशेष गरी लोक गीत र लोक कथाहरू नै पर्ने गरेका छन् । गीतहरू गेय हुन्छन् । कोक्राका नानीहरूका लागि आमा तथा अरू कसैले गाइदिने गर्छन् । यो उमेरमा बालक राम्ररी गीत बुझ्ने भएको हुँदैन तर सुनेर रमाउँछ । 'हाउगुजी आयो, परबाट आयो, कहाँ बसौं भन्छ, यहाँ टीकी लाउँछ, यहाँ माम खान्छ ........।' जस्ता गीत यो उमेर समूहका केटाकेटीका लागि हुन् ।बालक बोल्ने र आँगनमा नाच्ने भएपछि अलिक फरक खालका गीतले ठाउँ  पाउँछन् । ऊ आफ्ना लागि आफैं गाउँन थाल्छ र गीतको लयमा लय मिलाएर नाच्छन् पनि । पानी छिट्याउन थालेपछि ऊ आँगनमा 'हरहर महादेव पानी देऊ देऊ, यतिले त पुगेन अलिक थपिदेऊ' भन्दै रमाई रमाई नाच्छ ।

लोकचलन वा लोकलयमा कुनै निश्चित क्षेत्रभित्र व्याप्त रहेको बालवयलाई प्रभावित पारी बालकको आन्तरिक संसारमा संचरण गरी उनीहरूको शारीरिक, मानसिक, बौद्धिक र मनोवैज्ञानिक प्रभाव दिने साहित्य बाल लोकसाहित्य हो । अनुप्रासयुक्त लोकलय, गेयात्मकता, सामूहिक स्वरांकनसमेत भएको बालकका लागि अरूले र बालकका लागि बालक आफैंले गाएर मनोरञ्जन प्राप्त गर्नसक्ने बालसाहित्यको लोकविधाअन्तर्गतको काव्यिक शाखा बाललोक गीत वा बाललोककविताको श्रेणीमा पर्छ ।कथा शृंखलित हुन्छ र यसमा कथात्मकता, पात्र, परिवेश, शैली, सन्देशजस्ता कथाका तŒव हुन्छन् । त्यसैले साना केटाकेटीका लागि यो गीतभन्दा गाह्रो विधा हो । यो आठ दश वर्षभन्दा माथिका बालबालिकाका लागि बढी प्रभावकारी हुन्छ ।लिखित साहित्यभन्दा लोक

साहित्य पहिले जन्मिएको र लोकसाहित्यमा बाल लोकसाहित्य प्रौढ लोकसाहित्यभन्दा पहिले सिर्जना भएको हो ।

बाललोक साहित्यमा कथाभन्दा गीत पहिलेको हो भनेर अन्दाज गर्न सकिन्छ । किनभने, बालक कथाका लागिभन्दा गीतका लागि मानसिकरूपमा छिटो तयार हुन्छ । बालक आफू आफ्ना लागि मनोरञ्जन गर्न गीत गाउनसक्ने हुनुपूर्व नै उसका लागि अभिभावकहरू गीत गाइदिन्छन् । लिखित वा शिष्ट बालसाहित्य र बाल लोकसाहित्य दुवै बालबालिकाका लागि हुन् । बालसाहित्य सिर्जना गरिएको हुन्छ अथवा यसको रचनाकार प्रकट हुन्छ तर बाल लोकसाहित्यमा रचनाकार अज्ञात रहन्छ, प्रकट हुँदैन । बाल लोकसाहित्य सरल, सरस, लयात्मक, गेयात्मक, आनुप्रासिकजस्ता विशेषता बोकेर देखा परेको हुन्छ ।

लिखित बालसाहित्यमा बालकको रुचि, क्षमता, स्तर आदिलाई ध्यान दिई भाव तथा शब्दको सन्तुलनमा साहित्यकारले ध्यान पु¥याएका हुन्छन् । अझै बाल साहित्यको गीति विधामा कलम चलाउने साहित्यकारले त बाललोक गीतकै निकटमा पुगेर लय, शब्द ,भाव ग्रहण गरेका हुन्छन् । केटाकेटीलाई काव्यिक अनुभूति र क्लिष्ट साहित्यको बोझ बोकाउनुभन्दा उनीहरूलाई खेलाइखेलाइ साहित्यतिर उन्मुख गर्ने चाहना लिखित साहित्यका स्रष्टाको रहेकाले यसो गरिएको हो । त्यसैले लिखित बालसाहित्यमा बाल लोकसाहित्यले राम्रो प्रभाव पारेकाले यी दुईबीच अन्योन्याश्रित सम्बन्ध छ । वास्तवमा लोकसाहित्य नै लेख्य साहित्यको आधारस्तम्भका रूपमा रहेको हुन्छ र प्रौढ लोकसाहित्यको थालनी बाल लोकसाहित्यबाट भएको हुन्छ ।

**14.3.8 हास्यव्यङ्ग्यात्मक लोककविता ( Satire Folk Poem) -**

नेपाली लोकसाहित्यको फाँटमा अनेक बान्कीहरू उपलब्ध छन् । यसको आदिरूप अभिलेख परम्परासँगै वा अझ अघिदेखि नै प्रचलित भएको मानिन्छ । यही परम्परामा 'उल्टी सवाई' पनि गाँसिन आइपुगेको छ । उल्टी सवाई हास्यव्यङ्ग्यले भरिएको लोककविता हो । यसका विभिन्न पाठहरू लोकजीवनमा प्रचलित छन् । रत्यौराका मन्त्रका रुपमा पानि यसका पाठहरू चर्चित छन् । यसको अभिव्यक्ति ज्यादै अनौठो किसिमको हुन्छ । सुर्खेत जिल्लाको सिम्ता दराबाट सङ्कलित यसका दुईवटा पाठहरू उपलब्ध छन् ।

पहिलो पाठ डाँडाखाली गाविस वडा नं. 9 माछालोटका 87 वषर्ीय वृद्ध कर्णबहादुर बस्न्यातबाट प्राप्त भएको हो भने अर्को पाठ बजेडीचौर गाविस को आली निवासी वयोवृद्ध महावीर महताराबाट उपलब्ध भएको हो । दुवै पाठहरू उस्तैउस्तै प्रकारका भए तापनि तिनका विषयवस्तु भिन्नभिन्न छन् । तिनका पाठहरू उपर्युक्त दुई वरिष्ठ व्यक्तिहरूले सुनाएअनुसार टेप गरिएका थिए र प्रस्तुत पङ्क्तिका लेखकसँग ती सुरक्षित छन् । टेपबाट उतार गरिएका ती दुवै पाठ यसप्रकार छन्ः

***पहिलो पाठ***

**दुई आरी तो चल्त्याचल्त्या एक आरी तो चल्तया नाइँ**

**जो आरी तो चल्त्या नाइँ ह्वाइँमा पाक्या तीन चाँवल**

**दुई चाँवल तो पाकत्यापाक्त्या एक चाँवल तो पाक्त्या नाइँ**

**त्याइँमा बस्या तीन जुवान**

**दुई जुवान तो खाउत्याखाउत्या एक जुवान तो खाउत्यै नाइँ**

*दोस्रो पाठ*

**आज म क्यै भन्छु उल्टी सवाई यो सब कहिन्छु**

**एउटा गाउँमा उजरेगुजरे तीनजनाको भाग**

**दुई जनाको भाग पूरा खायो र एक जनाको भागमा हातै नाइँ**

**हातै नभया कमाराले पायो तीन हाँडी**

**दुई हाँडी त्यैन चाइन्या एउटा हाँडीमा पीठै नाइँ**

**पीठै नभया हाँडीमाथि पाक्यो तीन माना**

**तीन चाइन्या हाँडीमाथि आया तीन पाउना**

उपर्युक्त पहिलो पाठमा आरी वा चामल पकाउने भाँडोको कुराबाट विषयवस्तुको उठान भएको छ । त्यसमा दुईवटा आरी चल्तीमा आउने खालका र एउटा आरी चल्तीमा नआउने कुरा उल्लिखित छ । त्यही चल्तीमा नआउने आरीमा तीन चामल पकाइएको र तिनमा पनि दुइटा पाकेको र एउटा नपाकेको चर्चा छ । त्यसैमा तीन जवान खान जुटेका छन् । खान बसेकामध्ये दुईजना खवैया छन् भने एकजना नखाने खालको छ । जुन जवान नखाने खालको छ, उसैले तीनवटा भैँसी ल्यायो । भैँसीहरूमध्ये दुईवटा बिहाउने खालका छन् भने एउटा नबिहाउने किसिमको छ । नबिहाउने खालको भैँसीले नै तीनवटा राङाहरू जन्माएको छ । राङाहरूमा दुईवटा चल्ने वा हिँड्ने खालका छन् भने एउटा नचल्ने

किसिमको छ । नचल्ने राङो नै तीन सिक्कामा गएको वा बिक्री भएको छ । तीन सिक्कामध्येका दुई सिक्का चल्ने खालका छन् र एउटा चाहिँ नचल्ने खालको छ । जुन नचल्ने सिक्का हो, त्यसैको सामान तयार गर्न तीन सुनार बसेका छन् । सुनारहरूमध्ये दुईजना राना वा आँखा देख्ने छन् भने एउटा चाहिँ आँखा नै देख्दैन ।

दोस्रो पाठमा उल्टी सवाई भन्न म पात्र अघि सरेको प्रसङ्गबाट कुराको प्रसङ्ग झिकिएको छ । एउटा गाउँमा उजरेगुजरे कुनै तीनजनाको भाग लागेको कुराको चर्चा छ । दुईजनाको भाग पूरा खाइए पनि एकजनाको भागमा हातै छैन । हातै नभएकोलाई कमाराको संज्ञा दिइएको छ र उसले तीन हाँडी खाएको छ । त्यसलाई दुई हाँडी चाहिनेमा एउटा हाँडीमा पीठै छैन । पीठो नै नभएको हाँडीमा तीन माना पाकेको छ । तीनवटा हाँडीमा तीनजना पाहुना पनि आइलागेका छन् । एउटा पाहुनो रिसाएको जस्तो छ भने एउटाले भातै खाँदैन । भात नखाने पाहुनासँग तीन दाम रहेछन् । दुई दाम थोत्राथोत्रा रहेछन् भने एक दाम चल्दैचल्दो रहेनछ । त्यही नचल्ने दामले उसले तीन हल गोरु ल्याएछ । दुई हल गोरु बूढाखाडा रहेछन् भने एक हल गोरु बसेका ठाउँबाट उठ्तै नउठ्ने रहेछन् । बसेका ठाउँबाट नउठ्ने गोरुले तीन सय बाली लगाए । दुई सय बाली उतैउतै रहे भने एक सय बालीको गुदी नै थिएन । गुदी नै नभएको बाली टिनमा हालेर म पात्रले पोखरीमा ल्यायो । दुइटा पोखरी तिनलाई चाहिनेमा एउटा पोखरीमा पानी नै थिएन । पानी नभएको पोखरीमा तीन सहरमाछा निस्के । दुई सहर पट्याकपुटुक भए भने एक सहरको बुतै थिएन । बुतै नभएको सहरलाई पानीको टिमिकटिमिक पऱ्यो ।

**नेपाली हास्यब्यङ्ग्य लोककविताको विशेषताहरूमा** असम्भव, अमिल्दा र उट्पट्याङ कुरा झिकेर मनोरञ्जन प्रदान गर्ने काम उपर्युक्त पाठहरूमा भएको छ । उल्टा किसिमका कुराहरू गरिएकाले नै यसलाई उल्टी सवाई भनिएको अड्कल काट्न सकिन्छ । दुवै पाठका अभिव्यक्तिहरू आश्चर्यकारी छन् र तिनले दिमागमा मथिङ्गल मच्चाउने र मनलाई कुतकुत्याउने काम बेसरी गर्छन् । त्यसैले तिनबाट मनग्गे मनोरञ्जन प्राप्त हुन्छ । यी पाठहरूमध्ये पहिलो त रत्यौराको मन्त्रका रूपमासमेत सुनाइने हुनाले त्यसको बेग्लै उपयोग पनि समाजले गरेको पाइन्छ । काम नलाग्ने आरीमा चामल पाकेको, नबिहाउने भैँसीले राङा (पाडा) पाएको, नचल्ने राङो बिक्री भएर तीन सिक्का (त्यति बेलाको समाजमा महँगो मोल) पाएको र खोटा सिक्कामा तीन सुनारले कसरत गरेको प्रसङ्ग उदेक लाग्दा छन् । यसरी नै पीठै नभएको हाँडीमा तीन माना पाक्नु, नचल्ने दामले तीन हल गोरु किन्नु, बसेको ठाउँबाट उठ्नै नसक्ने गोरुले तीन सय बाली लगाउनु, पानी नभएका पोखरीमा सहर माछा निस्कनु आदि पनि आश्चर्यजनक छन् । केही कुराहरू भने कस्ताकस्ता लागे पनि यति अनौठो छैनन् ।

चामल पाक्नु, तीजना खान बस्नु, खान मन नगर्नेले पनि भैँसी किन्नु, कुनै भैँसी बिहाउनु र कुनै नबिहाउनु, कुनै सुनार राना र कुनै काना हुनुजस्ता कुरा सामान्य नै लाग्दछन् । यसरी नै कमाराले हाँडी पाउनु, पाहुना लाग्नु र कुनै पाहुना रिसाएका जस्ता कुनै खाना नखाने हुनु, कुनै दाम थोत्रामोत्रा र कुनै नचल्ने हुनु, गोरु बूढाखाडा र गले भेट्टनि, गुदी नभएको बाली हुनु, गुदी नभएको बाली पोखरीमा हाल्नु, पानी नभएको पोखरीमा माछालाई टिक्न मुस्किल पर्नु पनि पत्याउन सकिने कुरा हुन् । यी अपत्यारिला-पत्यारिला कुराको संयोजन भने जसरी गरिएको छ त्यसले सिङ्गो

पाठकलाई अद्भुत तुल्याइदएको छ । यही चमत्कारले उल्टी सवाईलाई शक्ति प्रदान गरेको छ र आजसम्म गलागला सर्दै जीवित रहन त्यो सक्षम भएको छ ।

नेपाली समाजका खेतीपाती, बन्दबेपार खानपान, पाहुनापाछा आदिसँग सम्बन्धित अनेक कुराहरू उल्टी सभामा प्रस्तुत छन् । त्यहाँ भैँसी, राङा, गोरु, सहरमाछाजस्ता पाल्तु जीवजन्तु एकातिर भेटिन्छन् भने अर्कातिर गोरुले खेती गरी बाली उत्पादन गर्ने कुरा पनि उल्लिखित छ । भैँसीपालन, माछापालन, भैँसी गोरुको किनबेच, सिक्काको प्रचलन र त्यससँग गाँसिएको सुनारको पेसा, चामल-पीठोको खाना र ती पाक्ने आरी हाँडी आदि भाँडाकुँडा, पाहुना लाग्ने चलन र तिनका आनीबानीजस्ता कुराको बयान पनि तिनमा भेटिन्छ । त्यसैले नेपाली जनजीवनका विभिन्न पक्षहरू उल्टी सवाईमा अन्तर्निहित छन् । मानवीय कमी-कमजोरी पनि उल्टी सवाईका पङ्क्तिहरूमा विद्यमान छन् । हात नभएका कमारा र आँखा नभएका सुनारको अपाङ्गता तथा तिनका कामधन्दाबारे यहाँ उल्लिखित छ । कमारा माग्दै हाँडीमा गुजारा गरिरहेका र पीठोविनाको हाँडी चलाइरहेका भेटिन्छन् भने आँखा नभएका सुनार खोटो सिक्काबाट सामग्री बनाउन बसेका पाइन्छन् । यसरी नै चोसो पसारिरहेका र भातै नखाइदिने पाहुना पनि त्यहाँ उपस्थित रहेका छन् । मानवेतर बूढाखाडा र गले गोरु एवं नहिँड्ने राङाबाट बालीनाली लगाउन विवश मान्छेहरू पनि त्यहाँ देखिन्छन् ।

हाँस्यको पुट पाएर पनि उल्टी सवाईको सामग्री रसिलो बनेको छ । अस्वाभाविक र असङ्गतियुक्त भनाइहरू अत्यन्त हाँस्यकारी छन् । नबिहाउने भैँसीले तीनवटा राङा पायो, नहिँड्ने राङोले तीन सिक्का मोल पायो, आफ्ना ठाउँबाट नउठ्ने गोरुले तीन सय बाली लायो आदिजस्ता

भनाइ हाँसो उठाउनेखालका छन् । वास्तवमा उल्टी सवाईका पङ्क्ति - पङ्क्तिमा हाँसो गाँसिएको छ । यसमा प्रयोग भएका शब्दहरू पनि हाँसो जगाउन नै चयन गरिएका छन् । चल्त्या - चल्त्या, ब्याउँत्या नाइँ, आँखै नाइँ, हातै नाइँ, उजरे - गुजरे, थोर्तो - मोर्तो, टिमिक - टिमिक, पट्याक - पुटुक आदि यस्तै खालका शब्दहरू हुन् । स्थानीय भाषिका प्रवाह एवं लयात्मकताले पनि उल्टी सवाईलाई विशिष्टता प्रदान गरेको पाइन्छ । भेरी क्षेत्रीय नेपालीका ह्वाइँ, त्याइँ, चाँवल, चल्त्या, बुराखारा, थात, पाउनाति, तिनीन, रिसोचुसो आदि शब्दहरूमा त्यस भाषिकाका निजी विशेषता झल्किन्छन् ।

## 14.4 नेपाली लोक साहित्यका विविध भेदहरूको वैशिष्ठ्य

नेपाली लोक साहित्यका लोकगीत, लोकगाथा, लोककविता, लोक सङ्गती, लोक वाध्यवाधन, लोक भाका, लोक लवज, लोक संस्कार, लोक संस्कृति आदि विविध भेदहरू हुन् । यी भेदहरूका आ - आफ्नै विशेषता र वैशिष्ठ्य नेपाली लोक साहित्यमा रहेको पाइन्छ । लोक साहित्यका विभिन्न विधा, उपविधामध्ये लोकगीत एउटा महत्वपूर्ण विधा हो । जन साधारणले मौखिक परम्पराबाट रच्दै र हुर्काउँदै ल्याएको सहज अभिव्यक्ति जहाँ शास्त्रीय बन्धन र कलात्मक सचेतता हुँदैन, त्यो नै लोकसाहित्य हो । लोकका कुनै एक दुई प्रतिभाद्वारा लोकजीवनका हाँसो ,आँसु, दर्द, पीडा , स्थिति, परिस्थितिजन्य भावनाहरूलाई आफ्नो मधुर स्वर लहरीद्वारा अभिव्यक्त गरेपछि त्यही लहरीलाई पछ्याउँदै त्यहाँको लोकजीवन झुम्न थाल्दछ । त्यो लहरी अनेकौं डाँडा - पाखा, भञ्ज्याङ चाहार्दै सबैको हृदयलाई आल्हादित तुल्याउँदै जान्छ त्यही नै लोकगीत हो । वास्तवमा लोकगीत झरना जस्तै हुन्छ ।

हजारौं वर्ष पुरानो भएर पनि झरनाको पानी नित्य र नयाँ हुन्छ, न कहिल्यै सुक्छ, न कहिल्यै रोकिन्छ बरु उसका जल कल्लोलमा नयाँ - नयाँ संगीत र नव - नव नृत्यहरू थपिंदै जान्छन् , लोकगीत पनि त्यही हो । लोकगीत पनि विभिन्न तरिकाले प्रस्तुत गरिन्छ । त्यसमध्येको एउटा प्रकार दोहोरी गीत हो जहाँ गीतमै सवाल र जवाफ हुने गर्दछ । दोहोरी गीत गाउने गायकलाई आशु गायक पनि भन्न सकिन्छ किनभने तत्काल रचना गरेर उनीहरू घण्टौंसम्म गाीत गाउन सक्छन् । यस्तो क्षमता कमै व्यक्तिमा पाउन सकिन्छ ।

मिति 2041 साल चैत्र 27 देखि 30 सम्म काठमाडौंको दशरथ रङ्गशालामा भएको दोहोरी गीत प्रतियोगितामा गायिका इन्दिरा चालिसेसँग गाएको दोहोरीको एक अंश -

**प्रजापति -** तिम्लाई माछी बनाउँदै हेर
फेवातालमा जाल हान्छु एकफेर

**इन्दिरा -** हान हान जाल दाइले हान
तालको माछा कम्तीको नठान

**प्रजापति -** तालमा माछी छ भन्ने सुनेर
ल्याएँ मैले नयाँ जाल बुनेर

**इन्दिरा -** माछाको स्वाद गुन्द्रुकले मेटौला
ठूलो तालमा जाल के भेटौला

**प्रजापति -** साथी भाइलाई डाकेर तान्नेछु
तालभरिको माहाजाल हान्नेछु

यसरी माझी र माछी बनेर प्रतीकात्मक रूपमा दोहोरी गाउँदा सारा दर्शकहरू उत्तेजित भएर उफ्रन्थे, अनि प्रजापति पराजुली कहिले प्रथम त कहिले द्‌वितीय भएर निस्कन्थे । यस्तो अद्‌भूत प्रतिभाको खानी उनीभित्र अहिले पनि कायमै छ । अहिले प्रजापति बिनाका महोत्सवहरू र दोहोरी गीतका कुनै पनि कार्यक्रमहरू अधुरो, अपुरो र अलिनो हुने गर्दछन् । सम्पूर्ण लोक कलाकारहरूका सर्वश्रेष्ठ बनेर उनी दर्शकहरूमाझ चिनिएका छन् । नारायण गोपालले आफ्नो स्वरको जादूद्‌वारा सबैलाई मोहित पार्थे । त्यसैले उनलाई स्वर सम्राट भनियो । अन्य व्यक्तिलाई पनि अनेक उपाधिहरू दिइएको छ । एउटा सर्जक भूइँबाट उठेर गीत गाउँदै र गीत बचाउँदै सारा दर्शकहरूको मन मुटुमा बास गरेको छ । 'के खान्छ्यौ कमला, सुन्तला कि अमला ?' भन्दै स - साना केटाकेटीदेखि दोहोरीले युवावर्गलाई, तीजे गीत र रत्यौली गीतले महिला वर्गलाई र भजन, चुड्का गाएर वृद्‌घ,वृद्‌घालाई समेत गरी के बालक, के युवा, के वृद्‌घ सबैको मनमा एकछत्र बास गरेको यस्तो महान् दोहोरी गायकलाई लोकदोहोरी सम्राटले विभूषित गर्दा कसलाई के घाटा हुँदैन ।

लोकगीतका विभिन्न भेदहरू जस्तै - रत्यौलीमा दोहोरी, तीजे गीतमा दोहोरी, भजनमा दोहोरी, पञ्चे बाजा प्रदर्शन आदि जस्ता प्रतियोगिताहरूको सञ्चालनले लोक साहित्यको संरक्षणमा अहम् भूमिका निर्वाह गरेके देखिन्छ । वर्तमान समयमा नेपाली लोकगीतहरू विकृत बन्दै गएको अवस्थामा यस्ता रत्यौली, तीजे गीत, भजन, चुड्का, खेली आदि गीतका वास्तविक स्वरूप दर्शक, स्रोतामाझ प्रस्तुतिले लोकसाहित्यको समृद्‌ध र विकास अझ भएर जाने सम्भवना देखिन्छ ।

## 14.5 उपसंहार

**लोक** शब्द संस्कृत भाषाबाट आएको शब्द हो । संस्कृतको 'लोक दर्शन' धातुमा 'धञ' प्रत्यय लागेर बनेको शब्द हो 'लोक' । जसको अर्थ हुन्छ देख्नेवाला, प्राणी, संसार, जनता आदि । लोक कल्याणकारी भावनाले अभिप्रेरित अभिव्यक्ति वा साहित्य नै लोकसाहित्य हो । यो शब्द ऋग्वेददेखि नै संस्कृत साहित्यमा प्रचलित भएर आएको हो । यसले विश्वव्यापी मान्यता र महत्व बोकेको छ । प्रसिद्ध नृतत्वविद् फ्र्यान्ज बोआसका अनुसार लोकसाहित्य भनेको लोकको आत्मजीवनी हो । डा. कृष्णदेव उपाध्याय भन्छन्– प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार, विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई 'लोक' भनिन्छ र तिनीहरूको सुख - दुखको साहित्य नै लोकसाहित्य हो ।

जीवनको बहुमुखी सेरोफेरोको तीव्रतर अभिव्यक्ति नै लोक साहित्य हो । लोक व्यवहारमा, लोकहितका लागि, लोकभाषामा, लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुतगर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ । लोकसाहित्य काव्यात्मक रूपमा एक गलाबाट अर्को गलामा भाका सर्दै जान्छन् । लोकले सजिलै बुझ्न र अनुभव गर्नसक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो । सही अर्थमा लोक साहित्य लोकजीवन तथा संस्कृतिको प्रतित्रिम्ब मात्र नभएर सम्बाहक पनि हो । वास्तवमा वेद भन्नु नै लोक साहित्य हो । शुक्रनीति श्रुति परम्परामा आधारित लोकले धारण गरेका मान्यताहरु जसको मूल वेद होस् वा नहोस् ती प्रत्येक देश

र कुल परम्परामा चलिआएका रीतिरिवाज लाई देशादि धर्म अर्थात् लोकधर्म भनिन्छ ।

लोकधर्म नै लोक साहित्य र लोकसंस्कृतिका आधार हो । त्यसैले शास्त्रहरुमा **शुद्धं लोक विरुद्धं नाकरणीयं नाचरणीयम्** भनि लोकसाहित्यलाई अर्थाइएको पाइन्छ । नेपाली लोक साहित्यका लोकगीत, लोकगाथा, लोककविता, लोक सङ्गती, लोक वाध्यवाधन, लोक भाका, लोक लवज, लोक संस्कार, लोक संस्कृति आदि विविध भेदहरू हुन् । यी भेदहरूका आ - आफ्नै विशेषता र वैशिष्ठ्य नेपाली लोक साहित्यमा रहेको पाइन्छ ।

## 14.6 सार

यस प्रखण्डमा **नेपाली लोक साहित्यका विविध भेदहरूको वैशिष्ठ्य**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- कुनै पनि जातिको साहित्य, जीवन आदिमा लोकसाहित्यका विशेषता विशेष महत्वको हुन्छ।
- लोकसाहित्यलाई लोकसंस्कृतिकै अंग वा हाँगाका रूपमा मानिन्छ ।
- लोकसंस्कृति समष्टि भए लोकसाहित्यलाई व्यष्टिका रूपमा लिइने गरिन्छ ।
- लोकसाहित्यका लेखकले समाजको निर्माणमा लोकसंस्कृतिको महत्वपूर्ण स्थानबारे गरेको खोजीमा लोकसाहित्यको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।
- लोकसाहित्यका सामाजिक, ऐतिहासिक, सांस्कृतिक एवं धार्मिक, भाषिक, शैक्षिक, राजनीतिक र आर्थिक महत्वको रूपमा रहेको हुन्छ ।

- रचनाकार अज्ञात रहनु, मौखिक रूपमा जीवित रहनु, मौलिक एवं परम्परागत हुनु, सामाजिक भावना, कल्पनाको सम्भावना, सरल र सहज हुनु, मनोरञ्जनपूर्ण हुनु, परिवर्तनशील हुनु, राष्ट्रियता एवं देश रक्षाका लागि, परिवर्तित राजनीतिलाई आत्मसात गर्नु, स्थानीय झलक वा आञ्चलिकतालाई लोकसाहित्यका विशेषताका हुन् ।
- लोकसाहित्यले 'जनयुद्ध' र राजनीतिसितसमेत जोडेर हेर्ने गर्छ भने यो मांगलिक, शैक्षिक, मनोरञ्जन र राजनीतिक आदि क्षेत्रमा समेत प्रयोग हुने गर्दछ ।
- प्रत्येक जाति, प्रत्येक ठाउँ र प्रत्येक देशको आफ्नै परम्परागत व्यवहार हुन्छ र यसैबाट जातीय तथा समष्टिगत राष्ट्रिय सभ्यताको निर्माण हुन्छ । अनन्तपूर्वदेखि आचारविचार आदिमा विकसित हुँदै आएको समाजको यथार्थ स्वरुप झल्कने मौलिक संस्कृति कला - साहित्य, दर्शन - भाषा, धर्म - सामाजिक रीतिस्थिति आदि मूल्यपरम्पराको माध्यमबाट विकसित लोकसाहित्य राष्ट्रिय सभ्यताको बाहक पनि हो ।
- साधार्म अर्थमा लोकसाहित्य भन्नाले लोकसित सम्बन्धित घटकलाई बुझिन्छ । लोक र साहित्य दुई शब्दको योगले बनिएको लोकसाहित्य कुनै नयाँ अवधारणा होइन ।
- यो मानव समाजको विकासक्रमसँगै सामान्य लोक जीवनले भोगेका यथार्थ, गरेका अनुभव भएबेहोरेका असमानता, पीडा र उत्पीडन आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो ।
- मौखिक शब्द, दृष्टान्त वा अनुकरणद्वारा प्रंक्षेपित आदिम समाजको साहित्य, भौतिक संस्कृति तथा रीतिरिवाजलाई लोकसाहित्य भनिन्छ ।

- ❖ यो श्रुतिपरम्पराबाट एकबाट अर्को पुस्तामा सर्दै विकसित तथा बाच्ने हुने गर्दछ ।
- ❖ नेपाली लोक साहित्यका लोकगीत, लोकगाथा, लोककविता, लोक सङ्गती, लोक वाध्यवाधन, लोक भाका, लोक लवज, लोक संस्कार, लोक संस्कृति आदि विविध भेदहरू हुन् । यी भेदहरूका आ - आफ्नै विशेषता र वैशिष्ठ्य नेपाली लोक साहित्यमा रहेको पाइन्छ ।

यस प्रखण्डको अध्ययनले **नेपाली लोक साहित्यका विविध भेदहरूको वैशिष्ठ्य**बारे बुनियाँदी जानकारी प्राप्त भयो । लोकसाहित्यको अवधारणा र यसका विविध भेदहरू र वैशिष्ठ्य आदि सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 14.7 अनुशीलनी

1. लोकसाहित्यको अर्थबारे चर्चा गर्दै यसको परिभाषाबारे टिप्पणी प्रस्तुत गर्नुहोस् ।

2. लोकसाहित्यको प्रमुख भेदहरू के केलाई मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

3. लोकसाहित्यको विविध भेदहरूको स्वरूपबारे एउटा गरिलो लोख तयार पार्नुहोस् ।

4. लोकसाहित्यको अध्ययनको क्षेत्रबारे आफ्नो अध्ययन प्रस्तुत गर्नुहोस्।

5. लोकसाहित्यका विविध भेदहरूको वैशिष्ठ्यबारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।

6. लोकसाहित्यको विशेषताबारे चर्चा गर्दै यसको उपयोगिता र महत्वलाई चिनाउनुहोस् ।

7. आजको सन्दर्भमा लोकसाहित्यको महत्त्व र मूल्य के कस्तो रहेको छ ? आफ्नो तर्क प्रस्तुतु गर्नुहोस् ।

8. लोकसाहित्यका मुख्य - मुख्य प्रकारहरू के के हुन् ? विश्लेषण गर्नुहोस् ।

9. नेपाली लोकसाहित्य सम्बन्धि अध्ययन गर्दै नेपाली लोकसाहित्यका विविध भेदहरूका बिशेषताहरूलाई चित्रण गर्नुहोस् ।

10. लोककथा, लोकगाथा, लोकसंस्कृति, लोकनृत्य, लोकवार्ता, लोकसाहित्य आदिबारे टिप्पणी लेख्नुहोस् ।

## 14.8 अतिरिक्त अध्ययन

1. गिरी, जीवेन्द्रदेव - लोकसाहित्यको अवलोकन ।

2. पराजुली, कृष्णप्रसाद - नेपाली लोकगीतको आलोक ।

3. बन्धु , चूडामणि - नेपाली लोकसाहित्य ।

4. सुवेदी हंसपुरे - नेपाली लोकपद्यः परिचय - विवेचना ।

5. उपाध्याय, कृष्णदेव - लोकसाहित्यकी भूमिका, इलाहवाद ।

6. चालिसे, विजय - डोटेली लोकसंस्कृति र साहित्य ।

7. दिवस, तुलसी - नेपाली लोककथाः केही अध्ययन ।

8. गिरी, जीवेन्द्रदेव - नेपाली लोक साहित्यमा जन जीवन ।

9. उपाध्याय, कृष्णदेव - लोक साहित्य की भूमिका ।

10. थापा, दिनबहादुर - गलाकोट क्षेत्रमा प्रचलित लोकगीतहरुको सर्वेक्षण र अध्ययन ।

11. थापा, धर्मराज र हंसपुरे सुवेदी - नेपाली लोकसाहित्य ।

12. पन्त, कालीभक्त - हाम्रो सांस्कृतिक इतिहास ।

13. पराजुली, कृष्णप्रसाद - नेपाली लोकगीतको आलोक ।

14. पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी - नेपाली लोक साहित्यको रूपरेखा ।

15. पौड्याल, राजेन्द्र - नेपाली लोकगीतको परम्परा र विकास ।

16. मल्ल, राधिका - म्याग्दी जिल्लामा प्रचलित नेपाली लोकगीतको अध्ययन ।

17. राणा, युद्धवीर – नेपाली समाज र संस्कृति ।

18. शर्मा, जनकलाल – हाम्रो समाज र संस्कृति ।

19. गुरूङ, एम. एम. – बिर्सिएको संस्कृति ।

20. कोइराला, शम्भुप्रसाद - लोक साहित्य : सिद्धान्त र विश्लेषण ।

## 14.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट : तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

३१. लोकसाहित्यको सामान्य परिचय ।

..........................................................................................

..........................................................................................

....................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.1 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३२. लोकसाहित्यको अर्थ र परिभाषा ।

....................................................................................

....................................................................................

....................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३३. नेपाली लोकसाहित्यको विविध भेदहरू ।

....................................................................................

....................................................................................

....................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३४. नेपाली लोकसाहित्यको विविध भेदको वैशिष्ठ्य ।

....................................................................................

....................................................................................

....................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.4 को खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

३५. लोककविता र लोकगाथा ।

....................................................................................

....................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 14.4 को खण्डअन्तर्गत नै उत्तर खोज्न सक्नेछन् )**